असोज, २०७२, वर्ष २, अंक ६+७, मूल्य रु. १००/- (व्यक्तिगत), रु. २००/- (संस्थागत)

स्वायत्त शासन

(चौमासिक)

महाभूकम्प विशेषाङ्क



नमुना

नबिल बचत खाता

आफ्नो अमूल्य बचतको सुनिश्चितता तथा उचित प्रतिफलका निम्ति
- नबिल बैंक, हजुरको बैंक हजुरको सेवामा।

SERVING THE NATION SINCE 1984

NABIL BANK®

YOUR BANK AT YOUR SERVICE

www.nabilbank.com

funded by

EUROPEAN UNION

switchasia PROGRAMME

PPP for 4Gs

हरित् उद्यमशीलताका लागि सार्वजनिक निजी साझेदारी परियोजना

परिचय:

चार वर्षे यस परियोजनाले इलाम नगरपालिका र निजी क्षेत्र बीच सार्वजनिक निजी साझेदारीको सुरुवात गरी फोहोरमैला व्यवस्थापन चक्रको व्यवसायीकरण गर्नेछ । यस परियोजनालाई युरोपियन युनियनले आर्थिक सहयोग प्रदान गरेको छ ।

यस परियोजनाले दिगो फोहोरमैला व्यवस्थापनका चार वटा आयामहरु: हरित् साना तथा मझौला उद्यम, हरित् नगर, हरित् कृषि उत्पादन र हरित् रोजगारलाई प्रवर्द्धन गर्ने लक्ष्य लिएको छ । साना तथा मझौला उद्यमले सड्ने तथा नसड्ने फोहोरका लागि सुव्यवस्थित फोहोरमैला व्यवस्थापन संयन्त्र सृजना गर्दछ र यस संयन्त्र अर्न्तगत फोहोरमैला संकलन, पुन:चक्रण र चिया तथा तरकारी खेतीका लागि कम्पोष्ट प्लान्ट मार्फत उन्नत जैविक/प्राङ्गारिक मलको उत्पादन तथा बिक्री वितरण को व्यवस्थापन गर्दछ ।

हरित् नगरको रणनीतिक योजना अन्तर्गत दिगो फोहोरमैला व्यवस्थापनको पक्षलाई सम्बोधन गर्दै फोहोरमैला व्यवस्थापन गर्नका लागी सार्वजानिक निजि साझेदारीद्धारा कम्पोष्ट प्लान्ट स्थापना तथा संचालन गर्ने यस परियोजनाको मुख्य उद्देश्य रहेको छ । साथै, यो परियोजना नेपालको अन्य नगरपालिकामा "हरित् उद्यमशीलताका लागि सार्वजनिक निजी साझेदारी" अवधारणा विस्तार गर्नका लागि कोसेढुंगा साबित हुनेछ ।

यस परियोजनाको उद्देश्यहरु:

- सार्वजनिक निजी साझेदारी मार्फत दिगो फोहोरमैला व्यवस्थापन प्रणाली स्थापना गर्ने
- कम्पोष्ट प्लान्ट निर्माण तथा संचालन
- साना तथा मझौला कृषी, तरकारी र चिया उद्यमीलाई प्राङ्गारिक मलको प्रयोगमा उत्प्रेरित गर्न प्रोत्साहन गर्ने
- जैविक मलमा आधारित, साना तथा मझौला कृषि, तरकारी र चिया उद्यमलाई सम्भाव्य आर्थिक अवसरहरुमा पहुँच पुऱ्याउन सहयोग गरी हरित् उद्यमशीलतालाई बढावा दिने
- पुन:चक्रिय फोहोरमा आधारित उद्यमीहरुलाई उचित व्यवस्था, प्रविधि र आर्थिक सम्भावनाका अवसर सम्म पहुँच पुऱ्याउन सहयोग गर्ने

अपेक्षित उपलब्धिहरु:

- सार्वजनिक निजी साझेदारी मार्फत दिगो फोहोरमैला व्यवस्थापन प्रणाली स्थापित हुनेछ ।
- इलामको वातावरण तथा भुगोल अनुसार कम्पोष्ट प्लान्ट निर्माण तथा संचालन हुनेछ ।
- दिगो फोहोरमैला व्यवस्थापन सम्बन्धि थप नीतिको मस्यौदा तयार भई सोही अनुसार फोहोरमैला व्यवस्थापन हुनेछ ।
- प्रत्येक घर र टोल विकास संस्थाहरु सक्रिय रुपमा फोहोरमैला वर्गीकरण र व्यवस्थापनमा संलग्न हुनेछन् ।
- फोहोरमैला व्यवस्थापन गर्ने साना तथा मझौला हरित् उद्यमहरु स्थापना भई रोजगारीको अवसरहरु सृजना हुनेछन् ।
- कम्पोष्ट प्रयोग गरी प्राङ्गारिक तरकारी खेती गर्ने कृषि समुह र कृषि सहकारीहरुको वृद्धि हुनेछ ।
- अर्थोडक्स र सि.टि.सि. चिया उत्पादक उद्योगहरुको उच्च गुणस्तरको प्राङ्गारिक चिया उत्पादन गरी निर्यातमा वृद्धि हुनेछ ।
- स्थानीय वित्तीय संस्थाहरु विश्वस्त भई फोहोरमैला व्यवस्थापन सम्बन्धी साना तथा मझौला उद्यम र कृषि सहकारीमा ऋण लगानी गर्नेछन् ।

थप जानकारीका लागी सम्पर्क:

वीनरक ईन्टरनेशनल, देवकोटा सडक
बानेश्वर, पो.बक्स १३१२, काठमाडौं
फोन नं : ०१-४४६७०८७, फ्याक्स : ०१-४४७६१०९
ईमेल : winrocknepal@winrock.org.np

नामसालिङ सामुदायिक विकास केन्द्र (NCDC),
इलाम, इ.न.पा. - ७, धोबिधारा, इलाम
फोन नं : ०२७- ५२०४११, ५२०७९२
इमेल : ncdcilam@ntc.net.np

इलाम नगरपालिका, भानुपथ, इलाम
फोन नं: ०२७-५२१७५१

Ilam Municipality | Green Ilam | WINROCK INTERNATIONAL | P+SITIVE PLANET

आन्तरिक राजस्व बिभागको सूचना

मालसामान तथा सेवा खरिद बिक्री गर्दा बिल बिजक लिने दिने सम्बन्धी आन्तरिक राजस्व बिभागको अत्यन्त जरूरी सूचना

मूल्य अभिबृद्धि कर ऐन, २०५२ बमोजिम वस्तु तथा सेवा बिक्री गर्दा बिक्रेताले क्रेतालाई अनिवार्यरुपमा बिजक दिनुपर्ने र क्रेताले पनि बिजक लिनु पर्ने व्यबस्था रहेको छ । बिजक जारी गरे नगरेको अनुगमन गर्न आन्तरिक राजस्व बिभाग तथा मातहत कार्यालयबाट बजारमा कर अधिकृत सहितको टोलीहरु खटाइएको छ । बिक्रेताले बिजक जारी गरेको नपाइएमा वा कारोबार मूल्य भन्दा घटीमा बिजक जारी गरेको पाइएमा मूल्य अभिबृद्धि कर ऐन बमोजिम कर अधिकृतले प्रत्येक पटक रु. ५०००.०० (पांचहजार मात्र) तत्कालै जरिवाना गर्न सक्नेछ । त्यसैले प्रत्येक बिक्रेताले वस्तु वा सेवा बिक्री गर्दा अनिवार्यरुपमा बिजक जारी गर्नहुन र वस्तु तथा सेवा खरीद गर्दा क्रेताले आफूले तिरेको मूल्यको अनिवार्यरुपमा बिजक लिनहुन अनुरोध छ ।

बहालधनीहरू करको दायरामा आउने सम्बन्धी अत्यन्त जरूरी सूचना

आयकर ऐन, २०५८ बमोजिम प्रत्येक प्राकृतिक व्यक्तिले आफुले प्राप्त गरेको बहाल आयको दश प्रतिशतले हुने रकम बहालकर बापत राजस्व दाखिला गर्नुपर्ने र व्यावसायिक कारोबार गर्नेले बहाल रकम भुक्तनी गर्दा दश प्रतिशत रकम कट्टा गरी राजस्वमा दाखिला गरेपछि मात्र बाँकी रकम घरधनीलाई भुक्तानी दिनुपर्ने व्यबस्था रहेको छ ।

घर, बंगला, पसल, कम्प्लेक्स, डिपार्टमेन्ट स्टोर्स, अपार्टमेन्ट, जमिन, मेशिनरी औजार लगायलका सम्पत्ति भाडामा लगाई बहाल आय आर्जन गरिरहेको व्यक्तिहरुलाई करको दायरामा ल्याउने आन्तरिक राजस्व कार्यालयहरु तथा करदाता सेवा कार्यालयहरुबाट कर्मचारीहरु घरदैलोमा खटाइसकिएका छन् । बहालयोग्य सम्पत्ती बहालमा लगाई आय आर्जन गरिरहेको तर बहालकर नतिरेका बहालधनीहरुले बहाल आय घोषणा फाराम भरी बहालकर बुझाई बहाल कर पुस्तिका अनिवार्य रुपमा लिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

भुक्तानीमा कर कट्टी गरिएको करको विवरण र कर दाखिला गर्ने सम्बन्धी सूचना

आयकर ऐन, २०५८ ले रोजगारदाताले रकम भुक्तानी गर्दा, लगानी प्रतिफल र सेवा शुल्कको भूक्तानी गर्दा, आकस्मिक लाभको भूक्तानी गर्दा र ठेक्का वा करारको भूक्तानी गर्दा भूक्तानीकर्ताले कर कट्टी (अग्रिम कर कट्टी) गर्नुपर्ने रकम अग्रिम कर कट्टी गरी प्रत्येक महिना समाप्त भएको २५ दिन भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयहरु तथा करदाता सेवा कार्यालयहरुमा विवरण र कट्टी गरिएको रकम दाखिला गर्नुपर्ने व्यवस्था रहेको बिदितै छ । साथै भूक्तानीकर्ताले कागजात नराखेमा वा विवरण दाखिला नगरेमा, झुठा वा भ्रमपूर्ण विवरण दाखिला गरेमा तथा ऐन, नियमका व्यबस्थाको पालना नगरेमा शुल्क लाग्ने र तोकिएको मिति सम्म कर दाखिला नगरेमा व्याज लाग्ने कानूनी व्यवस्था रहेको छ । तसर्थ, उपरोक्त कानूनी व्यवस्था बमोजिम भूक्तानी गर्दा कर कट्टी गर्ने जिम्मेवारी भएका व्यक्तिहरुले कानूनमा तोकिएको समयमा अनिवार्य रुपमा कर कट्टी गर्नुहुन र कर कट्टी गरिएको विवरण तथा कर कट्टी रकम दाखिला गरी हिसाब फरफारक गर्नुहुन यो सूचना गरिएको छ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं. : ४४१५८०२, ४४१५८०३, ४४१२२४४, फ्याक्स : ४४११७८८, Email : hq@ird.gov.np, Website : www.ird.gov.np

सम्पूर्ण अत्याधुनिक बैंकिङ सुविधाको साथमा .....

ICFC

E- Banking

SMS Banking

24 Hours ATM

ABBS

365 Days Banking

Debit Card

Safe Deposit Locker

ICFC FINANCE LIMITED आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड

Bhatbhateni Tel:4425292 | Boudha Tel:4473330 | Banepa Tel:011-660882 | Maitidevi Tel:4444919 | Bhairahawa Tel:071-527163 | Gongabu Tel:4388305

Butwal Tel:071-541813 | Pepsicola Tel:01-4992430 | Kalikasthan Tel:010-542040 | Odari Tel:076-410038 | New Road Tel:01-4219750 | Trishuli Bazar (Extension Counter) Tel:010-561827

www.icfcbank.com

Best Wishes of
Vijaya Dashami, Tihar & Chhat

Salient Features and Facilities

- Centrally located
- Round the clock CCTV and security system
- High speed elevator and escalators
- Fire fighting system
- Emergency exit
- Telephone facility (Optical fiber) on demand
- Adequate parking in basement and around the building
- 24-hour treated water supply
- Power backup system
- Earthquake resistance structure
- External finishing combination of structural glaze glass, ACP and cement plaster with weather coat paint
- Spacious circulation area in each floor

OFFICE & COLLEGE SPACE AVAILABLE ON RENT CALL US AT 5111000

Trade TOWER

Seriously CORPORATE

Kanchanjungha Housing Limited, Thapathali, Kathmandu, Nepal

Best Wishes of Vijaya Dashami, Shuva Deepawali & Chhat Parva

२०७२ सालको बडादशैं, तिहार, छठ, माघी, ल्होसार... चाडपर्वहरुको उपलक्ष्यमा सम्पूर्ण देशवासीहरुमा हार्दिक मंगलमय शुभकामना

"जोखिममा परेका महिलाहरुलाई सवलीकरण गर्नु हाम्रो उद्देश्य हो ।"

भगवती नेपाल, अध्यक्ष
तथा
महिलाको हात परिवार
डिल्लीबजार हाइट, काठमाडौं
फोन नं. ४४१४८९१



शुभकामना

२०७२ सालको वडादशैं, तिहार, छठ आदि पर्वहरुको
उपलक्ष्यमा सम्पूर्ण देशवासीहरुमा
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

साथै,
विभिन्न साईजका प्राकृतिक रुपमै गुणस्तरीय गिट्टी, बालुवा,
ढुङ्गा र चीप्स चाहिएमा तु सम्पर्क राख्नुहोस् :

इन्द्ररत्न क्रसर उद्योग
कदमबाँस ५, सिन्धुपाल्चोक

सुकुटे रोडादुंगा उद्योग
साँगाचोक १, सुकुटे

सम्पर्क नं. ०११ ४००००१ / ९८४१ २३० ५५०

स्वायत्त शासन
Local-Self Governance
(Quarterly)

असोज, २०७२, वर्ष २, अंक ६+७ (Sept./Oct., 2015)

प्रधान सम्पादक
खेमराज नेपाल

प्रबन्धक
विनोद प्रसाद ढकाल

सम्पादक
रञ्जित तामाङ

सह-सम्पादक/व्यवस्थापक
नरविर देवान

प्रकाशक
स्वशासन अध्ययन प्रतिष्ठान
Institute of Local Governance Studies (Inlogos)
नयाँ बानेश्वर, काठमाडौं
जि.पि.ओ. बक्स २९०९८
टेलिफोन : ४४६५९४२
इमेलः inlogos.org@gmail.com
वेभसाइटः www.inlogos.org

मुद्रणः
आरम्भ एड. प्रा. लि.
अनामनगर, काठमाडौं
फोन : ४२६३९७६
इमेलः aarambhaad@gmail.com

बिषय सूची

क्र.सं.	बिषय	पृष्ठ
१.	महात्रासदी भूकम्प २०७२ : फर्केर हेर्दा१ – खेमराज नेपाल	
२.	सन्दर्भ सिन्धुपाल्चोक भूकम्प २०७२ : चर्चा विनासकारी भूकम्प र विपद् व्यवस्थापन - बसन्त राज गौतम	१५
३.	शक्तिशाली भूकम्प २०७२ र काभ्रेपलाञ्चोक - कृष्णप्रसाद सापकोटा	२६
४.	गोरखा भूकम्प २०७२ व्यवस्थापनमा गोरखाको अभ्यास - उद्धव प्रसाद तिमल्सेना	३३
५.	२०७२ को भूकम्प : ललितपुर जिल्लामा उद्धार तथा राहत प्रयास - पशुपति पोखरेल	४७
६.	महाभूकम्पः धादिङ जिल्लाको अवस्था - लक्ष्मण विक्रम थापा	५४
७.	रसुवा जिल्ला : महाभूकम्प पछिको विपत् व्यवस्थापन - गजेन्द्र ठाकुर	५८
८.	सुरक्षित घर यसरी बनाउने - किशोर थापा	६५
९.	दोलखाः महाभूकम्पबाट भएको क्षति र विपत् व्यवस्थापनको प्रयास - रेशम लाल कँडेल	६९
१०.	काठमाडौं : भूकम्पको क्षति र राहत उद्धारका प्रयासहरु - तिर्थराज भट्टराई	८४
११.	विनाशकारी भूकम्प पछिको भक्तपुर - पशुपति बाबु पुरी	८९
१२.	भूकम्प पछिको व्यवस्थापनमा सामाजिक परिचालक र वडा नागरिक मञ्च -पंकज अधिकारी	९५
१३.	भूकम्प पछि नुवाकोट जिल्लामा राहत उद्धार -रामकृष्ण राजभण्डारी	९७
१४.	२०७२ बैशाखको महाभूकम्प र स्थानीय नागरिक संस्थाहरुको कार्यसम्पादन – पुरुषोत्तम नेपाल	१०२
१५.	"नेपालको महाभूकम्प १९९० साल" पुस्तकबाट	१०५
१६.	"भदौ ५ को भूकम्प २०४५" पुस्तकबाट	१०७

बि. सं. २०७२ सालको विजयादशमी, दीपावली एवं छठ पर्वको
पुनीत अवसरमा सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति एवं समृद्धिको निम्ति
हार्दिक मंगलमय शुभकामना ।

स्वशासन अध्ययन प्रतिष्ठान

प्रकाशकीय

नेपालमा भर्खरै मात्र नयाँ संविधानको घोषणा भएको छ । यो संविधान मार्फत् मुलुक अब सङ्घीय शासन प्रणालीमा प्रवेश गरेको छ । कुनै पनि मुलुकको शासन व्यवस्था कत्तिको लोकतान्त्रिक छ भन्ने कुरा त्यहाँको स्थानीय शासन पद्धतिको संस्थागत विकासमा भर पर्दछ । विगतमा एकात्मक शासन प्रणाली अवलम्बन गरी विकेन्द्रीकरणको अवधारणा अनुसार जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समितिजस्ता स्थानीय निकायहरु मार्फत् स्थानीय सेवा प्रवाह गरिँदै आएकोमा आगामी दिनमा सङ्घीय सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारहरु मार्फत् नागरिकहरुले सेवा प्राप्त गर्नेछन् । यसरी नागरिकले प्राप्त गर्ने सेवाको गुणस्तर, प्रभावकारिता र जवाफदेहीता भने हामीले अवलम्बन गर्ने स्थानीय शासन पद्धतिमै भर पर्दछ । यसर्थ नागरिकहरुको घरदैलोमै गुणस्तरीय र प्रभावकारी सेवा पुऱ्याउन सके मात्र स्थानीय शासन पद्धति सुदृढ हुन सक्ने हुँदा स्थानीय स्तरका निकायहरुको संस्थागत क्षमता विकास गर्दै सेवा प्रवाहको प्रभावकारिता बढाउनु आवश्यक छ । सहभागिता, पारदर्शिता र जवाफदेहीता विकेन्द्रित शासन व्यवस्थाका मूल खम्बाहरु हुन् । यी खम्बाहरु मजबुत हुँदा मात्रै हामीले निर्माण गरेको लोकतान्त्रिक पद्धति दिगो हुन्छ । यसै अवधारणालाई आत्मसात गर्दै स्वशासन अध्ययन प्रतिष्ठानले विगत एक दशकदेखि स्थानीय शासन पद्धतिलाई सुदृढ गराउने कार्यमा लागिपरेको छ । हाम्रा प्रयासहरु स्थानीय स्तरमा संचालन भएका कार्यहरु सम्बन्धी अध्ययन विश्लेषण गरी सफल उदाहरणहरुको प्रचारप्रसार गरी अन्य क्षेत्रमा समेत विस्तार गर्ने र कमजोर पक्षहरुको अझै सूक्ष्म अध्ययन गरी यसमा सुधार ल्याउने उपायहरुको खोजी गर्ने तर्फ लक्षित भएका छन् । यी विषयहरु जनसमुदाय समक्ष पुऱ्याउन सहयोगी हुने अपेक्षाका साथ हामीले "स्वायत्त शासन" नामक पत्रिका प्रकाशन गर्ने गरेका छौं । यस प्रतिष्ठान र यसको प्रकाशनप्रति सदा झैं आमपाठक तथा शुभचिन्तकहरुको माया, ममता र सदासयता प्राप्त भैरहनेछ भन्ने हाम्रो विश्वास रहेको छ ।

बि. सं. २०७२ वैशाख १२ गते गएको महाभूकम्प र त्यसपछि गएका शक्तिशाली पराकम्पनहरुका कारण मुलुकले ठूलो नोक्सानी व्यहोर्नु परेको छ । यस्तो महाविपत्तिमा जनताले भोग्नु परेका समस्या, यसबाट परेको असर तथा मानवीय र भौतिक क्षति सम्बन्धीको यथार्थ विवरण विभिन्न लेखहरुमा समावेश गरिएको छ । विपत्तिको सामना कसरी गर्न सकियो र भविष्यमा के कस्तो रणनीति लिनु पर्ला भन्ने जस्ता विषयहरु समेत यस पत्रिकामा समावेश गरिएको छ । यस विपत्तिलाई अवसरको रुपमा लिँदै आगामी दिनमा भूकम्प प्रतिरोधक भौतिक संरचना र स्थानीय पूर्वाधार विकास गर्नु आवश्यक भएको छ । यस विपतमा स्थानीय निकाय, सरकारी तथा गैरसरकारी क्षेत्र, सुरक्षा निकाय, स्वदेशी तथा विदेशी संघ-संस्था, व्यक्ति र समुदायहरु मिलेर धेरै उल्लेखनीय कार्यहरु गरिएका छन् । त्यस्ता सफल कार्यहरुको अनुभव र यसबाट प्राप्त उपलब्धि नेपालकै अन्य भाग तथा विदेशीहरुका लागि समेत अनुकरणीय हुनसक्ने अपेक्षका साथ त्यस्ता बिषयहरुलाई प्रतिष्ठानले यस पत्रिका मार्फत् जनसमक्ष पुऱ्याउने जमर्को गरेको छ । यसका अलावा स्थानीय विकास भनेको भौतिक संरचना विकासको साथसाथै यस्ता संरचनाको दीगोपना, मानवीय र संस्थागत क्षमता विकास, प्रकोप व्यवस्थापन पूर्वतयारी र आपत्कालिन सूचना व्यवस्थापन जस्ता विषयहरुमा समेत निर्णयकर्ताहरुले ध्यान पुऱ्याउन आवश्यक छ ।

भूकम्प विशेषको रुपमा प्रकाशन गरिएको यस अंकले न्यूनतम् मात्रै पनि सूचना, सन्देश र अनुभव बाँड्न सहयोग पुऱ्याउनेछ भन्ने विश्वास लिएका छौं । यसर्थ यो अंक नेपालको भूकम्प सम्बन्धी चासो राख्ने जो कोहीलाई उपयोगी हुनसक्ने अपेक्षा गरिएको छ । यस प्रकाशनमा समावेश गरिएका लेख, रचना, अनुभव वा आलेखहरु सम्बन्धित लेखकका निजी विचारहरु हुन् । यस प्रकाशन सम्बन्धमा लागेका विचार, सुझाव तथा सल्लाहहरु उपलब्ध गराई सहयोग गरिदिन हुन हामी सबै पाठक वर्गमा सादर अनुरोध गर्दछौं । हामी यहाँहरुबाट प्राप्त सुझावहरु ग्रहण गरी आगामी दिनमा अझ बढी परिष्कृत रुपमा यस पत्रिकाको प्रकाशन गर्न सफल हुनेछौं भन्ने विश्वास लिएका छौं । पत्रिकालाई यस रुपमा प्रकाशन गर्न सहयोग पुऱ्याउनु हुने सम्बन्धित सबै पक्षलाई हार्दिक धन्यवाद दिन चाहन्छौं ।

धन्यवाद ।

वीरेन्द्र बहादुर देउजा
कार्यकारी अध्यक्ष, स्वशासन अध्ययन प्रतिष्ठान, काठमाडौं
मितिः २०७२/०६/१५ गते

सम्पादकीय

बि. सं. २०७२ बैशाख १२ गते गएको महाभूकम्प (भुइँचालो) ले नेपाली मनमस्तिष्कमा गहिरो चोट पुऱ्यायो । त्यसै त विगत २० वर्षदेखि मुलुकभित्र एकातिर जनआन्दोलन, सशस्त्र संघर्ष, हड्ताल, जातीय घोचपेच, अस्थिर सरकार, कुशासन र अर्कातिर सालबसाली कुनै न कुनै ठाउँमा आइरहेको बाढीपहिरोका कारणले नेपाली जनता शारीरिक र मानसिक कष्ट भोगिरहेका थिए । त्यसमाथि यो वर्षको सुरुआतमै आएको भूकम्प र त्यसपछिका शक्तिशाली पराकम्पनले गर्दा नेपालको मध्यभाग गोरखादेखि सोलुखुम्बुसम्मको पहाडी क्षेत्रलाई तहसनहस बनायो । हजारौंको ज्यान लियो र थप हजारौं घाइते भए । लाखौं घरहरु भत्किएर बाँच्नेहरु खुला आकाशमुनि बस्न पुग्नु पऱ्यो । केटाकेटी, बृद्धबृद्धा, गर्भवती महिला र बच्चा सहितका आमाहरुको कान्तिविजोग असह्य थियो । शारीरिक अपाङ्गता हुनेहरु अधमरो भए । यस्तो पीडा खप्न नसकेर कति हृदयघात भएर मरे, कति मानसिक विमारी भए । एउटा सिङ्गो पुस्ता सवलबाट दुर्वल हुन पुग्यो ।

सर्वसाधारणलाई भूकम्पको ज्ञान नहुनु नोक्सानीको प्रमुख कारण बन्यो । पृथ्वी हल्लिनुलाई हामी भूकम्प भन्छौं । सामान्यतः पृथ्वी तीन कारणले हल्लिन्छ । पहिलो, शक्तिशाली विष्फोटकलाई विष्फोटन गराउँदा, परमाणु शक्ति प्रयोग गर्दा पृथ्वीको एउटा सानो क्षेत्रलाई हल्लाइदिन्छ । दोस्रो, ज्वालामुखी फुटेर लाभा निस्कँदा ज्वालामुखीका वरिपरिको क्षेत्रलाई बेस्सरी हल्लाउँछ, नोक्सान धेरै गर्दछ । तेस्रो, भूगर्भमा रहेको कडा चट्टानहरुमा लचकदार तनाव (Elastic strain) बढेर त्यहींभित्रको अर्को चट्टानसँग ठोक्किन जाँदा वा घर्षण हुँदा त्यसबाट उत्पन्न उर्जा ऊर्ध्वगामी फट्को (Horizontal move) सतहतिर आउँछ र त्यस शक्तिले पृथ्वीलाई हल्लाउँछ । यसलाई टेक्टोनिक भूकम्प भनिन्छ । कति गहिराइमा त्यो ठोक्किने वा शक्तिशाली घर्षण भएको हो, त्यही अनुसारको पृथ्वीको सतहमा नोक्सानी हुने हुँदा कहिलेकाहिँ कम म्याग्नेच्युटको भूकम्पबाट पनि ठूलो नोक्सान भएको हुन्छ । भूकम्प आउनु अगाडि पूर्वकम्पन पनि आएका उदाहरणहरु छन् तर धेरैजसो भूकम्प पछाडि पराकम्पन आइरहन्छ । यसपल्ट नेपालमा आएको भूकम्प त्यसपछिका पराकम्पनहरु कम गहिराइबाट उत्पन्न भएका हुन् । तर पनि जति शक्तिशाली उर्जा बाहिर आउनु पर्ने हो, त्यति आएन भन्ने विज्ञहरुको भनाई छ । त्यति हुँदा पनि मुलुकमा भएको विनाश अकल्पनीय भयो ।

अब नेपाल सरकार, विकासका साझेदारी संस्थाहरु, स्थानीय सरकार र निजी क्षेत्रका उद्योगी, उद्यमी, व्यापारी र विज्ञहरुको संयुक्त प्रयासबाट भूकम्प पीडितहरुको पुनर्स्थापना र त्यस क्षेत्रको पुनर्निर्माण, नयाँ सोच र नयाँ ढङ्गले द्रुततर गतिमा गर्नुपर्ने बेला आयो । भूकम्पले सिर्जना गरेको पीडा र दुःखलाई मात्र सम्झेर निराश हुनु भन्दा अब भविष्यमा आफ्ना आउने पुस्ताले यस्तो विनाश र पीडा भोग्नु नपरोस् भनेर भूकम्प क्षेत्रका जनताले आफ्ना घर गाउँ बनाउन नयाँ ज्ञान, शीप र प्रविधि प्रयोग गरी नयाँ निर्माणमा जुट्नु अनिवार्य भएको छ । सबैले आत्मबल बढाउनु पर्छ र नवनिर्माणमा जुटेर आफ्नो ठाउँको मोहोडा बदल्नु प्रण गर्नु पर्छ । यसलाई एक अवसर सम्झनु पर्छ ।

भूकम्प क्षेत्रको पुनर्निर्माण प्राधिकरण बन्यो, तर सुरुमै यो संस्था 'हौं कि नहौं' स्थितिमा पुगेको छ । सरकारले पुनर्निर्माणका लागि यथेष्ट रकम बजेटमा विनियोजन गरेको छ, तर स्थलगतरुपमा काम गर्ने स्थानीय सरकारको निर्वाचन नगरेकोले त्यो रकम सहिरुपमा खर्च गर्ने न त संयन्त्र छ, न त जनउत्तरदायी संस्था । पुनर्निर्माणका लागि चाहिने निर्माण सामग्री, तालिम प्राप्त जनशक्ति, स्थलगत निर्णय दिने, विवादलाई स्थलगत निम्ट्याउने व्यवस्था र प्रत्येक घरपरिवारलाई भूकम्पबाट बच्ने उपायहरुको ज्ञान भए मात्र नवनिर्माण अगाडि बढ्न सक्छ ।

जनताले चुनेका प्रतिनिधिहरुले बनाएको नेपालको संविधान २०७२ हाम्रो अगाडि आइसकेको छ । राजनीतिक स्थायित्वबाट आर्थिक समृद्धि तर्फ मुलुकले अग्रसर हुने अवसर पाउँछ भन्नेमा जनता विश्वस्त छन् । नेतृत्वदायी भूमिका निर्वाह गर्ने राजनीतिक दलहरुका अगुवाहरु, सामाजिक र आर्थिक क्षेत्रका पथप्रदर्शकहरु, धार्मिक गुरुहरु र बौद्धिक जगतका मार्गदर्शकहरुको संयुक्त प्रयासबाट मात्र नेपालको नवनिर्माण सम्भव छ । सार्थक कार्यान्वयन गर्न भने स्थानीय निकायको निर्वाचन अपरिहार्य छ ।

महाभूकम्प २०७२ ले गरेको विनाश र विपत् व्यवस्थापन, पुनर्निर्माण र नवनिर्माणका लागि गरिएका प्रयासहरु लिपिबद्ध हुन आवश्यक भएकाले हामीले 'महाभूकम्प विशेषाङ्क' प्रकाशन गर्ने जमर्को गरेका छौं । नेपाल भूकम्प उच्च जोखिम क्षेत्र हो । अहिले भूकम्प नगएका क्षेत्रमा पनि भूकम्प प्रतिरोधात्मक उपायहरु र भूकम्पबाट बच्ने ज्ञानहरु विस्तार गरिनु पर्छ । त्यसकारण, सरकारले अब भूकम्प प्रतिरोध गर्ने उपायहरु विकासको अभिन्न अंग बनाएर कार्य सञ्चालन गर्न प्राथमिकतामा राख्नु पर्छ ।

बडादशैं तथा तिहार २०७२ को सुखद् उपलक्ष्यमा सम्पूर्ण नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना ।

खेमराज नेपाल

स्वशासन अध्ययन प्रतिष्ठान
Institute of Local Governance Studies (Inlogos)

कार्यसमिति

वीरेन्द्र वहादुर देउजा
अध्यक्ष

खेमराज नेपाल
निवर्तमान अध्यक्ष

बंशीधर घिमिरे
उपाध्यक्ष

सूर्यशरण रेग्मी
कोषाध्यक्ष

पद्मा मोहिनी माथेमा
सदस्य

रवीन्द्रनाथ अधिकारी
सदस्य

बाल प्रसाद श्रेष्ठ
सदस्य

कृष्णा कार्की
सदस्य

बिनोद प्र. ढकाल
सचिव/निर्देशक

स्वशासन अध्ययन प्रतिष्ठानका साधारणसभा सदस्यहरु, टेलिफोन र इमेल

1	Bal Prasad Shrestha	4770041 / 9841572261	balprasad@hotmail.com
2	Banshidhar Ghimire	4359758 / 9818052340	bansidharghimire@yahoo.com
3	Bidur Mainali	4490452 / 9851046494	muan@ntc.net.np
4	Binod Prasad Dhakal	4357268 / 9841264841	binodpdhakal@hotmail.com
5	Birendra Bahadur Deoja	4477539 / 9841271317	bbdeoja47@yahoo.com
6	Chandra Mani Adhikari	4483186 / 9851065662	adhikaricm@hotmail.com
7	Damodar Adhikari	5572204 / 9851100347	damodar.adhikari@gmail.com
8	Dilli Prakash Ghimire	5015125 / 9841283904	ghimiredp@yahoo.com
9	Dinesh K. Thapaliya	6635831 / 9851122366	dkthapaliya@gmail.com
10	Diwakar Neupane	5541076 / 9841286644	neupanedu@hotmail.com
11	Gyani Singh K.C.	4270447 / 9843412674	
12	Hom Nath Adhikari	9852680117	homnathadhikari@gmail.com
13	Indra Prasad Karki	4249384 / 9841756854	karkiindra@hotmail.com
14	Khaga Prasad Nepal	4430047 / 9841738452	khaga.nepal@gmail.com
15	Khem Raj Nepal	4430049 / 9843 361499	bnepal5@gmail.com
16	Khom Dutta Baral	4770742 / 9841411714	kdbaral@hotmail.com
17	Krishna Karkee	2035104 / 9851017926	kkarkee@hotmail.com
18	Krishna Prasad Jaisi	9851137130 / 9741021708	kjaishi@yahoo.com
19	Krishna Prasad Sapkota	9851027698	kpkavre@gmail.com
20	Mahesh Dahal	4479834 / 9841930044	mpdahal@hotmail.com
21	Manoj Kumar Khadka	9841273960	manojkhadka419@yahoo.com
22	Padma Mohini Mathema	4272597 / 9851083225	padma.mathema@gmail.com
23	Purushottam Nepal	6635827 / 9851123402	nepalpuru@yahoo.com
24	Rabindra Adhikari	4412088 / 9841524775	rabindraadhikari34@gmail.com
25	Rajendra Man Shrestha	5260309/ 9803158047	rajendra47000@yahoo.com
26	Ram Babu Panta	4415858 / 9851032484	rambabu@icfc.subisu.net.np
27	Ram Krishna Bhurtel	4359997 / 9851071668	bhurtelrk@hotmail.com
28	Ramesh Chandra Poudel	4785564 / 9842030398	paudelrc@gmail.com
29	Shanta Kumar Pradhan	4247007 / 9841537200	skp_bhojpur@hotmail.com
30	Siddha Raj Panta	9851114876	siddharaj.pant@gmail.com
31	Surendra Nath Aryal	4270178 / 9818305349	
32	Surya Saran Regmi	4107553 / 9841444614	regmisurya@hotmail.com
33	Uddab Prasad Timalsena	4620907 / 9856057777	me_uddab@hotmail.com
	Institutional Members		
1	Mahila Ko Haat, Kathmandu	4414891 / 9841463062	bnepal5@gmail.com
2	NCDC Ilam	027 520792 / 520792	ncdcilam@ntc.net.np
3	NACOF	4476647 / 9841 505424	kpokrl@yahoo.com

प्रतिष्ठानको अनुरोधः

यस पत्रिकामा छापिएका सामग्रीहरुका विषयमा पाठक प्रतिक्रिया पठाउन,
यस पत्रिकाको आगामी अंकमा सफल कार्यक्रमहरु छपाउनका लागि लेख र फोटो समेत पठाउन र
यस पत्रिका मार्फत् सूचना-सन्देश र सन्देशमूलक विज्ञापन पठाउनका लागि सम्पर्कः

१. बिनोद प्रसाद ढकाल
निर्देशक
फोनः ४४६५९४२
मोबाइलः ९८४१२६४८४१
इमेलः binodpdhakal@inlogos.org

२. नरवीर देवान
फोन/फ्याक्सः ४४६५९४२
मोबाइलः ९८४१३४४७५०
इमेलः inlogos.org@gmail.com

महात्रासदी भूकम्प २०७२ :

फर्केर हेर्दा

- खेमराज नेपाल

बि.सं. २०७२ बैशाख १२ गते शनिवार विहानको ११.५६ बजे ७.६ रेक्टर स्केलको भूकम्प गयो । विश्वका कतिपय केन्द्रले यो भूकम्पलाई ७.८ रेक्टर स्केलको पनि मानेका छन् । भूकम्पको केन्द्र बिन्दु गोरखाको वारपाक थियो । त्यसैदिन त्यस पछि ३८ वटा पराकम्पन ४ रेक्टर स्केलभन्दा माथिका आए । लगत्तै भोलिपल्ट १२.५४ बजे ६.९ रेक्टर स्केलको पराकम्पन आयो । यस भूकम्पबाट काठमाण्डौं उपत्यका र आसपासका जिल्लाहरुमा मानिस, घर, कार्यालय, ऐतिहासिक स्मारक जमिन र जनावरको क्षति अकल्पनीय भयो । जमिनको गुड्गुडाहट, घरहरु ढलेको, ढल्केको, चिरा परेको, पर्खालहरु लडेको, मानिसहरुको कोलाहल र चीत्कार, बच्नका लागि दौडधुप र किचिएर मर्न लागेकाको क्रन्दनले सम्पूर्ण वातावरण कोलाहल बनाएको थियो । घण्टा घरको घडी रोकियो, मोवाइल फोनहरु बन्द भए, बिजुली कहिँ पोल ढले लाइन बन्द भयो । सबै ठाउँमा विद्युतीय धरापबाट बच्न लाइन काटियो । लेण्डलाइन टेलिफोन गर्न घरभित्र बस्ने कसैको हिम्मत थिएन । जीवनमा सबभन्दा सुरक्षित आफ्नो घर नै पैसा खर्च गरेर बनाएको एम्बुस् जस्तो मानेर मानिसहरु खुला मैदान खोज्दै दौडिए । केही घण्टापछि मात्र एक्कान, दुईकान हुँदै क्षतिको विवरण एकअर्काले थाहा पाउन थाले । रुँदै कराउँदै अ-आफ्ना बाबु-आमा, छोरा-छोरी, दाजु-भाइ, दिदी-बहिनी र आफन्तहरुको खोजी सुरु हुन लाग्यो । घाइतेलाई उपचारका लागि दौडाउन थाले । जीवनमा यस्तो महात्रासदी यस पुस्ताले अधमरो भएर भोग्नु पर्‍यो ।

भूकम्पीय जोखिम क्षेत्र :

विश्वमा भूकम्पीय अति जोखिम क्षेत्रमा यूएसएको अलास्का, रुसको पूर्वी समुद्री क्षेत्र, चिली, जापान, इन्डोनेसिया, प्रमुख देखिएका छन् । सन् २००४ डिसेम्बर २६ मा सुमात्रा द्वीपको उत्तरपश्चिम (इन्डोनेसिया) तर्फ हिन्द महासागरमा ९.१ रेक्टर स्केलको भूकम्प गयो । यसबाट उत्पन्न सुनामीले १४ देशमा क्षति पुग्यो र २ लाख ३० हजारले ज्यान गुमाए । अरुतिर यो भन्दा ठूलो भूकम्प गएको भए तापनि नोक्सानीको दृष्टिकोणले विश्वमा सबभन्दा ठूलो भूकम्प यही हो । नेपाल भूकम्पीय दृष्टिले विश्वको एघारौं जोखिम राष्ट्रमा पर्छ । ठूलो भूकम्प जाँदा सबैभन्दा वढी विनाश हुने शहरहरु मध्ये काठमाण्डौ पहिलो हो । यसपल्ट त्यस्तो भएन । बैज्ञानिकहरुको भनाईमा जुन म्याग्निच्यूटको भूकम्प यहाँ आयो, त्यसको ग्राभिटीबाट ७० प्रतिशत हल्लिएको भएपनि छक्क पर्नुपर्ने थिएन, तर त्यस कम्पन शक्तिको २० प्रतिशत पनि आएन । करीव ७० प्रतिशत कुनै छेकबारले शक्ति सञ्चय भएर तलै रह्यो वा पश्चिम नेपालतिर त्यो सञ्चित शक्ति सरेको अनुमान गरेको छ । यो कुरा क्याम्ब्रिज विश्वविद्यालयका बैज्ञानिक प्रा. जिन फिलिप अमोआकको टोलीले पत्ता लगाएको हो । यदि कम्पनको पूर्ण शक्ति बाहिर आएको भए त्यो महाविनाश विश्वकै ठूलो बन्ने थियो । कोलोराडो विश्वविद्यालयका बैज्ञानिक प्रा. रोजर विल्हामले बैशाख १२ गतेको भूकम्प जाँदा ५ सेकेन्डभित्र काठमाण्डौ शहर डेढ मिटर पर सरेको छ, कोल्टे भएको छ भनेर पत्ता लगाए । बैज्ञानिकहरुका अनुसार जमिनमुनि भारतीय प्लेटोले यूरेसियन (तिब्बतियन) प्लेटलाई हरेक बर्ष ०.८ ईञ्च (२ से.मी) दरले घर्षण सहितको धक्का दिइरहन्छ । यसबाट पृथ्वीभित्र रहेका चट्टानहरुमा अनगिन्ती चिरा बनिरहेका हुन्छन् । यसैबाट पृथ्वीको कम्पन हुन्छ । भारत र तिब्बत बीचको यस्तो क्षेत्र २४०० कि.मि. छ र यसको एकतिहाई नेपालमा पर्छ ।

बैशाख १२ को भूकम्पको उद्गम पृथ्वीको सतहभन्दा १५ कि.मि. तल थियो । करिब ५० करोड टन विष्फोटक पदार्थ पड्कँदा आउने शक्तिको कम्पन बराबरको यो भूकम्प थियो । यसले ९० माइल लम्बाई र ५५ माइल चौडाई क्षेत्रलाई हल्लाईदियो । पराकम्पनको प्रवृत्ति र भूकम्पले पारेको नोक्सानीलाई आधार मानेर यो भूकम्पलाई महाभूकम्प भनिएको हो । अन्यथा ८ रेक्टर स्केल वा सो भन्दा माथिको भूकम्पलाई महाभूकम्प भनिने गरेको छ ।

भूकम्पका धक्का र झट्का :

बैशाख १३ गते पनि ३८ वटा पराकम्पन ४ रेक्टर स्केलभन्दा माथिका आए । बैशाख १४ गते सोमबार १३ वटा पराकम्पन ४ रेक्टरभन्दा माथिका, १५ गते ११ वटा पराकम्पन ४ रेक्टरभन्दा माथिका आए । त्यसपछि ४ रेक्टर स्केलभन्दा माथिका पराकम्पन केही घट्दै गयो । यी ठूला पराकम्पनहरु

काठमाण्डौं उपत्यकामा के कति सर्‍यो वा थपियो ?

	धकेलिएको	उचाई बढेको
नगरकोट दक्षिण र पश्चिम तर्फ	१.८२ मि.	१.१६ मि.
बुडमति दक्षिण	०.९९ मि.	०.७७ मि.
स्वयम्भू दक्षिण र पश्चिम तर्फ	१.६४ मि.	०.९८ मि.

काठमाण्डौं उपत्यका पहिलेको स्थान स्थितिबाट ३ मिटर सरेको छ ।

मध्ये ५० वटाको केन्द्र बिन्दु सिन्धुपाल्चोक वा सिन्धुपाल्चोकको तिब्बत वा दोलखा वा रसुवासँगको सिमानामा रहेका थिए । यसरी घट्दै जाँदा बैशाख २९ गते अचानक ६.८ रेक्टर स्केलको पराकम्पन आएर पुनः सम्पूर्ण मानिसको सातो लियो । पहिलेकै बराबरका विनाश गऱ्यो । भदौसम्म ३८० वटा ४ रेक्टर स्केलभन्दा माथिका पराकम्पन आइसकेका छन् र अझै थामिएको छैन । कतिपय पराकम्पनको केन्द्रविन्दु काठमाण्डुभित्रै थियो ।

नेपालमा १०० वर्षभित्र आएका ठूला भूकम्पहरू

बर्ष	रेक्टर स्केल	समय	केन्द्रविन्दु	क्षति
१. बि.सं. १९९० माघ २ गते	८.४	दिनको २ बजेर २४ मि. २२ से.	भारतको मधुवनी र सितामढीको बीच	२,०७,२४८ घरहरुको क्षति मध्ये ८०,९६३ घर पूर्णध्वस्त ८,५१९ को मृत्यु
२. बि.सं. २०३७ साउन १४ गते	६.५	दिनको २ बजेर ५८ मिनेट	बझाङ्ग	३५,००० घर भत्केको, १०३ जनाको मृत्यु र ३९१ घाइते
३. बि.सं. २०४५ भदौ ५ गते	६.६	विहान ४ बजेर ५४ मि. ३५ से.	उदयपुरको मुर्कुच्चे सिमले	२१,९७६ घर पूर्ण ध्वस्त, ४२,१९८ घरमा क्षति, ६६८ को मृत्यु, ६,०८१ घाइते, १,५६६ पशु मरे
४. बि.सं. २०६८ असोज १ गते	६.९	बेलुका ६ बजेर २५ मि.	सिक्किम नेपाल सीमा	४,६४६ घर पूर्णध्वस्त, ४,७७६ घरमा क्षति, २४ जना घाइते

समग्रमा भूकम्पबाट भएको भौतिक क्षति :

यसपल्टको भूकम्पले कतिपय जिल्लाहरुमा कम्पनको लहर निश्चित पकेटमा केन्द्रित बनेर ती ती क्षेत्रमा ठूलो बिध्वंश गऱ्यो । कतिपय जिल्लाहरुभित्र समग्र क्षेत्रमा आतङ्कित गरायो । उपत्यकाभित्र काठमाण्डौमा सुन्धारा, बसन्तपुर, सितापाइला, रामकोट, गंगबु, साँखु पकेट क्षेत्रमा धुलो-पीठो बनायो । अन्य क्षेत्रमा आंशिक विग्रहका साथै घर भवनहरु डरलाग्दो गरी चर्कायो । ललितपुरमा दरवार स्क्वायर र आसपास तथा भारदेव, चापागाउँ, भट्टेडाँडा, बुङमति, सानुगाउँ, लेले, खोकना, लुभु, शारवु क्षेत्रमा ठूलो नोक्सान भयो ।

यस भूकम्पबाट मानसिकरुपमा विक्षिप्त बनाउने अनौठा घटनाहरु पनि भए । कपन, मिलनचोकका चन्द्र बहादुर श्रेष्ठले भूकम्प आउन केही दिन अगाडि २ करोड ३५ लाखमा आफ्नो साढे ५ तले घर हेटौडाका खतिवडा दम्पतिलाई बेचे । अन्यत्र सर्नका लागि उनलाई केही समय लाग्ने हुनाले उनी त्यही घरमा बस्दै थिए । १२ गतेको भूकम्पले आफूले बेचेको घरमा श्रेष्ठ दम्पतीका साथै भाडामा बस्ने ११ जना समेत त्यसै घरले किचिएर मरे । घरको अढाई तला मात्र नक्सा पास रहेछ । काठमाण्डुको चिहान गंगवु र साँखु भयो । गंगवुमा १/२ तलाका नक्सापास गर्दै घरधनीले ७/८ तला बनाए भने साँखुमा पुराना जिर्ण भवनहरु भत्केकाले सबै एकै चिहान भए । शोभा भगवती नजिकै समन्त शाक्यको २३ बर्ष अघि बनेको ६ तले पक्की घर भत्किँदा उक्त घरमा पसल राख्ने र भाडामा बस्ने २८ जना ठहरै भए । चावहिल खहरेसँग जोडिएको वस्तीमा बनेको साततले टावर भत्कँदा सातौं तलामा रहेको शुककोश प्रार्थना भवन (चर्च) मा भीडभाड थियो । अन्य तलामा भाडावालहरु थिए । ३० जना त्यहीं ठहरै भए । ३४ जना घाइते भए । कति जना त वेपत्ता भए । काभ्रे पाँचखाल होक्सेका पूर्व गाउँ विकास समिति (गा.वि.स.) अध्यक्ष धर्मसिंह तामाङ होक्सेमा जग्गा विवाद मिलाउन छलफल गर्दै गर्दा त्यही घरमा पुरिएर मरे ।

> सिन्धुपाल्चोक सिपा पोखरे ३ को तामाङ बस्तीमा विहे हुँदै गर्दा विहे घरमा वेहुला वेहुली सहित १२० जना घर भत्किएर किचिएर मरे ।

काठमाण्डौंमा मात्रै २८ ठाउँमा सडक अवरुद्ध भएको थियो । गोरखा, धादिङ, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, दोलखा र काभ्रेपलाञ्चोकमा सबभन्दा वढी मानवीय र भौतिक क्षति भयो । यी जिल्लाको विवरण यसै पत्रिकामा अन्य लेखहरुमा सजीव चित्रण पाइन्छ । ती जिल्ला बाहेक पनि अन्य जिल्लाहरुमा ठूलो क्षति भएको छ ।

> पन्साउनु पर्ने भग्नावशेष जस्तै धुलो, काम नलाग्ने ढुङ्गा, इँटाका टुक्रा आदि फोहोर ३९ लाख टन काठमाण्डौमा मात्र थुप्रो लागेको थियो ।

- मनाङ जिल्लामा करीब एक सय घर पूर्णक्षति भए । उत्तरी मनाङमा १५० कि.वा.को सन्जे खोला जलविद्युत आयोजनामा धेरै क्षति भयो ।
- पर्वत जिल्लाको रानीपानी, हुवास, भोर्ले, तिलाहार, उरामपोखरा र कुश्मा सिल्मीमा समेत गरी करीब ४ हजार घर क्षतिग्रस्त भए ।
- मकवानपुरका एक नगरपालिका र ३७ गा.वि.स. मा ११,८४० घर ध्वस्त भए । ३५ जनाले ज्यान गुमाएको थियो ।
- मुस्ताङ जोमसोम कालीगण्डकीमा रहेको काठेपुलको पूर्वपश्चिम १४ घर र घमी गा.वि.स.को घिर्लाङमा ४० घर भत्किए ।

१२ बैशाखको भूकम्प र २९ बैशाखको परकम्पनले मुलुकमा ८,७९० जनाको मृत्यु भयो र २२,३०० भन्दा बढी घाइते भए । मुलुकभर ५,१०,७७२ निजी घर र २,६४९ सरकारी घर पूर्णरुपले क्षति भए । २,९१,७०७ निजी घर र ३,६१७ सरकारी घरमा आंशिक रुपले क्षति पुगेको छ । ढुंगा, इँटा र माटोको जग भएका घरहरु ९० प्रतिशत भत्केका छन् । भूकम्पले २,००० महिलालाई विधवा बनायो । एकल महिलाका ५०,००० घर भत्किएको अनुमान छ ।

- स्याङ्गजा जिल्लामा ९,६०० घरहरु क्षति पुग्यो । त्यसमध्ये ३,११९ घर पूर्णक्षति भए ।
- तनहुँमा १६,३०४ घरमा क्षति पुग्यो । त्यसमध्ये ३,३७७ घरहरुमा पूर्णक्षति भएको छ ।
- रामेछापमा दुई नगरपालिका २९ गा.वि.स.का ७३ वस्ती जोखिममा परेका छन् ।
- ओखलढुंगामा ८,०८४ घरमा क्षति पुग्यो । १९ जना मरे ।

समग्रमा गोरखाको लाप्राक, गुम्दा, बारपाक, दोलखाको सिंगटी बजार, तामाखानी र चरिकोट, सिन्धुपाल्चोकको तातोपानी, कोदारी बजार, लिपिङ्ग बजार, लिस्ति, गुन्सा, बरुवा, रसुवाको लाङ्टाङ र केञ्जिङ्ग, धादिङ्गको तिप्लिङ्ग, रि गा.वि.स.हरु र सोलुखुम्बुको सगरमाथा आधार शिविरमा अकल्पनीय क्षति भएकाले बढी चर्चामा रहे ।

मुलुकमा ७४ वटा कारागार मध्ये ४० वटा कारागार पूर्ण तथा आंशिक क्षति भए । चैत मसान्त (०७१) सम्म देशभरका कारागारमा १८,३८७ कैदी थिए । भूकम्पमा २१७ जना कैदी कारागारबाट भागेका थिए । १६ कैदी भूकम्पबाट मरे ।

भूकम्पमा परेका अझै १८० जना बेपत्ता सूचीमा छन् । यसरी बेपत्ता सूचीमा पर्नेहरुमा ३९ जना विदेशी पनि छन् । कतिपय बेपत्ता भनिएका व्यक्तिहरु घरले पहिरोले किचिएर निकाल्न नसकेका पनि छन् । भूकम्प गएको ३ महिना पछि लाङ्टाङमा १७ जनाको कंकाल भेटियो ।

विद्युत क्षेत्रमा ८३ मे.वा. विद्युत उत्पादन गर्ने गरी निजी क्षेत्रबाट निर्माण भइरहेका १४ वटा विद्युत आयोजनामा क्षति पुग्यो जसमध्ये ६ वटा सिन्धुपाल्चोक र अरु दोलखा, रसुवा र धादिङ्गमा एकएक वटा तत्काल बन्द भए । समग्रमा ४३ वटा आयोजनामा क्षति पुग्यो । सबैभन्दा ठूलो तामाकोशी जलविद्युतको १७ से.मि. ड्याम धसियो । आयोजनामा पुग्ने पहुँच सडक सबै भत्कियो । धेरै ठाउँमा विद्युत उपकरणहरुमा पनि क्षति पुग्यो । विद्युत क्षेत्रमा करिब १८.५० अर्वको क्षति भएको छ ।

विपि राजमार्गको सिन्धुलीमाडी-खुर्कोट खण्डको ३ वटा मोडमा क्षति भयो । भक्तपुर जाने ६ लेनको सडकको लोकन्थली कौशलटार खण्डमा ३ मिटर सडक भासियो र जमिन फाट्यो । हुन त यो फल्टका कारणले होइन, स्वायल फेलियर मात्र हो भनियो । सिंहदरवार थापाथली खण्डमा पनि सडक चिरा पऱ्यो । मुग्लिङ-चितवन खण्ड र कृष्णभीर आसपास पनि धुले पहिरोले सडक अबरुद्ध भयो । ककनी-त्रिशुली र त्रिशुली-रसुवागढी खण्डमा धेरै पहिरो गयो, चट्टानहरु झरे । दोलखा जाने बाटोमा पुल भत्कियो, बाटोमा पहिरो गयो । कोदारी राजमार्ग पूर्णरुपमा बन्द भएको छ । यसरी काठमाण्डु आउने जाने सबै सडकहरु अवरुद्ध भए तापनि सबै सडकहरु तत्काल खोल्दै गाडीहरु आवागमन गराइएको थियो । भूकम्पको डरले र आफन्तलाई भेट्न व्याकुल भएर तत्काल आआफ्ना घर गाउँमा उद्धार राहत दिन समेत काठमाण्डुबाट १२,५२,७५२ जना बैशाख ३१ गते सम्ममा उपत्यकाबाट बाहिर गएका थिए ।

राष्ट्रिय खेलाडीहरु जुडोका ३ जना, करांतेका २ जना र क्रिकेटका १ जना गरी ६ जनाको ज्यान गयो ।

मुलुकभर ४० जिल्लाका ९,१८१ विद्यालयका १६,४७५ कक्षा कोठा भूकम्पबाट ध्वस्त भए । ६४ जना शिक्षक र ३८० विद्यार्थीहरु मरे ।

राजधानीमा बनेका १५ बहुतलीय अपार्टमेन्ट मध्ये १० वटामा ठूलो क्षति भयो । पार्कभ्यू होराइजन अपार्टमेन्ट चिरा परेको थियो । बैंकहरुबाट जमिन र हाउजिङ्गका लागि १ खर्ब २९ अर्व लगानी भएकोमा ७७ अर्ब बराबरको धितोमा नोक्सान भयो । काठमाण्डु उपत्यकामा ३७ हजार घर पूर्णरुपमा ध्वस्त र झण्डै ५० हजार घर क्षतिग्रस्त भएकोमा जम्मा ९ हजार १०० घरले मात्र बीमा गरेका रहेछन् । त्यतिले मात्र बीमा दावी गरे ।

भूकम्प जाने वित्तिकै ८० प्रतिशत पर्यटकहरुले काठमाण्डु पोखराका होटलहरुमा आफ्नो रिजर्भेसन रद्ध गरेका थिए ।

भूकम्पबाट कृषि उत्पादनमा १० अर्व रुपैयाँ बराबरको क्षति भयो । भूकम्पले खेती नष्ट मात्र गरेन, खेतबारीमा धाँजा फाट्ने, पहिरो जाने, पानी सुक्ने गरेकाले अर्को यामको मूलबाली नआउञ्ज्यालका लागि करिब ३ लाख टन खाद्यान्नको अभाव हुने गरायो ।

पुरातात्विक महत्वका स्मारकहरूको क्षति

यस भूकम्पबाट धार्मिक तथा पुरातात्विक महत्वका देवल, सत्तल, चैत्य, डबली, देवालय, मन्दिर, सालिक, स्मारक, मूर्तिहरु भत्किएर फुटे, बिग्रिए र कतिपयको अस्तित्व नै लोप भयो । भत्किएका अति महत्पूर्ण पुरातात्विक महत्वका मन्दिर र स्मारकहरु निम्नानुसार छन्:

- राजा प्रताप मल्लले बि.सं. १७२९ मा दरबारको मुख्य द्वारमा हनुमानको मूर्ति स्थापना गरेकाले 'हनुमानढोका दरबार' नाम रहेको र बडाराजा श्री ५ पृथ्वीनारायण शाहले बि.सं. १८२६ मा निर्माण गरेको वसन्तपुर दरबारका कारणले वसन्तपुर नाम रहन गएको यस ठाउँमा परिसर भित्र र बाहिर भूकम्पबाट अकल्पनीय क्षति भएको विवरणहरु यस प्रकार छ:

  क) वसन्तपुरको नासल चोक, ख) गद्दी बैठक दरबार, ग) नौतले दरबार, घ) गणेशस्थान छेउको काष्ठमण्डप, ङ) ठूलो तबला, घण्टा राख्ने मन्दिर, च) भूपतीन्द्र मल्लको सालिक, छ) दस अवतार देखाउने

मन्दिर, ज) जगन्नाथ मन्दिर, झ) संग्राहालय भवन पूरै, ञ) माजु देवल मन्दिर, ट) बागेश्वरी मन्दिर, ठ) विष्णु भगवती, महादेव र कृष्ण मन्दिर, ड) दस महाघर मन्दिर, ढ) तलेजु र महाविष्णु मन्दिर चर्किएको ।

- पशुपति क्षेत्रमा गुह्वेश्वरी मन्दिर, किराँतेश्वर सत्तल, पञ्चदेव, विश्वरुप मन्दिर, राममन्दिर, गोरखनाथ मन्दिर, सेतो शिवालय, शंकराचार्य मन्दिरमा धेरै क्षति पुग्यो ।
- पाटन दरवार स्क्वायरमा (योग नरेन्द्र मल्लको शालिक, चार नारायण र महादेव मन्दिर, तलेजु भवानी मन्दिर, ढुंगेधारा अगाडिको सत्तल, नारायण मन्दिर (स्वं टोल) का साथै सुन्दरीचोक र सोह्रखुट्टेको २ वटा पाटी ध्वस्त भए ।
- बि.सं. १८८२ मा भीमसेन थापाले महारानी ललित त्रिपुरासुन्दरीको नाममा धरहरा निर्माण गरेका थिए । सम्बत् १९९० को भूकम्पबाट भत्किएपछि प्रधानमन्त्री जुद्धशमशेरले मर्मत गरी पुननिर्माण गरेको २०३ फिट उचाई, २१३ सिँडी (भित्र) र २५ सिँढी (बाहिर) भएको धरहरा बनाएका थिए । भीमसेन थापाले निर्माण गरेकाले उनैको नाममा भीमसेन स्तम्भ नामाकरण गरिएको धरहरा भाँचिएर ध्वस्त भयो । १५५ जनाको ज्यान गयो ।
- पाँचौं सदीमा मानदेवले बनाएको भक्तपुरको चाँगुनारायण मन्दिर भत्कियो ।
- जंग बहादुरका पालामा थापाथलीमा निर्माण भएको कालमोचन (हेमजंग हिरण्य नारायणको) मन्दिर, त्रिपुरासुन्दरी मन्दिर र त्रिपुरेश्वर महादेव मन्दिर पूर्णक्षति भयो ।
- ललितपुरमा शंखमुलको जगत नारायण मन्दिर र बुङ्मतिको १५ सय वर्ष पुरानो रातो मत्स्येन्द्रनाथको मन्दिरमा पूर्ण क्षति पुगेको छ ।
- बौद्धनाथको स्तुप र स्वयम्भुनाथको स्तुपमा आंशिक क्षति भयो भने त्यस वरिपरि बनेका मन्दिर, सत्तल तथा स्मारकहरु भत्किएका छन् ।
- काठमाण्डु उपत्यका बाहिर सुप्रसिद्ध स्थानहरुमा पलाञ्चोक भगवतीको मन्दिर (काभ्रे), मनोकामनाको मन्दिर (गोरखा), रानी महल (पाल्पा), भीमसेन मन्दिर (दोलखा) र पृथ्वीनारायण शाहका गोरखा र नुवाकोटका दरवारहरु भत्किए, बिग्रिएका र चिरिएका छन् । गोरखामा गोरखा दरबारमा अवस्थित गोरखनाथको गुफा, रोटपाटी, सितलपाटी, दमाईपाटी, पूर्णकोट सबैमा क्षति भएको छ ।
- भक्तपुरमा फसिदेग, हरिशंकर सत्तल, वत्सलादेवीको मन्दिर, केदारनाथ मन्दिर, लाल बैठक ध्वस्त भए भने न्यातपोल मन्दिर चर्कियो । मल्ल राजाका आराध्यदेव तलेजु भवानीलाई चढाउन शुद्ध जल ल्याउने भक्तपुरको लुहिटी, पाटनको तुसाहिटी, वसन्तपुरको मोहनहिटी तीन वटैलाई क्षति भयो ।
- काठमाण्डुका ऐतिहासिक भवनहरुमा गणेशमान सिंहको चाक्सीबारी, शीतल निवास, सुन्दरीजल बन्दीगृह तथा वि.पि. संग्रहालय, सिंहदरवार, केशरमहल, हरिहर भवन, बबरमहल चर्किए, आंशिक भत्किए ।
- उपल्लो मुस्ताङ्गमा लोमान्थाङ्को मुस्ताङ्गी राजाको दरवार र छ्यादेन गुम्बा, छोदे, भ्याम्बा, नाङ्ल्यान, थुप्तेन, चराङ्गका गुम्बाहरुमा क्षति पुग्यो ।
- नेपालमा प्राचीन स्मारक सम्पदाहरु, मन्दिरहरु मध्ये ७४१ मा क्षति पुग्यो र १३३ पूर्णरुपले क्षति भएका छन् ।
- केशरमहल अवस्थित केशर पुस्तकालय र हरिहरभवन अवस्थित राष्ट्रिय पुस्तकालय दुवै भवन चर्के फुटेर बस्न नहुने गरी बिग्रिएका छन् । केशर पुस्तकालयमा ७० हजार किमती पुस्तकहरु छन् । त्यस्तै दुर्लभ अभिलेखका साथै ८४ हजार पुस्तकहरु राष्ट्रिय पुस्तकालयमा छन् । यी अभिलेख र पुस्तक सबै बिग्रने अवस्थामा पुगेका छन् । यसैगरी नेपालमा सबैभन्दा बढी पुस्तकहरु र अभिलेखहरु भएको त्रिभुवन विश्वविद्यालयको केन्द्रीय पुस्तकालय पनि क्षतिग्रस्त भयो ।

भूकम्पपछि धुले पहिरो र वर्षात्का कारणले गएको पहिरोहरू :

भूकम्पपछि कहिले चर्को घाम कहिले वर्षात् भइरह्यो । पहाडहरु भूकम्पका कारणले धेरै ठाउँमा चिरा परेकाले धुले पहिरो पनि गइरह्यो । पानी परेपछि थप पहिरो जाने क्रम रह्यो । मुख्य पहिरोहरु यस प्रकार थिए :

- गोरखा जिल्लाको सामा गाउँ ५ र ८ मा चट्टान सहितको हिम पहिरोले बूढी गण्डकी नदी थुनिएको थियो । केरौंजा गा.वि.स.मा ७ जना, थुमी गा.वि.स.मा ७ जना, काशि गा.वि.स.मा ५ जना पहिरोले पुरिए ।
- काभ्रेपलाञ्चोकको नाँग्रे, गागर्चे गा.वि.स. ४ मा चट्टान सहितको पहिरो गएको थियो ।
- सोलुखुम्बु जिल्लाको सगरमाथा क्षेत्रको छु रावा हिमपोखरी बिस्फोट भएर पुल र बाटो बगाएको थियो । सगरमाथा आधारशिविरमा दुमोरी हिमतालबाट हिमपहिरो जाँदा ४ विदेशी र १४ नेपाली पुरिए । २० भन्दा बढी वेपत्ता भएका थिए । सर्च इन वान गुगलका कार्यकारी डान फ्रेडिनवर्ग पनि मरे ।
- नेपालमा २,३१५ हिमताल मध्ये २१ हिमताल खतराको विन्दुमा छन् भनेर विज्ञहरुले भनिरहेका छन् । वातावरण त्रासमय बनिरह्यो । त्यसमा पनि च्छो-रोल्पा, तल्लो वरुण, इम्जा च्छो, पश्चिम चमजाङ्, ठुलगी बढी खतरायुक्त छन् भनिएको छ ।
- रसुवाको टिमुरे गाउँ र रसुवागढी बीच घट्टे खोला नजिक सुख्खा पहिरो गएर ११ कन्टेनर सहित मानिसहरु पुरिएका थिए । लाङ्टाङमा हिमपहिरोबाट ७० भन्दा बढी स्थानीय, ४० पर्यटक र १०० भन्दा बढी गाइडहरु वेपत्ता भए । केन्जिङ्ग गाउँ पुरै नै पुरियो । विदुर-धुन्चे-स्याफ्रुबेँसी- रसुवागढी सडकको धेरै ठाउँमा चट्टान सहितको धुले पहिरो गइरह्यो । रसुवा र तिब्बतको गिर्याङ्ग बीचमा त्रिशुली नदी थुनिएर ताल बनेको थियो ।

- मनाङ्गको पिसाङ्ग हुँदै बग्ने मर्स्याङ्गदी नदीमा पहिरो आएर ताल बनेको थियो । नार र फु जाने बाटोमा पहिरो गएकाले ती गा.वि.स.हरु मुलुकबाटै अलग्गिएका थिए ।
- नेपालको व्यापारलाई प्रवर्द्धन गर्न खासा (तिब्बत) को लार्चामा चीनले साढे एक अर्वको लागतमा बनिँदै गरेको सुक्खा बन्दरगाह धुले पहिरोले पुरिदियो ।
- भूकम्प र त्यसपछिका परकम्पनका कारणले काठमाण्डुको जमिन तरलीकरण (लिक्वीफ्याक्सन) भयो र भासिने क्रम शुरु भयो भनेर भूगर्भविद्हरु भन्छन् । भूकम्प जाँदा काठमाण्डु भासिने पो हो कि भनेर यहाँका वासिन्दा ज्यादै ठूलो त्रासमा बाँचिरहेका छन् ।
- सिन्धुपाल्चोकको बाह्रबिसे-कोदारी सडक खण्डको हिन्दी गाउँ र कोठे गाउँमा ठूला पहिरोहरु आएर सडक अवरुद्ध गराएको थियो । स्मरण रहोस् गत वर्ष सिन्धुपाल्चोकको राम्चेको जुरेमा गएको पहिरोले भोटेकाशी थुनिएर कोदारी राजमार्ग महिनौं बन्द भयो र भोटेकोशीमा बनेको विद्युतगृह पुरिएर विद्युतमा भारी संकट ल्याएको थियो । त्यस्तै लामुसाँघु-जिरी खण्डमा पहिरो गएर सडक अवरुद्ध भयो ।
- मुस्ताङ्गमा काली गण्डकी छेउछाउ जमिन धसिने र धाँजा फाट्ने काम भयो ।
- इसिमोडको एक अध्ययन अनुसार भूकम्प पछि एक महिनाभित्र मुलुकभर ३ हजार पहिरो गयो ।
- भूकम्पका कारणले जमिन फाट्ने, चिरा पर्ने, बग्ने, पहिरो जाने भएकाले धेरै ठाउँमा बस्ती नै अर्को ठाउँमा सार्नु पर्ने भयो । सिन्धुपाल्चोकमा मात्रै साँगाचोकको छापागाउँ, ज्यामिरे, गोल्चे गा.वि.स.को लिदि, बराम्चीको पराजुली गाउँ, जलबिरेको लेते खमारे, गोल्चेको सानो नाम्फा, गुम्बाको तपगाउँ, बाह्रबिसे, चोकरी, हेलम्बुको याम्बा, चाप्चा, फुल्पिङकट्टी, मानेस्वाँरा आदि ठाउँबाट करिब ४०० घरलाई अन्यत्र सार्नुपर्ने स्थिति आयो । तातोपानीबाट मात्र २४० परिवार राजधानी आए ।
- गोरखाको लाप्राक र वारपाकको केही भाग जमिन फाटेको र धसिएकाले करिब १०० परिवार अन्यत्र सार्नुपर्ने स्थिति आयो । वास्तवमा जमिन फाटे भत्के र धसिएकै कारणले गोरखामा मात्र २२ गाउँका २३ सय घरधुरी अन्यत्र सार्नुपर्ने भएको छ ।
- सरकारले नै भूकम्पबाट प्रभावित १८ जिल्लाका २०० भन्दा बढी वस्ती सुरक्षित ठाउँमा सार्नुपर्ने निर्णय गरेको छ । जसमा २० हजार भन्दा बढी घरधुरीलाई छिटो भन्दा छिटो नयाँ ठाउँ दिनुपर्नेछ ।

रोग व्याध तथा महामारी

चिकित्सकहरुका अनुसार यस महाभूकम्पबाट सहरी क्षेत्रमा डेंगु र चिकनगुनिया (लामखुट्टेबाट सर्ने रोग) र ग्रामीण क्षेत्रमा लेप्टोस्पोरिसस् (रोगी जनावरको पिसाबबाट संक्रमित पानी उपयोगबाट सर्ने) रोगको महामारी आउने सक्ने खतराको संकेत गरेका थिए । घर, भवन पूर्ण क्षति भएका टोलहरुमा पानीको निकास नभएको, फोहोरको डंगुर लागेकाले लामखुट्टेको फैलावट अधिकतर रह्यो । गाउँमा पशुपक्षी अत्याधिक किचिएकाले त्यसको दुर्गन्ध वर्षाद्को पानीबाट बगेर खानेपानीमा मिसिन थालेको थियो । मान्छे र पशुका लाशको दुर्गन्धले झाडा पखालाको प्रकोप देखिन थाल्यो । दुषित खानेपानीको सेवन गर्नु पर्ने बाध्यता अर्को कारण थियो । निमोनिया, वाकवाकी हुने, रिँगटा चल्ने, जण्डिस हुने, पखाला लाग्ने, ज्वरो आउने, पेट दुख्ने, रुघाखोकी लाग्ने, दम बढ्ने जस्ता विमारले आमपीडितलाई सतायो । धेरै हृदयघात भएर मरे । कतिपय महिलाहरुको गर्भ तुहिने र अवधि नपुगी बच्चा जन्मिने पनि भयो । पीडितहरुलाई चर्मरोगले पनि सताएको थियो ।

मृतकहरूप्रति श्रद्धाञ्जली

- भूकम्पबाट मर्नेको आत्मा शान्तिका लागि र पुनः अनिष्ट नदोहोरियोस् भन्ने कामना गर्दै चाँगुनारायणमा क्षमापूजा गरियो ।
- महाविपत्तिमा परेर मर्नेको आत्माको चिरशान्ति र घाइतेको स्वास्थ्य लाभको कामना गर्दै सैनिक मुख्यालयले विशेष पूजा गरेको थियो ।
- विपत्तिमा मर्नेको चिरशान्तिको लागि गुप्तेश्वर महादेव, पोखरामा भूमिपूजा गरेको थियो ।
- विपत्तिमा परी ज्यान गुमाउनेहरुको सम्झनामा सिरहाको लाहनमा नेपालको ठूलो नक्सा बनाएर त्यसमाथि दीप प्रज्ज्वलन गरेको थियो ।
- मृतकहरुको आत्मा शान्तिका लागि पशुपति मन्दिरमा रुद्राभिषेक र स्तुति प्रार्थना गरियो ।
- गोरखा बुङ्गोट ९ शैलुङ्गमा भूकम्पको पुत्ला बनाएर अन्त्येष्टि गरे ।
- काठमाण्डुमा धरहरा क्षेत्र वसन्तपुर क्षेत्रमा पनि दीप प्रज्ज्वलन गरी मृत आत्माको चिरशान्तिको कामना गरियो ।

पशुपति आर्यघाटमा मुर्दा जलाउने घाटहरुमा अरु नौ वटा घाट थप गरिएका थिए । दुई दिनमा (वैशाख १३ र १४ गते) २४० लाशलाई जलाइएको थियो । नदी किनार घाट नपाए पछि वा मलामी नपाएपछि खुला चौरमा दाह संस्कार गरियो । मुर्दा गाढ्ने ठाउँमा शवको थुप्रो लागेको पाइयो । कतिले घरकै आँगनमा लाश गाडे ।

उद्धार तथा राहतः[१]

भूकम्पबाट भत्किएका र धसिएका घर, पर्खाल, इमारतबाट किचिएका वा च्यापिएका व्यक्तिहरुको कोलाहल जतातत थियो । यस्तो महाविपत्तिका लागि न त सरकार तयार थियो न त मानवीय सेवामा संलग्न संस्थाहरु नै

१ राहतका सामग्री भन्नाले मुख्य गरेर चामल, पीठो, नुन, चिनी, चाउचाउ, भुजिया, पानी, विस्कुट, ड्राइफुड, दाल, पाल/त्रिपाल, कम्बल, चिउरा, मेट्रस, सोलारलाइट, कपडा, साबुन, भान्साका सामान, पानी शुद्ध पार्ने ट्याब्लेट, सेनिटरी प्याड, डेडबडी व्याग, प्लाष्टिक, झुल, तन्नाहरु र प्राथमिक उपचारका सामग्रीहरु मानिएको थियो ।

तयार थिए । सबैका घरमा डर, त्रास र कोलाहल मात्र थियो । अझ सुरक्षा निकायका हेडक्वाटर्स् र सरकारको केन्द्रीय सचिवालयहरु नै बस्न योग्य नहुने गरी चर्केभत्केकाले सबै जुटेर निर्णय गर्न कठिन थियो । टेलिफोन अवरुद्ध भयो, सडक चिरिए । त्यस्तो परिस्थितिमा पनि एकाध घण्टा भित्रनै प्रहरी, सेना, अन्य सरकारी संयन्त्र, नेपाल रेडक्रस सोसाइटी, नागरिक समाज र आमनागरिक जुटे । उद्धार कार्यमा लागे । उद्धारका यान्त्रिक तथा प्रविधिजन्य सामान थिएनन् । किचिएका, पुरिएका वा च्यापिएकालाई कसरी जीवितै निकाल्ने, न त शीप ज्ञान न त प्रविधि र औजार । तै पनि आआफ्नो विवेक र सहयोग भावनाले सबै जुटे । दुई तीन घण्टा पछि नै उद्धार र राहतको कार्यक्रम शुरु भयो । प्रहरी, सेना र रेडक्रस सोसाइटी उद्धार कार्यमा लागे । नागरिकहरु घाइतेलाई अस्पताल पुऱ्याउन लागे । डाक्टर नर्स उपचारमा जुटे ।

छिमेकी मित्र राष्ट्रहरुबाट तत्कालै सहयोगको 'अफर' आउन थाल्यो । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालमा भूकम्प गएको १० मिनेटमा नै ट्वीट गर्न भ्याए । एक घण्टा भित्र आफ्नो 'विपत व्यवस्थापन प्राधिकरण' लाई तत्काल उद्धार र राहतका सामान सहित तयार हुन निर्देशन दिए । तत्कालै नेपालका राष्ट्रपति, प्रधानमन्त्री र दिल्लीमा नेपाली दूतावासमा सम्पर्क गरी सहयोगको बचन दिए ।

बि.सं. १९९० माघ २ गते महाभूकम्प जाँदा नेपालका प्रधानमन्त्री श्री ३ जुद्ध शमसेर राणा महाकाली क्षेत्रमा शिकार खेल्दै थिए । बि.सं. २०७२ वैशाख १२ गते गएको महाभूकम्पमा नेपालका प्रधानमन्त्री सुशील कोइराला इन्डोनेसियामा भएको अफ्रो-एशियन सम्मेलनमा भाग लिएर नेपाल फर्कंदै थिए र बैंकक ट्रान्जिटमा थिए ।

उद्धारमा लाग्ने अग्रपंक्तिको उद्धार योद्धा भनेको सेना हुन्छ । नेपाली सेना, प्रहरीहरु युद्धस्तरमा उद्धार कार्यमा जुटिसकेका थिए । उसैदिन भारतबाट सेनाको सिजे १३० जे हर्कुलस् विमान ५ वटा कुकुर र राहत सामग्री बोकेर ५० जनाको टोली काठमाण्डु आइपुग्यो । अर्को दिन 'अपरेशन सहयोगी हात' का नामले संयुक्त राज्य अमेरिकाले मेरिनकोर यु एच एक वाई व्हे हेलिकप्टर ३ वटा, मेरिनकोर एच भी २२ बी ओस्प्रे लिल्ट रोटर जहाज ४ वटा, एयरफोर्स सी १७ ग्लोबमास्टर जहाज ४ वटा र मेरिनकोर के सी १३० हर्कुलस् जहाज २ वटा सहित ३२२ जनाको डप्फा राहत, मेडिकल टिम र उद्धार सामान सहित आइपुग्यो । त्यसैगरी चीनबाट आइ एल ७६ विमान ८ वटा सहित ९४२ जनाको डप्फा उद्धार र राहतका सामान सहित आइपुग्यो । यसैगरी क्यानाडा र इजरायलबाट पनि सैनिक टोली उद्धारका लागि आइपुगे । पाकिस्तानबाट पनि सैनिक टोली आएको थियो । चीन, जापान, भारत, पाकिस्तान, श्रीलंका, बङ्गलादेश, इजरायल, थाइल्याण्ड, यूएस, जर्मनी, दक्षिण कोरिया, विश्व स्वास्थ्य संगठनबाट चिकित्सकका टोलीहरु प्राथमिक उपचारका सामग्री सहित आइपुगे । चीनले नेपाली सेनालाई दुईवटा मोबाइल फिल्ड अस्पताल दिएको थियो ।

संयुक्त अधिराज्य (बेलायत) ले चिनूक हेलिकोप्टर उद्धार राहतको प्रयोजनका लागि ल्याउने अनुमति मागेको थियो । नेपाल सरकारले अनुमति दिएन ।

भूकम्पबाट बचाउनका लागि आआफ्ना नागकिलाई फर्काएर लैजान कतिपय मुलुक र संस्थाहरु प्लेन चार्टर गर्दै काठमाण्डु आउन थाले । राहत सामग्री ल्याउने प्लेनको त्यस्तै भीड भयो । भूकम्प गएको ४ दिनपछि बुधबार (१६ गते) उद्धार सामग्री लिएर आउने र यताबाट मानिस फर्काउने हवाइजहाजहरु त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थलमा ४४७ विमान उडान र अवतरण भए जुन रेकर्ड ऐलेसम्मकै सबैभन्दा बढी हो । बैशाख १२ गतेदेखि २१ गतेसम्म ३८ देशका २३६ चार्टर उडान सहित ३६०५ उडान भए । यति हुँदा पनि उडानको भीडले गर्दा दैनिक १० भन्दा बढी उडान भारत लगायत अन्य सहरहरुमा 'डाइभर्ट' गर्नु परेको थियो । उद्धार कार्यमा खटिएका दुईवटा हेलिकोप्टर दुर्घटनामा परेका थिए ।

१) सिन्धुपाल्चोकको गुम्बा गा.वि.स.को तेम्बाथानमा औषधि लगायत राहत सामग्री पुऱ्याएर फर्कंदा यमुनाडाँडाको शिलापर्वत जंगलमा हाइटेन्सन तार छोएर दुर्घटना भयो । दुर्घटनामा परेको हेलिकोप्टर नाइन एन ए जे भी कल भएको माउन्टेन एयरको थियो । दुर्घटनामा पर्नेहरु पाइलट सुवेक श्रेष्ठ, डा. सन्दीप महत, डच डा. जेसिका र स्वास्थ्यकर्मी शेर बहादुर कार्की थिए ।

२) अमेरिकी मरिनकोर यू एच १ वाई ह्वे हेलिकोप्टर रातह सामग्री दोलखाको सिंगटी पुऱ्याएर फर्कंदा कालिञ्चोक भगवती नजिकैको डाँडा घोर्थली ३ मा ११ हजार २ सय फिटको उचाईमा दुर्घटनाग्रस्त भयो । यसमा सवार ६ अमेरिकी र २ नेपाली सैनिक मरे । अमेरिकन हेलिकप्टरहरुको उडानहरु शंकाको घेरामा रहे । यो दुर्घटनाग्रस्त हेलिकोप्टरमा ८ जना सैनिक मरे भनिएकोमा पछि डि.एन.ए. परीक्षणबाट अरु ५ जना सिभिलियन पनि परेको रहस्य खुल्यो । यो भन्दा पहिला पनि अमेरिकन सैनिकले गोरखा बारपाक उडानमा जाने भनेको हेलिकोप्टर लाङ्गटाङ्ग पुऱ्याएको थियो ।

शारीरिक चोटपटक लाग्नेहरुको संख्या २२,५०० लगभग थिए । अस्पतालमा बेड पुगेन । धेरै अस्पतालका भवनहरु चर्के भत्केकाले अस्पतालका माथिका तलाहरुमा चढ्न र बस्न नै डर लाग्दो भयो । भुइँमा, कोरिडोरमा, बाहिर त्रिपाल हालेर, अझ खुला चौरमा समेत घाइतेहरुको उपचार गराइयो । कतिपय गर्भवती महिलाले खुला चौरमा, विद्यालयमा, बाटोमा, त्रिपालमा बच्चाहरु जन्माउनु पऱ्यो ।

गोरखा सौरपानी ९ सिम्भुकी गर्भवती सुनकुमारी गुरुङ्गलाई भूइँचालोले घर भत्केर किच्यो । सम्साँझमा गाउँलेले निकाले । अनि ९ बजे बेलुका छोरो जन्माइन् । छेउकै तोरोङ्ग जंगलका गुफामा चार रात कटाइन् ।

पाटन अस्पतालका डा. वसन्त लामिछानेले शल्यक्रियाबाट बच्चा जन्माएर सुत्केरीको घाउ सिलाउन थाल्दा भूकम्प गयो । ग्यास सिलिण्डर लडे, बेडहरु सर्न थाले, बत्ती निभ्यो, भवन थर्कियो । सबै भागाभाग भयो । तर उनी र उनका सहयोगी डा. दुर्गा श्रेष्ठले बिरामीलाई नछोडी केही बेरपछिका पराकम्पनलाई सहँदै काम फत्ते गरे । त्यसपछि पनि थप २ जना महिलाको शल्यक्रियाबाट बच्चा जन्माए ।

उद्धारमा संलग्न सेना, प्रहरी तथा विदेशी विज्ञहरुले ज्यान हत्केलामा राखेर उद्धार कार्यमा चौबीसै घण्टा लागे । त्यसबेला बिजुलीका लाइन काटिएर अन्धकार थियो । खानेपानीका पाइप थिएन । भवनहरु ढल्केका, भासिएका, भत्किएका र चर्केका थिए । कोलाहल मात्र थियो । पराकम्पन आएको आएकै थियो । त्यस्ता समयमा गरेका उद्धारका केही उल्लेखनीय घटनाहरु यस प्रकार थिए :

- बर्दिया जयनगरकी २४ वर्षीय कृष्ण कुमारी खड्कालाई गोंगबु बसपार्कस्थित जनसेवा लजमा पुरिएको ठाउँबाट १२८ घण्टा पछि सुरक्षा बल र विदेशी विशेषज्ञ समेत भएर जीवितै उद्धार गरेको थियो ।
- उहीं नजिकैको ७ तले हिडनहाउसमा पुरिएका १५ वर्षे पेम्बा लामालाई १२० घण्टापछि प्रहरी निरिक्षक लक्ष्मण बस्नेतको टोली र विदेशी दक्षहरुले जीवितै उद्धार गरेको थियो ।
- उसै ठाउँको नौ तले भवन सयपत्री गेष्टहाउसबाट अर्घाखाँचीका ऋषिराम खनाललाई पनि ५ दिन पछि जीवितै उद्धार गरेको थियो ।
- रसुवाको मैलुङ्ग दोभानमा भूकम्पबाट गएको पहिरोले पुरिएका त्रिशुली (नुवाकोट) का शिव श्रेष्ठलाई ९८ घण्टा पछि जीवितै उद्धार गरेको थियो । यस कार्यमा भारतीय सर्च एण्ड सेक्युरिटिका दक्षहरु समेत संलग्न थिए ।
- डिजास्टर एसेसमेन्ट एण्ड रेस्क्यु टिम (डार्ट) का कर्णेल सुवास थापाको टोलीले लाङ्टाङ (रसुवा) बाट हिमपहिरोमा परेका ९० विदेशी सहित २२६ जनाको जिवितै उद्धार गरेको थियो ।
- मेजर उपेन्द्र पुडासैनीको टोलीले भक्तपुर मुलढोका नजिकैको घरमा पुरिएका बच्चाहरुमा भोलिपल्ट १ जनाको जीवितै उद्धार गरेको थियो ।
- सिपाही विकास के.सी.ले भक्तपुर दत्तात्रेय छेउमा भत्किएको घरभित्र टेबुलमुनि रहेको चार महिने शिशुको जीवितै उद्धार गरेको थियो ।
- भक्तपुरकै दत्तात्रेय मन्दिर छेउबाट ११ वर्षे बालिकालाई ९० घण्टा पछि उद्धार गरेको थियो ।

> ◆ दोलखा भीमेश्वर नपा ३ राताटारकी २२ वर्षीय रोशनी राई आफ्नै घरले किचेर पनि जीवितरुपमा निस्किन सकिन् र तत्कालै अरुको उद्धारमा लागिन् ।
>
> ◆ धरहराको बरण्डाबाट धरहरा भाँचिदा चितवन रत्ननगरका इन्जिनियर किशोर खतिवडा र उनीसँगै भएकी झापाकी नर्स बविता सेढाई भूइँमा बज्रेर पनि जीवितै रहे ।

- सिन्धुपाल्चोक कालिका ९ मा सम्झना पहारीले आफ्ना १ देखि ७ वर्षभित्रका ४ जना छोराछोरी घरमा छाडेर घाँस काट्न गइन् । आमा नफर्कंदै भूकम्प आयो । ७ वर्षीय सुजाताले आफ्ना ६ वर्षका भाइ र १ वर्षकी बहिनी घर बाहिर निकालेर बचाइन् । ४ वर्षको भाइ भने घरमा पुरियो ।

> धर्मस्थली कुमालगाउँकी ८२ वर्षीय लक्ष्मी श्रेष्ठ १९९० सालको भूकम्पमा आमाको पेटमा हुँदा उनकी आमा घर भत्केर च्यापिएकी थिइन् रे, तर बचिन् र उनको जन्म भयो । ऐलेको भूकम्पमा भाग्ने हुँदा दाहिने हात भाँचिएर पनि उनी बाँचेकी छन् ।

- मकवानपुरको राक्सिराङ्ग, भार्ता सरिखेतका चेपाङ्गहरु भूकम्पले घर भत्काए पछि 'आफ्ना देवताले बनाएको घर' नै सुरक्षित भन्दै परापूर्वकालदेखि पुर्खाहरु बस्दै आएका ओडारमा बस्न गए ।
- नेपाल तिब्बत सीमामा रोकिएका ५६० नेपालीलाई तिब्बत सरकारले खर्च व्यहोरेर हेलिकोप्टरबाट सकुशल नेपाल फर्काएको थियो ।
- दोलखाको आलम्पुमा ५२४ घरधुरी ढलेर पुरिएका मध्ये २९ जनाको जीवितै उद्धार गरेको थियो ।
- घाइतेहरुको संख्या अत्यधिक बढेकाले निजी, सरकारी र सामुदायिक अस्पतालहरुमा उपचार दिन सम्भव भएन । गाउँठाउँबाट घाइते बोकेर ल्याउन सकिने पनि भएन । निजी अस्पतालका, विदेशबाट आएका र सरकारी अस्पतालका चिकित्सकहरुको टीमले विभिन्न भूकम्प क्षेत्रमा गएर घाइतेको उपचार गरेका थिए ।

काठमाण्डु उपत्यकामा पुराना घरहरु लड्न आँट्यो भने काठको टेको लगाएर घर लड्न नदिने चलन छ । बैशाखको भूकम्पपछि यहाँका गल्लीहरु सडकहरुमा कैयौं घरहरु टेको लगाएर लड्न दिएका छैनन् । धेरैजसोमा मानिसहरुको बसोबासो नै देख्न पाइन्छ । यस्ता टेकोले गर्दा सडक गल्लीमा दमकल, एम्बुलेन्स समेत जान नसक्ने गराएका छन् । काठमाण्डु उपत्यकाका कतिपय पर्वहरुमा रथ तान्नु पर्ने हुन्छ । यस्ता बाटामा रथहरु समेत तान्न पाएनन् । त्यस्ता घरहरु टेको लगाएर अड्याएको र मान्छे बस्दै आएको देख्ने मान्छेको आडै सिरिङ्ग हुन्छ ।

विदेशिएका धेरै युवायुवती आफ्ना गाउँ घर भत्केको, मान्छे मरेको, घाइते भएर उपचार नपाइरहेको देखेर घर गाउँ फर्केर राहत र उद्धारमा जुटे । वैदेशिक रोजगार व्यवसायी संघले लाग्ने सेवा शुल्क नलिई भूकम्प पीडित घरपरिवारका सदस्यलाई विदेश रोजगारमा पठाए ।

> मलेशिया जान एकै दिनमा ५ हजार पासपोर्ट मलेसियन राजदूतावासमा संकलन भएका थिए । राजदूतावासले भिसा दिन १३ दिन लाग्ने बताएको थियो ।

सरकारले प्रधानमन्त्री राहत कोषमा रकम सहयोग गर्न अपील गऱ्यो । नेपालमा व्यक्ति-व्यक्ति, परिवार, टोल,

संस्था सबले सहयोग गरे । कोषमा बढी रकम दिनेहरुमा नेपाल टेलिकम, निजामती कर्मचारी, नेपाली सेना, सशस्त्र र जनपद प्रहरी, गोरखा ब्रुअरी, सूर्य नेपाल, एनसेल, बैंकहरुमा नविल बैंक, नेपाल इन्भेष्टमेन्ट बैंक, नेपाल बैंक, राष्ट्रिय बाणिज्य बैंक, कृषि विकास बैंक, नेपाल बंगलादेश बैंकका साथै सबै श्रेणीका बैंकहरु, वित्तीय संस्थाहरु, बीमा कम्पनीहरु र केहि उद्योगहरु थिए । विदेशमा भएका नेपालका राजदूतावासहरुले पनि रकम जम्मा गरेर पठाए । सबभन्दा बढी सहयोग रकम नेपाली राजदूतावास जापानले उठाएको थियो । गैरआवसीय नेपाली महासंघले व्यक्ति र संस्था दुवैबाट सहयोग रकम र राहत सामग्री प्रदान गऱ्यो । भूकम्प क्षेत्रमा गएर उद्धार र राहत कार्यमा एनआरएनले ठूलो सहयोग पुऱ्याएको थियो । सार्क राष्ट्रका सबै सरकारहरुले रकम र जिन्सी सहयोग गरे ।

१. भूकम्पले बैंक भवनहरुनै चर्किए भत्किए पछि बैंकहरु खुल्न सकेनन् । कहिँ कहिँ काउन्टर मात्र खोल्न सकेको थियो । मानिसहरुलाई पैसा चाहिने भयो । बैंकबाट एक पल्टमा रु. ५०,०००। निकाल्न सकिने र एटिएमबाट रु. १६,०००। निकाल्न सकिने बैंकर्स एशोसिएसनले व्यवस्था गरेको थियो ।

२. सर्वोच्च अदालतले झगडीयाको तारेख नगुज्रने व्यवस्था गरेको थियो ।

नेपाल सरकारले भूकम्प क्षति पछि मूल्यांकन गरेर दाता राष्ट्रहरु र दाता संस्थाहरुसँग पुनर्व्यवस्था र पुनर्निर्माणका लागि सहयोग माग्न असार १०, ०७२ मा दाता सम्मेलन गऱ्यो । उक्त सम्मेलनमा भाग लिने प्रतिनिधिहरुले निम्नानुसार सहयोग दिने प्रतिवद्धता देखाए :

भारत रु. १ खर्व, चीन रु. ७७.७० अर्ब, एशियाली विकास बैंक रु. ७.६० अर्ब, विश्व बैंक रु. ५० अर्व, जापान रु. २६ अर्व, यूएसए रु. १३ अर्व, युके रु. ११ अर्ब, युरोपियन युनियन रु. ११ अर्व, क्यानाडा रु. ६ अर्ब, अन्तर्राष्ट्रिय मुद्रा कोष रु. ५ अर्ब, नर्वे रु. ३ अर्ब । धेरैले कम अनुदान र बढी रकम सहुलियत ऋणको रुपमा दिने भनेका छन् । बंगलादेशले ५० हजार टन चामल अनुदान दिने बचन दिएको छ । यस बाहेक माथि दर्शाए भन्दा कम रकम सहयोग दिने अरु धेरै छन् ।

- भूकम्प पीडित किसानहरुका लागि नेपाल सरकारले बैंक वा वित्तीय संस्थाहरुबाट लिएको रु. ५० हजार सम्मको ऋण मिनाहा गरेको थियो ।

मिडियाले दिएको प्राथमिकता, कभरेज र सहयोग

बैशाख १२ गतेको भूकम्पपछि भूकम्पको क्षतिको दर्दनाक तस्वीर र क्षतिको विवरण दिन विश्व भरका मिडियाले तँछाडमछाड नै गरे । यस्ता मिडिया, छापा र एजेन्सीहरुमा भ्याइस अफ अमेरिका, न्यूयोर्क टाइम्स, सीएनएन, विविसी, एनएचके, एपि, एएफपी, द एट्लान्टिक डट कम, द गार्डियन, अलजजिरा, पिटिआई, सिन्ह्वा, विकिपेडिया, आईएफएल साइन्स डट कम, अष्ट्रेलियन टेलिभिजनहरु थिए । सार्क मुलुकका सबै टिभि च्यानल, रेडियोले प्राथमिकताका साथ प्रसारण गरे । विभिन्न ठाउँका एफएम रेडियोहरुले अत्यन्त दुर्गम ठाउँको पनि यथार्थ विवरण तत्काल प्रसारण गरे । भारतबाट प्रसारण हुने आजतकले बढी भन्दा बढी भत्के बिग्रेकाको मात्र प्रशारण गऱ्यो ।

अन्तर्राष्ट्रिय मिडियाहरुले क्षति, मृतक र घाइतेहरुको मात्र विवरण र तस्वीर प्रसारण गरेकाले बाह्य जगतमा बस्ने नेपालीहरुलाई संत्रासै फैलाइदियो । सम्पूर्ण नेपाल त्यसरी ध्वस्त भएको जस्तो बनाइदियो । भत्केकासँग नभत्केका घर गाउँ ठाउँ पनि साथसाथै प्रसारण गरिदिएको भए बाहिर बस्ने नेपालीहरु त्यति आत्तिने थिएनन् । तस्वीर र चित्रणले धेरैलाई हृदयघात भयो, मानसिक तनाब र बेदना भयो । यता सुरुमा भूकम्पबाट सबै विद्युतीय सम्पर्क प्रविधि बिग्रेकाले बच्नेले न त टेलिफोनमा सम्पर्क गर्न सके, न त टिभि हेर्न वा रेडियो सुन्न सके । प्रत्येक घरको आफ्ना मान्छेसँगको सम्पर्क टुटेकाले घरमा बस्ने र विदेशमा हुने दुवैलाई अत्यास भयो । भारतीय पत्रकारको अन्टसन्ट प्रश्न र दब्दबाका बारेमा समाचार नै बन्यो । भारतमा नै त्यस्ता पत्रकार र मिडियाको विरोध भयो ।

भूकम्प आएको दुई दिनपछि नेपाल टेलिकम र एनसेलले फ्रिकलको सेवा दिन थाल्यो । बाहिरका देशहरुमा पनि भारत, अष्ट्रेलिया, युएस, डेन्मार्क आदि देशले पनि नेपालमा आफन्तलाई कल गर्न फ्रिकलको व्यवस्था गरिदिए ।

नेपाली छापा र मिडियाका पत्रकारहरुले उद्धार र राहत नपुगेका कुनाकन्दरा गाउँ ठाउँहरुको धुले पहिरो र पुल भत्केका खोलाहरुमा ज्यान हत्केलामा राखेर पार भएर पनि रिपोर्ट गर्न सके । एकिन तस्वीर जनसमक्ष ल्याए । राहत र उद्धारको सहयोग पुऱ्याउन सरकारलाई बाध्य बनाए । पत्रकारहरुको योगदान प्रशंसनीय रह्यो ।

त्यस्तै पब्लिकेसन तथा मिडिया हाउसहरु कान्तिपुर, नेपाल रिपब्लिक मिडिया, नेपाल न्यूज नेटवर्क इन्टरनेशनल, इमेज, एभिन्यूज, एविसि, हिमालयन, न्यूजट्वेन्टीफोर आदि सबैले प्रधानमन्त्री राहत कोषका लागि जनताबाट रकम उठाएर र आफ्नै संस्थाका तर्फबाट समेत अर्थपूर्ण सहयोग पुऱ्याए ।

भूकम्प गए पछि कुन ठाउँमा कति क्षति भयो, संकट कस्तो छ, उद्धार र राहत पुग्यो पुगेन भनेर थाहा दिने भरपर्दो सूचना प्रवाह भनेको प्रहरी र सेनाकै हो । तर प्रत्येक ठाउँ गाउँमा उनीहरुको पनि पहुँच थिएन । अति दुर्गममा पनि मानिसहरुसँग मोबाइल फोन पुगेको छ । मोबाइल फोन चल्न थालेपछि जनस्तरमा मोबाइल फोनबाटै धेरै जानकारी आउने भएकाले जनस्तरमा सामाजिक सञ्जालको खाँचो भयो । यस्तो आवश्यकता महसुस गरेर युवा संलग्न भएका धेरै संस्थाहरुले सामाजिक सञ्जाल बनाएर स्वयंसेवी रुपमा सेवा प्रदान गरे । ती सञ्जालहरुले उद्धार राहत नपुगेका ठाउँमा पुऱ्याउन लगाउने, एउटाले सहयोग गरेका ठाउँमा अर्कोलाई दोहोऱ्याउनबाट रोक्ने, कुन ठाउँमा कुन किसिमको राहत चाहिएको छ त्यो भनिदिने जस्ता कार्य गरेर जानकारी अद्यावधिक गर्न मद्दत गरे । सूचनालाई अद्यावधिक गरी सेवा गर्नेहरु यस प्रकार भए :

१. समृद्धि फाउण्डेशनले नेपाल 'रिलिफ डट कम' वेभसाइट खोलेर पीडितलाई सेवा दिन जाने स्वयंसेवक वा संस्थालाई कुन कुन ठाउँमा सेवा पुगेन वा कहाँ कहाँ पुगेको छ, सूचना संकलन गरी दोहोरो नपर्ने गरी सञ्जाल मार्फत प्रसारण गरेर भरपर्दो सहयोग पुऱ्याएको थियो । आफैंले पनि सहयोग जुटाएर राहत वितरण गरेको थियो ।

२. युवा संघ (AYON) ले युवा संस्था सञ्जाल बनाएर भूकम्प क्षेत्रभरको सूचना प्रकाशन गर्नका साथै युवाहरुलाई राहत र उद्धारमा परिचालन गरेको थियो । वास्तवमा युवा संघको परिचालनबाट सेवामा खटिएका युवा वर्गले उद्धारमा, राहतमा, उपचारमा र पुनर्व्यवस्थामा प्रभावकारी योगदान पुऱ्याए ।

३. नेपाल अर्थोपेडिक हस्पिटल, जोरपाटीले यस्तै सञ्जालको माध्यमबाट सहयोग उठाएर विभिन्न ठाउँका पीडितहरुको स्थलगत उपचारका लागि मेडिकल टीम समेत पठाएको थियो ।

४. बुढानिलकण्ठ स्कूलका पूर्व विद्यार्थी संघ (SEBS) ले विश्वभर छरिएर रहेका आफ्ना सदस्यहरुलाई परिचालन गरेर सहयोग रकम जुटाउने, स्वयंसेवकहरु विभिन्न क्षेत्रमा खटाउने, राहत सामग्री वितरण गर्ने, मेडिकल उपचारको व्यवस्था गर्ने र सञ्जाल मार्फत् दुर्गम र सुगममा भए गरेका कार्यको सूचना प्रवाह गरेको थियो ।

५. पोखरामा अमेरिकी पर्यटक माइकल वोनवियोले गो फण्ड मी डटकममा 'नेपाल अर्थक्वेक रिलिफ' सञ्जाल बनाएर रकम जम्मा गरे । उनलाई यस काममा ब्राजिलियन पर्यटक फ्याबियो पुचिनी र पोखरामा सली देवानले साथ दिए ।

राहत दिन आउने विदेशी विशिष्ट महानुभावहरू

मुलुकलाई आइपरेको यो दैवी आपत्तिमा राहत उद्धार र पीडितलाई अस्थायी बसोवासोका लागि तत्काल सहयोग गर्न धेरै विदेशी विशिष्ट महानुभावहरु नेपाल आएर नगद, जिन्सी सहयोग दिए । धेरै सरकारहरुले आफ्ना राजदूत मार्फत सहयोग दिए । नेपाल आउनेहरुमा यस प्रकार थिए:

- भूटानका प्रधानमन्त्री तोब्गे छिरिङ्ग
- भारतीय विदेश सचिव एस जयशंकर
- श्रीलंकाका प्राकृतिक प्रकोप तथा व्यवस्थापन मन्त्रि डा. नमुकरा हेलेन
- संयुक्त राष्ट्र संघका मानवीय मामिला सम्बन्धी उपमहासचिव भलेरी एमोस
- युरोपेली युनियनका कमिश्नर (मन्त्रि) क्रिस्टोस स्टेलियानिडेस (उनी हतियारधारी सुरक्षाकर्मी साथ आएकाले विमानस्थलमा विवाद भयो । पछि ती सुरक्षाकर्मीलाई विमानस्थलबाट डिपोट गर्नुपरेको थियो ।)
- ग्लोबल रोड सेफ्टी एम्बेसेडर मलेसियामा जन्मेकी हलिउड अभिनेत्री मिसेल यो
- थाई राजाका बडागुरु सोमडेच फ्रा महामंगलाचान (एयर एशियाको विमान चार्टर गरेर १५० जनाको टोलीसाथ आए । उनीसँग थाई सरकारका सूचना तथा प्रविधि मन्त्री, पूर्वमन्त्रीहरु र बरिष्ठ धर्मगुरुहरु आएका थिए)
- सुसन लिभ टु लभ इन्टरनेशनलकी ओस्कार एवार्ड विजेता अभिनेत्री सुसन सन्यान्डन
- अमेरिकी पप गायक लेन टार्जिएफ (लान्सिफर)
- स्टुडेन्ट भोलेन्टियर प्लेसमेन्ट इन्टरनेशनल, अष्ट्रेलियाकी क्यालिडा नील
- केयर नेपाल मार्फत बलिउड स्टार कुणाल कपुर सिन्धुपाल्चोकको दुवाचौर पुगेर सहयोगमा जुटे

ताइवानका इकोनोमिक एण्ड कल्चरल रिप्रेजेन्टेटिभ चुङक्वाङ तियन्ले उपराष्ट्रपतिलाई भेटेर ताइवानको राहत लिन अनुरोध गरे । नेपालको चीनसँगको सम्बन्ध बिग्रन नदिन सरकारले ताइवानी राहत लिन स्वीकृति दिएन ।

भारतीय प्रान्तीय सरकार र नागरिक समूहबाट सहयोग

घरवारविहिन भूकम्प पीडितहरुको तत्काल उद्धार र राहतका लागि छिमेकी भारतबाट प्रान्तीय सरकारहरु र नागरिक समूह, धार्मिक तथा सामाजिक संस्थाहरुले तत्कालै सक्रियताका साथ सहयोगका सामान लिएर आए र पीडितहरुका उद्धारमा लागेका थिए । यसरी सहयोग सामग्री पठाउनेहरुमा निम्न अनुसार थिए:

- दार्जिलिङ्ग, सिक्किम, सिलिगुढी, डुवर्स, कोलकाता, आसाम, दिल्ली र देहरादुनका नेपाली भाषीहरुले राहत सामग्री (चामल, दाल, त्रिपाल, विस्कुट, चाउचाउ, पानीका बोतल, कम्मल, आँटा आदि) ल्याई वितरण गरे ।
- भारतीय सशस्त्र सीमा बलले पनि खानेकुरा र त्रिपाल सहित राहत सामग्री पठाएको थियो ।
- पश्चिम बंगाल सरकारले डेढ लाख त्रिपाल पठाएको थियो ।
- विहार सरकारले ३ करोड रुपैयाँको विद्युतीय सामग्री पठाएको थियो ।
- सिक्किम, उत्तरप्रदेश, पञ्जाव, दिल्ली र अरु प्रान्तीय सरकार पनि राहत सामग्री सहयोग गरेको थियो ।
- हरिद्वार मुख्यालय भएको गायत्री परिवारले राहत सामग्री सहित अहोरात्र पीडितको सहयोगमा लागिरहे र पीडितलाई कैयौं दिन भोजन समेत गराए ।
- स्वामी रामदेव र आचार्य बालकृष्ण पतञ्जली योगपीठका तर्फबाट राहत सामग्री सहित नेपाल आएर राहत र उद्धार कार्यमा लागे । टुहुरा बालबालिकाको उद्धार, भरणपोषण र शिक्षाको व्यवस्थामा पनि जुटे ।

भारतबाट २००० ट्रकमा १४ हजार टन राहत सामग्री र हवाईजहाजबाट ५७० टन राहत सामग्री नेपालका भूकम्प पीडितका लागि पठाएको भनेर ६९औं स्वतन्त्रता दिवसको उपलक्ष्यमा भारतीय राजदूतावासबाट प्रकाशित विवरणमा छ ।

भारतीय लोकसभाका कुल ५४३ सांसदले आफ्नो एक महिनाको तलब नेपालका भूकम्प पीडितलाई दिए ।

अन्यः

- सहयोग दिने सरकारहरुमा मकाउ, हङ्गकङ्ग, अल्जेरिया, हाइटी पनि थिए । हाइटीमा २८ पुष २०६६ मा ७.३ रेक्टर स्केलको भूकम्प जाँदा ६० हजार मानिस मरे, १६ लाख मानिस घरविहिन भएका थिए । तर पनि त्यहाँका राष्ट्रपति जोसेफ मार्डलीले नेपालका भूकम्प पीडितलाई अन्तर्राष्ट्रिय रेडक्रस मार्फत १० लाख अमेरिकी डलर सहयोग दिएर भने 'हामीकहाँ भूकम्प आउँदा सबभन्दा पहिला उद्धारका लागि खट्ने नेपाली थिए' ।
- थाइल्याण्ड वेस्ट म्यानमार बर्न गोरखा युथ एसोसिएसनले पीडितहरुलाई कर्कटपाता बाँडेको थियो ।

मुलुकभित्रका सहयोगी हातहरू

मुलुकमा भूकम्पबाट आइपरेको महाविपत्तिमा नेपाल भित्रबाट सहयोग जुटेको कल्पना भन्दा बाहिरको थियो । सारा नेपालीहरु जुनसुकै पेशा व्यवसायमा भए पनि वा घर किसानी गृहिणी भएपनि आफ्ना बलबुतोले भ्याएसम्म पीडितलाई सहयोग गर्न जुटे । कुनै संस्था स्वास्थ्य परीक्षण तथा उपचारमा लागे भने कुनै संस्था रक्तदान तथा सरसफाईमा लागे । कतिपय लडेका घरको भग्नावशेष पन्साउन लागे भने कतिपय अस्थायी आश्रम बनाउन लागे । कति संस्थाहरु सुत्केरी, गर्भवती र बालबालिकाको हेरचाहमा लागे भने कतिपय मनोपरामर्श सेवा दिन तिर लागे । कति कलाकारले त म्युजिक थेरापि समेत दिए । मुक्त कमलरीले समेत मानामुठी उठाएर राहत पठाए । तर धेरै संस्थाहरुले पीडितहरुलाई विहान बेलुकै खाना बनाएर हजारौंलाई ख्वाउने, पाल/त्रिपाल वितरण गर्ने, खाद्य सामग्री वितरण गर्ने गरेका थिए । यसरी कार्यरत विशिष्ट व्यक्तिहरु, कलाकारहरु, औद्योगिक प्रतिष्ठानहरु, व्यापारिक प्रतिष्ठानहरु, समाजसेवीहरु, धार्मिक तथा सामाजिक संस्थाहरु र समाजसेवीहरु, विद्यार्थीहरु थिए । केही विशिष्ट व्यक्तिहरु र संस्थाहरुको कार्य यस प्रकार रह्योः

- भूकम्प क्षेत्रका जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समितिका कर्मचारीहरुले उद्धारमा, विवरण संकलन, राहत वितरणमा सबैभन्दा अग्रणी कार्य गरे ।
- अन्तरराष्ट्रिय रेडक्रसको सहयोगमा नेपाल रेडक्रस सोसाइटीले उद्धार, राहत विवरण र उपचार समेतमा सबै ठाउँमा उल्लेख्य सहयोग गऱ्यो ।
- राष्ट्रसंघीय जनसंख्या कोषकी सद्भावनादूत अभिनेत्री मनिषा कोइरालाले 'डिग्निटी किट' बाँडेकी थिइन् ।
- सिताराम कट्टेल (धुर्मस) र कुञ्जना घिमिरे (सुन्तली) ले पलाञ्चोक (काभ्रे) मा पीडितहरुका लागि घर निर्माण गरे ।
- चौधरी ग्रुपले राहत दिनका साथै पीडितलाई १० हजार घर बनाइदिने लक्ष्यका साथ अभियान आरम्भ गरेको छ र केही घर बनाइसकेको छ ।
- गोल्छा अर्गानाइजेसन र ह्याविटाट फर ह्युमानिटीले 'आश्रय' योजना आरम्भ गरेर एक हजार घर बनाइदिन सुरु गरेका छ ।
- पञ्चकन्या समूहले सिन्धुपाल्चोकका विद्यालयहरुमा पानी ट्यांकी वितरण गरेको थियो ।
- मारवाडी समुदायले 'हेल्पिङ्ग हाउस' मार्फत खाद्यान्न र राहत सामग्री वितरण गरेको थियो ।
- नेपाल उद्योग बाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल च्याम्बर अफ कमर्स मिलेर 'अपरेसन रिलिफ' बनाएर सघन सहयोगमा जुटेका थिए ।
- इन्सेकले सुत्केरी र गर्भवतीलाई राहत वितरण गरेको थियो ।
- मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य (मह सञ्चार) ले उद्धार, राहतका सामग्री दिने, घटनास्थलमा पुगेर उद्धार कार्य गर्ने तथा सहयोग रकम जुटाउने कार्य गरे ।
- सरकार र स्थानीय निकायलाई जानकारी नै नदिई पटके राहत दिने धेरै संस्थाहरु अन्तरराष्ट्रिय सहयोगको आधारमा विभिन्न गा.वि.स.को कुनै वडा वा गाउँमा राहत बाँडेर पनि फर्केका थिए । यस्ता संस्थाहरुले दिएको अभिलेख नभएका कारणले दोहोरो राहत लिनेहरु पनि धेरै भए । त्यस्ता संस्थाले सरकारका लागि समस्या थपिदिए ।

काठमाण्डु झोंछेका युवा स्वयंसेवी गणपतिलाल श्रेष्ठले त्यस क्षेत्रमा अहोरात्र उत्कृष्ट सेवा दिए । उद्धारमा खटे, घाइतेलाई अस्पताल पुऱ्याए, राहत वितरण गरे, बेसहरालाई सहारा दिए, औषधि दिए । एउटा सिटी, टर्चलाईट र लट्ठीका सहारामा गुपचाप काम मात्र गरिरहेका हुन्थे । उनले जीवन नै सेवा र सांस्कृतिक सम्पदाको जगेर्नामा अर्पण गरेका छन् ।

- सिने नायक राजेश हमालले 'हिरो ५५५' उद्धार कोष (निदरल्याण्ड) मा लाखौं डलर उठाउन मद्दत पुऱ्याए र भूकम्प क्षेत्रमा राहत उद्धार सामग्री पुऱ्याएर सहयोगमा जुटे ।
- डिभाइन क्लबले स्वामी हरिदासको नेतृत्वमा भूकम्पमा लडेका घरहरुको भग्नावशेषहरु पन्साउन, जोखिममा परेकाको उद्धार गर्न, राहत सामग्री वितरण गर्न र घरवारविहिन पीडितहरुलाई महिनौं खाना पकाएर ख्वाउन अहोरात्र काम गरेका थिए ।
- सिख समुदायको गुरुद्वाराले राहत सामग्री वितरण गर्नुका साथै पीडितहरुलाई कैयौं दिन खाना बनाएर खुवाए ।
- नेपाल मुस्लिम संघले भित्र र बाहिरबाट समेत जिन्सी सहयोग जुटाएर राहत वितरण गरेको थियो ।
- जावलाखेल युथ क्लबले भूकम्प पीडितको स्वास्थ्य परीक्षण, सिने निर्माता, निर्देशक र कलाकारहरुले रक्तदान, सरसफाई र राहत वितरण, 'महिलाको हात' भन्ने संस्थाले प्रयोग भएका लुगाहरु सफा बनाएर बालबच्चा, बृद्ध र युवायुवतीका लागि प्याकेज बनाई वितरण गरेका थिए ।

- नामसालिङ सामुदायिक विकास केन्द्र, इलामले काभ्रे, दोलखा र धादिङ्गमा त्रिपाल, खाद्यान्न, कर्कटपाता वितरण गर्नुका साथै काभ्रेको गैरीबिसौना देउपुर र दोलखाको कालिञ्चोक गा.वि.स.को पुनर्निर्माणको लागि गा.वि.स.को आवधिक योजना बनाउन सुरु गरेको छ ।
- स्वशासन अध्ययन प्रतिष्ठान (इनलोगोस) ले विभिन्न सहयोगीहरुबाट रकम उठाई काभ्रेको गैरीबिसौना गा.वि.स.का दलितहरुलाई कर्कटपाता दिएको थियो ।
- ओम हेल्थ फाउण्डेसनले भूकम्प पीडित क्षेत्रमा राहत र उपचार सेवा पुऱ्याएको थियो । एपोलो (इन्द्रप्रस्थ) को सहयोगमा घाइतेहरुको निःशुल्क शल्यक्रिया गरेको थियो ।
- राजनीतिक दलहरु नेपाली काँग्रेस, एमाले, एमाओवादी, माओवादी (वैद्य समूह र विप्लव समूह), राप्रपा, राप्रपा नेपालहरुले आफ्ना युवा कार्यकर्ता परिचालन गरेर अस्थायी टहरा निर्माण, घर निर्माण, विद्यालय निर्माण गर्ने, राहत वितरण गर्ने, भग्नावशेष पन्साउने कार्यहरु गरे ।
- विवेकशील नेपाली दलका युवाहरुले विभिन्न जिल्लामा राहत, उद्धार, पुनर्व्यवस्थामा सहयोग गरे । सामाजिक सञ्जाल मार्फत सूचनाको आदानप्रदान गरेर राहत उद्धार नपुग्नेहरुमा राहत पुऱ्याउन मद्दत गरे ।
- यस्तैगरि स्वतस्फूर्तरुपमा काठमाडौंका मोटरसाइकल हुने युवाहरुले 'बाइकर्स ग्रुप' बनाएर, बीर अस्पतालमा 'वान टु वी' स्वयंसेवक समूह भएर उल्लेखनीय सेवा गरे । नयनतारा गुरुङ्ग कक्षपतिले एल्लो हाउस होटल मार्फत जिन्सी र नगद जुटाएर पीडितको सहयोग गरिन् ।

यसैगरी विराटनगर, पोखरा, नेपालगञ्ज, धनगढी, भद्रपुर, वीरगञ्ज, जनकपुर, हेटौंडा, भैरहवा, बुटवल, धरान जस्ता ठूला शहरबजारहरुका वासिन्दा, उद्योगी, व्यापारी, क्लव तथा गैरसरकारी संस्थाहरुले राहतका सामान, अस्थायी आश्रयका सामान तथा नगद उल्लेखनीय रुपमा सहयोग दिए । नेपालको सबै जिविस, नगरपालिका र अलिक स्रोत भएका गा.वि.स.हरु समेतले नगद तथा जिन्सी सहयोग पुऱ्याएका थिए । संयुक्त राष्ट्रसंघ विकास कार्यक्रम (युएनडिपि) नेपालले स्थलगत र केन्द्रमा समेत सहयोग सूचना आदानप्रदान गर्ने र अरु संस्थासँगको समन्वयकारी भूमिका खेलेको थियो । नेपालीहरुले व्यक्तिगत र संस्थागत रुपमा भूकम्प पीडितलाई गरेको सहयोग र उद्धार, राहत र पुनर्व्यवस्थामा उनीहरुको निस्वार्थ र अर्थपूर्ण संलग्नता देख्दा संयुक्त राष्ट्रसंघले पनि प्रशंसा गरेको छ ।

> काठमाण्डु क्षेत्र नं. ४ का नेपाली काँग्रेसका सभासद् गगन थापाले आफ्नो निर्वाचन क्षेत्रका भूकम्प पीडितका लागि १ वर्षको पारिश्रमिक दिने घोषणा गरे र अग्रिम नै दिए ।

नेपाल सरकारले 'प्रधानमन्त्री राहत कोष' मा रकम जम्मा गर्न स्वदेश र विदेशमा व्यक्ति, संस्था र सरकारहरुलाई आह्वान गऱ्यो । मुलुकभित्रबाट प्रायः सबै क्षेत्र र पक्षका व्यक्ति र संस्थाले प्रधानमन्त्री राहत कोषमा रकम जम्मा गरे । बाह्य दाताहरुले भने सरकारको खर्च गर्ने क्षमता नभएको, सरकारका कामकार्वाहीमा भ्रष्टाचार हुने गरेको र सत्तामा हुने दलले आफ्ना कार्यकर्तालाई पोस्ने गरेको देखेकाले प्रश्न उठाउँदै प्रतिक्षामा रहे । तैपनि प्रधानमन्त्री राहत कोषमा सरकार समेतले निकासा दिएर १६ अर्वभन्दा बढी रकम उठ्यो ।

सरकारले पनि तत्कालै उद्धारमा सो रकम दिने निर्णय गरेर क्रिया खर्च, उपचार खर्च र राहत खर्च दियो । पुनर्स्थापनाका लागि पनि रकम दिएको थियो ।

भ्रष्टाचार, अनियमितता र अफवाह

मुलुक महाविपत्तिमा परेका बेला मौका छोपी लुट्ने, धुत्ने, चुस्ने र अनैतिक काम गर्ने पनि उति नै सलबलाएका हुन्छन् । पीडितहरुलाई पीडामाथि झन् आघात थप्नेहरु पनि देखिए । केही घटनाहरु यस प्रकार छन् :

- मौका छोपेर विभिन्न खालका सामाजिक सञ्जाल जस्तै वेभसाइट खोल्दै वा फेसबुकका माध्यमबाट वा ट्वीट गरेर मुलुक भित्र र बाहिर पीडितको नाममा सहयोग पैसा उठाउनेहरु देखिए । जस्तै क्राउड फण्डिङ्ग, इन्डिगोगो, नेपाल अर्थक्वेक रिलिफ फण्ड, टिसप्रिङ्ग, गो फण्ड मी, होम्स फर अर्थक्वेक भिक्टिम्स, मेकअप आर्टिष्ट, यु केयर, हेल्प नेपाल आदि देखा परे । यसमध्ये कतिपयले के कति रकम उठाए र के काम गरे प्रकाशनमा आएन ।
- कतिपय घर टोलमा पराकम्पनमा मानिस बाहिर भएको बेला चोरी डकैती पनि भयो । भत्केका घरमा छरिएका नगद, जिन्सी बटुलेर लैजाने पनि देखिए । पालमा बस्नेहरु बीच विभिन्न किसिमका सामाजिक अपराधहरु पनि भए ।
- अड्कल र अनुमानका भरमा अब फलानो दिन ठूलो भूकम्प आउँछ भनेर अन्तरवार्ता दिने, फेसबुकमा राखेर त्रास फैलाउनेहरुलाई प्रहरीले निगरानीमा राख्नु पऱ्यो । यस्तामा टेलिभिजनमा अन्तरवार्ता दिने ज्यो. ओजराज लोहनी, फेसबुक मार्फत लेख्ने सुनिल सिटौला सहित २३ जना, पोखरा पोष्ट डटकम, खसोखास डटकम, एक्स्प्रेस न्युज सम्बद्ध व्यक्तिहरु परेका खबरहरु आए । पानीमा बिष मिसाएको छ भनेर अफवाह फैलाउने पनि थिए । एसएलसीको उत्तर कपीहरु भूकम्पले भवन भत्केर पुरिए भनेर एसएमएस गर्नेहरु पनि थिए । भारतीय बैंकको फलानो खातामा रु. २५ हजार जम्मा गरे रु. ३० लाखसम्मको ऋण पाइने, करोडौंको चिट्ठा पर्ने भनेर फेसबुक मार्फत ठग्नेहरु पनि आए ।
- भारतीय राजदूत रञ्जित रेले अन्तरराष्ट्रिय समुदायलाई आमन्त्रण गरेर नेपालको भूकम्पको क्षति र उद्धार रातहका बारेमा ब्रिफिङ्ग गरे । यो कुटनीतिक मर्यादाको विपरित भयो भनेर नेपाल सरकारले विरोध गर्नुपरेको थियो ।

- भूकम्पबाट घाइते हुनेहरुलाई निशुल्क उपचार सेवा र औषधि दिनु र त्यसको विवरण सहित लागेको खर्च सरकारसँग माँग गर्ने आदेश सरकारले सबै अस्पताललाई दिएको थियो । तर कतिपय अस्पतालहरुले घाइतेका आफन्तहरुलाई नै औषधि किन्न लगाएका र चर्को उपचार खर्च समेत लिएको पाइयो ।
- भूकम्प पीडित परिवारका केटाकेटीहरुलाई ललाईफकाई बेचबिखनमा लैजानेहरु पनि आए ।
- पश्चिमी राष्ट्रहरुबाट आएका संस्थाहरुले राहत वितरण गर्दा बाइबल पनि दिएको, भत्केका मन्दिरहरुमा बाइबल राखिदिएको पनि समाचार आयो ।

नुवाकोट खानीगाउँ ९ मा सरकारबाट घोषणा गरिएको राहत रकम (रु. १५,०००) पाए पछि राम बहादुर मगरले रक्सी धोकेर घर गएछन् । उनकी श्रीमतीले राहत रकम मागिछन् । राहत रकम मागी भनेर श्रीमतीलाई रिसको झोंकमा हत्या गरेको थियो ।

- बीरगञ्ज नाकामा राहत उद्धारका साथै नियमित आउने व्यापारिक सामग्री लिएर आएका ४ हजार मालबाहक ट्रकहरु रोकिए । कारण थियो भूकम्प पछि कागजी कार्वाही पुरा गर्ने कार्यालयहरु नखोलिएको, गोदाम बन्द रहेको, व्यापारिक प्रतिष्ठानहरु बन्द रहेको र बैंकहरुले बैंकिङ्ग कारोवार सुरु नगरेकाले थियो ।
- सबभन्दा ठूलो अनियमितता र भ्रष्टाचार पाल/त्रिपाल खरिद तथा वितरणमा भएको समाचार आयो । सहरी विकास मन्त्रालयले खरिद गरेको त्रिपालको हिसाब नै जनसमक्ष ल्याउन सकेन । विपतलाई मौका बनाउँदै कम गुणस्तरको पाल बढी मूल्यमा किनेको आरोप संविधानसभाको सार्वजनिक लेखा समितिका सदस्यहरुले लगाए । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार भएको ठहर गरी उच्चतहका निर्णयकर्तालाई छोडेर केहि अधिकृतहरु माथि विशेष अदालतमा मुद्दा हाल्यो । विदेशी सरकार र दाता संस्थाहरुले पठाएको कतिपय त्रिपाल भन्सार कटाउने वित्तिकै गायब भए । विराटनगर, काठमाण्डु, ललितपुरमा व्यापारीहरुले गोदाममा लुकाएको लाखौं थान त्रिपालहरु भेटिए । त्यस्तै बंगलादेशबाट पठाएको चामल बाटैमा हरायो । राहतका सामानहरु बजारमा लगेर बेच्ने गरेको पनि पाइयो । नुवाकोटबाट जस्तापाता काठमाण्डु ल्याएर बेचिएको थियो ।
- काठमाण्डु उपत्यकामा निर्माण भएका चार तला वा सो भन्दा अग्ला भवनहरुले दुई वा तीन तलाको मात्र नगरपालिकाबाट नक्सा पास गराएर कानुन मिचेर अग्ला भवनहरु बनाएकोले नै अग्लो भवनहरु ध्वस्त भएका छन् भन्ने पत्ता लाग्यो । यसरी घरधनी र नगरपालिका प्राविधिकहरुको मिलेमतोबाट अनाहकमा धेरैको ज्यान गयो । ठेकदारहरुबाट बनाइएका घरहरुमा कमसल गुणस्तरको निर्माण सामग्रीहरु प्रयोग भएको पाइयो । केही भ्रष्ट इन्जिनियर र अनैतिक ठेकदारका कारणले हजारौंको ज्यान गयो । छिमेकमा बनेको अग्लो घरले आफ्नो सानो घर भत्काएर पुरिदेला भनेर अग्ला घरका छिमेकीहरुलाई सुत्न नसक्ने बनायो । अग्ला घर भत्काई देउ भन्ने धेरै उजुरीहरु महानगरपालिका, उपमहानगरपालिकामा आए तर घर भत्काउन सकेको छैन ।
- विश्व खाद्य कार्यक्रमबाट भूकम्प पीडितलाई वितरित चामल तेल कुहिएको पाइयो । मिडियाले यसलाई तथ्य विवरण सहित प्रकाशमा ल्यायो । संयुक्त राष्ट्रसंघबाट उच्च अधिकृत निर्देशक जोन जिङ आएर 'खाद्यान्न सडे गलेको थिएन, मिडियाले दुष्प्रचार गरेको हो' भनेर धम्कीपूर्ण भाषामा बचाउ गर्न खोजे । यो भनाई कुटनीतिक मर्यादा विपरित थियो । पछि तिनै अधिकृतले माफी माग्नु पर्नेसम्म भयो । तर सडेगलेको खाद्यान्नको क्षतिपूर्ति कसरी गरिने भन्ने चाहिँ प्रचारमा आएन ।
- धेरै व्यापारीहरुले बजारका सामान लुकाउने, दोब्बर/तेब्बर भाउमा बेच्ने, सडेगलेका म्याद गएका सामान पनि यहि मौका हो भनेर बेच्ने गरेको पाइयो । सागसब्जी, दालचामल, घिउ, तेल सबैको भाउ १५ दिनमै आकाशियो जुन पछिसम्म पनि घट्न सकेन । सामानको भाउ ५० प्रतिशतदेखि १५० प्रतिशतसम्म बढेको पाइयो ।
- प्रति परिवार रु. १५ हजार पाइने भनेपछि प्रत्येक घरका परिवारमा छोराछोरी बाबु आमासँग छुट्टिएको, लोग्ने स्वास्नी अलग भएको जस्ता खुराफाती जुक्ति निकाल्दै गा.वि.स.मा राहतका लागि निवेदन दिन थाले । भत्किएका घरधुरी भन्दा २० देखि ३० प्रतिशतले राहत दावी गर्ने बढेकाले गा.वि.स.मा सचिवहरु बस्नै नसक्ने गराएका थिए । सहरमा वा राजधानीमा घर भएकाहरु गाउँको घर भत्कियो भनेर राहत रकम लिन गए । यस्तो गर्ने सरकारी कर्मचारीहरु पनि छन् ।
- राहत सामग्री बाँड्न लैजानेहरु माथि सडक छेउकाले हमला गर्दै लुट्न थाले । सुगमकाले थपीथपी राहत लिए, दुर्गमकाले हप्तौंसम्म केही पाएनन् ।
- राहत सामग्री पटक पटक लिँदै थुपार्नेहरु मेलापात हिँड्न छोडेकाले गाउँमा काम गरी खानेहरुको अभाव भयो । कृषि मजदुरहरु ऐसआराम तिर लाग्ने र जबरजस्ती राहत सामग्री धुत्न जान थालेको केही जिल्लामा पाइयो । कतिपय समुदायमा राहतको चामलबाट रक्सी जाँड बनाएर बेचेको पनि देखियो ।
- बस तथा बाहनवालाहरुले दोब्बर तेब्बर भाडा लिई यात्रुहरुलाई ठगेको थाहा पाए पछि सिन्धुलीमा र हेटौडामा ट्राफिक प्रहरीले चेक गरी बढी भाडा लिनेबाट तिर्ने यात्रुहरुलाई फर्काउन लगाएको थियो । फर्काएको रकम ८ लाख भन्दा बढी थियो ।

पुनर्व्यवस्थापन र पुनर्निर्माण

नेपाल सरकारले ३२७ इन्जिनियर, ५०० प्रशासनिक अधिकृतहरु र ५०० सहायकहरुको टोली जिल्लाजिल्लामा क्षतिको विवरण र मूल्यांकनका लागि खटायो । जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा राहत, उद्धार तथा पुनर्व्यवस्थापनका लागि दैवीप्रकोप उद्धार समिति बनाएको थियो । स्थानीय कर्मचारीहरु र केन्द्रबाट गएका अधिकृतहरु र थप भूगर्भविद्हरुको टोलीले मानवीय, पशुपक्षी, व्यक्तिगत र संस्थागत घरभवनहरु, बालीनाली, विकासका पूर्वाधारहरुको क्षति संकलन तथा मूल्यांकन गर्ने कार्य भयो ।

सरकारले तत्काल राहतका लागि घाइतेलाई निशुल्क उपचार गराउने, मृतकको क्रिया खर्च दिने, किसानको ऋण मिनाहा गर्ने, घर बनाउन रु. १५ हजार प्रतिपरिवार दिने र स्थायी घर बनाउनका लागि प्रति परिवार रु. २ लाखसम्मको सहुलियत ऋण दिने जस्ता राहतका कार्यक्रम घोषणा गऱ्यो ।

सरकारले सम्पूर्ण क्षेत्रको क्षति मूल्यांकन गरेर पूर्ण क्षति र आंशिक क्षतिको विवरण तयार पार्ने कार्य राष्ट्रिय योजना आयोगलाई दिएको थियो । राष्ट्रिय योजना आयोगले "Post Disaster Needs Assessment" पुस्तक प्रकाशन गऱ्यो । यसमा ७ भाग छन् : सामाजिक क्षेत्र, उत्पादन क्षेत्र, पूर्वाधार क्षेत्र, अन्तरसम्बन्धित क्षेत्र, गरीबी तथा मानव विकास, म्याक्रो इकोनोमिक प्रभाव मूल्यांकन र पुनर्प्राप्ति रणनीति (रिकभरि स्ट्राटजी) ।

उक्त मूल्यांकन अनुसार क्षेत्रगत पुनर्प्राप्तिका लागि निम्नानुसार रकम आवश्यक पर्ने उल्लेख छ :

- सामाजिक क्षेत्र (घर, भवन, स्वास्थ्य, पोषण, शिक्षा र सांस्कृतिक सम्पदा) रु. ४ खर्ब ७ अर्ब ७४ करोड (६०.९%)
- उत्पादनमूलक क्षेत्र (कृषि, सिंचाइ, बाणिज्य, उद्योग, पर्यटन, आर्थिक) रु. १ खर्ब १५ अर्ब ६१ करोड (१७.३%)
- पूर्वाधार क्षेत्र (विद्युत, सञ्चार, सामुदायिक पूर्वाधार, यातायात, खानेपानी तथा सरसफाई) रु. ७४ अर्ब २६ करोड (११.१%
- अन्तरसम्बन्धित विषयहरु (सुशासन, विपत जोखिम न्यूनीकरण, वातावरण तथा वन, रोजगारी तथा जीविकोपार्जन, सामाजिक सुरक्षा र लैंगिक र सामाजिक समावेशीकरण) रु. ७१ अर्ब ८७ करोड (१०.७%)

जम्मा रु. ६ खर्ब ६९ अर्ब ५० करोड (१००%)

क्षतिको पुनर्प्राप्तिका लागि प्रधानमन्त्रीको अध्यक्षतामा दुईवटा अधिकार सम्पन्न संस्थागत व्यवस्था गरेको छ : १) पुनर्निर्माण परामर्श राष्ट्रिय समिति, २) पुनर्निर्माण प्राधिकरण । वैदेशिक सहयोग र सरकारको आफ्नो वार्षिक बजेटबाट पनि प्राधिकरण मार्फत पुनर्निर्माणका लागि खर्च गर्न आ.व. ०७२।०७३ मा रु. १ खर्ब भन्दा बढी विनियोजन गरेको छ । प्राधिकरणले ३१ जिल्लालाई आफ्नो कार्यक्षेत्र परिभाषित गरेको छ । प्राधिकरण जन्माउने अध्यादेश संविधानसभा संसदबाट पारित नभएकाले प्राधिकरण संकटमा परिसकेको छ ।

भूकम्पलाई सकारात्मक दृष्टिकोणले हेर्दा मुलुक निर्माणको अवसर पनि मानेको छ । विगतका गल्तीहरुलाई सच्याउने अवसर पनि हो । विकासमा नयाँ दृष्टिकोण र नयाँ रणनीति बनाउन दबाव सिर्जना भएको छ । १) भूगर्भविद्हरुले अब कुन ठाउँमा बस्ती विकास गर्दा ऐलेको जस्तो क्षति व्यहोर्नु पर्दैन, सिफारिस गर्नुपर्ने हुन्छ । २) अब कस्तो घर कसरी र कस्ता निर्माण सामग्रीले बनाए दिगो हुन्छ, इन्जिनियरहरुले सिफारिस गर्नुपर्नेछ । ३) नगरपालिका र गा.वि.स.हरुले भवनको नक्सा पास गर्दा के के नर्म्सको पालना गर्नुपर्छ, त्यसको नियम बनाएर कडाईका साथ लागु गर्नुपर्नेछ । ४) पहिले नक्सा पास गर्दा गरेका गल्तीबाट भएको नोक्सानलाई हेरेर गल्ती गर्नेलाई कानूनी कार्वाहीको दायरामा ल्याउने र त्यस्ता भवनहरु भत्काउन लगाउनु पर्छ । ५) अब प्रत्येक वस्तीमा खुला चउर वा मैदान आवश्यक देखिएकाले कति घर बीचमा कस्तो खुला क्षेत्र बनाउनु पर्ने हो, त्यसको व्यवस्था सरकारी तवरमा गर्नुपर्छ । अब बनिने सार्वजनिक भवन (स्कूल, हेल्थपोष्ट/अस्पताल, कार्यालय) हरु भूकम्प प्रतिरोधक हुनुपर्छ । ६) प्रत्यक्ष वा परोक्षरुपमा जमिनमा भएको क्षयीकरणको आंकलन गर्न सम्भव छैन, तर त्यसबाट वातावरणमा पर्ने असर गम्भीर र व्यापक छ । वातावरण जगेर्ना गर्न नसकेका कारण जलवायु परिवर्तनको शिकार हाम्रो मुलुक भैसकेको छ । दि क्राइसफेयर जर्नल अनुसार 'सन् २१०० सम्ममा सगरमाथा क्षेत्रका ७० देखि ९९ प्रतिशतसम्म हिमनदी हराउन सक्ने खतरा छ । तापक्रम ३.१ सेल्सियससम्म बढ्ने र तापक्रमकै कारणले हिउँ पग्लेर सुक्नेछ । समग्रमा नेपालमा सन् १९८० देखि सन् २०१० सम्ममा हिउँ २७ प्रतिशतले घटेको छ' भनिएको छ । अहिलेका भूकम्प पीडित जिल्लाहरु पनि हिमालयका काखमा अवस्थित जिल्लाहरु भएकाले अबको विकास माथिको समस्यालाई मनन् गरेर वातावरण मैत्री बनाउनु पर्छ ।

भूकम्पले ल्याएको सामाजिक परिवर्तन :

वैशाख १२ गते अगाडिसम्म नेपाली समाजमा आएको जातिय, वर्गीय, क्षेत्रीय, उचनीच, धनीगरीब भन्ने भावना भूकम्प पश्चात् अचानक हरायो । सम्पूर्ण जनता पीडाले आक्रान्त भएको बेला कम क्षति व्यहोर्नेहरुले समभाव र समदृष्टिकोणले एकले अर्कालाई सहयोग गरेको देखियो । नेपालीले नेपालीलाई परेको बखत विनाभेदभाव हदैसम्म सहयोग गर्छन् भन्ने प्रमाणित भयो । काठमाण्डु मैतिदेवीमा वैशाख १२ गते बेलुका खुला ठाउँमा सारावासिन्दा निस्केर एकै ठाउँमा बस्नुपर्दा च्यामेपोडेहरुले धनीमानी, उपल्ला वर्गलाई हिजोसम्म हामीलाई छिःछिः दुरदुर गर्नेहरु पनि आपत पर्दा हामीसँगै बस्न आउनुपर्दो रहेछ त ! भनेर व्यङ्ग गरेको पनि देखियो । साँच्चै नै आपत पर्दा जातजातिको सीमा आफैं तोडिने रहेछ ।

आपत परेका बेला जातजाति वा दलित, पुरुष वा महिला नछुट्याई सारा नेपाली एक ठाउँमा भेला भएर सेवा गरेकाले नेपालीत्वको राष्ट्रिय भावना पुनः मुखारित हुन पुग्यो । काठमाण्डुबाट १२ लाख मानिस आआफ्ना गाउँठाउँमा

सहयोगका लागि फर्कनु भनेको सानो कुरो होइन । यी फर्कनेले भौतिक रुपमा आफूले सक्ने सहयोग त गरे नै । आफ्ना अभिभावक, जहान बच्चासँग पुनर्मिलन गरेर र जनपहिचान तथा छरछिमेकको समाचार लगिदिएर मनोवैज्ञानिक पीडा कम गराए । सामाजिक अन्तरसम्बन्ध अझ दरिलो भएको अनुभव भयो ।

भूकम्प पछिको बस्ती विकास, घर निर्माण र भूउपयोगमा विशेष ध्यान दिनुपर्ने तर्फ मानिसहरु सजग देखिए । यसबाट भविष्यमा वातावरणमैत्री र सुरक्षित बसोवास गर्ने तर्फ ध्यान केन्द्रित हुने अनुमान गर्न सकिन्छ । भूकम्प क्षेत्रमा बीमा गर्ने प्रवृत्ति बढ्नेछ । अन्तरसामाजिक सम्बन्ध कसिलो हुँदै जानेछ । पारिवारिक बजेट बनाउने र पैसा सञ्चिति गर्ने सोच आउनेछ । न्यूनतम विकासका पूर्वाधारहरु जनताले नै बनाएर संचालन गर्ने स्थिति आउनेछ । यसबाट शिक्षा, स्वास्थ्य, आयवृद्धि, रहनसहन, सञ्चिति, सामाजिक सद्भाव सबै क्षेत्रमा परिवर्तन आउने विश्वास गर्न सकिन्छ ।

सामाजिक परिवर्तनको अर्को कारण सुरक्षित ठाउँमा पुनर्स्थापना पनि हो । हिमाल राष्ट्रिय जनमत सर्वेक्षण २०७२ (६-१२ भदौ अंक) अनुसार भूकम्प पीडितहरु ५१.८ प्रतिशत सुरक्षित ठाउँमा जान चाहने र ५.६ प्रतिशत छिमेकी गाउँमा जान चाहने देखिएकाले यी घरपरिवार सरेपछि त्यहाँको सामाजिक बनोटमा प्रत्यक्ष असर पर्नेछ । अन्तर साँस्कृतिक घुलमिल हुनेछ । सामाजिक मूल्य मान्यतामा फरक आउनेछ ।

चुनौति, अवसर र कमजोरी बीचको पुनर्निर्माणः

भूकम्प गएको ५ महिना बितिसक्दा पनि जनताले आशा गरेजस्तो र सरकारले प्रतिवद्धता देखाए जस्तो स्तरका पुनर्निर्माणको काम भैरहेको छैन । भूकम्प पछि एकपल्ट मुलुकको राजनीतिमा पनि सुधारको संकेत देखा परेको थियो । तर राजनीतिक पराकम्पनले देशलाई थिलथिलो बनायो । पुनर्निर्माणको काम विस्तारै कछुवा गतिमा झऱ्यो ।

भूकम्प पछि जनताले अनुभव गरेको सबैभन्दा ठूलो कुरा स्थानीय सरकारको अभाव । आज स्थानीय निकायहरुको निर्वाचन भएको हुँदो हो त, केन्द्रीय सरकारको पूर्ण अभिभारा स्थानीय निकायले लिएको हुन्थ्यो । राहत र उद्धार कार्य युद्धस्तरमा हुन्थ्यो । पीडितहरुमा पनि स्थानीय सरकारको अभावले काम गर्न नसकेको स्थलगत अध्ययनका धेरै समाचार र लेखहरु आए । पीडितहरुले तत्काल कसलाई गुहार्ने, वैधानिक व्यक्ति उनीहरुका अगाडि कोहि भएन । अब पुनर्निर्माणमा पाइलै पिच्छे स्थानीय निकायको भूमिका रहन्छ । तर खै निर्वाचन ?

पुनर्निर्माणलाई अवसर मान्ने हो भने स्थानीय स्रोत साधन परिचालन गर्ने निकायको अभावमा पाइला सार्न सक्ने स्थिति नै छैन । जनताप्रति जवाफदेहि लिने प्रतिनिधि नभई अन्यायको, विभेदको, अकर्मण्यको, अनियमितताको, पक्षपातको कुराहरु सल्टिँदैनन् ।

प्राधिकरणको छुट्टै अस्तित्व र सरकारका कार्यालयहरुको छुट्टै अस्तित्वबाट एउटै पुनर्निर्माणको काम गर्न अधिकारको, कार्य प्रकृयाको, बजेटको, खटनपटनको, समस्या समाधानको, रिपोर्टिङ्गको दोहोरोपनलाई हटाउने कुनै खास त्यस्तो वैधानिक उपायहरु आएका छैनन् । सरकारले तुरुन्त गर्ने भनेका कार्यहरु जस्तै स्थानान्तरण गर्ने भनेका घरपरिवारलाई कहाँ राख्ने, कस्तो भूमिमा मात्र घर बनाउने, भूकम्प प्रतिरोधक घर कसरी बनाउने, डिजाइन कसले दिने, दक्ष कामदार कहिले कसरी बनाउने, निर्माण सामग्री कहाँ पाउने, अनुदान वा ऋण कसरी पाउने, आदि यावत् कुराहरु थाँती नै छन् । अझ वस्ती विकास योजना नै आउनु पर्ने हो, त्यस्तो सुरसारै छैन ।

एकद्वार प्रणालीले सबै गैरसरकारी क्षेत्रका सरोकारवालाहरुलाई र दाता संस्थाहलाई सरकारले चिढाइसकेको छ । आफ्नो ल्यागत पनि छैन, कम गर्ने स्थानीय निकाय र जनआधारित संस्थाहरु पनि छैनन् । यस्तो परिस्थितिमा गुज्रेको छ २०७२ को भूकम्प पुनर्निर्माण योजना ।

स्रोतः यहाँ लेखिएका समग्र सामग्री ०७२ वैशाख १३ गते यता प्रकाशन भएका अखवरहरु र पत्रिकाहरुबाट लिइएका हुन् । त्यसमा पनि दैनिक अखबरहरु कान्तिपुर, गोरखापत्र, अन्नपूर्ण पोष्ट, नागरिक, दि काठमाण्डु पोष्ट, नयाँ पत्रिका, राजधानी र साप्ताहिकमा नेपाल र हिमालमा छापिएका कुराहरुलाई बढी आधार बनाइएको छ । स्थलगत अवलोकन, पीडितसँगको वार्ता र मोबाइल फोन मार्फत् भएको सम्पर्कमा टिपाएका कुराहरु पनि परेका छन् ।) ❖

२०७२ सालको वडादशैं, तिहार एवं छठ पर्वहरुको उपलक्ष्यमा समस्त ग्राहक वर्गमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

"विद्युत बचत गरौं, लोडसेडिङ्ग घटाउन सहयोग गरौं, बचत विद्युत उद्योग धन्दामा लगाऔं"

नेपाल विद्युत प्राधिकरण

वितरण तथा ग्राहक सेवा

कुलेश्वर वितरण केन्द्र, फोन नं. ०१ -४२७८४४९

सन्दर्भ सिन्धुपाल्चोक भूकम्प २०७२ : चर्चा विनासकारी भूकम्प र विपद् व्यवस्थापन

- बसन्त राज गौतम*

(यो आलेख पदाधिकारीको स्थानीय प्रशासन (प्रमुख जिल्ला अधिकारी) र स्थानीय विकास (स्थानीय विकास अधिकारी) सम्बन्धी कार्य अनुभव र नेपाल सरकारबाट सिन्धुपाल्चोक जिल्लामा खोज तथा उद्धार र राहत व्यवस्थापन समन्वय गर्न खटिँदाको अनुभव समेतमा आधारित छ)

१. विषय र सन्दर्भ

बि. सं. १३१० (जून ६, १२५५) को भूकम्प नै नेपालको पहिलो प्रमाणिक तथ्याङ्क भएको भूकम्प मानिन्छ। बि.सं. १९९० माघ २ (जनवरी १६, १९३४) को ८.९ Magnitude (M) को महाभूकम्पमा ८,५१९ जनाले ज्यान गुमाएको तथ्याङ्कले देखाउँछ। २ लाख ८ हजारको हाराहारीमा घरबास, देवालय र पाटीपौवा ध्वस्त भएको उक्त त्रासदीपूर्ण घटनामा काठमाडौं उपत्यकामा मात्र उद्धार कार्यमा सरकारले करीब २ लाख खर्च गरेको थियो। बि. सं. २०४५ को भूकम्पमा २२ जिल्लामा ७२१ जनाको ज्यान गएको थियो। राणाकालीन समयमा काठमाडौं उपत्यकामा भूकम्पका कारण धरहरा लगायत धरोहरहरु भत्केका र पुनर्निर्माणका दृश्य इतिहासको रुपमा हेर्दाहेर्दै बि. सं. २०७२ साल वैशाख १२ गते शनिबार ११:५६ मा ७.६ M को भूकम्पको ठूलो धक्काको कारण नेपालको मध्य भागको ३०% भन्दा बढी भूभागमा ठूलो भागदौड भई जनजीवन त्रासदीपूर्ण हुन पुग्यो। करीब ३० सेकेण्ड अनुभव गरिएको सो भूकम्प पछि बराबर गइरहने ५ M सम्मका पराकम्पन र १७ दिनपछि बि. सं. २०७२ वैशाख २९ गते मंगलबार १२:५० मा गएको ६.८ M को पराकम्पनका कारण नेपालको भूकम्प विश्वका भूगर्भ वैज्ञानिकका लागि कहिल्यै नसोचेको र हालसम्म विश्लेषण नै नगरिएको विषय हुन पुग्यो। हजारौंको ज्यान जाने गरी भएको कम्पनको कारण क्षतिग्रस्त जिल्लाको संख्या १४ बाट बढेर ३१ पुग्यो। पछिल्लो तथ्यांकले मृतक ८ हजार ९ सय ७०, घाइते २२ हजार ३ सय, पूर्णरुपमा ध्वस्त घर संख्या ६ लाख २ हजार, उत्पादनशील क्षेत्रमा १७८ अर्ब र कृषि बाली तर्फ २८.३ अर्ब बराबरको क्षति देखाएको छ।[१] (तालिका १ र २ पृष्ठ १८)

भूगर्भ शास्त्री र भूगोलशास्त्रीहरुका अनुसार नेपाल उच्च भूकम्प जोखिम क्षेत्रमा पर्दछ। Tactonic Plate को गतिशीलताका कारण हिमालय क्षेत्रमा प्रशस्त Fault हरु बनेका छन्। नेपालको भूकम्पको भूचरित्र र severity[२] को आधारमा गरिने वर्गीकरणलाई हेर्दा नेपाल MMI IX र X स्केल (Mercalli Intensity) को सामान्यतया स्वीकार गरिएको 'भूकम्प गइरहने'[३] क्षेत्रमा पर्दछ। केही वर्षयता Seismic Hazard सम्बन्धी विज्ञहरुले विश्वका केही सहरहरु उच्च भूकम्पीय जोखिममा रहेको र काठमाडौं उक्त सूचीको शीर्ष स्थानमा रहँदै आएको बताएका छन्। सन् १९३४ मा गएको भूकम्प पछि '७५/८० वर्षको अन्तरालमा उस्तै भूकम्प जाने सम्भावना सदा प्रवल रहेको'[४] भविष्यवाणी भूगर्भशास्त्रीहरुले गरिआएकै छन्।

हालै गएको भूकम्पको पराकम्पन जाने क्रम रोकिन अझै समय लाग्ने सन्दर्भमा भूकम्प र पराकम्पनका कारण सिर्जित अवस्थामा भूगर्भशास्त्रीहरुले औंल्याएका केही महत्वपूर्ण पक्ष निम्न छन् :

संसारकै सबैभन्दा अग्लो हिमशिखर सगरमाथा करीब ३ से. मि. दक्षिण सरेको र काठमाडौं मुनिको जग्गा करीब ३ मिटर दक्षिण पश्चिम सरेको छ।[५] आल्प्स र हिमालय श्रृङ्खलाको तुलना गर्दै टोनी हेगनले पनि यस्ता भौगर्भिक चालका बारेमा '... both the Alps and the Himalaya show nappe structure- that is to say that large slices of the mountains have moved bodily along thrust-planes southwards..' सन् १९६० मै भनेका छन्।[६]

हालैको भूकम्पका बखत भएको '३००० भन्दा बढी भू-स्खलनका' कारण भू-बनौटमा र भू-अवस्थितिमा आएको सुक्ष्म परिवर्तन र सोही कारण भू-बनौटमा देखिन सक्ने असामान्य परिस्थितिका कारण हुन सक्ने क्षति र सुख्खा पहिरो गएको स्थानमा वर्षासँगै जान सक्ने पहिरो आदि निकट भविष्यका सङ्कटासन्न विषय हुन्। साथै 'हिमाली क्षेत्रमा समेत गएको र सम्भावित हिमपहिरो निरन्तर अनुगमन गरिनु पर्ने विषय हो।'[७]

---

* सहसचिव, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

१ गृह मन्त्रालय, http://drrportal.gov.np/

२ U. S. Geological Survey, http://pubs.usgs.gov/gip/earthq4/severitygip.html

३ Hazards in Nepal, Earthquakes, Chronological history,http://www.nset.org.np/nset2012/index.php/menus/

४ Susan E. Hough, US Geological survey

५ www.livescience.com/5/2/33-mount-everest_moves-after-earthquake.html

६ A Brief Survey of the Geology of Nepal, Toni Hagen, 1960

७ www.icimod.org/?q=18072

सन् १८३०, १८३३ र १८६६ को अभिलेखका आधारमा यो परिमाणको भूकम्प प्रत्येक ७५/८० वर्षको अन्तरालमा जाने गरेको र ठूला भूकम्प जाने क्रम रोकिएको भन्न नसकिने विश्लेषणबाट नेपालको खास गरेर मध्य उत्तरी क्षेत्रका Fault zone अझै सक्रिय नै रहेको पुष्टि भएको छ। अप्रिल २०१५ मा भएको एक अध्ययनले Structural vulnerability, Seismic risk/economic losses का आधारमा भविष्यको भूकम्पको बारेमा जानकारी दिने क्रममा नेपालको Seismic hazard map दुई दशकभन्दा पुरानो रहेको र अद्यावधिक नभएकाले तयार गरी कार्यान्वयन गर्न खोजिएका भवनसंहिता, बीमा र संकटको सामना तयारीजस्ता योजना पूर्ण नहुने बताएको छ।[८] उल्लिखित सन्दर्भमा हाम्रो विपद् सम्बन्धी अनुमान, प्रतिकार्य पूर्वतयारी रणनीति, व्यवस्थापनको आकार र स्रोत परिचालनलाई निर्देशित गर्न यो विश्लेषणले सघाउ पुग्नेछ।

सबभन्दा पहिला यसपल्ट सिन्धुपाल्चोक जिल्लामा भूकम्पले पुऱ्याएको क्षति, राहत र उद्धारका प्रयासहरु बारे संक्षेपमा उल्लेख गर्दछु। यो स्थलगत अध्ययनको अनुभवको विपत् व्यवस्थापनको आधारमा विवेचना र विश्लेषण गरिएको छ :

२. सिन्धुपाल्चोक जिल्लाको संक्षिप्त विवरण र क्षति विवरणः

क) जिल्लाको सामान्य परिचय :

- निर्वाचन क्षेत्र : ३ गाउँ विकास समिति (गा.वि.स.) संख्या : ७९ (६८) (नेपाल सरकारको पछिल्लो निर्णयानुसार हालै घोषित चौतारा र मेलम्ची नगरपालिका कार्यस्तरमा आइसकेको अवस्था नभएकोले र गाभिएका गा.वि.स.लाई समेत तत्काल सम्वोधन गर्नुपर्ने पुरानै संख्यालाई आधार मानिएको)
- क्षेत्र नं. १ मा ३० गा.वि.स., क्षेत्र नं. २ मा २५ गा.वि.स. र क्षेत्र नं. ३ मा २४ गा.वि.स.हरू रहेका छन्।
- जनसंख्या : २,८५,७७० (राष्ट्रिय जनगणना २०६८) परिवार संख्या : ६६,६३५
- प्रहरी इकाई : इलाका ४, चौकी १६, अस्थायी चौकी ४, ट्राफिक प्रहरी कार्यालय ५ (जि.ट्रा.प्र.का. १, अ.ट्रा.प्र.पो. ४)
- चीनको तिव्वत जोड्ने एक मात्र कोदारी राजमार्ग यसै जिल्लाबाट जान्छ। त्यस्तै राजधानीलाई दोलखा र रामेछापसँग जोड्ने सहायक राजमार्ग पनि यसै जिल्लाबाट पार हुन्छ।

ख) मुख्य क्षति विवरण :

- मृत्यु ३,४२८, घाइते ४,०५८ (हवाई उद्धार ३५२, अन्य उद्धार ३,६९५)
- सरकारी कार्यालय भवन पूर्णक्षति ५९, सेवा केन्द्र १८, सुरक्षा पोष्ट २५, गा.वि.स. भवन ४८, स्वास्थ्य केन्द्र ४८, विद्यालय भवन पूर्णक्षति ५४६, निजी घर पूर्णक्षति ६१,३७७ (पक्की ५,१४२)
- जिल्ला अस्पताल १ र नेपाल टेलिकमको भवन संचालन अयोग्य
- सडक सञ्जाल ८५५ कि.मि., करीब ४० प्रतिशत अवरुद्ध
- अधिकांश ठाउँमा जमिन चिरा परेको, धाँजा फाटेको र घरवस्ती बस्न नसक्ने गरी पहिरो गएकोले बस्तीहरु नै सार्नु पर्ने भएको।

ग) उद्धार राहत :

१) भूकम्प आउने वित्तिकै सबैको होस् हावस् गुम भैसकेको थियो। रोदन, क्रन्दन र विलाप मात्र सुनिन्थ्यो। जे जस्तो विपद् आए पनि राज्य संयन्त्रको काम जनतालाई तत्काल उद्धार गर्ने र राहत दिने कर्तव्य हो। जिल्लाका जिम्मेवार अधिकारीहरु तत्काल जुटे, केन्द्रसँग सम्पर्क गरे र कार्य थालनी गरे। गा.वि.स. तथा नगरपालिकाहरूमा नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी, स्थानीय राजनैतिक दलका प्रतिनिधि र नागरिक समाजसँगको सहकार्य र जिल्ला दैवीप्रकोप उद्धार समितिको समन्वयमा भूकम्प प्रभावित क्षेत्रहरूबाट प्राप्त सूचना, सुरक्षा निकायमा प्राप्त सूचनाका आधारमा उद्धार कार्य सञ्चालन सुरु भयो। हवाई यातायातबाट उद्धार गरिएकाहरूलाई नेपाली सैनिकको गोरखनाथ दल गणमा खडा गरिएको प्राथमिक उपचार कक्षमा उपचार गरियो। थप उपचारका लागि सदरमुकाममा नर्वेजियन रेडक्रसको सहकार्यमा स्थानीय टुँडिखेलमा संचालित जिल्ला अस्पतालमा लगियो। स्थानीय तहमा उपचार हुन नसक्नेलाई हेलिकोप्टर लगायत अन्य स्थल सवारी साधनका माध्यमबाट राजधानीका ठूला अस्पताल तर्फ लगिएको थियो।

२) सिन्धुपाल्चोक जिल्लाको निर्वाचन क्षेत्र नं. १, २ र ३ का लागि क्रमशः बाह्रबिसे, चौतारा र मेलम्चीमा वितरण केन्द्र स्थापना गरी राहत सामग्रीहरूको वितरण व्यवस्था मिलाइएको थियो। उक्त केन्द्रहरूबाट निर्वाचन क्षेत्रभित्र पर्ने नगरपालिका तथा गा.वि.स.हरूमा समानुपातिक हिसाबले राहत सामग्री वितरण गरिएको थियो। मेलम्ची केन्द्रबाट वितरण गर्न पायक पर्ने नवलपुर, भीमटार, बाँडेगाउँ, कुञ्चोक, सिपापोखरे गा.वि.स. क्षेत्रभित्र वितरण गर्ने व्यवस्था मिलाइएको थियो। यसैगरी उत्तरी क्षेत्रका तीनवटै निर्वाचन क्षेत्रमा पर्ने गा.वि.स.हरूको हकमा क्षेत्र नं. २ को वितरण केन्द्र, चौताराबाट हेलिकोप्टरको सहायताले राहत सामग्री वितरण गर्ने व्यवस्था गरिएको थियो।

८ www.geohazard.org/projects/kathmandu.html

३) सशस्त्र प्रहरी बल तर्फ जिल्लाका विभिन्न १७ स्थानमा उद्धार तथा राहत कार्यका लागि टोली खटिएको, नेपाली सेना तर्फ विभिन्न २४ स्थानमा युनिट स्थापना गरी खटिएको र नेपाल प्रहरी तर्फ १/४ का दरले हरेक गा.वि.स.मा खटिई कार्य संचालन भएको थियो ।

४) नेपाल सरकार, दातृ निकाय, विभिन्न संघसंस्थाबाट तीन वटै वितरण केन्द्रमा उपलब्ध राहत सामग्रीहरू पीडितको आधारमा समानुपातिक रुपमा वितरण गर्ने व्यवस्था मिलाई सडक यातायात भएको स्थानमा सडक मार्गबाट र सो बाहेकका र उत्तरी क्षेत्रका स्थानहरूमा चौतारा भण्डारबाट हेलिकोप्टर मार्फत् राहत सामग्री र उद्धार कार्य एकसाथ गरिएको थियो । भूकम्पबाट क्षतिग्रस्त अरनिको राजमार्ग र विभिन्न सडक खण्डहरूको अवरुद्ध बाटो स्थानीय रुपमा उपलब्ध उपकरणका साथै मित्रराष्ट्र चीनबाट सहयोगका लागि आएको उपकरण, औजार सहितको टोलीको सहयोगमा खुलाई राहत सामग्री सतह मार्गबाट पठाइएको थियो ।

५) राहत वितरणको क्रममा कुनै दातृसंस्थाले आफू खुसीले कुनै गा.वि.स.मा मात्र लक्ष्य गरी राहत वितरण गर्न चाहेमा त्यस्ता संस्थाहरूले ल्याएका प्रत्येक सामानहरूको लगत खडा गरेर तत्काल राहत नपठाई अन्यत्र अभाव रहेको गा.वि.स.मा पठाई समानुपातिक वितरण प्रणालीको सिद्धान्त अवलम्वन गरियो । तीनवटा वितरण केन्द्रबाट विभिन्न गा.वि.स.हरूमा उपलब्ध गराइएको राहतका मुख्य सामग्रीमा चामल १४,२०,९७२ के.जी., दाल २९,७२६ के.जी., बिस्कुट/चाउचाउ २३,०४४ कार्टुन, चिउरा ५५,४८४ के.जी., नुन १६,६०० के.जी., तेल १०,९२९ लिटर, चिनी १०,१३४ के.जी., प्लाष्टिक पाल ३०,७६१ थान, ब्लाङ्केट ६,४५१ थान र अन्य सामग्री तीनवटै केन्द्रबाट वितरण भएको थियो ।

६) राहत उद्धार कार्य तत्कालका लागि जनतालाई विपद् र जोखिमबाट बचाउने मात्र हो । जनतालाई पुनर्व्यवस्थापन गर्ने, क्षतिपूर्ति गर्ने र पुनर्निर्माण गर्ने कार्य योजनावद्ध तरिकाले गरिने कार्य हुन् । पहिलो कार्य त क्षतिको आंकलन नै हो ।

३. क्षति अनुमान तथा बाह्य सहयोग

समग्रमा भूकम्पबाट भएको क्षतिको अनुमान गर्न राष्ट्रिय योजना आयोगले द्रुत अध्ययन गरी विपद् पश्चात्को आवश्यकता वारे सार्वजनिक गरेको Post Disaster Needs Assesment (PDNA) मा भूकम्प प्रभावित क्षेत्रलाई वर्गीकरण गरी अत्यधिक र अति प्रभावित (Severely Hit /Crisis hit) १४, बढी प्रभावित (Hit with Heavy Losses) ५ र प्रभावित (Hit/ Slightly Affected) १२ गरी कुल प्रभावित ३१ जिल्ला रहेको छ (तालिका १) । क्षति तर्फ सबैभन्दा बढी क्षति सामाजिक क्षेत्रको आवास क्षेत्रमा (५८%) भएको देखिएको छ । कुल करीव ७ खर्वको क्षति अनुमानका साथ नेपाल सरकारले भूकम्प पछिको पुनर्निर्माणका लागि आवश्यक रु. ६७० अर्बको अनुमानका साथ वाह्य स्रोत जुटाउन आयोजना गरेको ३३ मित्रराष्ट्र तथा दातृसंस्थाहरु सम्मिलित बैठकमा नेपालले अनुमान गरेकै हाराहारीमा ४४० अर्बको स्रोत जुटाउन सफल रह्यो (तालिका २ र ३) । साथै पुनर्निर्माणका लागि उच्चस्तरीय समिति र प्राधिकरण गठन सम्बन्धमा कानूनी आधार तयार गर्नका लागि भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी अध्यादेश, २०७२ जारी गरी अगाडि बढेको अवस्था छ ।

भूकम्पबाट ध्वस्त गाउँ (सिन्धुपाल्चोक)

तालिका १

प्रमुख क्षति विवरण

जिल्ला	घरधुरी संख्या जनगणना २०६८	मृत्यु	घाइते	भवन पूर्वाधार क्षति			
				सरकारी		निजी	
				पूर्ण	आंशिक	पूर्ण	आंशिक
अत्यधिक र अति प्रभावित १४ जिल्लाः सिन्धुपाल्चोक, दोलखा, गोरखा, नुवाकोट, रसुवा, धादिङ्ग, काभ्रेपलाञ्चोक, रामेछाप, काठमाडौं, भक्तपुर, ललितपुर, सिन्धुली, मकवानपुर, ओखलढुङ्गा	१२,३७,३४३	८,७७२	२१,१६३	२,१३५	१,२०८	५,४५,३२०	१,६७,४०५
बढी प्रभावित ५ जिल्ला : लमजुङ्ग, तनहुँ, सोलुखुम्बु, चितवन, नवलपरासी	४,०५,४२८	३८	३५१	१३६	२९८	२६,१२६	४१,४००
सामान्य प्रभावित १२ जिल्ला : पर्वत, बाग्लुङ्ग, म्याग्दी, कास्की, स्याङ्जा, गुल्मी, अर्घाखाँची, पाल्पा, संखुवासभा, भोजपुर, धनकुटा, खोटाङ	६,४४,९४८	१०	१६७	२४४	८३७	२८,८९७	६१,४२२
प्रभावित ३१ जिल्ला कुल जम्मा	२२,८७,७१९	८,८२०	२१,६८१	२,५१५	२,३४३	६,००,३४३	२,७०,२२७

स्रोत : गृह मन्त्रालय र PDNA

तालिका २

क्षति अनुमान (रू. अर्बमा)

क्षेत्र	विपद् प्रभाव	क्षति	कुल	आवश्यक
सामाजिक क्षेत्र	३५५.०२	५३.६	४०८.६२	४०७.७४
उत्पादनशील क्षेत्र	५८.०७	१२०.०५	१७८.१२	११५.६१
पूर्वाधार क्षेत्र	५२.४६	१४.३२	६६.७८	७४.२६
अन्य क्षेत्र	५१.८७	१.०६	५२.९३	७१.८७
कुल जम्मा	५१७.४२	१८९.०३	७०६.४५	६६९.४८

स्रोत : PDNA

तालिका ३

पुनर्निर्माणका लागि दातृ सहयोग प्रतिवद्धता (सन् २०१८ सम्मका लागि)

देश / संस्था	सहयोग रकम (रु. अर्बमा)
भारत	१००
चीन	५०
जापान	२६
अमेरिका	१३
संयुक्त अधिराज्य	११
एशियाली विकास बैंक	६०
विश्व बैंक	५०
अन्य	१३०
कुल जम्मा	४४०
PDNA मा अनुमानित आवश्यक रकम	६६९.५

स्रोत : PDNA

४. भूकम्प र विपद् व्यवस्थापनमा राज्यको तत्परता- नेपालको सबल पक्ष

प्राकृतिक विपद् अवश्यम्भावी छ। त्यस्ता विपद्बाट जोगिन र सोको न्यूनीकरणमा राज्य, सरकार, समुदाय, व्यक्तिको सजगता र त्यस्ता विपद्बाट सिर्जित क्षति न्यूनीकरण गर्न स्रोत परिचालन गर्नसक्ने क्षमता महत्वपूर्ण मानिन्छ। विनासकारी भूकम्प लगत्तै समुदायको सकृयतामा सरकारी Front Line Unit नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र मानवीय सेवामा संलग्न रेडक्रसबाट भएको तदारुकताका कारण धनजनको थप क्षति रोक्न मद्दत पुगेको देखिन्छ। खोज तथा उद्धार र राहत कार्यमा प्रारम्भका केही दिन अलमल देखिए पनि पछिका समयमा सो व्यवस्थित हुँदै गएको कारण नै भूकम्प प्रभावित जिल्लाहरुमा भोकमरी, महामारीजस्ता समस्याबाट जनक्षति भएको अवस्था रहेन जुन विपद् व्यवस्थापनमा बिरलै देखिने दृश्य हुन्। खोज तथा उद्धार र राहत कार्यलाई प्रारम्भिक रुपमा व्यवस्थित गर्न प्रभावित जिल्लाहरुका जिल्ला दैवीप्रकोप उद्धार समितिको भूमिका अविजित रह्यो। साथै अत्यधिक प्रभावित जिल्लाहरुमा नेपाल सरकारबाट विशेष जिम्मेवारी दिई खटाइएका उच्चस्तरका निजामती, जंगी कर्मचारीबाट समन्वय भएर विपद् व्यवस्थापन कार्य सरल भएको कसैबाट लुकेको छैन। नेपाल सरकारको प्रयासको केही महत्वपूर्ण उदाहरणमा केही घण्टाभित्रै खोज तथा उद्धार कार्य प्रारम्भ, हवाई उडानद्वारा राहत ढुवानी, छिमेकी राष्ट्रसँग सहयोग माग र छिमेकका राहत सम्बद्ध विमानहरु परिचालनलाई लिन सकिन्छ।

सङ्कटको संवेदनशीलताकै कारण ०७२ वैशाख १३ देखि ०७२ जेष्ठ १२ सम्म बसेको मन्त्रिपरिषद्को १२ वटा वैठकका १०९ निर्णयमा ३४ वटा निर्णय भूकम्प क्षति व्यवस्थापनसँग सम्बन्धित देखिएका छन्। भूकम्पोत्तर प्रतिकार्य तथा पुनर्लाभलाई एकिकृत गरी संचालन गर्न सो सम्बन्धी तत्काल गर्ने ४० वटा महत्वपूर्ण कार्यहरुको कार्ययोजना[९] तुरन्तै जारी गरियो। भूकम्पका कारण देशले व्यहोर्नु परेको कठिन अवस्था र प्रतिकार्य तथा पुनर्स्थापना एवं पुनर्लाभ कार्यलाई राष्ट्रिय प्राथमिकताको विषय मान्दै व्यवस्थापिका संसदले २७ बुँदे साझा संकल्प[१०] प्रस्ताव पारित गरेको थियो। खोज तथा उद्धार र राहत कार्यमा सबैभन्दा बढी परिचालित स्थानीय निकायका गा.वि.स. सचिव, नगरपालिकाका सचिवहरु, जिल्ला विकास समितिको संलग्नता एवं भूमिकाकै कारण तत्कालका लागि कुनै Coping Mechanism नभएको अवस्थामा समेत पीडितहरुले केन्द्र सरकारको मात्रै मुख ताक्ने अवस्था रहेन।

गैरसरकारी संस्थाहरुले सामाजिक रुपमा गरिआएका योगदानको तुलनामा राहत कार्य संचालन गरेको देखिएन। आफ्नो छुट्टै स्रोत प्रत्याभूति नभएका संस्थाहरुबाट स्थानीय स्तरमा अपेक्षा गरिएका राहत सामग्री एवं सहयोग उपलब्ध नहुँदा ती आलोचित हुन पुगे र तिनको कार्य क्षमतामा समेत प्रश्नचिन्ह लाग्न पुग्यो। सिन्धुपाल्चोक, गोरखा र दोलखा मात्रको उदाहरणबाट पनि के देखिन्छ भने जिल्लामा कार्यरत क्रियाशील गैरसरकारी संस्था मध्ये ५ प्रतिशत मात्र विपद् व्यवस्थापनमा देखा परे। महिला, बालबालिका, अपांगता, कमजोर आर्थिक सामाजिक वर्गका लागि स्थानीय निकाय र दातृ संस्थाबाट प्राप्त सहयोग सरल र सहज रुपमा पुऱ्याउन स्थानीय रुपमा तिनको संस्थात्मक सहयोग द्रुत र प्रभावकारी हुन सक्थ्यो तर त्यसो देखिएन।

संचार माध्यममा सरकारी संचार माध्यमहरुले देखाएको तत्परता निजी क्षेत्रका लागि पनि उदाहरणीय बन्न पुग्यो। रेडियो नेपाल र अन्य एफ्एम् स्टेशनहरुले सूचना र समाचार सम्प्रेषणद्वारा खोज तथा उद्धार र राहत व्यवस्थापनमा सहयोग पुग्यो। निजी क्षेत्रका छापाहरुमा राहत व्यवस्थापनमा सरकारको भूमिका र कार्यशैलीप्रति बढी आलोचना देखिए। केही विदेशी संचार माध्यमहरु र सामाजिक सञ्जालमा आएका तथ्यहीन समाचार, सम्प्रेषण, परिमार्जित तस्वीर, पोष्टहरु पनि सामाजिक आक्रान्त फैलाउन सहयोगी देखिए जसका कारण भारतीय संचार माध्यमहरु बढी आलोचित भए भने एकतर्फी विचारका लागि सामाजिक संजालका सदस्यहरु पनि।

भूकम्पमा धुले पहिरो गएको ठाउँहरु (सिन्धुपाल्चोक)

९ http://www.opmcm.gov.np/np/2015/05/24/full-story/249.html

१० संकल्प, व्यवस्थापिका संसद, २०७२

प्रारम्भका दिनहरुमा सामान्य नागरिक र राजनैतिक दलका सदस्यहरु आफैं पनि प्रभावित रहेको कारण उद्धार कार्यमा उनीहरुको तत्काल तत्परता नदेखिए पनि पछिल्ला दिनहरुमा राजनैतिक परिचालनबाट पनि विपद् व्यवस्थापन सजिलो भएको हो । खोज तथा उद्धार र राहत कार्यमा विशेषज्ञता आवश्यक पर्ने समेतका कारण सुरुका समयमा राजनैतिक दल लगायत नागरिक समाज सूचना दिने र उद्धारमा अप्रत्यक्ष सहयोगमा संलग्न देखिए । क्रमशः पछि जिल्ला दैवीप्रकोप उद्धार समितिको बैठक र समन्वय कार्यमा उल्लेख्य संलग्न रहेको कारण उद्धार र राहत कार्य समन्वयात्मक रुपमा संचालन सम्भव भएको थियो ।

चीन सरकारबाट सीमावर्ती क्षेत्रका नाकाका सडक यातायात खुलाउने लगायत महामारी, प्रदुषण नियन्त्रणमा सैनिक टोली खटिई सहयोग भएको थियो । सन् १९४९ पछि गैरसैनिक कार्यमा इतिहासमा आजसम्मकै सबैभन्दा ठूलो फौजको संख्या (१०८८), खोज कुकुर सहितको ६२ सदस्यीय खोज टोली विदेशबाट आएको हो,[११] जसको सहयोगले नेपाल चीनको सीमावर्ती क्षेत्रका खासा र स्याब्रु जोड्ने सडक खुलाउने काम केही दिनमै सम्पन्न भएको थियो । करीब ४६० मे.ट. उद्धार राहत सामग्री र गैरसरकारी क्षेत्रबाट समेत उद्धार टोलीको सहयोग हुँदा पनि सरसफाईका लागि समेत विदेशी सेना परिचालन हुनु हाम्रो स्वावलम्वनमा प्रश्न चिन्ह लाग्ने घटना हुन पुग्यो ।

यस अवधिमा भारतीय सेनाको Operation 'मैत्री' अन्तर्गत १४१५ सैनिक र प्राविधिक, MI 17 ८ वटा, ALH ५ वटाको सहयोग मार्फत् २,२८० जनाको उद्धार, ३,९६६ मे.ट. खाद्यान एवं १,६२० मे.ट. राहत सामग्री ढुवानी गरिएको थियो । यसैगरी पोखराबाट १,०५९ जनाको उद्धार, १,५८० मे.ट. खाद्यान्न र १,२३२ मे.ट. राहत ढुवानी भएको थियो । नेपाली सेनाको नेतृत्वमा संचालित Multinational Military Cordination Centre ले गरेको संयोजनमा गैरनागरिक उडान संचालन भएका थिए । उद्धार कार्यमा संलग्न US Marine Corps को हेलिकोप्टरबाट विकट अवस्थामा फसेका प्रभावितहरुको उद्धारमा सफलता मिलेको थियो ।[१२]

अन्य मित्रराष्ट्रहरुमा अमेरिका, संयुक्त अधिराज्य, युरोपेली र सार्क सदस्य राष्ट्रहरु अग्रणी रहे । राहत व्यवस्थापनमा उल्लेख्य रुपमा नेपाल सरकार, स्थानीय निकाय (जिविस, नगरपालिका, गा.वि.स.) र तिनका संयन्त्र, मानवीय उद्धारमा कार्यरत रेडक्रस आवद्ध संस्था, संयुक्त राष्ट्रसंघीय संस्था र मित्रराष्ट्र सम्बन्धित दातृ निकाय प्रमुख रुपमा देखा परेका छन् । संयुक्त राष्ट्रसंघीय कार्यक्रमहरूलाई United Nations On Site Operations Coordination Centre (UNOSOCC) तथा OCHA ले पनि समन्वय गरिआएको थियो । विश्व खाद्य कार्यक्रमबाट पहिलो चरणमा सिन्धुपाल्चोक, दोलखा, धादिङ, नुवाकोट, रसुवा, गोरखा र काभ्रेपलाञ्चोक जिल्लाका १९ लाख प्रभावितहरुका लागि ३,७०० मे.ट. चामल राहत स्वरुप उपलव्ध गराएको देखिन्छ ।[१३]

जिल्ला दैवीप्रकोप उद्धार समितिले जिल्लाको आवश्यकता र अन्तरराष्ट्रिय प्रचलन अनुरुप नेपाल सरकार, मानवीय उद्धारमा संलग्न संस्था, संगठित संस्था, संयुक्त राष्ट्रसंघ, दातृ निकाय र अन्तरराष्ट्रिय संघसंस्थाको सबै प्रकारका स्रोत समन्वयात्मक रुपमा परिचालन गर्न प्रत्येक जिल्लामा गठन गरेको उद्धार तथा अस्थायी शरण, खाद्य, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, संरचनाको तत्काल मर्मतसम्भार, शिक्षा, संरक्षण, बन्दोबस्ती सेवा लगायतका विषयगत उपसमिति (Cluster) मा सरकारका तर्फबाट र दातृ पक्षबाट एक एकजना संयोजक तोकी परिचालन र समन्वयको कार्य सम्पादन गरेको देखिएको छ ।

५. विपद् व्यवस्थापन-समस्या विश्लेषण

भूकम्प प्रभावितको खोज तथा उद्धार र राहत व्यवस्थापनको माग पक्ष (Demand side) भन्दा आपूर्ति पक्ष (Supply side) बढी समस्या देखिए । जिल्लागत र केन्द्रीय अद्यावधिक प्रतिकार्य योजना नहुनु, जिल्ला र क्षेत्रीय स्तरमा राहत सामग्री भण्डारण व्यवस्था नहुनु, जिल्ला दैवीप्रकोप उद्धार समितिसँग ठूला विपद् व्यवस्थापनका लागि स्रोत उपलव्ध नहुनु र केन्द्रीय निर्देशन पर्खनु पर्नेजस्ता प्रमुख समस्या आपूर्ति पक्षमा देखा परे । क्षति विवरणको अभिलेख छिटो उपलव्ध गराउन नसक्नु, स्थानीय समुदायलाई विश्वासमा लिई अगाडि बढ्न नसक्नु, स्थानीय आवश्यकताका राहत सामग्रीको परिमाण यकीन गर्न नसक्नु र राहत व्यवस्थापनलाई राजनीति खिचातानीको विषय बन्नबाट रोक्न नसक्नु आदि रहे ।

क) एकल आदेश एवं नियन्त्रण निकाय : भूकम्प पश्चात् विपद् व्यवस्थापनका सन्दर्भमा संस्थागत व्यवस्था अनुरुप कुनै एक निकायको नियन्त्रण र निर्देशनमा खोज तथा उद्धार कार्य सञ्चालन हुन सकेको देखिएन । नेपाली सेना लगायत सुरक्षा निकाय स्वतः कार्यगत जिम्मेवारीका कारण खोज तथा उद्धारमा संलग्न रहे पनि कुनै एक केन्द्रीय निकायको नियन्त्रणमा उद्धार जनशक्ति खटनपटन र प्रारम्भिक राहत व्यवस्थापन भएको देखिएन । फलस्वरुप प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय आपतकालीन कार्य संचालन केन्द्र (National Emergency Operations Centre), गृह मन्त्रालय र स्थानीय निकाय समन्वय गर्ने सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय बीच समन्वयको अभाव देखियो । नेपाल सरकारका तत्कालिन मुख्य सचिवको नेतृत्वमा खोज तथा राहत उद्धारका लागि खटिएको उच्चस्तरको टोलीले प्रारम्भका दिनमा राहत प्राथमिकीकरण र एकद्वार प्रणालीलाई व्यवस्थित गरेको

११ http://reliefweb.int/report/nepal/china-focus-china-continues-help-quake-stricken-nepal
१२ Nepal Army
१३ Nepal Situation Report, June 2015, www.wfp.org/countries/nepal

देखियो तर राम्रो परिणामको जश आफैं लिनु पर्ने प्रवृत्ति र राजनैतिक जितहारसँग यो विषय जोडिन पुगेकाले यो संयन्त्रपछि हट्नाको कारणले राहत सामग्रीको वितरण व्यवस्थापन क्रमशः कमजोर भई दुरुपयोग बढ्नुका साथै गुणस्तरमा प्रश्नचिन्ह लागेका थुप्रै घटना खुलस्त भए ।

कुनै एक केन्द्रीय निकायले यस्तो बेलामा नियन्त्रण गरेर विपद् व्यवस्थापन गर्ने सक्षम मुलुकमा दक्षिण कोरिया पनि पर्दछ । उक्त देशमा National 119 Rescue Services (NRS) ले ठूला विपद् व्यवस्थापनमा Fire Marshall को नेतृत्वमा उद्धार, नियन्त्रण र सहायताजस्ता कार्य गर्दछ ।[१४] भारतमा Disater Management Authority का अध्यक्ष प्रधानमन्त्री हुन्छन् । यस संस्था अन्तर्गत रहेको National Disaster Response Force ले विपद् व्यवस्थापनको कार्य गर्दछ ।[१५]

सन् २००४ को भूकम्पका कारण पाकिस्तानमा ८७ हजारको मृत्यु पश्चात् भूकम्पबाट भएको पूर्वाधार क्षतिको पुनर्स्थापना गर्न राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरण (National Disaster Management Authority) बनेको देखिन्छ । हाम्रो विपद् व्यवस्थापनका सन्दर्भमा 'गुजरात कि जापान' भन्ने चर्चा चलेको छ । गुजरातमा २००१ मा गएको भूकम्प पछि भारतमा विपद् व्यवस्थापन प्राधिकरण (Disaster ManagementAuthority) निर्माण भएको हो । नेपालको विपद् व्यवस्थापन सम्बन्धमा आफ्नै Model हुनु पर्नेमा जापान जस्तो खर्चिलो र पाकिस्तानको जस्तो केन्द्र सरकारको अत्यधिक नियन्त्रणमा रहने खालको बन्न लागेको हाम्रा नीति निर्माताले समयमा नै बुझ्न जरुरी छ । पाकिस्तान कै Model मै पुनर्स्थापना प्राधिकरण बनाइँदा कार्य उन्मुख हुन कठिनाइ हुने बताईंदै आएको छ । नेपाल सामु भूकम्प पछिको खोज तथा उद्धार र त्यस पछिको व्यवस्थित पुनर्स्थापना र पुनर्निर्माणका लागि नौलो रणनीति एवं कार्यान्वयन प्रकृयाका लागि कुर्नु पर्ने अवस्था छैन । समय समयमा आइरहेको भूकम्प, बाढी पहिरो, आगलागीजस्ता विपद्को सामना स्थानीय स्तरमा भैआएको कारण समुदाय स्तर र स्थानीय निकाय स्तरमा केन्द्रीय थप मद्दत र प्राविधिक सहयोग समयमै पुऱ्याउनु पर्ने अवस्था मात्र हो । तर अप्रत्याशित परिमाणको क्षति र समयमै राहत सामग्री भण्डार व्यवस्थापन क्षेत्रीय स्तरमा गर्न नसकेको कारण "हाइटी तिर कि जापान वा गुजरात तिर" भन्ने खालका अलमल देखा परेको हो । नेपालको भौगोलिक अवस्थिति, हावापानी, जनसंख्याको बनोट, घरको बनौट, प्रभावितको आर्थिक स्तर आदिका कारणले पनि भूकम्प पछिको हाम्रो पुनर्निर्माण व्यवस्थापनको दिशा जापान तिर भन्दा गुजरात तिर नै हुनु पर्दछ ।

हाम्रो सन्दर्भमा २०३९ सालमा ल्याइएको दैवीप्रकोप ऐनद्वारा निर्देशित भई कार्यान्वयनमा जानुपर्ने अवस्थाले गर्दा केन्द्रीय दैवीप्रकोप उद्धार समिति अन्य सामान्य समितिहरु सरह मात्र कार्य उन्मुख हुन सक्यो । विपद् व्यवस्थापनको प्राविधिक र संस्थात्मक पक्ष नसमेटिएको उक्त ऐनलाई प्रकोप न्यूनीकरण र विपद् व्यवस्थापन उन्मुख बनाउनु पर्ने देखिन्छ । यति मात्र नभई हिमताल बिष्फोटजस्ता प्राकृतिक विपद्बाट हुने 'प्राकृतिक र मानवीय क्षतिलाई आंकलन गरेर रोकथामका उपाय सञ्चालन गर्न ढिला भइसकेको छ ।'[१६] विपद् व्यवस्थापन र पुनर्स्थापना तथा पुनर्निर्माणमा वहुनिकाय समन्वयको खाँचो देखी जारी गरिएको भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी अध्यादेश, २०७२ मा व्यवस्था गरिएका पुनर्निर्माण सम्बद्ध निकायहरुको प्रावधान राम्रा देखिन सक्छन् तर ती निकायहरु आफूमै विशाल र बोझिला नबनुन् भन्ने तर्फ सचेत हुनु जरुरी छ ।

ख) एकद्वार राहत प्रणाली : राहत सामग्रीहरु जिल्ला दैवीप्रकोप उद्धार समितिले निर्धारण गरेको केन्द्र, उपकेन्द्रमा अभिलिखित भई वितरण भइरहेको अवस्थामा एक्कासी राजनैतिक सक्रियताको आवश्यकता भनी केही व्यक्ति तथा संस्थाहरूले वितरण केन्द्रसँग समन्वय नगरी सडक सुविधा पुगेका स्थानहरूमा केन्द्र सरकार र दातृ संस्थाहरुबाट आफैं प्राप्त गरी राहत आफू खुसी वितरण गर्दा राहत सामग्री नपाएका क्षेत्रका वासिन्दाले अवरोध गरी खोसी लिनेजस्ता घटनाका कारण सुरक्षा व्यवस्थामा चुनौती देखियो । यसरी जबर्जस्ती रुपमा लिइएका राहत सामग्री सडक छेउछाउका घरबाट सुरक्षाकर्मीले नियन्त्रणमा लिनुपरेको थियो ।

केन्द्रीय दैवीप्रकोप उद्धार समितिका तर्फबाट उपलब्ध गराइएको राहत सामग्रीहरू एकद्वार प्रणाली अन्तर्गत जिल्लाका सदरमुकामबाट वितरण गर्ने व्यवस्था भएको भए तापनि केन्द्रबाट नै खासखास गा.वि.स.को नाम तोकी पठाइँदा सडक पहुँच भएका स्थानहरूमा प्रारम्भिक चरणको राहत वितरण सन्तोषजनक रहे पनि प्राथमिकताका क्षेत्रमा यो व्यवस्थाले काम गर्न सकेन । स्वयं प्रधानमन्त्रीबाट सिन्धुपाल्चोक जिल्लाको निरीक्षण भ्रमणका क्रममा आफ्ना दलका प्रतिनिधिहरुलाई पनि राहतलाई विकेन्द्रित रुपमा व्यवस्थापन गर्न र राहतलाई राजनैतिक कुराबाट अलग राख्न निर्देशन भएको थियो । तर 'विकेन्द्रित राहत व्यवस्थापनले राजनैतिक प्रभाव र लुट (Racket) प्रभाव दुवैसँग जुध्न सक्ने'[१७] भएकाले यो शुरुदेखि नै मन पराइएको विषय भएन । फलस्वरुप हाम्रो वितरण प्रणालीमा राजनीति हावी भई त्यस्ता सामग्री आफू खुसी क्षेत्रमा लैजान राजनैतिक दलका भातृसंस्था सक्रिय हुन पुग्दा संघसंस्था मार्फत् सोझै पठाइएका सामग्रीहरूको अभिलेखन कार्यमा समेत समस्या देखियो । प्रभावितहरु बाहेकले उल्लेख्य संख्यामा राहत एवं पुनर्स्थापना सम्बन्धी परिचयपत्र पाउने अवस्थाको संकेत

१४ www. Rescue.go.kr

१५ The Disaster Management Act 2005, India - www.nmda.moha.gov.in

१६ खेमराज नेपाल, समाज, संस्कार र शासन, २०६९, पृष्ठ २५३

१७ Charles Cohen and Eric Werker, The Political Economy of "Natural" Disasters Working Paper Second, www.hbs.edu/faculty/Publication%20Files/08-040.pdf

देखिएको छ । यस्तो प्रवृत्तिमा निजामती एवं सुरक्षा निकायका वर्तमान एवं पूर्वकर्मचारी छिटपुट संलग्न रहेको कारण पनि वितरण केन्द्रमा कतिपय राहत सामग्रीहरू नपुगी काठमाडौंका विभिन्न स्थानमा भण्डारण गरेको अवस्थामा फेला परे ।

ग) स्थानीय निकायको रिक्तता र आपूर्ति व्यवस्थापन : भूकम्प प्रभावित विभिन्न जिल्लाहरूमा खोज तथा उद्धार एवं राहत तथा पुनर्स्थापना कार्यमा नेपाल सरकारका सचिव, सहसचिवहरूको समन्वय भूमिका अहम् रह्यो । स्थानीय निकायहरुमा जनप्रतिनिधि नहुनको अभाव खड्केको विषय रहनु एक कुरा तर स्थानीय स्तर गा.वि.स., नगरपालिका र जिल्ला विकासका कर्मचारीको निरन्तरको प्रयासका कारण पनि केन्द्र सरकारको कार्यबोझ कम हुन गयो । जिल्लाका सबै गा.वि.स.हरूमा गा.वि.स. सचिवको पदपूर्ति नभएको कारण पनि राहत वितरण, लगत संकलन र स्थानीय स्तरमा समन्वयमा कठिनाइ भएको देखियो । १४ जिल्लाका कुल ५८० गा.वि.स.मा ४८७ सचिव मात्र पदपूर्ति हुँदा सङ्कटको समयमा समेत एकभन्दा बढी गा.वि.स.को जिम्मेवारी बहन गर्न सचिवहरु सक्षम देखिए ।[१८] तर २०५२ साल तिरै 'सुपरम्यान' भनी नाम कमाएका यी मेहेनतीहरुको कामको समुचित लेखाजोखा भने हुन सकेको छैन ।

विपद्को अवस्थामा आधारभूत आपूर्ति (विद्युत, खानेपानी, सञ्चार) मा व्यवधान हुने अवश्यम्भावी हुन्छ । गएको भूकम्पमा यी सेवाहरु केही क्षण र केही स्थानमा मात्र अवरुद्ध भएको उदाहरणबाट पनि हामी त्यस्तो सेवा सञ्चालनमा सजग छौं भन्ने देखाउँछ । तर त्यस्ता सेवा सम्बद्ध संरचना र न्यूनतम आवश्यक नक्शांकन जिल्लास्थित कनै कार्यालयसँग नहुनु लाजमर्दो विषय हुन पुग्यो । खानेपानी र ढल पाइप लाइनको विद्यमान अवस्थिति, वैकल्पिक वहाव व्यवस्थापन, विद्युत र संचार टावरको अवस्थिति, पुलपुलेसाको अवस्थिति, कार्यालय भित्रका उपकरणको अवस्थिति, ट्रान्सफर्मरको क्षमता अभिलेख, नगर क्षेत्रका खुला स्थान, भग्नावशेष थुपार्न आवश्यक स्थानको जानकारी आदि विषयमा स्थानीय निकाय र विषयगत कार्यालयहरु लामो समयसम्म अलमलमा रहे ।

घ) अपुरा प्रतिकार्य योजना : नेपालमा जुनसुकै बेला भूकम्प जान सक्ने र काठमाडौं लगायतका घनावस्ती भएका सहरमा ठूलो धनजनको क्षति हुन सक्ने अनुमान रहेको छ । यति हुँदा पनि गएको भूकम्पमा भएको कम क्षति तर्फ हाम्रो ध्यान जान जरुरी छ । यसो हुनाको मुख्य कारणमा सिमित भए पनि जिल्ला र समुदाय स्तरमा हाम्रो तम्तयारी (Preparedness) र समुदाय स्तरमा विपद् व्यवस्थापन सम्बन्धी ज्ञान, भूकम्प गएको दिन, समय र सिमित परिमाणमा खडा गरिएको भण्डार आदि नै हो । ७५ जिल्लामा आ-आफ्नै प्रकारका निर्धारित विषयवस्तु र प्राविधिक पक्ष समेट्न नसकिएका विपद् व्यवस्थापन प्रतिकार्य योजना तयार गरिएको भए तापनि ती अद्यावधिक भएका देखिन्नन् । राजधानी काठमाडौं जिल्लामा समेत यस्तो योजना २०७१ मा मात्र बनाएको देखिन्छ । सो बाहेक स्वास्थ्य संस्था, रेडक्रसजस्ता निकायले आफ्नो विशेषज्ञीय क्षेत्रको छुट्टै विपद् प्रतिकार्य योजनाहरु पनि बनाएका छन् । तर महत्वपूर्ण पक्ष भनेको विपद् परेको अवस्थामा योजनामा भनिए बमोजिमको जनशक्ति र स्रोत परिचालन हो ।

अन्तरराष्ट्रिय सहयोग एवं समन्वय र आन्तरिक तथा अन्तरराष्ट्रिय विमानस्थलको क्षमता आदि विपद् व्यवस्थापन प्रतिकार्य योजनामा उल्लेख भएको पाइन्न । काठमाडौं जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा समेत क्षेत्रीय तथा अन्तरराष्ट्रिय सहयोग समन्वय सम्बन्धी सूचना र व्यवस्था बारे सिमित जानकारी राखिएको देखिन्छ ।[१९] राजधानी सहर र अन्य पर्यटकीय सहरहरुले आफ्नो प्रशासकीय क्षेत्रमा रहेका उल्लिखित न्यूनतम सूचना नराखेकै कारण दातृसंस्थाका सहयोगहरु अलपत्र परेको समेत देखियो । ठूलो परिमाणको क्षतिका बेलाका लागि प्रतिकार्य योजनाहरु बेग्लै प्रकारको हुनु पर्ने तर्फ समेत यो अभ्यासले देखाएको छ ।

ङ) स्रोत सदुपयोग : विपद् व्यवस्थापनका लागि स्रोत जुट्नु, जुटाउनु भन्दा जुटेको स्रोतको तत्काल र मध्यकालीन खर्च चुनौतीपूर्ण रहेको छ । सरकारका विषयगत मन्त्रालयहरुले कमसल राहत सामग्री खरिद गरेको र एकद्वार वितरण प्रणाली व्यवस्थापन गर्न नसकेको भनी अनियमितताको मुद्दा संसदीय समितिमा पुग्यो ।[२०] केही व्यापारिक संस्थाले रेडक्रसको चिन्ह दुरुपयोग गरी मोवाइल सेट लगायत सञ्चार उपकरण भित्र्याएको भनी समाचारमा आए पश्चात् निजी मोबाइल सेवा प्रदायक NCell ले स्पष्टीकरण दिएको देखियो । प्रभावितहरुले प्राथमिकताका साथ पाउनु पर्ने त्रिपाल लगायतका राहत सामग्री राजनैतिक एवं प्रशासनिक पहुँचको विषय बन्न गयो । त्रिपाल, ब्लाङ्केट लगायतका राहत सामग्री लामो समयसम्म सरकारी भण्डारण स्थलमा थन्केर रह्यो । प्रधानमन्त्री उद्धार कोष लगायत विभिन्न संस्था र संचार गृहहरुले आ-आफ्नै राहत कोषमा सहयोग आह्वान गरेको देखियो । प्रधानमन्त्री विपद् राहत कोषमा सेप्टेम्बर १५, २०१५ सम्म सरकार आफैंले दिएको समेत गरी १६ अर्ब ७८ करोड ५३ लाख ४२ हजार ४ सय रुपैयाँ जम्मा भएको सार्वजनिक भएको छ ।[२१] तर अन्य राष्ट्रिय अन्तरराष्ट्रिय राहत कोष र च्याउ उम्रे सरहका सामाजिक संजाल कोषको सहयोग रकम सदुपयोगको शंका रही रह्यो ।

पछिल्ला विपद्हरु मध्ये सुनसरी कोशीको बाढी पीडित, सुर्खेत बाढी पीडितहरुको हालसम्म समुचित व्यवस्थापन हुन नसक्नु र जुरेखेत (सिन्धुपाल्चोक) को त्रासदीपूर्ण पहिरोबाट विस्थापितहरुको लागि जुटेको करोडौं रकम सहयोग रकम अझै पनि परिचालन नभई स्थानीय कोषमा रही रहनु विडम्वना भएको छ ।

---

१८ सङ्घीय मामीला तथा स्थानीय विकास मन्त्रालय

१९ काठमाडौं जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७० (४.७)

२० नागरिक दैनिक, ५ असार २०७२, पृ. १३

२१ नागरिक दैनिक, २९ भदौ २०७२, पृ. १

च) राहत सामग्री र गुणस्तर : विपद् र आपतकालिन समयमा खाद्यान्न राहत कार्यमा अग्रणी भूमिका रहेको विश्व खाद्य कार्यक्रमको आपूर्ति निकाय र भण्डारण व्यवस्थापनमा यस पटक गम्भीर कमजोरीहरु देखिए । सन् १९९८ मा गरिएको एक अध्ययनले वितरण गरिने खाद्यान्नको विषयमा दुईवटा प्रमुख कुरा उठाएको देखिन्छ, वितरणका बखत कमसल गुणस्तरको चामल उपलब्ध र संवेदनशील अवस्थामा प्रभावितद्वारा स्वीकार्नु पर्ने अवस्था, ".....there is a great deal of variability in these areas..... delivering substandard grain, higher moisture content than agreed upon; .....A good sample of rice is provided for bidding purposes. However, once the delivery arrives, the rice quality is often much poorer. If that rice is refused, better quality will usually be sent to replace it, but it becomes a matter of timing, since these programmes are time-sensitive.....[२२]. यी पक्षहरुमा ध्यान पुऱ्याउन नसकेकै कारण पछिल्लो समयमा संस्था आलोचित हुन पुग्यो र सरकारी निकायहरु बीच बनेको छविमा नकारात्मक असर पर्न गयो ।

ग्रामीण पहाडी गाउँहरु बीचको दूरी धेरै भएको कारण एक ठाउँमा उपलब्ध राहत सामग्रीले समग्र गा.वि.स.मा समेट्न नसकेको अवस्था छ । खाद्यान्न सामग्री बाहेक पाल लगायत अन्य आवश्यक सामग्रीहरू केन्द्रबाट थोरै मात्रामा मात्र उपलब्ध भएको र हेलिकोप्टरको माध्यमबाट ढुवानी गर्न मौसम लगायत उडानको कमी भएका कारण न्यून मात्रामा मात्र उत्तरी क्षेत्रमा पुऱ्याउन सकिएको अवस्था रह्यो । राहत सामग्री ढुवानी लगायत अत्यावश्यकीय कामका लागि सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट हरेक गा.वि.स.लाई रु. ९ लाख र नगरपालिका वडालाई रु. २ लाख उपलब्ध गराइएका रकमबाट स्थानीय निकायहरुले राहत सामग्री खरिद गरी वितरण गर्न पाएको हुँदा स्थानीय आवश्यकता अनुसार राहत सामग्रीको उल्लेख्य आपूर्ति हुन सकेको हो । यसबाट पनि सङ्कटका बेला स्थानीय निकायले तत्काल खर्च गर्न सक्ने कोष र त्यस्ता कोषमा निश्चित रकम राख्नु पर्ने कानुनी प्रावधानको खाँचो औंल्याएको छ ।

छ) विकेन्द्रित पद्धति र विडम्वना : विषयगत मन्त्रालयहरुले आफ्ना कार्यक्रमलाई विकेन्द्रित रुपमा लैजान अझै तत्परता देखाएको पाइएन । खोज तथा उद्धार पश्चात् अत्यावश्यकीय सेवा सम्बन्धी आपूर्ति व्यवस्थापनमा जिल्ला स्तरका कार्यालयहरु प्रदान गरेको सेवा पाउन नसक्नुमा ती निकायका मन्त्रालयहरुले जिल्ला विकास समितिसँग पूर्ण समन्वय गर्न नसकेको कारण नै हो । विकेन्द्रित कार्यान्वयन प्रक्रिया अवलम्वन गरिने भनी विपद् व्यवस्थापन दिग्दर्शन २०७१ मा स्थानीय निकायहरू राज्यका क्रियाशील अंग भएको र ती निकायलाई विपद् जोखिमका विरुद्ध सुरक्षाको अभिवृद्धि गर्न, समाजलाई अस्तव्यस्त पार्ने विपद्का घटनाहरूलाई सम्वोधन गर्न समुदायलाई सहयोग उपलब्ध गराउन जिम्मेवार बनाउँदा पनि २५ वर्षअघि विपद् व्यवस्थापनका सन्दर्भमा वर्णन गरिएको दुरावस्था हाम्रो विपद् व्यवस्थापनमा अझै देखिए । "…..sectoral approach with narrow perception has hampered integrated plan at the operational level. Many of the line ministries are reluctant to bring their district level activities under the umbrella of decentralization. This prevents District Development Plan to include disaster-environment component."[२३]

ज) दातृ सहयोग परिचालन मुद्दा : छिमेकी राष्ट्रहरु भारत र चीनको र तत्काल खोज तथा मानवीय उद्धारमा उपलब्ध हेलिकोप्टरको सहयोग र दुवै देशका स्वास्थ्य सेवा टोलीबाट प्राप्त सहयोग र अन्य मित्रराष्ट्रहरुबाट प्राप्त उद्धार सहयोग सम्बन्धी उपकरणहरुको समुचित उपयोग गर्न सकिएन । अमेरिकी सरकारबाट उपलब्ध हेलिकोप्टर ठूलो परिमाणको सामग्री ढुवानी गर्ने प्रकृतिको कारण ठूला उद्धार र क्षेत्रीय रुपमा मात्रै प्रयोग भए । संयुक्त अधिराज्यबाट प्राप्त हुने भनिएको Chinooks हेलिकोप्टर भने उडान र अवतरणका बखत हुन सक्ने थप क्षति र भूकम्पबाट क्षति भएका क्षेत्रमा पठाउँदा थप क्षति हुने सम्भावनाका आशंकामा सहयोग लिइएन ।[२४] सहयोगका लागि आएका हवाईजहाज र हेलिकोप्टरहरु नेपालको भौगोलिक अवस्था अनुकुल हुन नसक्दा उद्धार कार्यमा तौल, उद्धार समय, इन्धन खपत, सञ्चार जटिलताजस्ता समस्या प्रशस्त देखा परे । विदेशी सैनिकको उपस्थिति सीमा क्षेत्रमा मात्रै सिमित राख्ने व्यवस्थापन गर्न नसकिएकै कारण सरकारले आलोचना खेप्न पऱ्यो भने अर्को तर्फ पहिरोको कारण अवरुद्ध तातोपानी-बाह्रबिसे सडक खण्ड चिनियाँ सरकारको तर्फबाट सडक खुलेपछि मात्र उक्त क्षेत्रमा राहत सामग्री पठाउन सम्भव भयो । चिनियाँ र भारतीय सैनिक टोली लामो समयसम्म सीमामा रहनु पर्ने अवस्था र संयुक्त अधिराज्यबाट उपलब्ध हुने भनिएको हेलिकोप्टर सेवा लिन अस्वीकार भएको विषय कुटनैतिक जगतमा चासोको मुद्दा बन्न पुग्यो ।

झ) शव व्यवस्थापन, महामारी : मृत्यु भएका व्यक्तिहरूको शव व्यवस्थापन स्थानीय प्रशासनले तदारुकता देखाई जिल्ला तहमा नै गरिएको छ । मृत्यु भएका व्यक्तिहरूको शव आफन्तलाई बुझाउने र उनीहरू मार्फत् मृतकको अन्तिम संस्कार गर्ने कार्य निर्विघ्न सम्पन्न भएको हो । फोहोर र भग्नावशेषको थुप्रोमा पुरिएका शवहरू सुरक्षाकर्मीको सहयोगमा निकालेर आफन्तलाई बुझाउने र सामूहिक सद्गत गर्ने कामका लागि देखिएको कानूनी जटिलता आगामी दिनका लागि पाठको रुपमा रहन गयो ।

२२ Combating Rural Public Works Corruption : Food-for-Work Programs in Nepal, 1998

२३ Problems and prospects of local level planning and bottom up approach to disaster management and rural developmrnt with community participation-paper 10, PR Gautam, UNCRD/CIRDP,1990

२४ http://www.theguardian.com/world/2015/may/12/nepal-earthquake-raf-helicopters-refused-access-by-authorities

सरकारी समन्वयको कमीले गर्दा पीडितहरुले आफ्ना घरको प्राविधिक अवस्था जान्न लामो समय कुर्नु पर्‍यो भने घरको प्रयोग बारे प्राविधिक निर्णय गर्ने निकायमा अलमल भएको पाइयो। कतिपय प्रयोग गर्न नमिल्ने भनी मार्क गरिएका सबै भवनहरू, भत्किएका भवनहरूलाई तत्काल हटाई स्थायी व्यवस्थित आवास योजना तयार गर्न आवश्यक संयन्त्र निर्माण गर्न अति जरुरी भयो। यस्तो योजना स्वीकृति नहुँदासम्म स्थायी संरचना बनाउन रोक लगाउनु पर्ने देखिन्छ।

ञ) राहतको अमानवीय पक्ष : प्राकृतिक र दैवी विपत्तिमा परेकाहरूलाई उद्धार र राहत प्रदान गर्ने कार्य विशुद्ध मानवीय भावनाबाट प्रेरित हुनुपर्ने भए पनि कतिपय अवस्थामा यसलाई धर्म प्रचार गर्ने माध्यमको रुपमा पनि उपयोग गर्ने गरेको पाइएको छ। सन् २००४ को सुनामीका बखत इन्डोनेशियाको आचे प्रान्तमा पश्चिमाहरुबाट खाद्यान्न सहयोगका साथ बाइबल पुस्तक पठाउँदा स्थानीय मुश्लिम समुदायबाट ठूलो विरोधको समाना गर्नु परेको थियो।[२५] हाम्रो सन्दर्भमा पनि राहत सामग्री सहयोग गर्ने संस्थाले राहत सामग्रीहरूको साथमा बाइबलको पुस्तक पठाउने र कुनै खास धर्म सम्प्रदायकाले उपभोग नगर्ने खाद्य पदार्थ राहत स्वरुप पठाउने कार्यबाट स्थानीय वासिन्दाहरूको धार्मिक भावनामा खलल पुर्‍याउने र अनावश्यक वैमनश्य उत्पन्न हुने काम मात्र हुन गयो। यसबाट परम्परागत रुपमा कायम रही आएको सामाजिक र साँस्कृतिक तथा साम्प्रदायिक सद्भाव र सहिष्णुता प्रभावित हुने कुरा समयमै मनन् गरिनु पर्छ।

ट) भूकम्प शिक्षा : विद्यालय र समुदाय स्तरमा भूकम्प शिक्षा र बच्ने उपाय सम्बन्धी तालिम सही नभएकै कारण नुवाकोट र रसुवा जिल्लाका विद्यालय भवनहरुमा थिचिएर १४० भन्दा बढी बालबालिकाको मृत्यु भयो। घर बाहिर रहेका व्यक्ति पनि खुला ठाउँमा जानुको सट्टा घरभित्र छिरी खाटमुनि छिर्दा ज्यान गएको देखिएको छ (नागरिक दैनिक, ४ असार २०७२, पृ. १)। ३०० जनाको भन्दा बढीको डुबेर ज्यान गएको दक्षिण कोरियाको फेरि दुर्घटनामा जहाज छाड्ने आदेश नदिई केटाकेटीलाई केवीनमै बसिरहन दिएको आदेशका कारण अधिकांश बालबालिकाको डुबेर मृत्यु भएको कारण क्याप्टेन लीलाई ३६ वर्षको कारावास भएको थियो।[२६] उपयुक्त र अद्यावधिक नगरिएका प्रतिकार्य शिक्षा र आलाकाँचा प्रशिक्षण कार्यका कारण यस्ता घटना नदोहोरियोस् भन्नका लागि भूकम्पबाट सुरक्षित रहने उपाय बारेका हाम्रा व्यवहारिक शैक्षिक सामग्रीहरु तुरन्तै सुधार गरिनु पर्छ र प्रशिक्षण दिने संस्थालाई पनि जिम्मेवार बनाउँदै लग्नु पर्छ।

राहत व्यवस्थापनमा दैवीप्रकोप ऐनको कार्यान्वयन गर्न सरकार बढी लचिलो देखियो। ऐनका कतिपय प्रावधान खास गरेर संकटका बेला आवश्यक पर्ने स्रोत साधनलाई नियन्त्रणमा लिई जनहितका लागि परिचालन गर्नु पर्नेमा सरकार अनुरोध र विज्ञप्तिमा सिमित हुन पुग्यो। यसैगरी संकटग्रस्त क्षेत्र घोषणा राजनैतिक विषय नभई विपद् व्यवस्थापनको विषय भएको कुरा पनि बुझाउन सकिएन र संकटग्रस्त क्षेत्र घोषणा राहत प्राप्तिको लागि राजनैतिक औजार हुन खोज्यो।

ठ) बि.सं. १९९० को हाम्रो पाठ र गुजरात : बि.सं. १९९१ मा मूल्य मो. रु. ५० पैसामा "आइन्दालाई सूचना"[२७] भनी ब्रह्मशम्शेरको पुस्तकमा प्राप्त "तपसिल" अझै उत्तिकै सान्दर्भिक छन्। ती हुन् : 'आगलागी नियन्त्रण, पुरिएकाहरुलाई झिक्ने, घाइतेलाई औषधि, ठूलो प्रश्न बासको, अन्न (मूल गोदाम) र पानी, खबरको आवतजावत, लोक रक्षा, फटाही हल्ला नियन्त्रण, रोग निवारण, भूकम्प सेवकको दरकार, रिपोर्ट अड्डा र व्यवस्थित पुनर्स्थापना र पुनर्निर्माणका लागि जीर्णोद्धार र नयाँ र स्वस्थ्यकर बस्ती'। खोज तथा उद्धार र राहत व्यवस्थापनका लागि जिल्लाको आवश्यकता र अन्तरराष्ट्रिय प्रचलन अनुरुप विषयगत उपसमितिहरुले गर्नु पर्ने र गरेका काम हाम्रै सन्दर्भमा पनि आठ दशक अघि नै अभ्यास भइसकेको तर्फ हाम्रो ध्यान समयमा नगएको कारणले पनि बढी क्षति भएको मान्न सकिन्छ। अझै पनि ढिलो भइसकेको छैन। प्रयास, कठिनाइ र पाठ लिपिबद्ध गरी भावी सन्ततिलाई विपद्को सामना गर्ने शीप, ज्ञान र प्रविधि उपलव्ध गराउनै पर्छ। पुनर्निर्माणमा हुने ढिलाइले भविष्यमा हुने विपद्लाई पर्खेको मानिने छ। यस्ता पुनर्निर्माणमा सहरी बस्ती नीति, राजमार्गका आसपासका क्षेत्रमा बस्ती विकास नीति, भवन निर्माण संहिता, भूकम्प प्रतिरोध संरचना निर्माण नीति, विपद् शिक्षा नीतिहरुमा सुधार गरिनु पर्छ। गुजरात भूकम्प पश्चात्का पुनर्निर्माणमा भारतले गरेको मुख्य आर्थिक लगानीमा भारतीय रु. ५०० करोडको राहत, व्यक्तिगत एवं Corporate आयमा २ प्रतिशत Union Tax Surcharge, प्र.मं. राहत कोषबाट भारतीय रु. ११० करोड, ADB/WB को ८० करोड अमेरिकी डलर, पुनर्निर्माण आवास योजना, गुजरात सरकारद्वारा जारी करमक्त भूकम्प Bond आदि छन्।[२८] नेपालले पुनर्निर्माण व्यवस्थापनको लागि उच्च प्राथमिकता दिँदै यी यस्ता केही उपागमहरु प्रारम्भ गरेको छ, जसमा पुनर्निर्माणको पहिलो चरणमा लाग्ने रु. ६०० अर्बको व्यवस्थापन पुनर्निर्माण कोषद्वारा गरिने भनिएको छ।[२९]

ड) तथ्याङ्क र सूचना अभिलेखन : राहत कार्यलाई व्यवस्थित र योजनाबद्ध तथा तथ्याङ्कमा आधारित बनाउँदै लैजान र जिल्लाको सूचना व्यवस्थापनको आवश्यकतालाई सहयोगी तथा दातृ निकायले प्राथमिकता दिउन् भन्ने उद्देश्यले ती निकायहरूलाई आफू खुसी प्रारम्भिक सूचना संकलन, Rapid

२५ http://www.theguardian.com/world/2005/jan/16/tsunami2004.internationalaidanddevelopment1

२६ http://www.theweek.co.uk/world-news/58164/south-korea-ferry-death-toll-hits-100-salvage-begins

२७ नेपालको महाभूकम्प १९९० साल, ब्रह्मशम्शेर, पब्लिकेसन्स, प्राइम बुक्स प्रा. लि., चौथो संस्करण २०१५

२८ Ashok Lahiri, Chief Economic Advisor, India Govt, 2003- A case study of Gujrat Earthquake: the impact of catastrophe on national and regional economy

२९ आ.व. ०७२।७३ को बजेट बक्तव्य, अर्थ मन्त्रालय

Assessment, विश्लेषण गर्न रोक लगाइएको थियो । नेपाल सरकारद्वारा सूचना संकलनका लागि पठाइएका प्राविधिक सहितको टोलीको परिचालन ढिलो हुन गएको कारण र टोली परिचालनमा देखिएको कठिनाइका कारण दुवै पक्षलाई आवश्यक पर्ने निर्धारित सूचना संकलन गर्ने काम ढिलो भएको हो । यो बाहेक सरकारले पछिल्लोपल्ट घोषणा गरेको भत्केका घरका प्रतिपरिवारलाई दिइने रु. २ लाखसम्मको निर्माण सहयोगका लागि पीडितको छुट्टै लगत संकलन गर्ने कार्यले द्वन्द्व मात्रै बढाउने देखिन्छ । जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइजस्ता व्यक्तिगत घटनाको दर्ता गर्ने काम र अभिलेखीकरण भएको अवस्थामा तथ्याङ्कको समस्या सहजै हल हुने थियो । भूकम्प प्रभावित जिल्लाहरुमा यस्तो काम वैज्ञानिक रुपमा Database खडा गर्ने काम सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत भखरै स्थापित पञ्जीकरण विभागको प्राथमिकतामा रहनु पर्छ ।

६. केही चुनौती

जमीनमा परेका धाँजाहरुको प्रकृति हेर्दा आउँदा केही वर्षसम्म पनि वर्षाको समयमा पहिरोको जोखिम रहिरहने बुझिएको छ । सडकसँग जोडिएका सुख्खा पहिरो र वर्षाले गर्दा सडक अवरुद्ध हुने, नदीनाला थुनिने, गाउँबस्ती बग्न सक्ने र खेतपाखोमा लगाइएका बाली नोक्सानी हुनबाट जोगाउने काम चुनौतीपूर्ण छ । भूकम्प प्रभावित जिल्लाहरूमा स्काभेटर, डोजर लगायत आवश्यक प्राविधिक जनशक्ति तयारी अवस्थामा राख्ने र तिनको प्रयोग स्थानीय दैवीप्रकोप उद्धार समितिले गर्न सक्ने व्यवस्था कार्यान्वयनका लागि कानूनमा पनि सामयिक सुधार आवश्यक छ ।

सही प्राविधिक ज्ञान र समुदाय स्तरमा भू-स्खलन र भू-क्षय रोकथामका उपाय अवलम्वन गर्ने काम प्रोत्साहित गर्न ढिलो गरिनु हुन्न । सडक किनारमा क्षतिग्रस्त भवनहरूको स्थानमा साविकको भन्दा सडकलाई मिचेर केही स्थानमा भवन बनाउन, खाली जग्गाहरु अतिक्रमण गरेर संगठित रुपमा बस्न थालेको समेत देखिएको हुँदा यस्तो कार्यलाई व्यवस्थित गर्नु चुनौती देखिन्छ ।

पहाडको शीर्ष स्थानमा ठूला-ठूला धाँजा फाटेर पहिरो जान सक्ने अवस्था रहेको र तल गाउँ बस्ती रहेको अवस्था हुँदा वस्तीलाई समयमै उपयुक्त स्थानमा पुनर्स्थापना, पुनर्वास गर्नु, गराउनु अर्को चुनौती रहेको छ । राजमार्ग किनारमा उपयुक्त सहरहरु बसाल्ने नीति सहितको भू-उपयोग एवं पुनर्स्थापना नीति ल्याउनु पर्नेछ ।

अस्थायी आवासको व्यवस्थाको लागि नेपाल सरकारले उपयुक्त कार्यविधि स्वीकृत गरी भूकम्प प्रभावित सबै जिल्लाका लागि समान हुने गरी लागू गर्नुपर्ने हुन्छ ।

जिल्ला स्थित सरकारी कार्यालय, सुरक्षासँग सम्बन्धित कार्यालय, विद्यालय, गा.वि.स. भवन तथा सर्वसाधारणका आवास घर पूर्णतः क्षतिग्रस्त भएको हुँदा तत्कालका लागि अस्थायीरुपमा निर्माण गरी कार्य संचालन भई आएकोमा त्यस्ता भवनहरुको पुनर्स्थापनाले प्राथमिकता पाउनु पर्छ । तर त्यस्ता भवनबाट प्रदान गरिने सेवाहरुलाई एकीकृत सेवा मार्फत पुऱ्याइने नीति ल्याई थोरै निर्माणबाट अघि बढ्न सकिन्छ । स्थायी व्यवस्थित आवास योजना तयार गर्न आवश्यक संयन्त्र निर्माण गर्ने र यो योजना स्वीकृत नहुँदासम्म स्थायी संरचना बनाउन रोक लगाइनु पर्छ ।

प्रभावित जिल्लाका गा.वि.स.हरूमा विभिन्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैरसरकारी संस्थाले अल्पकालीन तथा दीर्घकालीन विपद् व्यवस्थापन गर्न जिम्मा लिन इच्छा गरे अनुरुप जिल्ला दैवीप्रकोप उद्धार समिति र जिल्ला विकास समितिले दोहोरो नपर्ने गरी उपलब्ध गराउने सेवा यकिन गरेर सम्झौता गरी कार्यान्वयनमा ल्याउनु पर्छ । काम भए नभएको अनुगमन गर्ने संयन्त्र बनाउनु पर्छ । दातृ पक्षलाई लक्ष्य अनुरुप काम स्थापित गर्ने पद्धतिबाट समयसीमा भित्र गर्न दवाव परिरहेको हुन्छ ।

भूकम्पका कारण घर भत्केकाहरुका लागि काठमाडौं उपत्यका लगायतका स्थानहरुमा सरकारद्वारा घोषित खुला क्षेत्रमा वसोवास गरेका प्रभावितहरुलाई सरकारी, गैरसरकारी क्षेत्रबाट मानवोचित रुपमा केही समयका लागि वसोवास र खाद्यान्न सामग्री उपलब्ध गराइएको हो । उपत्यका वाहिरका प्रभावितहरुको भत्केका घर हटाई आफ्नो घर निर्माणका लागि लामो समय लाग्ने भएकाले हाल उपलब्ध भई आएका खुला, सार्वजनिक, निजी जग्गामा वसोवास गरेको देखिएको छ । लामो समय सार्वजनिक जग्गामा बस्दा र पुनर्वास व्यवस्थित हुन नसक्दा सार्वजनिक जग्गा ओगटेर बस्ने काम हुन जान्छ । घरबारबिहिन वा अन्य कनै नाममा खास समूहद्वारा यस्ता स्थान ओगटेर बस्ने र क्रमशः नहट्ने प्रवृत्ति राजधानीकै मुटुमा देखिएको छ । झन् अहिलेका क्याम्पहरु अवलोकन गराउन विदेशीहरुलाई आमन्त्रण गरी वस्तुस्थिति बताउँदा मानवीय आधारमा क्याम्प खाली गराउन नसक्ने अवस्था सिर्जना हुन जान्छ । दातृ संस्थाहरु आफ्नो सहयोगको निरन्तरताका लागि रहिरहने अवस्था सोचनीय हुन जान्छ । समुदायको अपेक्षा बढ्दै जाने र राज्यले पूरा गर्न नसक्ने अप्रिय अवस्था सिर्जना हुनबाट समयमै जोगिनु पर्छ ।

थप सन्दर्भ सामग्रीः

- Post Disaster Needs Assessment, Government of Nepal, National Planning Commission, July 2015
- विभिन्न ऐनहरु, कानून किताब व्यवस्था समिति
- नेपाल राजपत्रहरु, नेपाल सरकार
- आ.व. ०७२।७३ को बजेट बक्तव्य, अर्थ मन्त्रालय
- नेपालको महाभूकम्प १९९० साल, ब्रह्मशम्शेर, प्राइम बुक्स प्रा. लि., चौथो संस्करण २०१५
- खेमराज नेपाल, समाज, संस्कार र शासन, स्वशासन अध्ययन प्रतिष्ठान २०६९
- दैवीप्रकोप (उद्धार) ऐन, २०३९
- विपद् व्यवस्थापन दिग्दर्शन, २०७१, गृह मन्त्रालय/स्थानीय विकास मन्त्रालय
- भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी अध्यादेश, २०७२ नेपाल राजपत्र खण्ड ६५, २०७२।३।७ ❖

शक्तिशाली भूकम्प २०७२ र काभ्रेपलाञ्चोक

- कृष्णप्रसाद सापकोटा*

१. पृष्ठभूमि :

बि.सं. १९९० सालको भूकम्प सुनिएको मात्र थियो बिभिन्न कहावतहरुको रुपमा, बि.सं. २०७२ सालले भूकम्पलाई नजिकबाट अनुभूत गरायो। २०७२ साल वैशाख १२ गतेको शक्तिशाली भूकम्प जाँदा मेरा एक जना मित्र पनौती नगरपालिका पूर्व-नगर प्रमुख सप्तकाजी बुद्धाचार्यलाई भेट्न जानेक्रममा बनेपा पुगि पनौतीको बस चढेको थिएँ। बसको अन्तिम लाइनमा बसिरहेको अवस्थामा भूकम्प गयो। मेरो ६३ वर्षे जीवनमा पहिलो अनुभव थियो यो भूकम्प। भूकम्प जाँदाजाँदै बसबाट ओर्लंदै गर्दा देखिएका सुनिएका दर्दनाक अवस्था र चीत्कारहरू, बसबाट ओर्लिसके पछि बनेपा चारदोबाटोमा भरिभराउ बनेपाली जनताको पीडाको अवस्था, नियमित भूकम्पको पराकम्पन त्यसबाट सिर्जित क्षतिग्रस्त भौतिक संरचनाको धुलोले ढाकेको जमिन, आकाश, अनि मानव समुदायमा देखिएका सन्त्रास र कोलाहलले मेरो मन मस्तिष्कमा पनि नराम्रो प्रभाव पारेको थियो।



विनाशकारी भूकम्प र पराकम्पनमा परी मुलुकभित्र ८ हजार ७ सय ९० जनाको मृत्यु भएको छ। २२ हजार ३ सय जना घाइते भएका छन् भने करिब ३०० जना बेपत्ता भएको अनुमान गरिएको छ। करिब १७ हजार भन्दा बढी ठूला चौपायहरू र करिब ४० हजार साना चौपायाहरू मरेको तथ्याङ्क छ। त्यसैगरी ५ लाख ७ हजार १७ वटा घरहरू पूर्ण रूपमा र २ लाख ६९ हजार १९० घरहरूमा आंशिक रूपमा क्षति पुगेको छ। त्यसैगरी करिब ८० लाख जनसंख्या भूकम्पबाट प्रभावित भएको अनुमान छ। ७५ जिल्ला मध्ये १४ जिल्लालाई पूर्ण रूपमा र १७ जिल्लालाई आंशिक रूपमा असर पारेको छ। यहाँ भूकम्पका कारण नेपाल सरकारले ७ खर्ब ६ अर्ब ४६ करोड मूल्य बराबरको क्षति पुगेको तथ्याङ्क सार्वजनिक गरेको छ। (पि.डि.एन.ए. रिपोर्ट, राष्ट्रिय योजना आयोग, २०७२) विश्व बैंकले भूकम्पका कारण आर्थिक वर्ष २०७२/०७३ मा थप २.५ प्रतिशत देखि ३.५ प्रतिशतसम्म नेपालीहरू थप गरिबीमा झर्ने र ७ लाख गरिबीको संख्या थपिने अनुमान गरेको छ। सरकारले भूकम्पपूर्व आर्थिक वृद्धि ४.६ प्रतिशत हुने अनुमान गरेकोमा भूकम्पका कारण आर्थिक वर्ष २०७१/०७२ को कूल गार्हस्थ उत्पादन वृद्धि दर ३.० प्रतिशतमा सिमित भएको अनुमान गरेको छ। भूकम्पका कारण ५२ अर्बको उत्पादन क्षति भएका कारण उत्पादन वृद्धिमा कमि आएको सरकारले जनाएको छ। भूकम्पका कारण पुनर्निर्माण र नवनिर्माणका लागि रू. ६६९.५ अर्ब लाग्ने अनुमान गरेको छ।

२. भूकम्पबाट जिल्लामा पुगेको क्षतिको अवस्थाः

काभ्रेपलाञ्चोक नेपालको राजधानी काठमाण्डौदेखि २२ कि.मी. पूर्व तर्फ रहेको एक पहाडी जिल्ला हो। १३९६ बर्ग कि.मी. मा फैलिएको यस जिल्लामा ४ निर्बाचन क्षेत्र, १५ इलाका,

* विकेन्द्रित शासन पद्धतिका विज्ञ, पूर्वसभासद्, पूर्वसभापति, जिल्ला विकास समिति महासंघ

मृत्यु हुनेको विवरण (गा.वि.स./नगरपालिका अनुसार)

पाँचखाल न.पा.-५०, चण्डेनी-३५, ज्याम्दी-३१, बालुवापाटी देउपुर-२७, महादेवस्थान -२७, गैरिबिसौना देउपुर-२१, नयाँगाउँ -२१, सिम्थली -२०, देवीटार-१५, सापीङ्ग-१४, भुम्लुटार -१४, ठूलोपर्सेल-१०, दोलालघाट- ८, कोशिदेखा -८, बनखुचौर -८, खरेलथोक -६, पोखरीनारायणस्थान-५, नासिकास्थान साँगा -५, टुकुचा नाला-४, बोल्देफेदिचे -४, कुशादेवी -३, रयाले -३, वनेपा न.पा.-३, काशिखण्ड न.पा.-३, चौवास -२, सानो वाङ्थली -२, नाग्रेगगर्चे -२, सर्स्युंखर्क-२, कलाती भूमिडाँडा- २, मंगलटार -२, रबिओपी -२, पोखरी चौंरी -१, सल्लेभुम्लु-१, गोठपानी -१, मेच्चे -१, भिमखोरी -१, खार्पाचोक -१, शिखरआम्बोटे -१, महादेवटार-१, खहरेपाँगु -१, बुढाखानी-१, गोकुले -१, डाँडागाउँ-१, फलामेटार-१, ढुंखर्क-१, च्याम्राङ्गबेँसी-१, श्यामपाटी -१, पातलेखेत -१, धुलिखेल न.पा.-१, उग्रचण्डी नाला -१

५ नगरपालिका तथा ७६ गाउँ विकास समितिहरु रहेका छन् । समुद्री सतहबाट २०० मिटरको उचाईमा रहेको कोखाजोर खोलादेखि ३०१८ मिटर अग्लो बेथान्चोक नारायणस्थानको बीचमा रहेको यस जिल्लाको भूगोल मध्ये केही समथर फाँट तथा टारहरु रहे तापनि अधिकांश क्षेत्र भिरालो पहाडी भूभागहरुले ढाकेका छन् । नेपालका अधिक भूकम्पीय जोखिम रहेका क्षेत्रहरुमा काभ्रेपलाञ्चोक जिल्ला पनि पर्दछ ।

मृत्यु हुनेको संख्या : ३१८

पुरुष : ८०, महिला : १३०

बालक : ४९, बालिका : ५९

अन्य जिल्लामा मृत्यु हुनेको संख्या : ४९

मृतकका परिवारलाई उपलब्ध गराइएको राहत रकम : ३२९ मृतक परिवारलाई रु. ४० हजारका दरले किरिया खर्च रु. १,३१,६०,०००। तथा २९४ परिवारलाई रु. १ लाखका दरले राहत रकम रु. २,९४,००,०००।

बैशाख १२ गतेको शक्तिशाली भूकम्प तथा त्यस पछिका पराकम्पनहरुका कारण जिल्लाका सबै क्षेत्र प्रभावित भए तापनि विशेष गरी जिल्लाको उत्तर पूर्वी क्षेत्र अर्थात सिन्धुपाल्चोक जिल्लासँग जोडिएका भेगहरु बालुवापाटी देउपुर, गैरिबिसौना देउपुर, नयाँगाउँ, चण्डेनी, ज्याम्दी, महादेवस्थान, पाँचखाल, दोलालघाट, सापीङ्ग लगायतका गाउँ विकास समिति (गा.वि.स.) हरुमा बढी मानवीय क्षति भएको छ भने अन्य क्षेत्रका तुलनामा सो क्षेत्रका भौतिक संरचनाहरु समेत अधिक मात्रामा क्षतिग्रस्त भएका छन् । जिल्लामा भूकम्पका कारण मृत्यु हुनेको संख्या ३१८ जना रहेको छ भने जिल्ला बाहिर मृत्यु हुने ४९ जना समेत जोड्दा मृत्यु हुनेको संख्या ३६७ जना पुगेको छ । मृतकका परिवारलाई जिल्ला दैवीप्रकोप उद्धार समितिले रु. १ लाखका दरले राहत रकम सम्बन्धित स्थानमै गई उपलब्ध गराएको छ । भूकम्पका कारण क्षतिग्रस्त संरचनाहरुमा थिचिएर पुरिएर तथा भागदौडमा १४,८१४ जना घाईते भएका छन् । घाइतेहरूको उपचार धुलिखेल अस्पताल, शिर मेमोरियल अस्पताल, चिनिया, श्रीलङ्का र बङ्लादेशी शिविर तथा स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकिमा समेत भएको पाइएको छ ।

क) निजी भौतिक क्षति :

२०७२ साल वैशाख १२ गतेको शक्तिशाली भूकम्प पश्चात् जिल्ला दैवीप्रकोप उद्धार समितिले तत्काल निर्णय गरी सम्बन्धित गा.वि.स. सचिव तथा सामाजिक परिचालकहरुलाई परिचालन गरी क्षतिको प्रारम्भिक बिवरण तयार गरेको थियो । अधिकांश गा.वि.स.मा राजनैतिक दलका प्रतिनिधिहरु समेतको सहभागितामा प्रत्येक घरमा पुगी गरिएको सर्वेक्षणबाट ५१,१७० घरधुरीहरु पूर्ण क्षति भएको पाइएको थियो भने २३,८८६ घरहरु आंशिक क्षति भएका थिए । पुनः बैशाख २९ गतेको शक्तिशाली पराकम्पनका कारण आंशिक क्षति भएका घरहरु समेत पूर्णरुपमा क्षतिग्रस्त भए । जिल्ला दैवी प्रकोप उद्धार समितिबाट परिचालित प्राविधिक सहितको सरकारी टोलीको प्रतिवेदन अनुसार जिल्लाका ८६,९२० घरहरु क्षतिग्रस्त भएको तथ्यांक रहेको छ । गाउँ विकास समिति तथा नगरपालिकाहरुले ७८,७०३ जनालाई भूकम्प पीडित परिवार परिचय पत्र प्रदान गरेका छन् भने सोही आधारमा अस्थायी घर निर्माणका लागि रू. १५ हजारका दरले कुल रु. १ अर्ब १७ करोड ७५ लाख ४५ हजार राहत रकम समेत वितरण भएको छ ।

बैशाख १२ गतेको भूकम्पबाट

पूर्ण क्षति घरधुरी : ५१,१७०।

आंशिक क्षति घरधुरी : २३,८८६।

बैशाख २९ गतेको भूकम्प पश्चात

क्षतिग्रस्त घरधुरी : ८६,९२०।

भूकम्प पीडित परिवार परिचयपत्र तथा राहत रकम प्राप्त गर्ने घरधुरी : ७८,५०३।

अस्थायी आवासका लागि वितरण गरिएको रकम : रु. १,१७,७५,४५,०००।

ख) सरकारी कार्यालयहरुको क्षति :

१२ गतेको भूकम्प र त्यस पछिको पराकम्पनका कारण २० वटा गा.वि.स.को कार्यालय भवन पूर्ण रूपले क्षतिग्रस्त अवस्थामा रहेको पाइन्छ। उक्त गा.वि.स. भवनको क्षतिको मूल्याङ्कन प्रति गा.वि.स. भवन ७० लाखका दरले १४ करोड हुने अनुमान गरिएको छ। त्यसै गरी ६ वटा गा.वि.स. भवनहरू आंशिक क्षति भएका छन्। जस्को क्षतिको मूल्याङ्कन ७५ लाख अनुमान गरिएको छ। त्यसै गरी नगरपालिका कार्यालय भवन अन्य संरचना ६ वटा र नगर वडा कार्यालयरू १४ वटा आंशिक रूपमा क्षति ग्रस्त अवस्थामा रहेका छन् भने १ वडा कार्यालय भने पूर्ण रूपले क्षतिग्रस्त अवस्थामा रहेको छ। त्यसै गरी जिल्ला स्थित जम्मा ३१ वटा सरकारी कार्यालयहरू पूर्ण रूपले क्षतिग्रस्त अवस्थामा रहेको, २७ वटा कार्यालयहरू आंशिक क्षति भएको र ११ वटा सरकारी कार्यालयहरूको सामान्य क्षति भएको विवरण जिल्ला दैवीप्रकोप उद्धार समितिले उपलब्ध गराएको विवरणमा उल्लेख भएको छ।

क्षतिग्रस्त सार्बजनिक सम्पत्ति बिवरण :

- सरकारी भवन
  - पूर्ण क्षति (भत्काउनु पर्ने) : ३१ वटा
  - आंशिक क्षति (बृहत मर्मत गर्नुपर्ने): २७ वटा
  - सामान्य क्षति (सामान्य मर्मत गर्नुपर्ने): ११ वटा
  - क्षतिको अनुमानित मूल्यांकन रु. ३२,५७,३८,५५७।
  - सामुदायिक भवन : १३१
- सहकारी भवनः ७९
- गुम्बा, बिहार, स्तुपा : १०७
- रेडक्रस भवन : ३
- लघु जलविद्युत आयोजना : ३९ (६७ मध्ये)
- मन्दिर : ३८३, पाटी : ७३, सत्तल : १६
- चिलिंग प्लान्ट : १ (५०० लि. क्षमताको)
- शहिद गेट : १
- भ्यू टावर : १,

ग) कृषि पूर्वाधार तथा कृषि उपजको क्षति :

खाद्यान्न, तेलहन तथा दलहन बाली २६,४०० मेट्रिक टन क्षति भएको छ। जसको प्रचलित मूल्य रू. १,२८,२०,००,०००। आंकलन गरिएको छ। त्यसै गरी ५७३ मे.ट. वीउ क्षति भएको छ र त्यसको बजार मूल्य ३ करोड ५७ लाख ५० हजार हुने अनुमान गरिएको छ। त्यसै गरी रू. १ करोड मूल्य बराबरको तरकारी तथा नगदेबाली नोक्सान भएको छ। किसानहरूले व्यवसायिक प्रयोजनका लागि पालेका २ हजार वटा मौरीघार (जसको प्रचलित मूल्य १ करोड ६० लाख हुन आउँछ) क्षति भएको छ। कृषि पूर्वाधार तर्फ ६ वटा हाटबजार तथा संकलन केन्द्र, २ वटा कृषि व्यवसायिक फार्म, २० वटा साना सिँचाइ आयोजनाको पनि क्षति भएको छ। जसको प्रचलित मूल्य १ करोड ४५ लाख हुन आउँछ। सबै कृषि उपज र कृषि पूर्वाधार समेत जम्मा १ अर्ब ३५ करोड ८२ लाख ५० हजार क्षति तथा नोक्सान भएको अनुमान गरिएको छ।

घ) पशु सेवा सम्बन्धी पूर्वाधार तथा पशुपक्षीको क्षति :

पशु सेवाका पूर्वाधार तर्फ सरकारी कार्यालय भवन मध्ये २ वटा पूर्ण रूपमा क्षति भएका छन् भने ७ वटा आंशिक क्षति भएका छन्। क्षतिको कूल अनुमानित मूल्य रू. ८३ लाख आंकलन गरिएको छ। त्यसका अतिरिक्त भाडामा लिई संचालन गरिएको पशु सेवा केन्द्र मध्ये १२ वटा सेवा केन्द्रहरू क्षतिग्रस्त अवस्थामा रहेका छन्। सोमध्ये पूर्ण क्षतिग्रस्त भवनको संख्या २ र आंशिक क्षतिग्रस्त भवनको संख्या १० रहेको छ।

कृषिमा भएको क्षतिको विवरण

सि.नं.	विवरण	परिमाण	रकम (रु. हजारमा)
१	खाद्यान्न, तेलहन तथा दलहन बाली (मे.टन)	२६,४००	१,२८,२०,००।
२	बीउको क्षति (मे.टन)	५७३	३,५७,५०।
३	तरकारी तथा नगदे बाली		१,००,००।
४	मौरीघार	२,०००	१,६०,००।
५	हाटबजार तथा संकलन केन्द्र	६ वटा	३०,००।
६	व्यवसायिक फर्म	२ वटा	१५,००।
७	साना सिँचाइ आयोजना	२० वटा	१,००,००।
जम्मा (१ अरव ३५ करोड ८२ लाख ५० हजार)			१,३५,८२,५०।

त्यसै गरी काभ्रेपलाञ्चोक जिल्लामा भूकम्प अघि गाईको संख्या १,३६,४८५ भैंसीको संख्या १,३०,९९९, बाखा २,८९,६७६, वंगुर १३,६५८ र कुखुरा १४,४०,२५८ रहेकोमा महाभूकम्पको क्रममा गाई १२०२, भैंसी ७२२, बाख्रा ४२९२, वंगुर २१६ र कुखुरा ३४,२२० को क्षति भएको छ। त्यसै गरी १,२७९ खोरको क्षति पुगेको छ। क्षतिग्रस्त खोरको प्रचलित अनुमानित मूल्य रू. १४ करोड ३३ लाख ७७ हजार आंकलन गरिएको छ।

ङ) खानेपानी तथा सरसफाई तर्फको क्षति

काभ्रेपलाञ्चोक जिल्लामा आंशिक र पूर्ण रूपमा क्षति भएका खानेपानी संरचनाको संख्या ५५२ वटा रहेका छन्। उक्त क्षतिग्रस्त संरचनाहरू ७६ गा.वि.स. र ५ वटा नगरपालिकामा रहेको उल्लेख छ। क्षतिग्रस्त संरचनाको कुल मूल्य १८ करोड ७३ लाख २७ हजार ३१२ हुने अनुमान गरिएको छ।

त्यसै गरी जिल्लामा ६४,६०८ पक्की शौचालय भएकोमा गाह्रो र छानो मात्र क्षति भएको शौचालयको संख्या १८,१५७ रहेको, जमिनको सतह भन्दा माथि र तल क्षति भएको शौचालयको संख्या ८,८६४ रहेको र पूर्ण रूपमा क्षति भएको शौचालयको संख्या २२,५०२ रहेको पाइन्छ। जसको कूल क्षतिको मूल्य १ अर्ब ३९ करोड ३२ लाख ८६ हजार ३९ अनुमान गरिएको छ।

च) सामुदायिक विद्यालय तथा स्वास्थ्य संस्थाहरुको क्षति

विनासकारी भूकम्प र पराकम्पनका कारण काभ्रेपलाञ्चोक जिल्लाका ३१७ वटा सामुदायिक विद्यालयहरु पूर्ण रुपमा क्षतिग्रस्त भएका छन्। कक्षाकोठाको आधारमा १,७५४ कक्षाकोठाहरु पुनर्निर्माण गर्नुपर्ने गरी पूर्ण क्षति भएका छन् भने १,५९४ कक्षा कोठाहरु आंशिक क्षति छन्। सामुदायिक विद्यालयका २०० भन्दा बढी शौचालयहरु पूर्णक्षति भएका छन्। १५ वटा श्रोत केन्द्र भवन तथा ११ वटा बाल विकास केन्द्रहरुमा समेत क्षति पुगेको छ। हाल नेपाल सरकार तथा विभिन्न गैरसरकारी संघसंस्थाहरूबाट अस्थायी सिकाई केन्द्रहरु निर्माण भई कक्षा संचालन भइरहेको छ भने कतिपय विद्यालयहरु खुल्ला आकाशमुनि नै विद्यार्थीहरु पढाउन बाध्य छन्।

त्यसै गरी जिल्लामा स्वास्थ्य सेवा उपलब्ध गराउँदै आएका स्वास्थ्य संस्थाहरुमा पनि भूकम्पको प्रभाव उत्तिकै परेको छ। भूकम्पबाट जिल्लाको ४ मध्ये १ प्राथमिक स्वास्थ्य केन्द्र पूर्ण रुपमा क्षतिग्रस्त भएको छ भने २ वटामा आंशिक क्षति पुगेको छ। ३५ वटा स्वास्थ्य चौकी/उपस्वास्थ्य चौकीहरु पूर्ण रुपमा क्षति भएका छन् भने आंशिक क्षति हुने स्वास्थ्य चौकीहरुको संख्या ५० रहेको छ। १८ वटा बर्थिङ्ग सेन्टरहरुमा आंशिक क्षति पुगेको छ भने ३७ वटा बर्थिङ्ग सेन्टरहरु पूर्ण रुपमा ध्वस्त भएका छन्। क्षति भएका स्वास्थ्य संस्थाहरुले जिल्ला दैवीप्रकोप उद्धार समिति तथा जिल्ला स्वास्थ्य कार्यालय मार्फत् प्राप्त टेन्टबाट सेवा प्रवाह गरिरहेका छन्।

छ) जोखिममा परेका गा.वि.स. बस्ती र परिवार

महाभूकम्प र पराकम्पनका कारण काभ्रे जिल्लाका धेरै बस्तीहरूको भूभाग चिरा-चिरा परेको र कतिपय स्थानमा पहिरो लागेको देखिन्छ। अहिलेसम्म संकलित र उपलब्ध तथ्याङ्क मध्ये २९ वटा गा.वि.स.हरु जोखिममा रहेको देखिन्छ। संकलित तथ्याङ्क अनुसार जोखिममा रहेका स्थानमा प्रभावित १,२३५ घरधुरी र त्यसबाट ७,५८७ जना प्रभावित रहेको जिल्ला दैवीप्रकोप उद्धार समितिबाट प्राप्त विवरणमा उल्लेख छ। जोखिममा परेका केही बस्तीहरु छुटेकोले प्रस्तुत तथ्याङ्क अझै अपुरो रहेको देखिन्छ। हालसम्म १३ गा.वि.स.का ५२३ घरधुरीका करिब ३ हजार जनसंख्यालाई विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुको सहयोगमा सुरक्षित स्थानमा सारिएको छ। मानिसहरुले आफ्नो जग्गा जमिन, गोठ छाडेर अन्यत्र सर्न त्यति सहज रुपमा नलिने हुँदा बस्ती सार्ने काम सबै स्थानमा सजिलै हुन सकेको छैन।

३. उद्धार तथा राहतमा भएका कार्यहरू :

क) खोज तथा उद्धार

भूकम्प पीडितहरुको उद्धार र राहत कार्यमा सुरक्षाकर्मीहरुको भूमिका देशभर नै निकै प्रशांसनीय रह्यो। काभ्रेपलाञ्चोक जिल्लामा पनि भूकम्प गएकै दिनदेखि पीडितहरुको उद्धार र राहत कार्यमा सुरक्षा निकाय परिचालित भयो। जिल्लाका सबै गा.वि.स. र नगरपालिकाहरुमा १३०० नेपाली सेना, ६०० प्रहरी तथा २०० सशस्त्र प्रहरी सहित २,१०० सुरक्षाकर्मीहरु परिचालित थिए। बिशेष गरी भत्किएका संरचनाहरुले पुरिएका जीवित मानिसहरुको उद्धार, जीवित जनावर तथा पशुपंक्षीहरुको उद्धार, मानिस तथा मृत जनावरहरुको शव व्यवस्थापन, अवरुद्ध सडक संचालन, धरापमा रहेका घरहरु भत्काउने, राशनहरु सुरक्षित रुपमा निकाल्ने, राहत सामग्रीहरुको एस्कर्टिङ्ग लगायतका कार्यहरुमा सुरक्षाकर्मीहरुले महत्वपूर्ण भूमिका खेले।

- जीवित मानिस उद्धार : २३७ जना
- जीवित प्राणी उद्धार : ४९६
- हेलिकोप्टरबाट उद्धार : १३ जना
- अबरुद्ध सडक सञ्चालन : २८ स्थानमा
- स्वास्थ्य सेवा प्रदान : ३१ स्थानमा
- टहरा निर्माण : ६९४
- घरबाट राशन निकालिएको : ४,३५५ घरधुरी
- शव व्यवस्थापन
  - मृत मानिस : २८०
  - मृत जनावर : २१२
- घर भत्काएको : ९०१

ख) राहत सामग्री वितरणको अवस्था

भूकम्प पीडितहरुको उद्धार तथा राहत कार्यमा १२ गते साँझदेखि नै जिल्ला दैवीप्रकोप उद्धार समितिले सकृयता देखाएको थियो। भूकम्पबाट अधिकांश घरहरु भत्किएका र निरन्तर गैरहेका पराकम्पनहरुका कारण

जिल्लावासीहरुको पहिलो माग त्रिपालको रहेको थियो । शुरुका दिनहरुमा केन्द्रबाट त्रिपाल उपलब्ध हुन नसकेको र स्थानीय स्तरमा जिल्ला विकास समिति, नगरपालिका तथा गा.वि.स.हरुबाट श्रोतको व्यवस्था गरी त्रिपाल खरिद गर्न खोज्दा बजारमा त्रिपालको अभावका कारण खरिद गर्न नसकी त्रिपालको व्यवस्थापन निकै जटिल बनेको थियो । पछिल्ला दिनहरुमा केन्द्रीय दैवीप्रकोप उद्धार समिति, जिल्ला विकास समिति तथा अन्य बिभिन्न संघसंस्थाहरुबाट प्राप्त त्रिपाल लगायतका सामग्रीहरुलाई जिल्ला स्थित स्टोरबाट व्यवस्थित रुपमा गाउँगाउँमा पठाउने काम भएको थियो । जिल्ला दैवीप्रकोप उद्धार समितिलाई राहत सामग्रीहरु हस्तान्तरण गरी उसैको माध्यमद्वारा राहत सहयोग उपलब्ध गराउने संघसंस्थाहरूको संख्या कूल ४५ रहेको छ भने १४२ वटा संघसंस्थाहरुले दैवीप्रकोप उद्धार समिति गाउँ/नगर समितिको समन्वयमा बिभिन्न राहत सामग्रीहरु सहयोग गरेका छन् ।

त्यसै गरी जिल्ला कृषि विकास कार्यालयले ६ वटा सेवा केन्द्रहरुबाट ६० मे. टन धानको वीउ २ मे.टन कोदोको वीउ, २०० परिमाणमा प्लाष्टिक टनेल, ४ हजार थान सुपर ग्रेन ब्याग वितरण गरेको छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालयले भूकम्पबाट क्षतिग्रस्त खानेपानी योजनाहरुको मर्मतसम्भारका लागि ८१,२६५ मिटर बिभिन्न साइजका पाईपहरु, फिटिङ्गस् तथा खानेपानी ट्यांकीहरु वितरण गरेको छ । जिल्ला भूसंरक्षण कार्यालय मार्फत् पहिरो र भूक्षय रोकथामका लागि १९ गा.वि.स.का ८४ स्थानमा १४,४१० बर्गमिटर ग्याबियन बक्स वितरण भएको छ ।

अस्थायी सिकाई केन्द्र TLC निर्माण

- एक्सन एड नेपाल/शैक्षिक नमूना ग्रामीण विकास केन्द्र : २० वटा
- ग्लोबल एक्सन नेपाल : २८ वटा
- ADRA/IFCD : १८ वटा
- सेभ द चिल्ड्रेन/नांगशाल : ४९ वटा
- Smile for Hope Foundation : ६ वटा
- क्रिडाक नेपाल : १२ वटा
- एशिया फ्रेन्डसिप नेटवर्क : १५ वटा
- Nepal Jesuit Social Institute : ५ वटा
- सबैका लागि स्वास्थ्य र शिक्षा : १६ वटा
- भूकम्प पीडित सहयोग अभियान, इजरायल : १० वटा
- जिविस, निर्वाचन क्षेत्र विकास कार्यक्रम : ५० वटा

जिल्ला शिक्षा कार्यालय मार्फत् विद्यालयहरुको अस्थायी व्यवस्थापनका लागि रकम पठाउने, पाठ्यपुस्तक क्षति भएका बालबालिकाहरुका लागि सहयोग, पोशाक तथा ब्यागका लागि प्रतिविद्यार्थी रु. १ हजार नगद, शिक्षकहरुलाई मनोपरामर्श तालिमहरु संचालन लगायतका कार्यहरु भएका छन् भने विभिन्न संघ संस्था, ब्यक्तिहरुको सहयोगमा विद्यालय भवनहरु निर्माण, २०० भन्दा बढी अस्थायी सिकाई केन्द्र (TLC) हरु निर्माण, जस्तापाताहरु बितरण लगायतका क्षेत्रमा काम हुँदै आएको छ ।

ग) अस्थायी घर तथा भण्डारण निर्माण

जिल्लाका भूकम्प पीडितहरुका लागि अस्थायी घर तथा खाद्यान्न भण्डारण निर्माणमा एक्सन एड नेपाल/शैक्षिक नमूना ग्रामीण विकास केन्द्र, यूएन ह्याबिट्याट, कारितास नेपाल, चौधरी ग्रुप, धुर्मुस सुन्तली, इनलोगोस, नवज्योति तालिम केन्द्र, फरवार्ड, मित्र समाज, एशिया अनलुस लगायतका बिभिन्न ३१ संघसंस्थाहरुले काम गरिरहेका छन् । कतिपय संस्थाले केही अस्थायी घरहरु निर्माण गरी हस्तान्तरण गरेका छन् भने अधिकांश स्थानहरुमा अस्थायी घर निर्माणका लागि जस्तापाता वितरण गरिएको छ । कतिपय संघसंस्थाहरुले जिल्ला दैवीप्रकोप उद्धार समितिमा जानकारी नगराई काम गरेको र जिल्लामा काम गर्ने संघसंस्थाहरुको एकिकृत विवरण समितिमा समेत नभएको हुँदा जिल्लामा कति घर निर्माण भए भन्ने यथार्थ विवरण भने आउन सकेको छैन ।

घ) भूकम्प र जिल्ला दैवीप्रकोप उद्धार समितिको प्रयास

काभ्रेपलाञ्चोक जिल्लामा जिल्ला दैवीप्रकोप उद्धार समितिमा रहेका प्रशासन र सुरक्षा निकायका बीचको अन्तरसम्बन्ध सुमधुर रहेका कारण भूकम्पबाट प्रभावित व्यक्तिहरुको उद्धार, सहायता, राहत सामग्री जेजति प्राप्त भयो, त्यसको वितरण प्रकृया सहज भयो । दलीय प्रतिनिधिहरूको आ-आफ्ना

जिल्लामा बितरण भएका प्रमुख राहत सामग्रीहरूको बिवरण :

क्र.सं.	राहत सामग्रिको विवरण	जिल्ला दैवीप्रकोप उद्धार समिति	अन्य संघ संस्था	जम्मा वितरण
१	त्रिपाल, टेन्ट	५२,५०७ थान	५९,३०८ थान	१,११,८१५ थान
२	चामल	७५९ मे टन	८१८ मे टन	१,५७७ मे टन
३	अन्य खाद्यान्न (चिउरा, आँटा)	१२१ मे.टन	४१ मे टन	१६२ मे. टन
४	तयारी खानेकुरा (बिस्कुट, चाउचाउ)	१४,६९० कार्टुन	६,३१७ कार्टुन	२१,००७ कार्टुन
५	कम्बल, ब्लाङ्केट	१६,२५७ थान	२६,३७४ थान	४२,६३१ थान

अनुग्रहका कारण मिल्न नसक्दा प्रशासन र राजनीतिका बीचमा भने बेला बखत खटपट भएको पाइयो । खटपट हुनुका कारण नेपाल सरकारले काभ्रे जिल्लालाई सबैभन्दा धेरै प्रभावित जिल्ला भित्र नपार्नु, जिल्लाको राजनीतिक क्षेत्र र प्रतिनिधिबाट सरकारलाई यथार्थ बोध गराउन नसक्नु र अन्य जिल्लाको तुलनामा राहत सामग्री कम प्राप्त हुनुका कारण आफूले चाहेको स्थानमा आवश्यक मात्रामा सामग्री लैजान नपाउँदा राजनीतिक प्रतिनिधि र प्रशासनका बीच अलि बढी खटपट भएको पाइयो । तर प्रशासनका क्षेत्रबाट सन्तुलित र बढी यथार्थपरक ढंगले नै वितरण गरेको देखिन्छ । गा.वि.स.मा गा.वि.स. सचिव, राजनैतिक दल, स्थानीय प्रहरी समेतको सहभागितामा समिति गठन गरी परिचालन गरिएको छ । जतिबेला उद्धार र राहत सामग्री वितरण गरियो त्यति बेला व्यवस्थित सूचना प्रणाली, अद्यावधिक तथ्याङ्क र पारदर्शिता जस्ता कार्यहरु प्रशंसनीय रहे ।

भूकम्प पछि गा.वि.स.मा असार मसान्तसम्म सैनिक टोली रह्यो घर, गोठ र अन्य भौतिक संरचनाले पुरिएका र समुदायले निकाल्न नसकेका शवहरू, गाई, भैंसी, बंगुर, बाखा र अन्य पशुपक्षीहरू निकाली व्यवस्थित गरिदिने, जनताले भत्काउन नसकेका असुरक्षित भौतिक संरचनाहरू भत्काई सहयोग गरिदिने, अवरूद्ध सडकको अवरोध हटाई दिने र मानवीय सहायताका काम र शान्ति सुरक्षाका काममा सेनाको प्रशांसनीय भूमिका रह्यो । त्यसै गरी राहत वितरणमा सुरक्षा प्रदान गर्ने शान्ति सुरक्षा स्थापना गर्ने कार्यमा प्रहरीको पनि प्रशांसनीय भूमिका रह्यो । क्षतिग्रस्त संरचना र सम्पत्तिको तथ्याङ्क संकलन गर्ने, उपलब्ध राहत वितरण गर्ने कार्यमा प्रशासनको भूमिका पनि प्रशांसनीय रह्यो । राहत वितरणमा गैरसरकारी क्षेत्रको भूमिकामा कसैको एकद्वार प्रणालीबाट जाने सरकारी नीति अनुसार समन्वयी रह्यो भने कसैको भूमिका आ-आफ्नै अनुकूलतामा चल्ने रह्यो । समग्रमा राहत सामग्री उपलब्ध गराउने कार्यमा सरकारी श्रोत साधनका तुलनामा गैरसरकारी क्षेत्र ज्यादा प्रभावकारी रह्यो । एकद्वार प्रणालीबाट नचल्दा कतै दोहोरो र कतै एकपटक पनि राहत सामग्री प्राप्त नहुने अवस्था रह्यो । जिल्ला दैवीप्रकोप उद्धार समितिले कामलाई विकेन्द्रित गर्न विषय मिल्ने गरी अस्थायी पुनर्निर्माण र राहत वितरणका लागि ९ वटा समूह (Cluster) निर्माण गऱ्यो जो आफैंमा सकारात्मक नै भन्नु पर्ने हुन्छ । तर समितिले समूहका कामलाई पारदर्शी बनाउन तथ्याङ्कलाई नियमित र अद्यावधिक गर्न सकेको पाइँदैन । जसको परिणाम तथ्य र एकिकृत तथ्याङ्क प्राप्त गर्न कठिन भएको छ ।

ङ) राजनीतिक दलहरुको भूमिका

भूकम्प पछि पीडामा परेका जनतालाई उद्धार राहत संकलन र वितरणका बेला राजनीतिक दलहरूमा दलीय र अन्तरदलीय समन्वय, संस्थागत निर्णयका साथ एकिकृत ढंगले जसरी जनताप्रतिको जवाफदेहिता र उत्तरदायित्व पुरा गर्न लाग्नुपर्ने थियो त्यसरी लाग्ने काम भएको पाइएन । राजनीतिक दलहरूप्रति जनताको आस्था र विश्वास अभिबृद्धि गर्न यो एउटा महत्वपूर्ण अवसर थियो । केही छिटफुटमा राजनीतिक दलका कार्यकर्ता त लागे तिनले केही राम्रै काम पनि गरे, तर सबै मिलेर संस्थागत ढंगले गर्ने वातावरण बनेको भए त्यसको प्रभाव अझ धेरै राम्रो हुनेथियो । जनताका अस्थायी घर निर्माणमा अन्य राजनीतिक दलको भूमिका सारै न्यून रहेको अवस्थामा नेकपा एमाले केन्द्रीय कमिटीबाट खटिई आएका जिफण्टका स्वयंसेवकहरूको भूमिका भने धेरै प्रशांसनीय रह्यो । उक्त टोलीले महिनौं त्रिपाल मुनि बसेर, आफ्नै सामल खाएर पीडित जनताको उद्धारका लागि अस्थायी सेल्टरहरु निर्माण गरिदिए । जनताप्रति आत्मीयता प्रदान गरेर दुःखेको अन्तरमनको घाउमा मलमपट्टी लगाई दिए र आपतमा सहयोग गर्ने सकारात्मक सन्देश प्रदान गरे ।

४. उपसंहार ः

संसारका प्रायः सबै मुलुकका सरकारले विपत् व्यवस्थापनका लागि कुनै न कुनै प्रकारको बन्दोवस्त गरेका हुन्छन् । नेपालमा पनि राष्ट्रिय र स्थानीय सबै तहमा विपत व्यवस्थापनका लागि आकस्मिक रुपमा प्रयोग र परिचालन गर्न आवश्यक सामग्रीको व्यवस्था हुनुपर्ने थियो, तर भूकम्पका कारण विस्थापित जनतालाई सामान्य ओत लाग्न चाहिने त्रिपाल समेत राज्यसँग थिएन । काभ्रे जिल्लामा भूकम्प गएको तेश्रो दिन मात्रै नेपाल रेडक्रस सोसाइटी, काभ्रे शाखाले ५०० थान त्रिपाल ल्याएर जिल्ला दैवीप्रकोप उद्धार समितिमा बुझाएको थियो । त्यो अवस्थासम्म कानूनी र औपचारिक रुपमा रहेको जिल्लाको विपत व्यवस्थापनको संयन्त्रसँग एक थान त्रिपाल वा कुनै सामग्रीको बन्दोबस्त थिएन । गाउँमा त झन् हुने कुरै भएन । यसैकारण कैयन् दिनसम्म हावा र पानी सास्ती खाँदै खुला आकाशमुनि पीडित जनताले रात गुजार्न बाध्य भए ।

अहिलेसम्म भूकम्प कहिले आउँछ, कुन दिन आउँछ, कति क्षति पुऱ्याउँछ भन्ने कुराको पूर्वानुमान गर्न विज्ञानले सकेको छैन । निश्चित अवधि पुरा भए पछि भूकम्प लगायत महाविपत्तिहरु आउने गर्दा रहेछन् । यो सत्य र वास्तविक यथार्थलाई बुझि राज्यका प्रत्येक तहले आआफ्ना स्थानमा विपत् व्यवस्थापनका लागि निश्चित् उद्धार तथा राहत सामग्रीहरु भण्डारण गर्ने अनिवार्य बस्तोबस्त गर्नु आवश्यक छ ।

जिल्लामा भूकम्पबाट भौतिक संरचनाहरुको ठूलो मात्रामा क्षति भए तापनि अन्य जिल्लाको तुलनामा मानवीय क्षति कम भएका कारण सरकारले जिल्लालाई पहिलो प्राथमिकतामा नराख्दा आवश्यकता अनुसार राहत सामग्रीहरु आउन नसके तापनि जिल्लामा आएका सामग्रीहरुको न्यायोचित वितरण भएको छ । उद्धार तथा राहत कार्यमा विशेष गरी सुरक्षा संयन्त्र, जिल्ला प्रशासन कार्यालय तथा स्थानीय निकायहरु जिल्ला विकास समितिको कार्यालय, नगरपालिका तथा गा.वि.स.का कार्यालयहरु उल्लेख्य रुपमा परिचालित भए तापनि र राज्यका अन्य संयन्त्रहरुको खासै परिचालन हुनसकेको पाइएन । विपतको अवस्थामा राहत तथा उद्धार कार्यमा स्थानीय निकायमा निर्बाचित जनप्रतिनिधिहरुको रिक्तता सर्वत्र खड्केको अनुभूति भयो ।

भूकम्पले मानवीय तथा भौतिक क्षति, मानसिक त्रासका साथै नेपालीलाई धेरै पाठ समेत सिकाएर गएको छ। नेपाल भूकम्पको उच्च जोखिममा रहेको हुनाले जुनसुकै बखत यस्ता भूकम्पहरु जान सक्ने हुँदा हरबखत यसतर्फ सावधानी अपनाउनु पर्ने हुन्छ। नेपालीमा भएको आपतविपतमा एकअर्कालाई सहयोग गर्ने संस्कारले हामीहरु जस्तोसुकै विपत्तिलाई पनि सामना गर्न र आफू आफैं मिलेर संयमतापूर्वक व्यवस्थापन गर्न सक्षम छौं भन्ने कुरा फेरि पनि प्रमाणित भएको छ भने भूकम्पको एक साताको अवधिमा नेपाल पनि हैटीको रुपमा अगाडि बढ्ने हो कि भनी व्यापक रुपमा भएको चर्चा परिचर्चालाई पनि नेपालीहरुले निस्तेज पारिदिएका छन्। यति हुँदाहुँदै पनि भूकम्प पश्चात् राहतका लागि घरधुरीहरु बढ्ने, सँगै भएका श्रीमान् श्रीमति समेत राहतका लागि छुट्टिने, अमेरिका, क्यानाडाको भिसा पिआरका लागि सहयोग पुग्ने भन्दै उच्च ओहोदामा रहेका, निकै राम्रो आर्थिक स्थिति भएका तथा काठमाण्डौमा २/३ वटा घर हुने व्यक्तिहरुले समेत भूकम्प पीडित परिवार परिचयपत्र लिनका लागि गरेको तँछाडमछाडले भने केही नकारात्मक सन्देश समेत दिएको छ। ❖

सहकारी विभागको सूचना

१. सर्वसाधारण नागरिकहरुले सहकारी र बैंक एउटै होइन भन्ने बुझ्नु जरुरी छ। हरेक व्यक्तिले नियमानुसार सहकारीको सदस्यता प्राप्त नगरेसम्म सहकारी संस्थामा बचत संकलन गर्न हुँदैन। सहकारी संस्थाहरुले सिद्धान्त, मूल्यमान्यता र प्रचलित कानून बमोजिम आ-आफ्नो विनियम अनुसार स्वीकृत कार्यक्षेत्र भित्र सदस्य केन्द्रित कारोवार गर्नुपर्ने हुन्छ।

२. सहकारी संघसंस्थामा आफ्ना सदस्यहरु भन्दा बाहिर कारोवार गर्न, भ्रमपूर्ण विज्ञान मार्फत सर्वसाधारणलाई आकर्षित गर्न र संस्थाको साइनबोर्डमा नेपाल सरकारबाट स्वीकृति/मान्यता प्राप्त भनी लेख्न, प्राथमिक पूँजीकोषको १० गुणा भन्दा बढी बचत कारोवार गर्न, एक जना सदस्यले कुल पूँजीकोषको १० प्रतिशत भन्दा बढी रकम ऋण लिन, एउटै परिवारको सदस्य वा एउटै व्यक्ति संचालक समिति, लेखा समितिको सदस्य हुन, एकै प्रकृतिको एक भन्दा बढी संस्थामा सदस्य बन्न र एउटै व्यक्ति एक भन्दा बढी संस्थाको पदाधिकारीमा बस्न पाइँदैन।

३. सहकारी संस्थाका प्रत्येक सदस्य तथा पदाधिकारीहरुले व्यक्तिगत रुपमा संस्थामा नियमित बचत गर्ने र संस्थाको हरेक गतिविधि र काम कारवाहीमा सहभागी भई जिम्मेवारी बहन गर्नुपर्दछ।

४. लेखापरीक्षकको पारिश्रमिक र पदाधिकारीहरुको भत्ता तथा अन्य सुविधा सर्वसाधारणबाट पारित गराएर मात्र खर्च गर्नु पर्नेछ।

५. संस्थागत निरन्तरता र नियमितताको लागि सहकारी संघसंस्थाले अनिवार्य रुपमा वार्षिक साधारणसभा र लेखापरीक्षण गराउनु पर्दछ। लामो समयसम्म वार्षिक साधारणसभा र लेखापरीक्षण नगराउने निष्कृय संस्थाहरुको दर्ता खारेजी गराउन सम्बन्धित डिभिजन सहकारी कार्यालयहरुलाई निर्देशन गरिन्छ।

६. संस्थाका पदाधिकारीहरु नियमनकारी निकाय र सदस्यहरुप्रति उत्तरदायी हुनु पर्दछ। संघसंस्थाको संचालक समिति, लेखा समिति तथा अन्य उपसमितिको बैठक नियमित रुपमा बस्ने र महत्वपूर्ण निर्णयको माइन्यूटको प्रमाणित अभिलेख उपस्थित पदाधिकारीहरुको हस्ताक्षर सहित सुरक्षित रुपमा राख्नु पर्नेछ।

७. उत्पादन, प्रशोधन र वितरणको उद्देश्य सहित ठूलो कार्यक्षेत्र राखी दर्ता भएका केही कृषि तथा बहुउद्देश्यीय सहकारी संस्थाहरुले स्वीकृत विनियममा भएको प्रावधान विपरित हुने गरी बचत तथा ऋणको कारोवार गर्ने गरेको र खारेजीमा परेका केही सहकारी संस्थाहरुले समेत कारोवार यथावत् संचालन गरेको भन्ने बुझिन आएको हुँदा सम्बन्धित डिभिजन सहकारी कार्यालयहरुले कडाईका साथ अनुगमन गरी यस्तो कार्य तत्काल बन्द गर्नु गराउनु हुन निर्देशन गरिन्छ।

८. सहकारी संघसंस्थाको माध्यमबाट अनुत्पादक क्षेत्रमा हुने लगानीलाई निरुत्साहित गर्दै रोजगारी सिर्जना, उत्पादन तथा आयआर्जन बृद्धि र गरीबी न्यूनीकरणमा टेवा पुऱ्याउने उद्देश्य अनुरुप समान प्रकृतिका संस्थाहरुको एकीकरण गरी सवल र सक्षम सहकारी उद्यमको निर्माण गर्न सबै सरोकारवालाहरुको ध्यान आकर्षण गराइन्छ।

९. सहकारी मूल्यमान्यता, सिद्धान्त, प्रचलित कानून, विभागीय निर्देशन, परिपत्र र मापदण्डको पालना र कार्यान्वयन नगर्ने सहकारी संघसंस्थाहरुलाई प्रचलित कानून अनुसार कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ।

१०. सहकारी संघसंस्थाको स्वीकृत विनियममा उल्लेख नभएका कामहरु गर्न गराउन पाइनेछैन। तर साधारण सभाबाट विनियम संसोधन गरी सम्बन्धित सहकारी कार्यालयबाट स्वीकृत भए पछि नयाँ काम गर्न सकिनेछ।

रजिष्ट्रार
सहकारी विभाग, नयाँ बानेश्वर

गोरखा भूकम्प २०७२ व्यवस्थापनमा गोरखाको अभ्यास

- उद्धव प्रसाद तिमल्सेना*

विषय प्रवेशः

वैशाख १२ गतेको विनासकारी भूकम्प गोरखालाई केन्द्र विन्दु बनाएर आयो । त्यसले निम्त्याएको असर र पारेको प्रभावलाई व्यवस्थापन गर्ने क्रममा आकस्मिक तथा तत्काल राहत उद्धारका अवधिसम्म जिल्ला दैवीप्रकोप उद्धार समिति गोरखाले गरेका प्रयासहरु, आईपरेका समस्याहरु र चुनौतीहरु समेतलाई समेट्दै अनुभवजन्य सिकाईहरुलाई यो लेखमा संक्षिप्त कोर्ने जमर्को गरेको छु । यो लेखलाई विभिन्न कोणबाट प्रस्तुत गर्न सकिने भए तापनि स्वयं प्रकोप व्यवस्थापन समितिको अध्यक्षको हैसियतले काम गर्दाका संस्थागत स्मरणहरुलाई सिलसिलेवार रुपमा लिपिवद्ध गर्ने प्रयास गरेको छु ।

यस लेखबाट गोरखा जिल्लाको ऐतिहासिक पृष्ठभूमिमा भूकम्पको समयमा र तत्पश्चात् लेखक आफैंले पनि कस्तो अनुभूति संगालेको रहेछ र जिल्लाको त्यो पीडादायी क्षणलाई कसरी सहजपथमा हिँडाउन प्रयास गरेको रहेछ । के कस्तो सहकार्य, समन्वय र व्यवस्थापनबाट जिल्लावासीहरुमा परेको त्यो असहाय पीडालाई सामना गर्न सक्षम भएका रहेछ । संक्षेपमा विवेचना गर्ने कोशिष गरेको छु । उस्तै पीडामा आक्रान्त अन्य डेड दर्जन जिल्लाहरु मध्ये गोरखा जिल्लामा विपद् व्यवस्थापनको हिसावले कसरी मोडल जिल्लाको रुपमा कार्यसम्पादन भएको रहेछ भन्ने समेत उल्लेख गर्दै अविस्मरणीय विषयवस्तुहरु यस भित्र राख्न कोशिस गरेको छु । यस आलेखलाई जिल्लावासीहरुले एउटा प्रशासकको आत्मवृतान्त मात्र नभनेर लामो समयसम्म विपद्का क्षणमा एउटा मार्गदर्शक दस्तावेजको रुपमा ग्रहण गर्न सकुन् र सबैका लागि यो एउटा प्रेरणाको श्रोत बनोस् भन्ने कामना समेत गरेको छु ।

ऐतिहासिक पृष्ठभूमिः

गाईको रक्षा (गोरक्षा) गरिने ठाउँ अथवा प्रशस्त गाई पशु चराउने खर्क भएकोले शुरुमा गोखर्क, गोरख हुँदै गोरखा भएको अनि गोरखावासीहरुका आरध्य देवता, सिद्धपुरुष गोरखनाथ बाबाको तपोभूमि पावन क्षेत्र भएको कारणले पनि यस ठाउँको नामाकरण गोरखा रहेको भन्ने ऐतिहासिक मान्यता रहिआएको छ । लिच्छविकालमा जयदेव द्वितियको शिलालेखमा समेत गोरखाको बारेमा चर्चा भएको तथ्यबाट यो नाम धेरै प्राचीन भएको पुष्टि हुन्छ । हालको नेपाल राज्यको एकीकरण गर्ने श्रेय गोरखा जिल्लालाई नै दिइने गरिन्छ । टुक्रिएर रहेका बाइसी, चौबिसी ससाना राज्यहरुलाई बि.सं. १७९९ देखि १८२६ सम्ममा एकीकरण गरी तत्कालीन राजा पृथ्वीनारायण शाहले देशको राजधानी यही गोरखाबाट काठमाण्डौमा सारेको र नेपाललाई सबै जातजातिको साझा फूलबारी बनाएको भन्ने आमरुपमा जानकारीनै छ । नेपाल एकिकरणताका र तत्पश्चात् रणसंग्रामहरुमा गोरखालीले देखाएको रणकौशलताका कारण अहिलेसम्म पनि विश्वमा गोरखा र गोर्खालीको शौर्य, वीरता, सान, सौकत कायमै रही आएको छ ।

गोरखा जिल्ला नेपालको मध्य भागमा रहेको हिमाली, उच्च पहाडी, पहाडी तथा समथर मैदानी भागमा फैलिएको छ । यो प्राकृतिक, ऐतिहासिक, साँस्कृतिक तथा धार्मिक महत्त्व बोकेको जिल्ला हो । यहाँ दुई वटा नगरपालिका र ६० वटा गाउँ विकास समिति

(गा.वि.स.) छन् । तल्लो भेग केही विकसित भए पनि जिल्लाको उत्तरी भेग यातायात तथा विकासको दृष्टिकोणले पछि परेको छ । गोरखा जिल्ला विकासको दृष्टिले मानवीय सूचकांकको ०.४८१ मा रहेको छ । ०६८ को जनगणना अनुसार जिल्लामा ६६ हजार ५१६ घरधुरी र दुई लाख ७१ हजार ०६१ जनसंख्या रहेको छ (राष्ट्रिय जनगणन २०६८) । गोरखामा विश्वको आठौं उच्च हिमाल भनेर चिनिने आठ हजार एक सय ६३ मिटर अग्लो मनास्लु हिमाल छ । साथै प्राकृतिक तथा संस्कृतिक विविधताले यहाँको पहिचान अझै बढाएको छ । उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत पठारदेखि दक्षिण पश्चिम तराईको भित्री भाग मानिने चितवनसँग जोडिन पुगेको छ ।

त्यो अविस्मरणीय क्षण

बैशाखको १२ गते गोरखा जिल्ला अदालतले मकैसिङको बुटारमा एउटा कार्यक्रमको आयोजना गरेको थियो । म त्यहाँ गएको थिएँ । त्यहाँ माननीय डा. बाबुराम भट्टराई पनि आउनु भएको

* प्रमुख जिल्ला अधिकारी, गोरखा

भूकम्पले ध्वस्त बनाएको वारपाक गाउँ

थियो । एउटा सहकारीको भवनमा कार्यक्रम भएको थियो । कार्यक्रम सकेर बाहिर निस्क्यौं । निस्केको एक मिनेटमै मलाई एलडीओसाबले कता हुनुहुन्छ ? भनेर खोज्न फोन गर्नुभयो । फोनमा बोल्दा बोल्दै उहाँले 'लौ, ठूलो भुइँचालो गयो' भनेर टेलिफोन काटिदिनु भयो ।

डाक्टर बाबुराम भट्टराईसँगै हुनुहुन्थ्यो । २०/२२ जना प्रहरीहरु थिए । हेर्दाहेर्दै त्यही भवनको एउटा गारो ढल्यो । हेर्दाहेर्दै त्यहाँको सल्लाघारीको ढिस्को पनि झऱ्यो । माथिबाट पहिरो झर्न थाल्यो भने पछि भुइँचालो ठूलो छ भन्ने लाग्यो । धेरै तिर क्षति भयो भन्ने पनि लाग्यो । भिरालो खोंचमा थियौं । हामी सबैजना समथर भएको ठाउँमा दौडियौं । समथर ठाउँमा पनि बेस्सरी हल्लियो । कतिका घर ढल्न थाले । कतै पहिरो, कतै घर ढलेको हुनाले यत्रतत्र धुलाम्मे भयो । करिब पाँच मिनेट हामी त्यहीं उभियौं ।

डाक्टरसाबसँग उहाँको मेडम हिसिला पनि हुनुहुन्थ्यो । उहाँहरुको खोप्लाङ जाने पारिवारिक र राजनीतिक कार्यक्रम थियो । हाइवेमा आइसके पछि मैले डाक्टरसाबलाई धेरै क्षति भएको हुनसक्छ, तपाइँ फर्कनुस् भनें । सल्लाह गरेर उहाँहरु फर्कनु भयो । सडकमा धेरै ठाउँमा पहिरो झरेर बाटो अवरोध भएको रहेछ । अवरोध पन्साउँदै हामी सरासर गोरखा आइपुग्यौं ।

धेरै घरहरु भत्के होलान्, धेरै मान्छे मरे होलान् । कसरी व्यवस्थापन गर्ने भन्ने सोच्दै-सोच्दै हामी आयौं । हस्पिटलमा घाइते आए भन्ने सुने पछि हामी सिधै हस्पिटल गयौं । गम्भीर खालका घाइतेहरु अस्पतालमा आएका थिए । गाउँ तिर पनि धेरै हताहती भएको खबरहरु आउन थाले । हामीले सबै कार्यालय प्रमुखहरुलाई अस्पतालमै बोलायौं । टेलिफोन सञ्चार अवरुद्ध जस्तै थियो । तैपनि हामीले केन्द्रमा खबर गऱ्यौं । गाउँबाट पनि बिभिन्न खालका फोनहरु आउन थाले । अन्यौल अन्यौलका बीच भूकम्प ७.८ रेक्टर स्केलको र बारपाक केन्द्रविन्दु रे भन्ने पक्का जानकारी आयो । त्यहाँको प्रारम्भिक जानकारी पनि लियौं । सबैतिरको जानकारी लिँदै केन्द्रको पनि सम्पर्कमा रह्यौं । उच्च सतर्क अवस्थामा रह्यौं ।

जिल्ला दैवीप्रकोप उद्धार समिति (डिडिआरसी) को बैठक बसिहाल्नु पऱ्यो भन्ने सल्लाह भयो । जिल्ला प्रशासन कार्यालयको भवन पनि भत्केको, अस्पतालको पनि भवन भत्केको भने पछि अस्पतालकै चौरमा समितिको पहिलो बैठक बस्यौं । पहिलो बैठकले जिल्ला स्थित सबै राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारीहरु, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान, सामाजिक संघसंस्थाहरु, उद्योग वाणिज्य संघ, गैरसरकारी संघसंस्था, उद्योगी व्यापारी, यातायात व्यवसायी, पत्रकार एवं सम्पूर्ण संचारकर्मीहरुलाई भूकम्पबाट हुन गएको क्षतिको खोजी एवं प्राप्त सूचना संकलन गर्न तथा उद्धार कार्यमा जुट्न आव्हान गर्ने निर्णय गऱ्यो । साथै भूकम्पबाट भएको क्षतिको सम्वन्धमा खोज, उद्धार तथा राहत व्यवस्थापन गर्ने प्रयोजनका लागि जिल्ला प्रशासन कार्यालय संयोजक र सदस्यहरु जिल्ला विकास समितिको कार्यालय, जिल्ला स्थित सबै राजनीतिक दलका प्रमुख र प्रतिनिधिहरु, भैरबी दल गणका प्रमुख सेनानी, जिल्ला प्रहरी कार्यालय, शसस्त्र प्रहरी गुल्म कार्यालय, नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखा, यातायात व्यवसायी समितिहरु र पत्रकार महासंघ सदस्य रहेको समन्वय तथा निर्देशन समिति गठन गर्ने निर्णय पनि गरियो । सोही बैठकले घाईतेहरुको उपचार तथा उद्धारका लागि अस्पतालसम्म ल्याउन, उपचारका लागि जिल्ला बाहिर पठाउनको लागि गोरखा यातायात, पृथ्वी राजमार्ग बस संचालक समिति, जिल्ला प्रहरी कार्यालय, नेपाली सेना, सशस्त्र प्रहरी गुल्म कार्यालयलाई

लेखकद्वारा डा. बाबुराम भट्टराईलाई जिल्लाका बारेमा ब्रिफिङ गर्दै

यातायात साधनको व्यवस्था मिलाउन र आकस्मिक प्रयोजनका लागि कम्तिमा छ वटा यातायातका साधन 'स्ट्याण्डबाई' राख्न आग्रह गरियो ।

घाइते बिरामीहरुको उपचारका लागि थप औषधीको व्यवस्थापन एवं खरिद गर्न जिल्ला स्वास्थ्य कार्यालय गोरखालाई निर्देशन दिइयो । बैठकबाटै घाईतेहरुको उपचारका लागि अस्पताल बाहेक कबर्ड हल र हरमटारी खेलमैदान प्रयोग गर्ने पनि निर्णय भयो । अवरुद्ध सडक खुलाई यातायात संचालन गर्न जिल्लाका सडक कार्यालय, प्राविधिक कार्यालय र हेभी ईक्विप्मेण्ट व्यवसायी समिति रहेको एक उपसमिति बनाई डोजर, जेसीभी आदि हेभी इक्विपमेण्ट मेशिनहरु तत्काल परिचालन गरी सडक मर्मत एवं यातायात सुचारु गराउने पनि निर्णय भयो । क्षतिको तत्काल खोज, उद्धार तथा राहत व्यवस्थापन गर्न मेरै संयोजकत्वको समन्वय तथा निर्देशन समिति मार्फत् एकद्वार नीति अनुसार परिचालन गर्ने निर्णय गऱ्यो ।

भूकम्पको केन्द्रविन्दु बारपाकमा धेरै हताहतीको अपुष्ट खबर आएको थियो । नजिकैको लाप्राकको पनि त्यस्तै खबर आयो । त्यस तर्फ घाइते ओसार्न तथा शव निकाल्न सेना र प्रहरी पठाउनु पर्ने भयो । ठाउँ ठाउँमा बाटो पहिरो गएका कारण गाडीबाट पनि र पैदल हिँडाएर पनि प्रहरी सेना ती ठाउँहरुमा उद्धार टोली पुऱ्याउन सकिएन । उद्धार टोली पठाउने एक मात्र माध्यम हेलिकोप्टर रह्यो । रातभर पानी परेको र दिउँसो पनि बाक्लो कुहिरो लागेका कारण भोलिपल्ट पनि ती गाउँहरुमा हेलिकोप्टर अवतरण गर्न सकेन । एमआई १७ हेलिकोप्टरमा पूर्वप्रधानमन्त्री बाबुराम भट्टराई, सभासद् चिनकाजी श्रेष्ठ लगायतको टोली जानु भयो । तर ती गाउँहरुमा हेलिकोप्टर अवतरण गर्न सकेन ।

सिम्जुङ, स्वाँरा, सौरपानी, गुम्दा, उहिया, केरौंजा, मान्बु गा.वि.स.हरुमा ठूलो संख्यामा घरहरु भत्किएको, धनजनको क्षति भएको भन्ने बारम्बार टेलिफोन मार्फत जानकारी प्राप्त भई रहेको थियो । तत्काल सेना, शसस्त्र प्रहरीको उद्धार टोली खटाई तत्कालै प्रभावित क्षेत्रमा पठाउने निर्णय भयो । टोलीमा ४० जना सेना र सशस्त्र प्रहरी गुल्मको तर्फबाट २७ जना खटाउने निर्णय भयो । यसका लागि आवश्यक ठूला दुई वटा बसहरु गोरखा यातायात व्यवसायी समितिबाट व्यवस्था मिलाइयो । त्यस्तै तत्काल राहतका लागि जिल्ला विकास समितिबाट ५० लाख र गोरखा नगरपालिकाबाट १० लाख रुपियाँ उपलब्ध गराउने निर्णय भयो । मोटरबाट र पैदल पुग्न सकिने ठाउँहरुमा पनि घरहरुबाट लाश र घाइते निकाल्न भोलिपल्टैदेखि सुरु गऱ्यौं । घाइते ओसार्न पनि आर्मी प्रहरीहरुले सुरु गरे । पहिलो र दोस्रो दिन त हामी रातभरि सुत्न सकेनौं । निकै तनाबको अवस्था सिर्जना भयो ।

भूकम्पले पुऱ्याएको क्षति

लामो समयको जानकारी पश्चात् विनासकारी महाभूकम्पका कारण गोरखामा ४७३ जनाको दुःखद् निधन भएको र १,३४८ जना घाइते भएको अन्तिम तथ्याङ्क आयो । १४ जना अझै बेपत्ता नै छन् । भूकम्प पश्चात् प्राविधिक टोलीले संकलन गरेको विवरण अनुसार सो भूकम्पले जिल्लाका ७२ हजार ७५ घरधुरी मध्ये ७१ हजार ५९० घरधुरीमा क्षति भएको छ । त्यसमध्ये पनि ५९,५२३ वटा कच्ची घरहरु पूर्ण रुपमा ध्वस्त भएको पाइयो । बाँकी घरहरु पनि चिरिएर बस्न नहुने भएका छन् । यसरी हेर्दा निजी घरहरु ९३.५ प्रतिशत क्षति भएका छन् । ४९५ विद्यालयका ३,०८५ वटा कक्षाकोठाहरु ध्वस्त भएका छन् । जिल्लाका ३० वटा स्वास्थ्य चौकी, ३१ वटा प्रहरी चौकी, २४ वटा गा.वि.स. भवन, ८ वटा पशु सेवा कार्यालय, ५ वटा कृषि सेवा कार्यालय पनि पूर्ण रुपमा भत्केका छन् । जसले गर्दा करीब दुई अर्ब ५० करोड भन्दा बढी रकमको क्षति भएको तथ्याङ्क छ । त्यस्तै भूकम्प र बारम्बारको पराकम्पनले विभिन्न ठाउँमा पहिरो गईरहेकाले क्षतिको विस्तृत विवरण अनुसूचीमा दिइएको छ । जिल्लाको ग्रामीण भेगमा आवातजावत गर्न नसकिने अवस्था भयो ।

भूकम्प पश्चात् उद्धार तथा राहत

एकातिर घाइते मर्न लाग्यो लौन चाँडो हेलिकोप्टर पठाइदिनु पऱ्यो भन्ने जताततैबाट निरन्तर टेलिफोन आउँथ्यो । अर्कातिर सबैको घर भत्केर खुला आकासमुनि थिए । पाल चाहियो भन्ने माँग आउँथ्यो । तर जिल्लामा स्रोत साधन थिएन । घटनामा परे पछि मात्र थाहा भयो, विपत्ति पऱ्यो भने स्थानीय बजारमा पाल धेरै स्टक हुन्न रहेछ । बाहिरबाट पाल किन्न रकम चाहियो भनेर हामीले गृह मन्त्रालयमा माग गऱ्यौं । माथिबाट केही रकम आए पनि पाल पाउन मुस्किल पऱ्यो । माँग पूरा गराउन सकिएन । पाल माग्ने पीडितहरुले हामीलाई एक दिन त घेराबन्दी गरे । त्यसै दिनदेखि राती झमझम पानी परेको थियो । झरी परेका बेला खुला आकासमुनि रात बिताउनु पर्दा सर्वसाधारण रिसाउनु पनि स्वभाविकै हो । अर्कातिर हामीसँग स्रोतसाधन थिएन । पुऱ्याउन नसक्नु पनि स्वभाविकै हो । यस्तो अवस्थाको सामना गर्नुपऱ्यो । त्यो बेला सम्झँदा त अहिले अचम्म लाग्छ ।

बिहान ६ बजेदेखि राती ११ बजेसम्म खटिन्थ्यौं हामी । दिनभरि गरेको कामको बेलुका समीक्षा गर्थ्यौं । अनि भोलिपल्टको लागि प्राथमिकीकरण गर्थ्यौं । भोलिपल्ट त्यही तालिका बमोजिम काम गर्थ्यौं । सिर्दिबासमा पनि घाइते छट्पटाएको छ, केरौंजामा पनि छटपटाएको छ, बारपाकमा पनि छट्पटाएको छ, भच्चेकमा पनि छट्पटाएको छ भन्ने खबर आउँथ्यो । एक त हामी सबै ठाउँमा एकैचोटी पुग्न सकिँदैनथ्यो । अर्को त योजना बनाउँदा बनाउँदै ढिला हुन्थ्यो । स्रोतसाधन सीमित थियो । हामीले जिल्लामा भएका सरकारी, निजी गाडीहरु नियन्त्रणमा लिइसकेका थियौं । गाडी जाने ठाउँमा त माँग बमोजिम खुरुखुरु पठायौं । तर गाडी नचल्ने १४ गा.वि.स.बाट घाइते उद्धार गर्न र राहत सामग्री ओसार्न हाम्रा लागि निक्कै चुनौतीपूर्ण थियो । हेलिकोप्टर बाहेक अरु उपाय केही थिएन ।

भारत सरकारले तीन दिन पछि हेलिकोप्टर त पठायो तर त्यो हेलिकोप्टरमा हाम्रो पहुँच थिएन ।

यस बिषयमा मैले प्रधानमन्त्रीकै सामु हेलिकोप्टरको बिषयमा गुनासो गरें । यसले देशमा अलिकति चर्चा पायो । केही दिन पछि हामीलाई माउण्टेन एयरको एउटा हेलिकोप्टर नियमित उडानका लागि प्राप्त भयो । जुन हेलिकोप्टरको पाइलट सुबेक श्रेष्ठको पछि हेलिकोप्टर दुर्घटनामै मृत्यु भयो । दुःख पनि लाग्यो । उहाँले एउटा पाइलट मात्र भन्दा पनि स्वयंसेवकले झैं काम गर्नु भएको थियो । बेलुका हामी हेलिकोप्टर कुनकुन ठाउँमा उडाउने भनेर निर्णय गर्थ्यौं । सेना प्रमुखले त्यसलाई सोही तालिका अनुसार उडाउनु हुन्थ्यो । हेलिकोप्टर जाँदा खाद्यान्न पठाउँथ्यौं, फर्कंदा घाइते लिएर आउँथ्यो । यसो गर्दा राहत वितरण र उद्धारमा केही सन्तोषजनक काम भयो । तैपनि समस्या यथावत थियो । सिर्दिबासमा टाउको फुटेको घाइते थियो । चार दिनसम्म हेलिकोप्टर पठाउन सकिएन । समयमै हेलिकोप्टर पठाउन सकेको भए बाँच्थ्यो । हेलिकोप्टरमा हाम्रो पहुँच थिएन । पैदाल हिड्ने बाटो पनि थिएन । यस्तो हृदयविदारक घटना थियो । तर हामीले बचाउन सकेनौं । घ्याच्चोक, मुच्चोक, सिम्जुङ जस्ता गा.वि.स.हरुमा पाँच सात दिनसम्म पनि घाइते निकाल्दै थिए ।

घटना भएको भोलिपल्टैदेखि छिमेकी जिल्ला कास्की, चितवन, तराईका बिभिन्न जिल्ला र मित्रराष्ट्र भारत तिरबाट धमाधम राहत सामग्री आउन थालेका थिए । सबैको सहानुभूति, सद्भाव आइरह्यो, काम गर्न प्रेरणा आइरह्यो । आएका राहत सामग्रीलाई व्यवस्थित बनाउन थाल्यौं । हाम्रै कोषबाट किनेको त्रिपाल प्रत्येक गा.वि.स.मा सय/सय थान पठाउन थाल्यौं । एउटा गा.वि.स.मा एक हजार थान चाहिएको छ, हामीले पठायौं सय थान । जो, जसको पहुँच पुग्यो, उसले तानेर लग्यो । जो निरिह थिए, उनीहरुको पहुँच पुगेन, उनीहरुले पाएनन् । एउटै घरलाई छानो, दायाँबायाँ बार्न तीन चार वटा त्रिपाल चाहिने रहेछ । हामीले एउटा घरलाई एउटाका दरले पनि पुऱ्याउन सकेनौं । तर व्यक्तिगत पहलमा समेत स्रोत जुटाएर धमाधम त्रिपाल र अत्यावश्यक सामान आउन थाल्यो ।

हामीले एकद्वार नीति अपनाएका थियौं । त्यही अनुसार राहत सामग्री धमाधम पठायौं । गोरखाली जनता धैर्यवान् थिए, प्रतिक्षामा बसे । पछि पछि हामीकहाँ प्रसस्तै त्रिपाल आउन थाल्यो । ठूला ठूला विदेशी संस्थाहरु पनि राहत सामग्री लिएर आउन थाले । त्यसलाई एकद्वार नीति अनुसार वितरण गर्न हामीले निकै मिहिनेत गऱ्यौं । उनीहरु सिधै गाउँमा गएर हातहातै राहत बाँड्न चाहन्थे । हामीले त्यसलाई व्यवस्थित बनाउन १५ सदस्यीय पाल खरिद समिति, खाद्यान्न संकलन तथा व्यवस्थापन समिति गठन गरी काम सुरु गऱ्यौं । राहत सामग्री संकलन तथा वितरण कार्यलाई प्रभावकारी र व्यवस्थित बनाउन क्षेत्र नम्बर दुईमा पालुंटार र चोरकाटेमा, क्षेत्र नम्बर तीनमा घ्याम्पेशालमा र पछि आरुघाटमा डिपो स्थापना गऱ्यौं । जसले गर्दा राहत वितरणले तीब्रता पायो । राहत वितरण प्रभावकारी भए नभएको अनुगमन गर्न सभासद, दलका केन्द्रीय सदस्य एवं जिल्लाका पार्टी प्रमुख वा प्रतिनिधिहरु रहेको समिति गठन गऱ्यौं । तिव्वतको सिमानामा रहेका सात गा.वि.स.मा राहत सामग्री ओसार्न निकै समस्या भयो । त्यसैले हामीले तिब्बतको नाका खोली तिव्वतबाट खाद्यान्न सामग्री ल्याउने वातावरण बनाउन सरकारसँग बारम्बार अनुरोध गऱ्यौं ।

निरन्तर बैठक बस्थ्यौं । घाइतेको खोज उद्धार तथा राहतको कामको प्रगतिका बारेमा समीक्षा, छलफल र खर्चको विवरण पेश गर्ने गरिन्थ्यो । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्रकोप व्यवस्थापनमा केकस्ता सहयोग लिने बारेमा कार्य सूची तयार गरिन्थ्यो । विद्युत, खानेपानी, सडक, सार्वजनिक शौचालयजस्ता अत्यावश्यक सेवालाई प्राथमिकताका साथ सुचारु गर्न पहल थालियो । राती ११/१२ बजेसम्म हामी खटियौं । साथीहरुलाई खटायौं । अहिले सम्झँदा पनि अचम्म लाग्छ । कसरी खटियौं होला ? जे होस् उत्तरी क्षेत्रका आठ गा.वि.स.मा क्लस्टरहरु मार्फत् काम गर्दा छिटो छरितो भयो । ती गा.वि.स.हरुका २,४२९ घरधुरीको लागि एमआई १७ हेलिकोप्टर १९७ पटक र सानो हेलिकोप्टर ४९० पटक उडान गरी ४८१.८ मेट्रिक टन खाद्यान्न र एमआई १७ हेलिकोप्टर १८७ पटक उडान गरी ३,४४६ बण्डल जस्तापाता वितरण गरियो । त्यस्तै एक महिना भित्रै मृतकका परिवारलाई एक लाख ४० हजार रुपियाँका दरले राहत रकम वितरण गरियो । पाँच सदस्यीय स्वास्थ्य सेवा समन्वय समिति बनाई जिल्लाका ६ ठाउँमा उपचार केन्द्र स्थापना गरी सेवा दिन सुरु गऱ्यौं । त्यस्तै बाहिर लानु पर्ने घाइतेलाई २४ घण्टे यातायात सेवा दियौं । स्थानीय विकास अधिकारीको संयोजकत्वमा 'क्वीक रेस्पोन्स टिम' गठन गरी काम गऱ्यौं । छिमेकी जिल्ला तथा दाताहरुलाई भूकम्प पीडितहरुका लागि खाद्यान्न, अस्थायी आवास, कम्बल, पाल तथा अन्य अत्यावश्यक सामग्री सहयोगको लागि आह्वान गऱ्यौं । भूकम्पबाट प्रभावित सेक्टरहरु समेटी शिक्षा, स्वास्थ्य, आवास, खाद्यान्न, खानेपानी तथा सरसफाई, पोषण, लगायत क्लस्टरमा आधारित विपत् व्यवस्थापन गर्न सम्बन्धित सेक्टरमा विषयगत कार्यालय प्रमुखको संयोजकत्वमा सक्रिय बनाई क्षेत्रगत गैरसरकारी संस्था मध्येबाट लिड सपोर्ट एजेन्सी बनाई राहत कार्य अगाडि बढाइयो ।

क्षतिग्रस्त विद्यालयको अस्थायी कक्षाकोठा निर्माण गरी जेठ १५ गतेदेखि नै विद्यालय संचालन गर्न सफल भयौं । हामीलाई लाग्छ, हामी सबैभन्दा छिटो विद्यालय खुलाउनेमा पर्छौं । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्रकोप व्यवस्थापनमा केकस्ता सहयोग लिने बारेमा कार्यसूची तयार गरियो । पीडित परिवारको आपतकालिन व्यस्थापन गर्न चाहने संघसंस्था वा व्यक्तिलाई नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम जिल्ला दैवीप्रकोप उद्धार समितिको स्वीकृति लिई सहयोग गर्न सक्ने व्यवस्था गरियो । जिल्ला दैवीप्रकोप उद्धार समितिबाट पूर्व स्वीकृति नलिई राहत वितरण गर्ने निकायलाई नियन्त्रणमा लिई कारवाही, राहत वितरण एकद्वार प्रणालीबाट गर्ने कडा निर्णय गरी कठोर कदम चाल्यौं । यो अवधि भरि ४१ पटक दैवीप्रकोप उद्धार समितिको बैठक बसियो । तर अनौपचारिक बैठक त दिनहुँ, निरन्तर बसियो ।

विद्युत, खानेपानी, सडक, सर्वजनिक शौचालयजस्ता अत्यावश्यक सेवालाई प्राथमिकताका साथ सुचारु गर्न सफल भयौं । उच्च जोखिममा रहेका बस्ती व्यवस्थापन गर्न निर्वाचन क्षेत्र २ र ३ मा ९/९ सदस्यीय पुनर्वास एवं बस्ती स्थानान्तरण समिति गठन, समितिको कार्य विवरण समेत तयारी र कार्यान्वयन तहमा गइयो । सभासद् संयोजक रहेको समितिले जोखिममा रहेका गाउँ बस्तीको अवस्थाको अध्ययन गऱ्यो । १८ गा.वि.स.का २,३३२ घरपरिवारलाई स्थानान्तरण गर्ने व्यवस्थाका लागि पहल भयो । पीडितका लागि जस्तापाता व्यवस्थापन गर्न क्षेत्रीय स्तरमा वितरक पहिचान गरी वितरण गर्ने व्यवस्था मिलायौं ।

भूकम्प पीडितलाई परिचयपत्र उपलब्ध गराउन, पहिलो चरणको टहरो निर्माणको राहत व्यस्थापन गर्न हामीले छिटो निर्णय गरियो । वास्तविक पीडित घरपरिवारको पहिचान गर्ने र राहत संकलन वितरण व्यवस्थापन गर्न १६ सदस्यीय कार्यदल गठन गरियो । राहत वितरण कार्यलाई प्रभावकारी बनाउन र पीडितले राहत पाए नपाएको यकिन गर्न गा.वि.स. सचिव, वडा नागरिक मञ्च लगायतका गा.वि.स. संयन्त्रलाई सक्रिय बनायौं । जस्तापाता तथा १५ हजार रुपियाँ वितरण व्यवस्थापन कार्यविधि तयार गरी अस्थायी आवास परियोजना संचालन गर्न दातृ संघसंस्थाहरुलाई अनुमति प्रदान गऱ्यौं । यसले गर्दा राज्यको करिब ४८ करोड रुपियाँ जोगाउन सफल भयौं । यो काम हाम्रो अत्यन्तै नौलो र उदाहरणीय बन्न पुगेको दावी गरेका छौं । यसो गर्दा काम अत्यन्तै पारदर्शी र छिटो छरितो पनि भयो । विद्यालय सञ्चालन, औषधोपचार टोली, कृषकहरुका लागि आवश्यक विउविजन, असाहय टुहुरा बालबालिका अपाङ्ग तथा जेष्ठ नागरिकहरुको व्यवस्थापन गरी जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र पनि स्थापना गरियो । क्षतिग्रस्त विद्यालय सञ्चालनका लागि प्रत्येक कोठाको २५ हजार रुपयाँका दरले रकम प्रदान गरी अस्थायी कक्षाकोठा व्यवस्थापन गर्न थाल्यौं । शिक्षा, स्वास्थ्य, आवास, खाद्यान्न, खानेपानी तथा सरसफाई, पोषण जस्ता क्लस्टरमा आधारित विपत् व्यवस्थापन गर्न सम्बन्धित सेक्टरमा विषयगत कार्यलय प्रमुखको संयोजकत्वमा सक्रिय बनाई क्षेत्रगत गैरसरकारी संस्था मध्येबाट Lead Support Agency बनाई राहत कार्य अगाडि बढायौं । भूकम्पको जोखिम न्यूनीकरण गर्दै क्षतिग्रस्त संरचनाहरुको पुनर्निर्माणको लागि सबै क्लस्टरका संयोजक सदस्य रहेको विपद् व्यवस्थापन उपसमिति पनि गठन गरियो । जिल्लाका ७ स्थानमा खाद्यान्न भण्डारण वितरण डिपो स्थापना गरेर राहत ओसार्दा निकै छिटो र सहज पनि भयो ।

यो भनिरहँदा देशी विदेशी दातृ निकायको समन्वय र सहयोगको स्मरण गर्न मन लाग्यो । प्राकृतिक विपत्तिले बर्षीनै कुनै न कुनै राष्ट्रमा विनाश गरिरहेको हुन्छ । यस्तो महाविपत्ति व्यवस्थापनका लागि विभिन्न राष्ट्रिय एवं अन्तर्राष्ट्रिय सहयोगी हातहरु, सहयोगी मनहरु साथ रहने गर्दछ । भूकम्पको केन्द्रविन्दु गोरखाको विपत व्यवस्थापनमा पनि यस्ता थुप्रै सहयोगी हातहरु आई पुगे । धेरै दातृ निकायहरुको सहयोग आइपुग्यो । यसरी प्राप्त सहयोगलाई सही व्यवस्थापन गर्न नसकेमा एकातर्फ राज्य निरिह र दाताको हस्तक्षेप र बिगविगी बढ्छ । अर्को तर्फ अत्याधिक रिजिट हुँदा सहयोगका लागि आएका हातहरु सहयोग गर्न नपाएर फर्कन बाध्य हुने अवस्था पनि रहन्छ । यो दुवै परिस्थिति बुझेर हामीले सन्तुलनको व्यवहार गऱ्यौं । जसले गर्दा अत्याधिक सहयोग भित्र्याउन पनि सफल भयौं । राज्यको एकद्वार नीति नियममा बाँध्न पनि सफल भयौं । यी दुवै चुनौतीहरुका बीच गोरखा जिल्लाले जुन रुपमा दातृ संघसंस्था, व्यक्ति, निकाय वा यस्ता कैंयौ सहयोगी हातहरु र मनहरुसँग हातेमालो गर्दै विभिन्न राजनीतिक दल, सुरक्षा कर्मीहरु, प्रशासनिक निकाय एवं कर्मचारीहरु स्थानीय संघसंस्था उद्योग व्यवसायी लगायत आम जनताको बीच पीडालाई अपनत्व स्वीकार्न सक्यो यही 'गोरखा मोडल' हो । राहतलाई भोलिको दुरगामी भविष्यको रुपमा लिने जुन प्रकृया र पद्धति विकास गर्न सकिएका छ, जुन भावनाको सञ्चित गर्न सकिएको छ यो यसको समग्र स्वरुप नै गोरखा मोडल हो । यस मोडलले राहत वितरणमा न कहि कतै कसैलाई कुनै किसिमको अप्ठ्यारो महशुस गरायो न त पीडितहरु आफू आश्रित रहनु परेको अपमानित हुनु परेको आफ्ना क्षमता खुबीहरु बन्धकी राख्नु परेको अनुभूत भयो ।

कुनै संस्था हामी हरेक घरलाई ७५ डलरका दरले पैसा बाँड्छौं भन्दै आए । हामीले 'तपाईंहरु ७५ डलर हैन, गाउँगाउँमा गएर १५ हजारका दरले पैसा वा दुई-दुई बण्डल जस्तापाता बाँड्नुस्' भन्यौं । १५ दिनको लामो

आवास व्यवस्थापन तथा राहत सामाग्री व्यवस्थापन तथा वितरण सम्वन्धी

जिल्ला दैवी प्रकोप उद्धार समिति गोरखाको अन्त्यन्त जरुरी सूचना

भुकम्प प्रभावित क्षेत्रका पिडितहरुका लागि आवास व्यवस्थापन गर्ने तथा राहत वितरण गर्ने नाउँमा विभिन्न स्वदेशी दातृ निकाय संघ संस्था वा व्याक्तिहरुले आफुखुसी मापदण्ड विपरित आवास व्यवस्थापन समाग्री (जस्तापाता) तथा राहत वितरण गरी रहेको भन्ने प्राप्त सूचना प्रति जिल्ला दैवी प्रकोप उद्धार समिति गोरखाको ध्यानाकर्षण भइरहेको छ । अत जिल्ला दैवी प्रकोप उद्धार समिति गोरखाले भुकम्प प्रभावित क्षेत्रका पिडितहरुका लागि सवैलाई समान हिसावले एकद्धार प्रणाली मार्फत नेपाल सरकारले तोकेको मापदण्ड भिन्न रही आवास व्यवस्थापन तथा राहत उपलब्ध गराउने व्यवस्था मिलाइ रहेको हुदाँ जिल्ला दैविक प्रकोप उद्धार समिति गोरखाको अनुमति नलिइ नेपाल सरकारले तोकेको राहत व्यवस्थापन संवन्धी मापदण्ड विपरित हुने गरी कुनै पनि स्वदेशी तथा विदेशी दातृ निकाय संघ, संस्था वा व्याक्तिहरुले स्वइच्छाले आफ़ुखुसी जस्तापाता, नगद वा अन्य कुनै पनि किसिमको राहत सामाग्रीहरु वितरण गर्ने कार्य नगर्नु नगराउनु हुन यो सुचना जारी गरिएको छ ।

स्वदेशी तथा विदेशी दातृ निकाय संघ संस्था वा व्यक्तिहरु कोही कसैले कहि कतै त्यसरी स्वइच्छाले आफुखुसी नगद, जस्तापाता वा अनय राहत सामाग्री वितरण गरेको पाइएमा नजिकको सुरक्षा निकाय वा गाविसहरुले त्यस्ता राहत सामाग्रीहरु नियन्त्रणमा लिइ जिल्ला दैवी प्रकोप उद्धार समिति समक्ष फिर्ता गर्न वा जानकारी गराइ जिल्ला दैवी प्रकोप उद्धार समितिले तोके वमोजिम गर्नु गराउनु हुन संवद्ध सवैमा जानकारी लागि यो सुचना जारी गरिएको छ ।

सुम्बार जेष्ठ ८ २०७२

जिल्ला दैवी प्रकोप उद्धार समिति गोरखा

छलफल पछि उनीहरुले हाम्रो प्रस्ताव स्वीकार गरे । एउटा संस्थाले स्वीकार गरे पछि यस्ता धेरै संस्था निस्किए । यसरी संस्था मार्फत् पैसा वा जस्तापाता बाँड्दा सरकारको करिब ४८ करोड रुपियाँ जोगिन पुग्यो गोरखामा । हिमाल पारिका सात गा.वि.स.मा दुई करोडको जस्तापाता बाँड्न १० करोड ढुवानी खर्च हुने अवस्था थियो । त्यो जिम्मेवारी विदेशी संघसंस्थाले पूरा गरे । उनीहरुले सात वटै गा.वि.स.मा किलाकाँटी सहित जस्ता पुऱ्याए । एनजीओ, आइएनजीओको सहायताबाट बारपाक भन्दा माथिका सबै गा.वि.स.मा जस्तापाता वितरण भयो । यो अरु जिल्लामा नभएको सफलता हामीले हासिल गऱ्यौं भन्ने लाग्छ । त्यसैले गोरखा जिल्लाको उद्धार एवं राहत वितरणको कार्य, अस्थायी आवास तथा पुनर्वासका कार्यहरु उदाहरणीय छन्, प्रशंसनीय छन् । अब यसै अनुरुप सबैसँग हातेमालो गरी प्रकोपसँग जुध्न सक्ने स्थायी संरचनाको पुनर्निर्माणमा जुटी अबको नयाँ र सुन्दर गोरखा बनाउन सबै जागरुक हुँदैछौँ ।

राजनीतिक दलहरूको एकता

गोरखा मोडल बन्नमा राजनीतिक दलहरुले देखाएको सक्रियता र एकता पनि अर्को महत्त्वपूर्ण पक्ष हो । स्थानीय जनसमुदायको यो पीडा सबैको पीडाको रुपमा लिई यसबाट कुनै गलत तत्वले कुनै फाईदा लिन नसक्ने वातावरण बनाउन राजनीतिक दलहरु हरदम सक्रिय रहे । वितरण व्यवस्थालाई एकद्वार पद्धतिमा ढालेर सोही अनुरुप वितरण व्यवस्था मिलाउने कार्यमा दलहरुको महत्त्वपूर्ण भूमिका रहन गयो । जसका कारण वितरणमा आएका समस्यालाई तत्काल समाधान गर्न र सकेसम्म समस्या नै आउन नदिन दलहरुको भूमिका प्रधान रहन पुग्यो । यसले गर्दा दाताहरुलाई जिल्लाले तय गरेको पद्धति र परिपाटी वमोजिम पीडितहरुको माँग चाहना र जिल्लाको आवश्यकता अनुरुप राहत वितरण कार्य गर्न सजिलो भयो ।

समिति गठन र जिम्मेवारी

भूकम्प गएको दिन बैशाख १२ गते नै मेरो संयोजकत्वमा ९ सदस्यीय उद्धार तथा राहत व्यवस्थापन समन्वय तथा निर्देशन समिति गठन गरियो । घाईतेको ओसारपसार र उपचार गर्न सवारी साधन तयारी अवस्थामा राख्ने, अस्पतालमा थप औषधी र सेवाको व्यवस्था, अस्थाई बासस्थान निर्माणका लागि नेपाल प्रहरी, भैरवीदल गण, सशस्त्र प्रहरी, रेडक्रस र उद्योग वाणिज्य संघलाई जिम्मा दिइयो । यसै गरी अवरुद्ध सडकमा यातायात सुचारु गराउन सम्बन्धित निकायलाई सक्रिय गराई क्षतिको सूचना संकलन तथा उद्धार कार्यलाई व्यवस्थित तुल्याइयो । यसका साथै उद्धार तथा राहत कार्यलाई सघन रुपमा संचालन गर्न खाद्यान्न तथा अन्य लजिष्टिक सपोर्टका लागि स्थानीय विकास अधिकारीको संयोजकत्वमा र उद्धार तथा स्वास्थ्य सुरक्षाका लागि प्रमुख जिल्ला अधिकारी संयोजक रहने गरी कार्यलाई दुई प्रकृतिमा विभाजन गरियो । जस अन्तर्गत उद्धार तथा स्वास्थ्य सुरक्षा समिति अन्तर्गत अवरुद्ध भएका सडकहरु खुलाउने कार्यलाई एघार किलो छेपेटार सडक योजना कार्यालयलाई जिम्मा दिइयो । नेपाली सेना, नेपाल प्रहरी र ससस्त्रको संयुक्त टोली बनाई भग्नावशेषमा पुरिएकाहरुको उद्धार गर्न, मृतकहरुको सनाखत गर्न, घाइतेहरुलाई यथाशक्य छिटो स्वास्थ्य सेवाको पहुँचमा पुऱ्याउन यातायात चल्न सक्ने क्षेत्रहरुमा जिल्लामा रहेका सम्पूर्ण यातायातका साधानहरुलाई एकीकृत ढंगले परिचालन गर्ने र यातायात पुग्न नसकेका आवागमन बन्द भएका स्थानहरुमा हेलिकोप्टर मार्फत् राहतका सामग्री लाने र घाइतेहरुलाई उद्धार गरि स्वास्थ्य सेवामा पुऱ्याउने काम अत्यन्त व्यवस्थित र सावधानीपूर्वक अगाडि बढाइयो । सोहि समितिले जिल्ला जनस्वास्थ्य कार्यालय मार्फत् घाइतेहरुको उपचारमा कुनै पनि कमी हुन नदिने व्यवस्था मिलायो । त्यस्तै जिल्ला शिक्षा कार्यालयको मातहतबाट जिल्लाका सम्पूर्ण शैक्षिक संस्थाहरुको क्षतिको यथार्थ तथ्याङ्क ल्याउने कार्य कुशलतापूर्ण सम्पन्न गरियो । नेपाल प्रहरीको उपस्थिति नभएका सबै गा.वि.स.मा राहत र उद्धारका लागि नेपाली सेना र सशस्त्र प्रहरीको टोली खटाईयो भने नेपाल प्रहरीको प्रतिनिधि सरकारी प्रकृया निर्वाह गर्ने प्रयोजनार्थ सबै ठाउँमा खटियो ।

राजनितिक दलसँगको बैठक

मानवीय संवेदनशीलतालाई मध्यनजर गरी राष्ट्रसेवक कर्मचारीहरु सबैलाई आआफ्नो कार्यक्षेत्रमा गई पीडित एवं प्रभावितलाई सहयोग गर्न र काज विदामा नबस्न, आफ्नो जिम्मेवारी र कर्तव्य पुरा गर्न अनुरोध गर्दै सबैलाई उद्धार, राहत र पुनर्निर्माणमा खटाइयो । जिल्लाका दुर्गम वस्तीहरुमा सडक आवागमन प्रायः चकनाचुर अवस्थामा थियो । ती स्थानमा सडक आवागमन पुऱ्याउनका लागि गरिनुपर्ने कार्य अर्को चुनौतिपूर्ण र महत्वपूर्ण थियो । ११ किलो भालुस्वाँरा सडक आयोजना कार्यालयको संयोजकत्वमा अहोरात्र खटेर भूकम्पको केन्द्रविन्दु वारपाक,

लाप्राक, गुम्दा, सौरपानी, सोती, भच्चेक जस्ता स्थानहरुमा सोचे भन्दा छिटो सडक खुलाउने कार्य भयो । जसले राहत कार्यमा थप बल र उर्जा प्रदान गर्न मद्दत मिल्यो । यातायात व्यवस्थापन समितिले जिल्लामा रहेका सबै यातायातका साधनहरुलाई एकद्वार प्रणाली अन्तर्गत संचालन गरि जिल्लाका सडक पुग्ने गाउँ वस्तीहरुमा तोकिएका सामग्रीहरु द्रुत गतिमा पुऱ्याउने कार्य गऱ्यो । त्यसका लागि भाडा दर निर्धारण गर्न जिल्ला ट्राफिक प्रमुखको समन्वयमा एक यातायात व्यवस्था समिति र भाडादर निर्धारण समिति पनि गठन गरियो । जसले गर्दा वाध्यताको फाईदा उठाएर नाजायज फाईदा लिन सक्ने संभावित क्षेत्र र विषयवस्तु प्रति निगरानी र सचेतना अपनाई कुनै पनि किसिमको ठगी हुन नदिने कार्य पनि भयो । राहतको सही आपूर्ति र व्यवस्थापनका लागि खटिएको स्थानीय विकास अधिकारीको समितिले विभिन्न उपसमितिहरु गठन गरी आफ्नो कामलाई प्रभावकारी ढंगले अगाडि बढाउने निर्णय गऱ्यो । जस अन्तर्गत टेन्ट व्यवस्थापन उपसमितिले टेन्टको व्यवस्थापनका लागि खरिद कार्य सुरु गऱ्यो । सहयोगको रुपमा प्राप्त टेण्ट तथा त्रिपालहरुको व्यवस्थापन गऱ्यो । खाद्यान्न समितिले पहिलो आपतकालिन चरणमा तत्काल राहतका लागि ड्राई फुडहरुको व्यवस्थापन गऱ्यो भने वितरण व्यवस्थापन समितिले प्राप्त राहतहरु जिल्लाका सुगम र दुर्गम क्षेत्रहरुमा समानुपातिक ढंगले पठाउने विभिन्न योजनाहरु तयार गरी राहत वितरण प्रक्रियालाई समन्वयात्मक ढंगले वितरण व्यवस्थापन मिलायो ।

सहयोगको ओईरो, व्यवस्थापनको कठिनाई

भूकम्पको केन्द्रविन्दु गोरखा भएबाट अन्तर्राष्ट्रिय संघसंस्थाहरुको सहयोगको प्रथम प्राथमिकता यस जिल्लामा पर्नु स्वभाविक थियो । राहत सामग्री र सहयोगी संस्थाहरुको भावनालाई गोरखाली जनतासँग कसरी जुटाउने र राहतलाई कसरी सरल र निष्पक्ष ढंगबाट वितरण गर्ने भन्ने चुनौतीलाई व्यवस्थापन गर्नु आफैँमा कठिन कार्य थियो । कतिपय संघसंस्थालाई जिल्लामा कोसँग सम्पर्क गर्ने हो आधिकारिक निकाय कुन हो सोझै राहत लिएर गाउँमा जाँदा वितरण गर्न सकिएला कि नसकिएला र सुरक्षाको उचित प्रवन्ध नहुने पो हो कि जस्ता प्रश्नको सहज उत्तर प्राप्त हुने अवस्था पनि थिएन । हामीले जिल्ला दैवीप्रकोप उद्धार समितिको वैठकबाट जिल्ला वन अधिकृत जीवनाथ पौडेलको संयोजकत्वमा अन्तरराष्ट्रिय एवं राष्ट्रिय संघसंस्था समन्वय समिति गठन गऱ्यौं । उक्त समितिले अत्यन्त व्यवस्थित ढंगबाट सहयोगी संस्थाहरुलाई उद्धार समितिमा आवद्ध गराउन सक्यो । हरेक विहान अन्तरराष्ट्रिय संघसंस्थासँग गर्ने छलफल, वैठक, उनीहरुसँग भएको राहत सामग्रीको विवरणलाई कम्प्युटर गर्ने र अवरुद्ध भएका गा.वि.स.मा राहत सामग्री वितरण गर्ने योजना साँच्चिकै सम्झन योग्य थियो ।

राहत वितरणको तथ्याङ्क अद्यावधिक गर्ने, ग्यापहरु पहिचान गर्ने ग्यापका आधारमा राहत वितरणका लागि निश्चित संस्थालाई जिम्मेवारी तोक्ने जस्ता कार्यको योजनावद्ध थालनीमा जिल्ला वन अधिकृत जीवनाथ पौडेल र सिँचाइ विकास सव-डिभिजन कार्यालयका डिभिजनल ई. श्री लोक वहादुर थापाको भूमिका विर्सनै नसकिने छ । हामी विपद् व्यवस्थापनका विज्ञ होईनौ तर अन्तरराष्ट्रिय संघसंस्थाहरुको ओहिरो सँगसँगै जिल्ला वन अधिकृतले कामको चापलाई प्रभावकारी ढंगले व्यवस्थापन गर्न दिएको सल्लाह र सुझाव वमोजिमनै विभिन्न क्लष्टरहरु बनाएर समूहकृत हुन थाले पछि मात्र राहत वितरण तथा व्यवस्थापन कार्य झन् प्रभावकारी हुन थाल्यो । करिव १५ दिनसम्म त हरेका दिन विहान सहयोगी दाताहरुसँग वैठक बस्ने, साँझमा दिनभरको समीक्षा गर्ने परिपाटी नै बसालियो भने तत्पश्चात् वैठक बस्ने कार्यलाई विस्तारै दैनिकबाट हप्तामा ३ दिन गर्न थालियो । संघसंस्थाको कार्यशैली र व्यवहार समेतलाई यो समितिले नजिकबाट मूल्यांकन गर्दै राहतमा राजनीति वा राहतमा स्वार्थ वा अन्य कुनै लुकेको पक्ष छ कि भनी बुझ्ने र कुनै समस्या देखिएमा तत्काल छलफलमा ल्याई निष्कर्षमा पुग्ने गर्नाले संघसंस्थाप्रति गुनासो गर्नुपर्ने अवस्था समेत आएन । तथापि बेलाबेलामा राहत सामग्री भित्र वाईवल राख्ने, संस्था र राहतका नाममा गोरखामा क्रिश्चियन धर्म फैलाउनेहरुको विगविगी जस्ता अफवाह नफैलिएका भने पक्कै होइनन् ।

राहत वितरण, अनुगमन तथा व्यवस्थापनमा सकृयता

जेष्ठ १४ गतेका दिन हेलिकोप्टर समेत व्यवस्था गरि ५० गा.वि.स.मा ५० जना प्रतिनिधि पठाई स्थानीय स्तरको व्यवस्थापनमा सहयोग पुऱ्याउन सकियो । यसै गरी २० गते ५ वजे हेली मार्फत् पालुङ्टारको अवस्था अनुगमन तथा राहत वितरणको व्यवस्थापन गरि सोहि साँझ फर्केर राती १२ बजेसम्म सुरक्षा समितिको वैठक तथा डा. बाबुराम भट्टराई र गृह सचिवहरुलाई राहत व्यवस्थापनका अवस्थाका बारेमा जानकारी, परामर्श तथा छलफल गरिएको थियो । विदेशी दातृ निकायहरुसँग दैनिक २/३ बैठक

दलहरू भारतीय हेलिकोप्टरप्रति रूष्ट

दरौंदी समाचारदाता

वैशाख २०, गोरखा

गोरखा : महाभुकम्पमा परी ४१२ जनाको ज्यान गएको गोरखामा सहयोगका लागि आएको भारतीय वायुसेनाको हेलिकोप्टरले सन्तोषजनक काम नगरेको सत्तारुढ नेपाली कांग्रेस सहितका तीन दलले आरोप लगाएका छन् ।

आइतबार विज्ञप्ति जारी गरी कांग्रेस, एमाओवादी र नेकपा माओवादीले भारतीय हेलिकोप्टर को गतिविधिले राष्ट्रिय स्वाधिनतामाथि प्रश्नचिन्ह उठेको जनाएका छन् । कांग्रेस सभापति हरिबहादुर घले, एमाओवादी अध्यक्ष लेखबहादुर थापा र नेकपा माओवादीका इन्चार्ज परशुराम र मलले हस्ताक्षर गरेको विज्ञप्तिमा जिल्ला दैवी प्रकोप उद्धार समितिको निर्णय विपरीत उडान भरिएको उल्लेख छ । 'यसले गर्दा देशको र राष्ट्रिय स्वाधिनता माथि प्रश्नचिन्ह उठेको छ' विज्ञप्तिमा भनिएको छ 'भारतीय सेनाको हेलिकोप्टर र ज्यको संयन्त्र मार्फत संचालन गर्न जोडदार माग गर्दछौं ।' साथै उनीहरुले भारतीय सेनाले वर्दीमै उद्धार तथा विभिन्न गतिविधि गर्दा शंका व्यक्त गरेका छन् ।

प्र.जि.अ.द्वारा वस्तुस्थिति बारे जानकारी

बसी DDRC को निर्णय तथा एकद्वार प्रणाली अनुसार राहत तथा उद्धारका कार्य गर्न आग्रह गरियो । सबै सहयोगी संघसंस्था तथा निजी क्षेत्रलाई DDRC मार्फत् राहत तथा उद्धारका कार्य गर्न सहमत गरी क्षेत्र विभाजन गरि सोहिअनुसार जिम्मेवारी प्रदान गरियो । २९ गतेका दिन राहत बाँड्ने कामका लागि अमेरिका निवासी समीसा जोशीको निजी सहयोगमा फिस्टेल एअरको हेलीकोप्टर उपलब्ध गराएको र सोहीबाट वारपाक मुच्चोक, थुमी, सिम्जुङ गा.वि.स.का मृतकका परिवारलाई रु. १ करोड ४२ लाख राहत रकम वितरण गरियो । यसै गरि जेठ ६ गते पुनः समिसा जोशी र डा. निर्मला केसी समेतको निजी सहयोगमा उपलब्ध गराइएको हेलीकोप्टरबाट सामागाउँ, चुम्चेत, केरौंजा, लाप्राक, गुम्दा, सौरपानी लगायतका गा.वि.स.हरुमा रु. १ करोड ३६ लाख राहत रकम पीडितहरुका लागि आफैंले वितरण गर्न पाएको थिएँ ।

विभिन्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय संचार माध्यमहरु अमेरिकन, भारतीय, अष्ट्रेलीयन टेलीभिजन, रेडियो, पत्रपत्रिका लगायत विविसी नेपाली सेवा, नेपाल टेलीभिजन, कान्तिपुर टेलीभिजन, एफ्एम् रेडियोहरुमा दिइएको अन्तरवार्ता, राहत तथा उद्धारका बारेमा तत्कालिन अवस्था र आवश्यकताका बारेमा जानकारी गराउन सकियो र फलस्वरुप सहयोगी हातहरु समयमा राहत र उद्धारमा संलग्न हुन पुगे र राहत वितरणमा सहजता पुऱ्याएको पाएँ । यसै गरी दैनिकजसो दैवीप्रकोप उद्धार समिति लगायत अन्य विभिन्न समितिहरुको वैठक, क्लष्टरहरुको वैठक, अनुगमन, राहत संकलन, वितरण लगायत दैनिक २/३ स्वदेशी तथा विदेशी दातृ संघसंस्थाका प्रमुख एवं प्रतिनिधिहरु, राजनीतिक दलका प्रमुखहरुसँगको बैठक, भेटघाटमा समेत सरिक भई राहत उद्धार कार्यलाई अगाडि बढाउँदै जान सकियो । ३ गते WFP प्रमुख रिचार्ड र म स्वयंसहितको टोली लाप्राक गई वितरण गरिएको चामलको अनुगमन तथा ५ गते सोही चामल अनुगमन गर्न ३ सदस्यीय टोली आई लाप्राक जाने कार्यमा सहयोग गरियो । सडेको चामल फिर्ता तथा डिस्पोजल गराएको थियो । पूर्व-आईजीपि हेम वहादुर सिंहद्वारा गांखु गा.वि.स.मा पीडितका लागि घर बनाउने विचार व्यक्त गर्नु भएकोमा सो ठाउँमा बनाउन नदिई भुम्लिचोकका अतिसीमान्तकृत चेपाङका ६८ घर परिवारमा ६८ घर बनाउन अनुमति दिने निर्णय गरेको थियो । १६ गते मन्त्रालयले वस्ती सार्न परिपत्र गरेको भए तापनि १७ गते निर्णय गरि श्रोत, जनशक्तिको अभाव तथा वर्षात्का वेला वस्ती सार्न असुविधा भएको जानकारी गराइयो । १७ गते सरकारी वकिलको अध्यक्षतामा छुट भएका घरपरिवारलाई रु. १५,०००।- दिने वारे गुनासो तथा निवेदन छानविनका लागि समिति गठन गरियो । भूकम्प पीडित घरपरिवारका लागि नेपाल सरकारले उपलव्ध गराएको रु. १५,०००।- जेठ १५ गते देखि वितरण गर्न सुरुवात गरिएको थियो । एकै दिन रु. ७ करोड रुपैयाँ निकासा गरि सुरुमा चार गा.वि.स.मा राहात रकम वितरण गर्ने क्रममा म स्वयंले नै छोप्राक गा.वि.स.का २३ पीडित घरपरिवारलाई राहत वितरण गरि सुरुवात गरेको थिएँ । २६ गतेका दिन ल्हो गा.वि.स.का ६० जना वालबच्चालाई हेलीबाट गोरखा ल्याई काठमाण्डौ पठाएको थियो । भूकम्पको क्षति, उद्धार तथा राहतका बारेमा असार २१ गते प्र.जि.अ.द्वारा क्षेत्रीय प्रशासन कार्यालय पोखरामा प्रतिवेदन प्रस्तुति गरिएको थियो ।

जटिलता र सामना

राहत सामग्री लिएर आउने दाताहरुको भीड एकातिर, लिन आउनेहरुको भीड अर्कातिर । जिल्ला विकास समितिको आँगन केही दिनसम्म निकै खचाखच बन्यो । कोही सामान अनलोड गर्न ढिला भयो भन्ने, कोही छिटो लोड गर्न पाइएन भन्ने खप्की पनि धेरै खाइयो । एकातर्फ राहत सामग्री नपाएर मानिसहरु खुला आकासमा भोकभोकै बस्नु परेको थियो ।

अर्कोतर्फ राहतका सामग्रीहरु थुप्री कुहिने, गन्हाउन सक्ने सम्भावित खतरालाई दृष्टिगत गरी वितरणको चाँजोपाँजो गर्नुथियो । कतै दाताले डिडिआरसीलाई जानकारी नै नदिई राहत भरिएको गाडी गाउँतर्फ लाँदै छन् भन्ने जानकारी प्राप्त हुन थाल्यो । कतै देशकै नाम चलेका ठूला व्यक्तिहरुले आफूखुशी राहत बाँडेका छन् भन्ने पनि सुनियो । तैपनि हाम्रो टोली एकद्वार नीतिमा अडिक रह्यो । आफू खुशी गर्ने त्यस्ता ठूलाहरुलाई पनि राज्यको नियम कानूनमा छिरायौं । थाहा पाए जति, सके जति सबैलाई राज्यको नीतिमा बाँध्न समिति अहोरात्र खट्यो । गा.वि.स.मा भएको सचिवको रिक्तालाई पूरा गरी राहत वितरण कार्यलाई सहज बनाउन जिल्ला दैवीप्रकोप उद्धार समितिले अन्य कार्यालयबाट कर्मचारीहरु लिएर गा.वि.स.हरुमा खटाउने काम गऱ्यो । प्राप्त राहत र वितरण भएका सामग्रीहरुको दैनिक तथ्याङ्क संकलन गर्न, जानकारी लिन चाहनेलाई सूचना दिन एक सूचना डेस्क संचालन गरियो र अपरान्ह पत्रकार सम्मेलन गरि सार्वजनिक गर्ने कार्यहरु समेत भयो । विहान दैवीप्रकोप उद्धार समितिको बैठक बसी दिनभरि भोलिपल्टको कार्ययोजना तयार गर्ने र साँझ सो समितिको बैठक बसी समीक्षा गर्ने पद्धति अपनाइएको थियो ।

१२ गते पहिलो भूकम्प जाँदाकै समयमा पूर्वप्रधानमन्त्री तथा जिल्लाका क्षेत्र नं. १ का सभासद् डा. बाबुराम भट्टराईसँगै रहेको र भूकम्प पश्चात् सुस्ताउँदै गोरखा जिल्ला सदरमुकाम आइपुग्दा भूकम्पबाट गोरखा दरवार, काठमाण्डौको धरहरा, नुवाकोटका केही ऐतिहासिक स्थलहरु लगायतका धेरै ठाउँहरु ध्वस्त भएको, मानवीय क्षति पुगेको, बाटोघाटोमा यातायात समेत बन्द भएको, कहिँकहिँ सडक समेत चिरा परेको खवरहरु प्रप्त हुन थाले । सोही दिन रातमा दैवीप्रकोप उद्धार समितिको वैठक बसी क्षतिको विवरण संकलन, तत्काल उद्धारको व्यवस्था मिलाउन १२ गते रातभर जाग्राम रहि समन्वय गरेको नमिठो क्षण अविस्मरणीय छन् । यसै गरि १३ गते विहान बढी क्षति भएका स्थानमा उद्धार गर्ने तथा तत्काल राहत सामग्री पठाउने क्रममा सिमित श्रोतसाधनका कारण असजिलो महशुस गरियो । सबै स्थानमा क्षति भएका कारण उद्धार र राहतको माँग आएको, उद्धारमा ढिला भयो भनी पीडित प्रायः सबै रुष्ट भएको पाइयो । श्रोतसाधन र सिमित जनशक्ति, भौगोलिक विकटताका कारण सबै स्थानमा समयमा पुग्न असंभव रह्यो । सबै मानिसहरु बालबालिका, वृद्धवृद्धा लगायत सबै परिवार घर बाहिरै वास वस्नु पर्ने अवस्था र तत्काल वास वस्नका लागि पालको आवश्यकता महसुस भै यथाशक्य छिटो पालको व्यवस्थापन गर्न पहल भयो । सबैको वास घरवाहिर र वेहाल देख्दा धेरै दुःखको महशुस भयो ।

अविस्मरणीय क्षण र चुनौतीहरू

काम गर्ने क्रममा केही चुनौतीहरुको पनि सामना पनि गर्नुपऱ्यो । सिर्दिबासमा तत्काल उद्धार नगरे मान्छे मर्छ भन्ने फोन आउँथ्यो । सिम्जुडमा पनि त्यस्तै छ रे थुमीमा पनि त्यस्तै मान्बुबाट पनि त्यस्तै, जतातैबाट उस्तै 'लौन छिटो मान्छे मर्न लाग्यो, चाँडो उद्धार गर्नुपऱ्यो' भन्ने फोन आउँथ्यो । बजारमा भएका गाउँका मान्छेहरुले भेटेर उस्तै दबाब दिन्थे । कति गाउँ त संचार सम्पर्क बिहिन थिए । त्यहाँ के भइरहेका होलान् ? सुरुसुरुमा हामीसँग हेलिकोप्टर थिएन । गाडी लैजाउँ, कहीं बाटै थिएन, भएका गा.वि.स.हरुमा पनि पहिरो जाने क्रम रोकिएको थिएन । पुरिएर गाउँमा खानेकुराको अभाव भइसकेको थियो । हामीले केही फोरह्वील गाडी चाहियो भनेर पटकपटक माँग गऱ्यौं । प्रधानमन्त्री आउँदा पनि माँग गऱ्यौं तर पाएनौं । अर्बौंको सामग्री व्यवस्थित गर्न केही करोडको गाडी भएको भए कति सहज हुनेथियो । यो नहुँदा चुनौतीको सामना गर्नुपऱ्यो । हामीले भनेको बेला हेलिकोप्टर नपाएकै हो । पाएको भए सबैभन्दा राम्रो उद्धार र राहतको काम हुनेथियो । यस्तो विकट जिल्लामा हामीसँग अरु विकल्प थिएन ।

त्यस्तै ठूलो चुनौती रु. १५ हजार बाँड्ने काममा भयो । कतिपय सामान्य चर्केका घरले पनि (क) वर्गमा राख्न दबाब दिन्थे । कतिपय ठाउँमा प्राविधिकलाई प्रभावमा पारी (क) वर्गमा पार्ने काम गरे । कतिपय दलका मान्छेको निर्देशनमा प्रावधान मिचेर राहत लिने काम गरे । कतिपय वास्तविक पीडितहरु पनि छुटे । यो छुट्याउन निकै नै समस्या भयो । अर्को कुरा सरकारी र गैरसरकारी निकायबाट यति धेरै राहत सामग्री आए कि, गाउँ-गाउँमा पुऱ्याउन समस्या भयो । सुरक्षित भण्डारण गर्न वायर हाउस पनि पाइएन । यो पनि हामीले सरकार तथा गैरसरकारी संस्थालाई गुहाऱ्यौं तर पाउन सकेनौं । त्यस्तै सरकारले असारको १६ गते आएर १५ दिन भित्र बस्ती सार्नू भनेर निर्देशन दियो । पानी परिसकेको थियो । बाटो अबरुद्ध भएको थियो । उनीहरुलाई उपलब्ध गराउन खानेपानी, विजुली आदि पूर्वाधार पनि थिएन । यस्तो बेला

भूकम्पका कारण भत्किएका संरचना, वारपाक

बस्ती सार्न चानेचुने कुरा होइन । तर पीडितहरु आ-आफैं सरिरहेका थिए । ती ठाउँहरुमा हामीले अलिअलि पूर्वाधारको काम गर्ने प्रयास गऱ्यौं । अर्को चुनौती के पनि रह्यो भने हामी सरकारी नीतिमा दृढ थियौं । एकद्वार नीति भनेर अडान लिइरहेका थियौं । तर एकातिर दाताहरु आफूखुशी बाँड्न नपाए हामी बाँड्दैनौं, बरु अरु नै जिल्ला जान्छौं भन्ने, अर्कातिर सरकारी निकायकै नजिकका ठूला भन्नेहरु आउने, सरकारी नीति नियमकै बर्खिलाप हुने गरी राहत बाँडेर फोटो खिचाएर टेलिभिजन, पत्रपत्रिकाहरुमा छाएको पनि देखियो । विभिन्न क्लस्टरका संयोजकको सकृयतामा एकद्वार प्रणाली लागु गर्न सफल भइयो ।

यस्ता झिनामसिना कमजोरीहरु भएका छन् । सानातिना चुनौतीको बाबजुद समग्रमा विपद् व्यवस्थापनमा गोरखा सफल छ । समग्रमा भन्नुपर्दा ठूलो सफलता रह्यो । यसको पछाडि धेरै सहयोगीहरु छन् । पहिलो त म स्थानीय निकायमा लामो समयसम्म काम गरेर आएको, समुदायमा कसरी काम गर्ने ? समुदायको भावना कसरी बुझ्ने भन्ने मेसो थियो । उनीहरुलाई कसरी धैर्यवान् बनाउने ? कसरी सेवा गर्ने भन्ने धेरै प्रशिक्षण लिएको थिएँ । दोस्रो गोरखाको राजनीतिक दलको अपूर्व मेलमिलाप र उहाँहरुको एकता नै हो । भूकम्प पछिको उद्धार र राहतका लागि उहाँहरु यसरी एक हुनुभयो कि, अबको पछिल्ला दिनहरुमा पनि उहाँहरुको सम्बन्ध टुट्दैन भन्ने लाग्छ । विपद्को बेला मेरो नेतृत्वको समितिले छिट्टै निर्णय लिनुपर्थ्यो । त्यो निर्णयलाई राजनीतिक पार्टीले अनुमोदन गरिदिनु हुन्थ्यो र कार्यान्वयनमा सक्दो सहयोग पनि गर्नुहुन्थ्यो । त्यस्तै उपसमितिहरु, क्लस्टरहरु बनाएँ । सबैले आफ्नै काम सम्झेर काम गर्नुभयो । स्थानीय विकास अधिकारी, जिल्ला वन अधिकृत, सिँचाइ कार्यालयको डि.ई., खानेपानीको डि.ई., भवन कार्यालयको डि.ई., जिल्ला शिक्षा अधिकारीहरुलाई मैले सम्झनु पर्छ । उहाँहरुको सहयोगले हामी डिडिआरसी र गोरखा सफल भएको हो । अहिले हाम्रो सफलताको बारेमा बिभिन्न लेखक, पत्रकारहरुले पनि चर्चा गरेका छन् । विपद् व्यवस्थापनमा गोरखा मोडल गज्जब छ भन्ने चर्चा छ । राष्ट्रपति, प्रधानमन्त्री, पूर्व प्रधानमन्त्री, मन्त्रीहरु, बिभिन्न पार्टीका नेताहरु गोरखा आएर उत्कृष्ट काम गर्नुभयो भन्नु भएको छ । यो सुन्दा हामीलाई गर्व पनि लागेको छ । जिल्लामा प्रकोपबाट भएको क्षति, हामीले गरेको विपद् व्यवस्थापन र राहतको काम गरेको कामको बारेमा हामीले पूर्वप्रधानमन्त्रीहरु बाबुराम भट्टराई, प्रचण्ड, नेता रामचन्द्र पौडेल, पूर्वमुख्य सचिव माधव घिमिरे, प्रधान सेनापति लगायत धेरै ठूला व्यक्तित्वहरुलाई 'ब्रिफिङ' गऱ्यौं । उहाँहरु सबैले कामको मूल्यांकन र प्रशंसा गर्नु भयो । यो सुन्दा दुःखको कसै न कसैले, कहीं न कहींबाट मूल्यांकन हुने रहेछ है भन्ने महशुस भएको छ । हामीले गल्ती गर्दा कहीं गल्ती कमजोरी भएको छ भने त्यो सुन्न, सुधार्न पनि तयार छौं । गोरखा मोडल बन्नका लागि सबैभन्दा महत्त्वपूर्ण कुरा त लिडरसीप हो । दोस्रो कुरा टिमवर्क हो । तेस्रो कुरो राजनीतिक साथ र सहयोग हो । चौथो कुरा सबै कर्मचारी, सुरक्षाकर्मी, पत्रकार, स्थानीय संघसंस्था, सर्वसाधारणले सुझबुझका साथ काम गरेकाले नै गोरखा मोडल बन्न सफल भएको हो । सबैको सकारात्मक सोच, सरकारी संयन्त्र, डिडिआरसी, आइएनजीओहरु एक ढिक्का भएर काम गर्न सक्नु नै सफलताको कारक हो ।

प्रधानमन्त्रीद्वारा जिल्लाको वस्तुस्थिति बारेमा जनकारी लिँदै

विभिन्न व्यक्तित्वहरूको जिल्लामा गरिएका भ्रमण तथा अवस्थाका बारेमा जानकारीः

१२ गतेको विनासकारी भूकम्पबाट भएका क्षति, उद्धार तथा राहत व्यवस्थापनका बारेमा जानकारी लिई आवश्यक सहयोग तथा सुझावका लागि जिल्लामा आउनु भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विशिष्ट ओहोदाका विभिन्न पदाधिकारी एवं व्यक्तित्वहरुको जिल्लामा भएको भ्रमणले गोरखा मोडेल बनाउनमा सहयोग पुग्यो । सोही क्रममा २० गते डा. बाबुराम भट्टराई र सचिव नरहरी श्रेष्ठसँग वैठक छलफल गरी वस्तुस्थितिको अवगत गराएको थियो । २२ गतेका दिन विहान ९ वजे सम्माननीय प्रधानमन्त्रीको जिल्लामा आगमन भई विस्तृत जानकारी गराइएको र सोही दिन प्रमद्वारा वारपाकको भ्रमण गरी स्थलगत अवलोकन भयो । सोही दिन गृह सचिव सूर्य सिलवाल, प्रहरी महानिरीक्षक उपेन्द्रकान्त अर्याल, नेपाली कांग्रेसका उप सभापति रामचन्द्र पौडेलहरुलाई दिउँसो ३ वजे र डा. बाबुराम भट्टराईलाई ४ वजे वस्तुस्थितिको जानकारी गराइयो । वेलुकी सुरक्षा समितिको वैठक वसी विविध छलफल र निर्णय समेत गरिएको थियो । यसैगरी २७ गते नेकपा माओवादीका अध्यक्ष कमरेड प्रचण्डलाई तथा भारतका संसद पाललाई वस्तुस्थितिको वारेमा जानकारी गराइयो । उसै दिन प्रचण्ड र पालका

बीच भएको भेटको क्रममा थप छलफल भयो । ३० गतेको दिन लेखा समितिका सभापति जनार्दन शर्मासँग समन्वय वैठक तथा अवस्थाका वारेमा जानकारी भयो । जेष्ठ १ गतेका दिन डा. लक्ष्मी प्रसाद देवकोटा, सभासद एकनाथ ढकाल, कृष्ण वहादुर महरा, भरत कुमार शर्मा र युवराज ज्ञवाली सहितको ४ जना संसदीय टोलीलाई अवस्थाका वारेमा जानकारी गराइएको थियो । ७ गते पूर्व प्रधानमन्त्री शेर वहादुर देउवा, ८ गते श्रम राज्य मन्त्री टेक वहादुर गुरुङ १३ गते यूएनका प्रमुख, १६ गते पूर्व गृह मन्त्री माधव घिमिरे, १९ गते उच्च स्तरीय प्रशासन सुधार समितिका अध्यक्ष काशीराज दाहाल, पूर्व प्रम डा.बाबुराम भट्टराईसँग छलफल र अन्तरक्रिया गरियो । २१ गते डा. रेणु राज भण्डारी, २३ गते यूनिसेफका प्रतिनिधि, महिला संघकी सभापति डा. लिला संग्रौला, २५ गते मानव अधिकारवादी सुवोध प्याकुरेल तथा चरण प्रसाईको टोलीलाई तत्कालिन अवस्थाका वारेमा जानकारी गराएको थियो ।

जेष्ठ २६ गते सम्माननीय राष्ट्रपति र अर्थ मन्त्रीलाई ब्रिफिङ र सोही दिन सौरपानी गा.वि.स.को भ्रमण गराइएको थियो । २७ गते एमाओवादी उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, वाणिज्य मन्त्री सुनिल वहादुर थापा तथा WFP को रिचार्डसँग भेट र छलफल गरि राहत व्यवस्थापन गरिएको थियो । असार २ गते एस.एस.पी. केदार रिजाल सहितका

भूकम्प पश्चातको अवस्था

अख्तियारको टोली, ६ गते सचिव जीवन प्रभा लामा, १५ गते पूर्व आईजीपि हेम वहादुर सिंह, २२ गते डा. वावुराम भट्टराईको जिल्लामा भएको भ्रमणमा व्यवस्थापनका बारेमा जानकारी तथा छलफलबाट दिइएका सुझावहरुको कार्यान्वयन गर्दै उद्धार, राहत तथा पुनर्स्थापन कार्यलाई अगाडि बढाउन सफल भइयो ।

अहिले हामी गोरखालाई नमूना जिल्लाको रुपमा विकास गर्ने भनेर पनि अघि बढिरहेका छौं । पुनर्निर्माण प्राधिकरण सबैभन्दा पहिला गोरखामा गठन गर्नुपर्छ । सबैभन्दा छिटो गोरखाको विकास योजना बनाएर काम सुरु गर्नुपर्छ । दूरगामी योजना बनाएर अघि बढ्नु पर्छ । इपिसेन्टर बारपाकमा भूकम्प स्मारक बनाएर विश्वभरको पर्यटक आकर्षण गर्ने थलो बनाउने योजना बनाइरहेका छौं । एकीकृत बस्ती विकास योजना लागु गरेर जिल्लालाई पुरानो घाउ मेटाउने गरी विकास गर्ने सोचाइ बनाएका छौं । हामीले 'फास्टट्र्याक' बाट सरकार र डोनर एजेन्सीहरुसँग समन्वय गरेर छिटो काम गर्नुपर्छ । अरु जिल्लाहरुमा जस्तो हैन, अरुले पाँच बर्षमा गर्ने काम हामीले अढाइ बर्षमा गर्नुपर्छ । यही बेला हाम्रो जिल्लामा आवश्यक पर्ने पूर्वाधार निर्माण गर्नुपर्छ । मुख्य गरी बाटो निर्माण तीन किसिमको गर्ने सोच छ । यही बेलामा पहिलो सडकले नजोडिएको गाउँमा ट्र्याक खोल्न, दोस्रो : ट्र्याक मात्र खोलिएको गाउँका बाटाहरुलाई ग्राभेल गरेर बाह्रै महिना चल्ने बनाउनु पर्छ र ग्राभेल भइसकेका बाटाहरु छन् भने कालोपत्रे गर्नुपर्छ । त्यस्तै पर्यटक पदमार्गहरुको पनि स्तरोन्नति गर्नुपर्छ । यो बेलामा पुनर्निर्माणका लागि दाताहरु निकै आएका छन् ।

अब छिट्टै सबै बिग्रेका साना जलविद्युत आयोजना मर्मत गरेर संचालन गर्नुपर्छ । सम्भावित ठाउँहरु छन् भने नयाँ आयोजना संचालन पनि गर्नुपर्छ । अर्को कुरा लाप्राक, बारपाक, सामागाउँ जस्ता एक गा.वि.स. एक बस्ती भएका गाउँहरुमा एउटै ढाँचाका घरहरु बनाएर नमूना बस्ती बसाउनु पर्छ । केही बिस्थापित बस्तीहरुलाई छिटोभन्दा छिटो स्थानान्तरण गर्नुपर्छ । त्यस्ता भूकम्प बस्तीहरुमा खानेपानी, सिँचाइ, विद्यालय, सडक, विद्युत, स्वास्थ्यचौकी जस्ता पूर्वाधार सम्पन्न गर्नुपर्छ । त्यस्तै कृषि र पशुपालनलाई व्यवसायिकीकरण गर्नुपर्छ । स्थानीय युवाहरुलाई रोजगारमूलक कार्यक्रम गरी रोजगारी सिर्जना गर्ने योजना बनाउनु पर्छ ।

निष्कर्षः

विपत् व्यवस्थापनका लागि पूर्व तयारीका साथ राज्यका सबै संयन्त्र परिचालन गर्न सकेमा व्यवस्थापनको पाटो प्रभावकारी हुने कुरामा दुईमत छैन । हाम्रो परम्परा र अभ्यास 'परेपछि देखौंला' भन्ने तदर्थवादी सोचबाट अगाडि बढिरहेको हुँदा निश्चयनै

राहत तथा उद्धारका विभिन्न गतिविधिहरुमा संलग्न

विनासकारी भूकम्पबाट सृजित विपत्तिलाई योजनाबद्ध ढंगले अगाडि बढाउन सुरुका दिनहरु अत्यन्तै असहज हुनु अस्वभाविक थिएन । तथापि जनताको धैर्यता, राजनीतिक दलहरुको कुशल नेतृत्वदायी भूमिका, राष्ट्र सेवकहरुको सेवाप्रतिको समर्पणभाव एवं सहयोगी निकायहरुको उदार हातहरुको संयोजनबाट असहज परिस्थितिलाई क्रमशः सहज बनाउन सकिने रहेछ । भौतिक रुपमा व्यक्ति थाकेर केही हुँदैन, उसको ईच्छाशक्ति, विवेक र भावनात्मक संवेदना जनताप्रति छ भने जुनसुकै परिस्थितिमा पनि टिमलाई परिचालन गर्न कुनै कठिनाई नहुने रहेछ । मानिसका विचारलाई संयोजन गर्न सक्दा असम्भव लाग्ने पक्षहरु पनि संभावनाका सिँढी बन्न पुग्दा रहेछन् । सरकारी नीति नियम भित्र रहेर पनि सृजनाका फूलहरु फुलाउन सकिने रहेछ । आज गोरखा आफैले बोल्दैन तर अरुबाट नमुनाको जिल्लाका रुपमा पहिचान दिन थालेको छ । निश्चयनै आजसम्मका प्राप्त उपलब्धि र रचनात्मक सिकाईहरु संस्थागत गर्दै पुनर्निर्माणका क्रममा समेत सहकार्य, साझेदारी र सहभागितात्मक ढंगले अगाडि बढ्न सक्यौ भने गोरखालाई पहिलेको भन्दा अझ राम्रो बनाउन सक्छौ । गोरखा भूकम्प पश्चात्को विकासको नमुना जिल्ला बन्ने छ । हाम्रा भौतिक संरचनाहरु भत्केका हुन् हाम्रा मनहरु भत्केका छैनन्, हाम्रा सम्पत्तिहरु क्षति भएका हुन् हाम्रा जोश जाँगर अदम्य पराक्रम क्षति भएको छैन र यसरीनै हाम्रा आफन्तहरु गुमेका हुन् तर हाम्रो आपसी प्रेम, सद्भाव र भावना गुमेका छैनन् । आऔं हामी सबै मिलौं र यो जिल्लालाई फेरि समृद्धि तर्फ लैजाऔं । सबैको सहयोग सद्भाव र एकता बाँचिरहोस् भन्ने शुभेच्छा सहित अन्त्य गर्दछु । ❖

६ अन्नपूर्ण विशेष

क्याबात् सिडियोसाप्

सिमिलेमाले एसईजेको भएर काम गर्दा सर्वसाधारणलाँग मिलेर काम गर्नुपर्छ भन्ने अनुभव सँगालेका छिए । त्यो अनुभव पनि अहिले मिके उपयोगी भयो । विविध क्षेत्र हेर्नेगरी विभिन्न उपसमिति (जलस्टर) बनाएर कार्य विभाजन गर्दा काम धेरै घुरल भयो ।

सिफारिस

'सरकारको सबभन्दा तल्लो एकाई ग्राम पञ्चायतलाई मानिनेछ । राज्य सञ्चालनमा आवश्यक पर्ने परराष्ट्र र रक्षा बाहेक अरु सबै आवश्यक अङ्गको अधिकार ग्राम पञ्चायतलाई दिइनेछ ।'

'ग्राम सुरक्षाका लागि स्वयंसेवक संगठन गरी उनीहरुलाई आवश्यक तालिम दिन सकिनेछ । सुरुमा ग्राम पञ्चायतहरुले लट्ठी र खुकुरी आदिले स्वयंसेवकलाई तालिम दिनेछन् तर पछि आवश्यक देखिएमा १० वटासम्म बन्दूक दिने निर्णय श्री ५ को सरकारको स्वीकृतिले जिल्ला पञ्चायतले गर्न सक्नेछ ।'

– विश्ववन्धु थापाको अध्यक्षतामा गठित

प्रशासन शक्ति विकेन्द्रीकरण आयोगको प्रतिवेदन २०२० बाट

अनुसूची : गोरखा जिल्लामा भूकम्पको कारण मानवीय, पशु चौपाया र खाद्यान्नको क्षतिको विवरणः

गा.वि.स./ न.पा.को नाम	घाइते			मृतक			वेपत्ता	पशु चौपाया क्षति (संख्या)	खाद्यान्न क्षति (मे. टन)
	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा			
गो.न.पा.	१४	१९	३३	३	२	५	१	३,५१७	२९१
ताप्ले	०	०	०	०	२	२	०	१५२	२८
वोर्लाङ्ग	४	६	१०	२	०	२	०	१०	२९७
अश्राङ	१	५	६	१	१	२	०	१३७	६८
बुङकोट	३	४	७	०	२	२	०	७६५	२२६
नाम्जुङ	९	८	१७	१	०	१	०	२५	८३
मनकामना	०	२	२	०	०	०	०	०	२
घैरुङ	५	३	८	१	०	१	०	१६६	८१
मकैसिङ	०	०	०	०	०	०	०	२०५	१७
बक्राङ	०	४	४	२	१	३	०	३१८	१५
ताक्लुङ	०	०	०	०	०	०	०	०	०
ताङ्लिचोक	०	१	१	०	०	०	०	०	०
फुजेल	६	१	७	१	०	१	०	१२८	१०५
घ्याल्चोक	२	१	३	०	०	०	०	२	६
भुम्लिचोक	२	०	२	०	०	०	०	४	२
दर्बुङ	३	३	६	०	०	०	०	०	३७
देउराली	०	०	०	०	०	०	०	१	३
मिरकोट	०	०	०	०	०	०	०	०	०
धुँवाकोट	०	१	१	१	०	१	०	३	३
छोप्राक	८	९	१७	३	३	६	०	६१	१३५
खोप्लाङ	२	९	११	०	३	३	०	१६०	१५६
हर्मी	१	५	६	१	०	१	०	२४	७९
पालुङटार न.पा.	३	८	११	०	०	०	०	३७	११४
गाँखु	१	४	५	०	०	०	०	७३७	४५
श्रीनाथकोट	१	५	६	०	०	०	०	८०	४१
जौवारी	४	३	७	०	१	१	०	१२९	१२६
थालाजुङ	१	६	७	०	०	०	०	१६	१७
केरावारी	४	३	७	१	०	१	०	९	४२
हँसपुर	५	४	९	२	६	८	०	१५१	१२६
खरीवोट	१९	२२	४१	२	४	६	०	११७	८७
घ्याच्चोक	१७	३०	४७	९	१०	१९	०	५३५	३६८
सिम्जुङ	२५	५४	७९	२०	१६	३६	०	२८,९६८	३५४
मुच्चोक	३९	३४	७३	८	९	१७	०	६४३	५४१
वारपाक	७४	९३	१६७	२३	४७	७०	०	३,५८८	८०८
स्वाँरा	२४	४०	६४	६	१०	१६	०	२०१	६४९
सौरपानी	२३	५०	७३	२०	२२	४२	०	७,७६८	८६४
ताकुकोट	५	३	८	३	२	५	०	३६	८५
ताकुमाझलाँकुरीबोट	२	४	६	१	०	१	०	३४	१
धावा	२१	१६	३७	३	३	६	०	९५९	५०१
पाँचखुवा देउराली	१	३	४	०	१	१	०	४५	१२१
पन्द्रुङ	८	५	१३	०	२	२	०	५९४	५८
मसेल	१	२	३	२	५	७	०	१२४	१०७

गा.वि.स./ न.पा.को नाम	घाइते			मृतक			वेपत्ता	पशु चौपाया क्षति (संख्या)	खाद्यान्न क्षति (मे. टन)
	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा			
बगुवा	१	४	५	०	०	०	०	७००	७९
तान्द्राङ	४	९	१३	४	१	५	०	१३८	४
मान्वु	३३	५७	९०	९	१२	२१	०	२,११७	३८३
आरुआरवाङ	४३	५१	९४	८	१०	१८	१	२,२७६	१,०२५
थुमी	२८	३४	६२	१०	७	१७	७	३,९८८	४३०
आरुचनौटे	२०	२५	४५	२	७	९	०	७५५	१
आरुपोखरी	११	१०	२१	१	३	४	०	३६२	३८४
केरौजा	१२	१०	२२	१०	८	१८	०	१,४०३	१२७
कासीगाउँ	११	९	२०	५	६	११	०	२५४	३९
उहिया	५	१	६	७	७	१४	०	९२२	३२४
लाप्राक	२९	३६	६५	१०	११	२१	३	१,४०१	१९५
लापु	१०	१३	२३	११	६	१७	०	२,७८५	१७८
गुम्दा	३१	२८	५९	२०	११	३१	१	३,६३८	१८९
छेकम्पार	०	०	०	०	०	०	०	२१५	०
सिर्दिवास	५	१	६	४	४	८	०	७४६	०
सामागाउँ	०	०	०	०	०	०	०	२१	०
चुम्चेत	४	१	५	१	१	२	०	७०	४९
ल्हो	२	२	४	१	०	१	०	६३	२५
विही	०	०	०	१	०	१	०	१०१	७
प्रोक	०	०	०	०	०	०	०	३२	१
जम्मा	५८७	७६१	१,३४८	२२०	२४६	४६६	१३	७२,४३६	१०,१२९

२०७२ सालको वडादशैं, तिहार एवं छठ पर्वहरुको उपलक्ष्यमा समस्त सदस्य वर्गमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

"सहकारिता नै राष्ट्रको एक आर्थिक खम्बा हो, सहकारिताको माध्यमबाट उद्यमी बनौं"

सुविधा बचत तथा ऋण सहकारी संस्था परिवार

महाबौद्ध, काठमाडौं, फोन नं. ०१ ४२१६१५१

२०७२ को भूकम्प : ललितपुर जिल्लामा उद्धार तथा राहत प्रयास

- पशुपति पोखरेल*

नेपालमा २०७२ साल बैशाख १२ गते महाभूकम्प र त्यस पछि निरन्तर रुपमा हजारौं पराकम्पनहरु गएको कुरा सर्वविदितै छ। यस भूकम्पको घटनाले देशका १४ जिल्लाहरु नराम्रोसँग प्रभावित भए। सामान्य प्रभाव त नेपालभरि नै परेको छ। यस्ता अति प्रभावित १४ मध्येको एक ललितपुर जिल्लामा पनि भौतिक एवं मानवीय क्षति भएको छ। जिल्लामा गरिएको सर्वेक्षण अनुसार विनाशकारी भूकम्पबाट १८४ जनाको मृत्यु, ३,०२० जना घाइते, ६,५०० वटा चौपाया, २५ वटा ऐतिहासिक पुरातात्विक सम्पदा लगायत २२,१९५ सर्वसाधारणका घर क्षति भएको छ।

ललितपुर जिल्लाका विभिन्न गाउँ विकास समित (गा.वि.स.) र नगरपालिकाहरुमा भूकम्पले पुऱ्याएको घरको क्षतिको विवरण तलको तालिकामा दिईएको छ।

सि.न.	गा.वि.स.	पूर्ण क्षति	आंशिक क्षति	सामान्य	जम्मा
१	दलचौकी	२३०	७८		३०८
२	घुसेल	२६०	३५		२९५
३	नल्लु	३४२	१९१		५३३
४	भारदेव	४७३	–		४७३
५	चापागाउँ	६८२	१३६		८१८
६	प्युटार	२९२	१२१		४१३
७	आश्राङ	१७६	११५		२९१
८	ठुला दुर्लुङ	२७५	३४	१३	३२२
९	वुखेल	११५	२४६		३६१
१०	गिम्दी	१४९	११९	१५०	४१८
११	शाखु	३२७	२०२		५२९
१२	कालेश्वर	८९	२६९		३५८
१३	भट्टेडाँडा ललितपुर	४३३	३३		४६६
१४	मानिखेल	२२५	१५७		३८२
१५	माल्टा	२२५	१८७	२	४१४
१६	लेले	११२४	६१३	९४	१८३१
१७	चन्दनपुर	१२४	१२२		२४६
१८	चौघरे	२२८	१६६		३९४
१९	देवीचौर	३२९	३२६		६५५
२०	ईकुडोल	४११	३८		४४९
२१	गोटिखेल	१३२	२९१		४२३
२२	ठेचो	१५५	१५		१७०
२३	झरुवारासी	८०	५७		१३७
कूल जम्मा		६,८७६	३,५५१	२५९	१०,६८६

* स्थानीय विकास अधिकारी, जिविस ललितपुर

त्यसै गरी ललितपुर जिल्लामा रहेका विभिन्न ऐतिहासिक तथा पुरातात्विक सम्पदाहरुको पनि भूकम्पका कारणले ठूलो क्षति भएको छ, जसको विस्तृत विवरण तलको तालिकामा दिइएको छ :

ललितपुर उपमहानगरपालिका

क्र.सं.	सम्पदाको नाम	वडा नं.
१	अशोक स्तम्भ	३
२	महादेव मन्दिर	२१
३	आगन मन्दिर	२१
४	जगमरु पोखरी	२१
५	अक्षेश्वर महावीर	२१
६	गुठीको भवन	२०
७	नाग दह	१५
८	भीमसेन मन्दिर (दरवार स्क्यावर)	१८
९	कृष्ण मन्दिर	१८
१०	स्वथनारायण मन्दिर	१८
११	जगतगुरु मन्दिर	९
१२	सुन्धारा मन्दिर	६
१३	गणेश मन्दिर	७
१४	गणेश मन्दिर	८
१५	गर्भपन्थ महाविहार	
१६	हाँसपोश गणेश मन्दिर	
१७	शिवलाल मन्दिर	३
१८	महादेव मन्दिर	१३
१९	शिव मन्दिर	१४
२०	पञ्चेश्वर मन्दिर	१४
२१	गणेश मन्दिर	१३
२२	बालकुमारी मन्दिर	८

महालक्ष्मी नगरपालिका

क्र.सं.	सम्पदाको नाम	वडा नं.
१	कृष्ण प्रणामी मन्दिर	१
२	पैनाचल मन्दिर	१
३	गणेश मन्दिर	५
४	नयाँपाटी मन्दिर	७
५	देवी मन्दिर	८
६	भगवान मन्दिर	५
७	तपेश्वर मन्दिर	३
८	मनकामना मन्दिर	७
९	महालक्ष्मी मन्दिर	५
१०	महालक्ष्मीस्थान मन्दिर	५

गोदावरी नगरपापलिका

क्र.सं.	सम्पदाको नाम	वडा नं.
१	गोदावरी कुण्ड	
२	नौधारा	
३	इमानुएल चर्च	

हरिसिद्धि नगरपापलिका

क्र.सं.	सम्पदाको नाम	वडा नं.
१	श्रीहरेराम मन्दिर	
२	बृहस्पति कुलदेव मन्दिर	

कार्यविनायक नगरपालिका

क्र.सं.	सम्पदाको नाम	वडा नं.
१	दीपाङ्कर बुद्ध मन्दिर	
२	पयमपुर विहार	
३	कार्यविनायक मन्दिर	
४	भैरथनाथ मन्दिर	
५	मनकामनामाई मन्दिर	८
६	रातो मच्छिन्द्रनाथको मन्दिर	

आम्राङ्ग गा.वि.स.

क्र.सं.	सम्पदाको नाम	वडा नं.
१	शिव मन्दिर	
२	बाघभैरव मन्दिर	

भट्टेडाँडा गा.वि.स.

क्र.सं.	सम्पदाको नाम	वडा नं.
१	बाघभैरब मन्दिर	८

इकुडोल

क्र.सं.	सम्पदाको नाम	वडा नं.
१	बौद्ध विहार	१

दलचोकी

क्र.सं.	सम्पदाको नाम	वडा नं.
१	मनकामना मन्दिर	३

भूकम्प पश्चात् जिल्ला दैवीप्रकोप उद्धार समितिको सक्रियतामा तत्काल खोज तथा उद्धार कार्य गरिएको थियो। जस अनुसार ६६ जनाको जीवितै उद्धार तथा रेस्क्यु गरिएको थियो। यस विपद्को अवस्थामा जिल्ला दैवी प्रकोप उद्धार समिति सक्रिय रुपमा परिचालित भयो र यस समितिको सक्रियतामा सम्पादन गरिएका उद्धार तथा राहतका कार्यहरु तपशिल बमोजिम रहेका छन्:

- पहिरोले क्षति पुगेका लेले, चन्दनपुर बाटोका गोटिखेल खण्ड, चन्दनपुर ठूलादुलङ्ग खण्ड, भट्टेडाँडाबाट ठोस्न इकुडोल, कान्ति लोकपथको भट्टेडाँडादेखि माल्टासम्मका सडकहरु तत्काल खुलाएको।
- जिल्लाका विभिन्न स्थानहरुमा ४ वटा सरकारी अस्थायी शिविरहरु (सेन्ट जेभियर्स मैदान, पुल्चोक इन्जिनियरिङ्ग कलेज मैदान, च्यासल फुटबल ग्राउण्ड, खुमलटार स्थित नास्ट कार्यालय) खडा गरी ट्यांकरबाट खानेपानीको तत्काल व्यवस्था गरिएको, त्यस बाहेक टोलटोलमा अस्थायी शिविर स्थानीय वासिन्दाले निर्माण गरेको।
- दक्षिणी ललितपुरका क्षतिग्रस्त खानेपानीका पाइपलाइनहरु तत्काल मर्मत गरी खानेपानी सुचारु गरिएको।
- राहतलाई चुस्त र प्रभावकारी बनाउनका लागि सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको निर्देशनलाई आधार बनाई जिल्ला विकास समिति, नगरपालिका तथा गा.वि.स.लाई उद्धार तथा राहतका सामग्री खरिद गरी वितरण गर्ने कार्यमा सहजीकरण गरिएको।
- अस्थायी आवास, खानेपानी तथा सरसफाई सम्बन्धी कार्य अगाडि बढाउनका लागि प्राविधिक सहितको टोली परिचालन गरिएको।
- जिल्लामा प्राप्त राहत सामग्रीलाई व्यवस्थित गर्नका लागि जिल्ला तहमा क्षेत्रगत संयन्त्र, स्थानीय तहमा गा.वि.स. सचिव, नगरपालिकामा वडासचिवका संयोजनमा राजनीतिक दलहरुका रोहबरमा वितरण प्रणालीलाई चुस्त बनाइएको।



- जिल्ला तथा नगर र स्थानीय तहमा भूकम्पबाट क्षतिग्रस्त संरचना सडक सफा गर्ने कार्य गरिएको।
- क्षतिग्रस्त घर संरचना भत्काउनका लागि प्राविधिक सहितको ५ सदस्य टोली गठन गरी परिचालन गरिएको।
- घर भवन संरचना भत्काउने क्रममा संभावित जोखिम अनुमान सिफारिस समिति गठन गरि परिचालन गरिएको।
- क्षतिग्रस्त घर संरचना भत्काउनका घरधनी स्वयंलाई प्रोत्साहित गरिएको।
- यो विपद् अवस्थामा स्थानीयदेखि जिल्ला तहसम्म प्रभावकारी व्यवस्थापनमा लागि राजनीतिक दल, स्थानीय तहमा रहेका स्थानीय राजनीतिक दलका प्रतिनिधि, नागरिक सचेतना केन्द्र, वडा नागरिक मंचका सदस्यहरु सामाजिक परिचालकहरुलाई परिचालन गरिएको। उद्धार तथा राहत वितरणमा सम्पूर्ण कर्मचारीहरु अहोरात्र खटिइएका थिए।

यसै गरी जिल्ला दैवीप्रकोप उद्धार समितिको सहजीकरणमा जिल्लाका सबै भूकम्प पीडितहरुका लागि विभिन्न सरोकारवालाहरुसँग समन्वय गरी राहत वितरण गर्ने कार्य पनि कुशलतापूर्वक सम्पादन गरिएको छ। जिल्लामा हालसम्म विभिन्न सरकारी तथा गैरसरकारी संस्थाबाट प्राप्त भूकम्प पीडितहरुका लागि जिल्ला दैवीप्रकोप उद्धार समिति मार्फत् वितरण गरिएका राहत सामग्रीको विवरण यस प्रकारका रहेका छन्।

राहत वितरण कार्यको विवरण

क्रसं.	बिवरण	बितरण संख्या
१	पाल	२१२७० थान (५०० पाल अस्थायी शिविरमा बाँडिएको)
२	कम्बल	१००५३ थान
३	चाउचाउ	९५०५ कार्टुन
४	चिउरा	१८५८ वोरा
५	चामल	६१४९ वोरा
५	चिनी	१७९ बोरा, १३३७ केजी.
६	नुन	६६ बोरा

क्रसं.	बिवरण	बितरण संख्या
७	बिस्कुट	१४८० कार्टुन, ११०० पिस
८	भुजिया	३४ वोरा, ५० केजी.
९	औषधी	५४ कार्टुन
१०	पानी	१३४ ट्याङकर, १६७६ कार्टुन, १५ वटा जार
११	दाल	२८० बोरा, ९७६ केजी.
१२	पिठो	५३२ किलो
१३	म्याट्रेस	३३० थान

क्रसं.	बिवरण	बितरण संख्या
१४	पियुस	२५० थान
१५	तेल	६ कार्टुन, १७० लि. १० पोका
१६	म्याट	६५ थान
१७	भाँडावर्तन	४५ सेट
१८	बाल्टिन	७४ वटा
१९	जग	१६ वटा
२०	दालमोट	१ बोरा
२१	टर्चलाईट	१० वटा
२२	चियापत्ति	३१ केजी १०० ग्राम
२३	आलु	१७ बोरा

क्रसं.	बिवरण	बितरण संख्या
२४	प्याज	२ बोरा
२५	आँटा	२ बोरा
२६	साबुन	३०५ कार्टुन
२७	हाईजिनिक किट	७८० थान
२८	चर्पी	८५ थान
२९	सोयाबिन	५० केजी
३०	जुस	३०० पीस
३१	फुरनदाना	३०० प्याकेट
३२	खाद्य बक्स	२१२१ पाकेट
३३	प्लाष्टिकको गुन्द्री	९०० थान
३४	टेन्ट	६६ थान

राहत वितरणका लागि राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैरसरकारी संस्थाहरु, नागरिक समाज तथा विद्यार्थीहले पनि सहभागिता जनाएका थिए । यस सम्बन्धी संक्षिप्त विवरण तल उल्लेख गरिएको छ:

क्र. सं.	संस्था/व्यक्तिको नाम ठेगाना	राहत वितरण गरिने नपा/गा.वि.स./स्थान	राहत वितरण गरेको विवरण
१.	नेपाल डन बक्स सोसाईटी, ठेचो, ललितपुर	लेले, खोकना, चापागाउँ, लुभुका अ. २५० घर धुरी	प्रति परिवार १ कार्टुन चाउचाउ, चकलेट, बिस्कुट, १६ थान पाल
२.	वोर्डलिङ नेटवर्क एण्ड कम्युनिकेसन, लपु उमनपा २, सानेपा	ललितपुर जिल्ला क्षेत्र नं. १ का सम्पूर्ण गा.वि.स	पीडित प्रति परिवार १ बोरा चामल, ५ केजि दाल, १ थान पाल
३.	महिला पुर्नस्थापना केन्द्र (ओरेक), बालकुमारी ललितपुर	नार्क ईन्जिनियरिङ कलेज, सेन्ट जेभियर स्कुल, खोकना बुङ्गमती, हरिसिद्धि स्थित सेन्टर	सुत्केरी महिला, किसोर किशोरीहरुलाई आवश्यक राहत सामग्री
४.	सहयोगी हातहरुको समूह (सहास), नेपाल, ललितपुर	नल्लु, भारदेउ, भट्टेडाँडा	पाल २५० थान, कम्मल १५० थान, चामल १६,५०० केजि, चिउरा ८,२५० केजि, तेल १,१०० पोका, टर्चलाईट ५५० पीस
५.	नेपाल ट्रेड ट्र्याडीसन नेपाल (सि.आर.एफ.टी.एस प्रा.लि.)	ललितपुर जिल्ला क्षेत्र नं. १ स्थित सबै गा.वि.स.हरु	खाद्यान्न लगायतका बिभिन्न सामानहरु
६.	सचेतना, संस्कृति, मानव अधिकार तथा राष्ट्रियताका लागि पहल (मञ्चन) नेपाल	छम्पी, चापागाउँ	छम्पीका २५० परिवार र चापागाउँका २६० परिवारलाई प्रति परिवार ५ केजि चामल, १ केजि चिउरा, १ लि. तेल, २ पाकेट चाउचाउ, १ पाकेट बिस्कुट, १ बोतल पानी
७.	सेभ द चिल्ड्रेन, काठमाण्डौ	खोकनाका भूकम्प पीडित	सेल्टर पाक २००, युटेन्सिल प्याक २००, बेबि प्याक २००, पाल १५० थान
८.	एसियन पेन्ट नेपाल प्रा. लि. बालकुमारी	मानिखेल गा.वि.स.का १०० घर परिवार	चामल, दाल, तेल, चिनी, चिउरा, पानी चाउचाउ, पाल, १०० थान
९.	वर्क्सफर्म जावलाखेल	चापागाउँ, नल्लु, बुङ्गमती, लुभु, जावलाखेल, सिद्धिपुर, सुनाकोठी, छम्पी	खानेपानी तथा सरसफाई, आपतकालिन बासस्थान, आपतकालिन जीविकोपार्जन
१०.	टेवा धापाखेल, ललितपुर	धापाखेल, लुभु, बुङ्गमती, खोकना	पाल, खाद्य सामग्री, कपडा
११.	ललितपुर बार एसोसियसन	ललितपुर कार्यबिनायक नपा १८ डुकुछाप १५, १६ छम्पी ठूलादुर्लुङ	१० बोरा नुन, ६ बोरा पीठो, ४ बोरा चिनी

क्र. सं.	संस्थाको नाम, ठेगाना/व्यक्तिको नाम ठेगाना	राहत वितरण गरिने नपा/गा.वि.स./स्थान	राहत वितरण गरेको विवरण
१२.	राष्ट्रिय उपभोक्त मञ्च काठमाण्डौ	लामाटार	१,५०,०००।- को प्लाष्टिक सिट, चामल, चिनी, दाल, नुन
१३.	बेटर नेपाल फाउण्डेसन, कुमारीपाटी, ललितपुर	चापागाउँ	१ हजार थान कम्मल, ३०० थान पाल, १०,००० पाकेट चाउचाउ
१४.	श्री सत्य साई केन्द्र, पाटन	पाटन अस्पताल, डुकुछाप दनुवार बस्ती, हरिसिद्धि, गोटीखेल, चन्दनपुर, लेले, घुसेल, पुल्चोक	पाल, खाद्यान्न
१५.	नेपाल रेडक्रस सोसाइटी	दलचोकीका २८७ परिवार र नगर ८, ११ र १८ वडाहरु	कम्मल, पाल, भाँडावर्तन, लत्ताकपडा, खाद्यान्न, चाइनिज टेन्ट २९०, जर्मन टेन्ट १५ र त्रिपाल ४,८६५ थान
१६.	बुङ्गमती परोपकार समाज ललितपुर	बुङ्गमती	टेन्ट, पाल १०० थान, कम्मल १०० थान, खाद्यान्न २०० बोरा, प्रेसर कुकर ७५ थान थाल २०० थान
१७.	नेपाल अपाङ्ग महिला समूह	गोदावरी	अपाङ्गता भएका व्यक्तिहरुका लागि आवासीय व्यवस्थापन कार्य गरेको
१८.	स्वास्थ्य अनुसन्धान तथा सामाजिक विकास मञ्च	ठूलादुर्लुङ	चामल, दाल, नुन, तेल, चाउचाउ, चिउरा, बिस्कुट, पानी, कम्मल पाल, म्याट्रेस, पानी ट्याकीं, पिउस प्राथमिक उपचारका औषधी
१९.	न्यूनतम सुबिधा बिहिन बालबालिकाहरुका लागि शैक्षिक कार्यक्रम (युसेफ नेपाल)	बुखेल ५५० घर धुरी	चामल ५५० बोरा, त्रिपाल ५५०, मेट्रेस ११००, ब्ल्यांकेट ११००, दाल, नुन, चिनी, सर्वोत्तम पिठो
२०.	रेडक्रस सोसाईटी ललितपुर	हरिसिद्धि, खोकना, बुङ्गमती सुनाकाठी (५०० परिवार) शैखु गा.वि.स.का ५२६ परिवार, छम्पी, डुकुछाप, लामाटार, लुभु, चापागाउँ, गोदामचौर, गोदावरी, विशंखुनारायण, झरुवाराशी, बडिखेल	चामल, दाल, नुन, तेल, ९० थान टेन्ट राखी अस्थायी बासस्थान निर्माण जस्ता राहतका सामग्री र गैरखाद्य सामग्री
२१.	लाईन्स क्लब ईन्टरनेशनल काठमाण्डौ	कार्यबिनायक नपा	कम्बल, चामल, दाल, बिस्कुट लगायतका खाद्यान्न सामग्रीहरु
२२.	स्माईल मिनिस्ट्रिज नेपाल, ललितपुर १४	ठूलादुर्लुङ, आश्राङ, गिम्दी, माल्टा भट्टेडाँडा, ईकुडोल, कालेश्वर, चन्दनपुर, गोटीखेल, मनिखेल	करौती, किला, काँटी लगायतका औजार
२३.	द लुथरल वर्ल्ड फेडरेसन	आश्राङ, गिम्दी प्युटार, माल्टा भट्टेडाँडा, छम्पी	पाल १११३ थान
२४.	ओम नेपाल, काठमाण्डौ	चापागाउँ नल्लु, झरुवारासी गोदावरी दक्षिणी पहाडी गा.वि.स.हरु	चामल, दाल, तेल, नुन पाल
२५.	मिसनरिज अफ च्यारिटी नेपाल	महालक्ष्मी नगरपालिका इमाडोल (१७० घरधुरी)	त्रिपाल १७०, चामल १७०० केजी, कमल ३४० थान, तेल ३४० लिटर, दाल ३४० केजी, चिउरा ३४० केजी, झुल १७० थान
२६.	साथी, धोबीघाट, ललितपुर	चन्दनपुर गा.वि.स.का २०० घरधुरी, ठूलादुर्लुङ्ग, कालेश्वर, प्युटार, मानीखेल	चामल २१.५ क्विन्टल, तेल, नुन, चिया, चना, विस्कुट, चाउचाउ, साबुन, औषधी, त्रिपाल ५० थान, त्रिपाल ६३३ थान, कम्बल १२८० थान, ११७० किलो दाल, पिठो, चिनी मसला ईत्यादि

क्र. सं.	संस्थाको नाम, ठेगाना/व्यक्तिको नाम ठेगाना	राहत वितरण गरिने नपा/गा.वि.स./स्थान	राहत वितरण गरेको विवरण
२७.	Entrepreneurs Creating Opportunities Pomoting Peace, धोवीघाट	घुसेल	सोलारलाईट १००० थान, पावर व्याक ३० थान
२८.	World Vision Nepal	बुङ्गमती, कार्यविनायक न.पा. भित्रका ५३० घरधुरी	पाल १०६०, कम्बल १०६०, म्याट १०६० थान, झुल, हाईजिनिक किट ई.
२९.	ललितपुर विकासको लागि समाज	बुङ्गमती, खोकना, हरिसिद्धि, लुभु, सानागाउँ, ठेचो, धापाखेल	त्रिपाल ७०० थान, म्याट ७०० थान, झुल ७०० थान र खाद्य सामग्री
३०.	स्विस एजेन्सी फर डेभलपमेण्ट को–अपरेशन (SDC), काठमाडौं	शंखु, माल्टा, ईकुडोल, दलचोकी, भट्टेडाँडा	1 Bundle CGI Sheets, Rope 25 m., 1 Hygiene Kit, Self Help Kit 120 mm प्रति पीडित परिवार
३१.	नेपाल क्यम्पस क्रुसेड फर क्राईष्ट	कार्यविनायक न.पा. कुसुन्ती, ठूलादुर्लुङ्ग, खोकना, भैंसेपाटी, कुसुन्ती, छम्पी, ललितपुर जिल्लाका करिब ३०० घरधुरी	ठूलादुर्लुङ्ग १०० थान त्रिपाल, कार्यविनायक न.पा. १५० थान त्रिपाल, कुसुन्ती १५० थान त्रिपाल वितरण त्रिपाल २६४ थान, चामल दाल, चिनी, चिउरा, साबुन, (ठूलादुर्लङ्ग त्रिपाल १०० थान, खोकना भैसेपाटी ३६ थान र छम्पी १२८ थान)
३२.	World Vision Nepal	बुङ्गमती ६५० घरधुरी, खोकना ८५० घरधुरी, भैंसेपाटी	त्रिपाल ६५७ थान, (बुङ्गमती ५०० भैंसेपाटी १५७), ब्लाङकेट ५०० थना, म्याट ५०० थान र हाईजिनिक किट, नगद वितरण र खानेपानी सरसफाई तालिम कार्यक्रम
३३.	तान नेपाल (Loom Nepal)	ललितपुर जिल्ला	भूकम्प प्रभावित क्षेत्रका गर्भवती, सुत्केरी, किशोरी, बालबालिकाका लागि Mothers कार्यक्रमा जि.वि.स. र महिला तथा बालबालिका कार्यालयसँगको सहकार्य
३४.	खजुरीको नेपाल प्रा.लि. चापागाउँ	प्युटार, देवीचौर, घुसेल, नल्लु, भारदेउ, चन्दपुर	५०० त्रिपाल, ४०० कम्बल
३५.	व्यवसायी समाज नेपाल EO NEPAL	घुसेल गा.वि.स.	अस्थायी बास स्थान निर्माण
३६.	अल एन्जल्स नेपाल	गिम्दी गा.वि.स.को वडा नं. ६, ८, ९ का ३१ घरधुरी	जस्तापाता वितरण
३७.	नेपाल आराधाना समाज, सैंबु	विशंखुनारायण क्षेत्रको विष्ट छाप र कनिकेथोकका १६९ घरधुरी	४९८ वण्डल जस्तापाता
३८.	लेप्रोसी मिसन नेपाल	ललितपुर जिल्ला भित्र	३० जना अपाङ्ग असहाय व्यक्तिहरुलाई रु १५,०००।- (पन्ध्र हजार) का दरले वितरण
३९.	Shree Shah Satnam Ji Green-S Welfare Force Wing, India	ललितपुर उ.म.न.पा. वडा नं. २३, २४, २५, २६, २७ र कार्यविनायक न.पा.को बुङ्गमति	टेन्ट, ब्लाङकेट, विस्कुट, वाटर बोटल, किचनको सामानहरु, दुध, नुन, चिनी, मसला आदि

त्यसो त उद्धार र राहतमा संलग्न हुने संस्थाहरु १२५ भन्दा बढी छन् । हस्ती नेपाल, सहरी वातावरण व्यवस्थापन समाज, सोमाङ्ग एकेडेमी, गणेशमान अस्पताल, इसिटिसि सेन्टर, द लेप्रोसी मिसन, किराँत याक्थुमचुम्लुङ्ग र प्रदिप श्रेष्ठ (साउथ अफ्रिका) ले स्वास्थ्य उपचार, सरसफाई, मनोपरामर्श, जनस्वास्थ्य सम्बन्धी कार्यक्रम संचालन गरे । विदेशी संस्थाहरु द लुथरन वल्ड फेडेरेसन, विन्रक इन्टरनेशनल, सनजेन् माउन्टेन्स रेस्क्यु टीम (चिनियाँ), मर्सि कोर, द लेप्रोसी मिसन (आनन्द वन), समरिटन्स् पर्स इन्टरनेशनल, हेइफर आदिले पनि राहत उद्धारमा सहयोग पुऱ्याएका थिए । स्थानीय स्तरका धेरै गैरसरकारी संस्थाहरुले आ-आफ्ना ठाउँमा उल्लेखनीय योगदान पुऱ्याए, जसको अभिलेख जिल्लामा अभिलिखित भइसकेको छ ।

यसै गरी सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम मार्फत् ललितपुर उपमहानगरपालिकाले प्रति वडा २ लाखका दरले ५५ लाख राहत रकम वितरण कार्यक्रम वडा नागरिक मंच मार्फत् वितरण गरेको छ । महालक्ष्मी नगरपालिकाले प्रति वडा २ लाखका दरल २० लाख, कार्यविनायक नगरपालिकाले ३२ लाख, गोदावरी नगरपालिकाले १६ लाख राहत कार्यक्रम वडा नागरिक मंच मार्फत् वितरण गरेको छ । त्यसै गरी २३ वटा गा.वि.स.मा ४ लाख ५० हजारका दरले रकम विनियोजन भएकोमा हाल गा.वि.स.तर्फ ४१ लाख २६ हजार १४८ रुपैयाँ रकम बराबरको राहत सामग्री दुई सय ३० बोरा र ६००० केजी चामल, ५०० लि. तेल, १० क्वीन्टल दाल, ७ क्वीटल नुन, ४०० थान पाल, १०० थान प्लाष्टिक, २२० वण्डल जस्तापाता वितरण गरिएको थियो ।

राहतको क्रममा जिल्लामा प्राविधिक सहित खटिएका टोलीबाट पेश गरिएको प्रतिवेदनका आधारमा भूकम्प पीडितहरुका लागि भूकम्प पीडित परिचयपत्र वितरण गरिएको छ । त्यसै गरी भूकम्प प्रभावित क्षेत्रमा तत्काल अस्थायी बासस्थान निर्माणका लागि विभिन्न कर्मचारीहरु खटाई प्रत्येक पीडित घरधुरीलाई रु. १५०००। का दरले रकम बाँड्ने कार्य सबै गा.वि.स. मा सम्पन्न भइसकेको छ । नगरपालिका क्षेत्रमा वितरण कार्य अझै पनि जारी रहेको छ ।

यसै सिलसिलामा जिल्लामा तर्जुमा गरिएको जिल्ला पूर्वतयारी तथा प्रतिकार्य योजना २०६८ अनुरुप जिल्लामा विभिन्न कार्यालयहरुको संयोजकत्वमा जम्मा ८ वटा बिषयगत क्षेत्र (Cluster) हरु रहेका छन् । जस अनुसार

१. समन्वय, सूचना र खोज तथा उद्धार (Coordination, Communication and Search & Rescue)

   क्षेत्र प्रमुखः जिल्ला प्रशासन कार्यालय

२. खाद्य तथा कृषि (Food and Agriculture)

   क्षेत्र प्रमुखः जिल्ला कृषि विकास कार्यालय

३. आवास तथा गैरखाद्य सामग्री र शिविर व्यवस्थापन (Shelter and Non Food Item)

   क्षेत्र प्रमुखः जिल्ला विकास समितिको कार्यालय

४. आपत्कालिन बन्दोबस्ती (Emergency Logistics)

   क्षेत्र प्रमुखः नेपाल रेडक्रस

५. खानेपानी, सरसफाई तथा स्वास्थ्य प्रबर्द्धन (Water, Sanitation and Hygiene)

   क्षेत्र प्रमुखः खानेपानी तथा सरसफाई डिभिजन कार्यालय

६. स्वास्थ्य तथा पोषण (Health and Nutrition)

   क्षेत्र प्रमुखः जिल्ला जनस्वास्थ्य कार्यालय

७. आपत्कालिनका लागि शिक्षा (Emergency Education)

   क्षेत्र प्रमुखः जिल्ला शिक्षा कार्यालय

८. संरक्षण (Protection)

   क्षेत्र प्रमुखः महिला तथा बालबालिका कार्यालय

यस भूकम्पको आपत्कालीन अवस्थामा माथि उल्लिखित बिषयगत क्षेत्रहरु मार्फत् आआफ्नो क्षेत्रसँग सम्बन्धित सदस्यहरु बीच समन्वय, भूकम्प पीडितहरुका लागि राहत वितरण कार्य, अनुगमन, प्रगति प्रतिवेदन, रिपोर्टिङ लगायत कार्यहरुमा महत्वपूर्ण भूमिका निर्वाह गरिएको थियो ।

भूकम्प पश्चात् पहिरो लगायत अन्य जोखिमबाट हुनसक्ने क्षतिको पहिचान गर्न प्राविधिक सहितको टोली परिचालन र जिल्लाका विभिन्न स्थानहरुको सर्वेक्षण कार्यसम्पन्न गरिएको छ । यसै गरी भूकम्प पछिको पुनर्निमाणका लागि पुनर्बास सम्बन्धी DDRC बाट निर्णय समेत भएको छ । ललितपुर जिल्लामा बस्ती सार्ने त्यति ठूलो समस्या नदेखिएको, शहरी क्षेत्र खास गरी ललितपुर उपमहानगर-पालिकाको पुराना भवनहरु, महालक्ष्मी नगरपालिकाको लुभु सिद्धिपुर, कार्यविनायक नगरपालिकाको खोकना बुङमति क्षेत्रको घना बस्तीमा पुरानो घरहरु भत्केको तथा सोको भग्नावशेष उठाउने शर्तमा नेपाली सेना ललितपुरको टोली सम्पर्कमा भै कतिपय स्थानमा सफा गरेको अवस्था छ भने कतिपय स्थानमा हेभी इक्विपमेण्ट नभएको कारणले उठाउन नसकिएको अवस्था विद्यमान रहेको छ । ❖

पहिलो नगरपालिका गठन र काम

'भोटाहिटी टोलका ७ जना भलाद्मी मेम्वर मुकर्रर गरी मुकर्रर भएका मेम्वरहरु र सरकार तर्फबाट रहेको चेयरम्यान, भाइस चेयरम्यान, इन्जिनियर, म्यूनिसिपल्टीका हाकिम समेत वसी रोज छलफल गरी राय मिलाई म्यूनिसिपल्टीका रुल बमोजिम काम चलाउने र सफासुघर राख्ने ।'

काठमाडौं (भोटाहिटी) म्यूनिसिपल्टीको गठन सम्बन्धी सवाल सनद, बि. सं. १९७६ बाट

महाभूकम्प:

धादिङ जिल्लाको अवस्था

- लक्ष्मण विक्रम थापा*

बि.सं. २०७२।०१।१२ गते दिउँसो ११:५६ बजेको समयमा भएको पृथ्वीको कम्पनबाट नेपालका धादिङ लगायत १४ वटा जिल्ला अति प्रभावित हुन पुगे । यस सन्दर्भमा म धादिङ जिल्लामा स्थानीय विकास अधिकारीको जिम्मेवारी सम्हाल्दै रहेको अवस्था भएकोले महाभूकम्प आउनु भन्दा अगाडिको धादिङ जिल्लाको अवस्था र महाभूकम्प पछिको अवस्था कस्तो रह्यो भन्ने जानकारी भावी पुस्तालाई गराउन सान्दर्भिक नै हुन्छ भन्ने सोच आएकोले यो विषयवस्तुलाई प्रस्तुत गरेको छु ।

जिल्ला परिचय :

धादिङ जिल्ला मध्यमाञ्चल विकास क्षेत्रको बाग्मती अञ्चलमा अवस्थित छ । उत्तरमा हिमालय पर्वतदेखि दक्षिणमा महाभारत लेकसम्मको पर्वत, हिमशिखर, डाँडा-पाखा, नदीवेँसी, टार आदि भू-स्वरुपको संगालो समेटेको धादिङ जिल्लाले १,९२४.९ वर्ग कि.मी. क्षेत्रफल ओगटेको छ । यो जिल्लाको पूर्व-पश्चिम फैलावट भन्दा उत्तर-दक्षिण बिस्तार बढी छ । यो जिल्ला ३०० मिटर उचाई (जोगीमारा) देखि ७,११० मिटरको उचाई (पाविल हिमाल) सम्म रहेको छ । बि.सं. २०६८ को जनगणना अनुसार यस जिल्लामा ७३,८५१ घरधुरी संख्या र ३,३६,०६७ जनसंख्या छन् । देशको राजधानी काठमाडौँसँग सिमाना जोडिएको मनोरञ्जन हिमदृश्य (गणेश हिमाल), हिमालय पर्वतबाट उत्पत्ति भई जिल्लाको लगभग बीच भागमा अविरल बग्ने त्रिशुली, आँखु र बुढीगण्डकीको सौन्दर्यता, चरन क्षेत्र तथा नदी, टारहरुको मनमोहक स्थितिले धादिङ जिल्ला प्राकृतिक सम्पदा, साँस्कृतिक विविधता एवं सामाजिक संयोजनरुपी संगम स्थलबाट परिचित छ । गणेश हिमालको काखमा अवस्थित धादिङ जिल्लाको भूगोल र भौगोलिक आयामले पर्यटन व्यवसाय र व्यवसायिक कृषि पेशाका लागि प्रशस्त सम्भावनाहरु छन् ।

भू-आकृतिमा झण्डै बुटको आकारमा रहेको धादिङ जिल्लाको भौगोलिक फैलावट एवं विस्तार २७°४०' देखि ८५°७' उत्तरी अक्षांश र ८४°३५' देखि ८५°७' पूर्वी देशान्तरसम्म छ । धादिङ जिल्लाको पूर्वमा काठमाडौं, नुवाकोट र रसुवा जिल्ला, पश्चिममा गोरखा जिल्ला, उत्तरमा रसुवा जिल्ला र चीनको स्वशासित क्षेत्र तिव्वत र दक्षिणमा चितवन र मकवानपुर जिल्लाको सिमानासँग जोडिएको छ । धादिङ्ग जिल्लाको सदरमुकाम धादिङबेँसी ६४० मी. उचाईमा रहेको छ । यस जिल्लाको सबैभन्दा उच्च भूमि पाविल हिमाल ७,११० मी. को उचाईमा छ भने सबैभन्दा होचो भूमि जोगिमारा ३०० मी. को उचाईमा छ । यस जिल्लामा २५ वटा ठूला नदी र खोलाहरु छन् भने १,७४३ वटा साना नदी र खोल्साहरु छन् ।

धादिङ जिल्ला ३ वटा निर्वाचन क्षेत्र, १३ वटा इलाका, ४६ वटा गाउँ विकास समिति र १ नगरपालिका गरी प्रशासनिक एवं राजनैतिक इकाइहरुमा विभाजित छ । २०३२ साल भन्दा पहिल्यै सुनौला बजारमा रहेको सदरमुकाम हाल धादिङबेसी (निलकण्ठ नगरपालिका) मा छ । निलकण्ठ नगरपालिका २०७१ मा घोषणा गरिएका नगरपालिकाहरु मध्ये एक नगरपालिका हो ।

यस जिल्लाको सल्यानटार, कल्लेरीटार, पिपलटार, विशालटार, रिचोकटार, गजुरीटार, फसफिसेटार, मासटार ठूला टारहरु हुन् भने यस जिल्लाको आन्तरिक राजश्वको प्रमुख स्रोत बालुवा, ढुङ्गा, चुनढुङ्गा, सिमेन्ट आदि हुन् ।

यस जिल्लाका मुख्य वजारहरु धादिङ्वेँसी, आरुघाट, किन्ताङफेदी, गजुरी, मलेखु, नौविसे, धार्के, बैरेनी, आदमघाट, चरौदी, बेनिघाट, जोगीमारा, महादेववेँसी, कटुन्जे, रिङ्ने, खहरेबजार हुन् ।

यस जिल्लामा पाइने हावापानीलाई समउष्ण, समशितोष्ण, शितोष्ण मुख्यतः (उपोष्ण २८-३०°, समशितोष्ण २०° से. र शितोष्ण ३-१०° से.) गरी तीन किसिममा विभाजन गर्न सकिन्छ । जिल्लाको दक्षिणी होचा समथर भागमा तथा टारहरुमा समउष्ण हावापानी पाइन्छ भने मध्यभागका पहाडी क्षेत्रहरुमा समशितोष्ण हावापानी पाइन्छ । यसै गरी उत्तरी भेगका तिप्लिङ, सेर्तुङ, लापा जस्ता गणेश हिमाल आसपासको क्षेत्रमा शितोष्ण हावापानी पाइन्छ । दक्षिण पूर्वी मनसुनबाट वर्षाको शुरुवात हुने यस जिल्लाका सबै क्षेत्रहरुमा एकैनासले बर्षा हुँदैन । समुन्द्री सतहबाट २००० मी. भन्दा बढी उचाई भएका क्षेत्रहरुमा ४ महिनादेखि ५ महिनासम्म बर्षा हुन्छ भने बढी उच्च भागमा रहेका लापा, रि जस्ता क्षेत्रहरुमा ३ देखि ४ महिनासम्म बर्षा हुन्छ । यसै गरी बुढी गण्डकी आसपासका बसेरी, बुढाथुम, मुलपानी, आगिन्चोक, सल्यानटार, ज्यामरुङ जस्ता क्षेत्रहरुमा पनि ४ देखि ५ महिनासम्म बर्षा हुन्छ भने अन्य क्षेत्रहरुमा ३ देखि ४ महिना मात्र वर्षा हुन्छ । जिल्लामा हुने औषत वर्षा १,९१२ मि.मी. (३,५३५ मि.मी.) रहेको छ ।

* स्थानीय विकास अधिकारी, जिविस धादिङ

भूकम्पबाट मरेका र घरधुरीहरूको क्षति विवरण

सि. नं.	गा.वि.स.को नाम	घरको क्षति				जनगणना २०६८ अनुसार घरधुरी	मृतक	
		पूर्ण क्षति	आंशिक क्षति	सामान्य क्षति	जम्मा		पुरुष	महिला
१	आगिन्चोक	१,०९३	१	२	१,०९६	८७३	३	१०
२	बैरेनी	२,७९१	२७९	१९९	३,२६९	२,७९५	२	१
३	बसेरी	१,०७२	०	०	१,०७२	८५९	३	४
४	बेनिघाट	१,१४७	३६९	६२६	२,१४२	२,१२३	३	
५	भूमेस्थान	२,३१८	४१	९६	२,४५५	२,१४५	४	७
६	बुढाथुम	१,०८९	१३	३	१,१०५	८६६	९	६
७	चैनपुर	१,८३०	०	४	१,८३४	१,५१४		
८	छत्रेदेउराली	२,२८९	१४	१४	२,३१७	१,६५५	२६	२२
९	दार्खा	१,४३६	०	०	१,४३६	१,१२१	२४	२४
१०	ढोला	१,१५८	९०	६	१,२५४	९९८		
११	धुषा	१,२१३	२०५	९३	१,५११	१,३६१	१	
१२	धुवाकोट	१,३३७	३	०	१,३४०	१,०६३	४	२
१३	गजुरी	१,९८६	१६४	२८३	२,४३३	२,२२३	१	२
१४	गोगनपानी	१,४८७	२४	१२	१,५२३	१,१३३	१	१
१५	गुम्दी	१,४३१	०	०	१,४३१	१,१०९	६	१२
१६	जीवनपुर	१,९९२	१३	११	२,०१६	१,९२०	१९	३६
१७	झार्लाङ्ग	९६६	०	०	९६६	७७०	८	२५
१८	जोगिमारा	१,५४६	१५५	०	१,७०१	१,४४२	१	
१९	ज्याम्रुङ्ग	२,०२५	३२	०	२,०५७	१,६५३	१	२
२०	कल्लेरी	२,३६५	२	७	२,३७४	१,९२१	५	७
२१	कटुन्जे	१,८१२	०	०	१,८१२	१,४२५	११	११
२२	केबलपुर	१,३६४	५६	८	१,४२८	१,१०४	३	१
२३	खाल्टे	१,८९८	२३	१	१,९२२	१,५६६	१५	११
२४	खरी	१,३२०	६	०	१,३२६	१,०५१		
२५	किरान्चोक	१,५०४	०	०	१,५०४	१,१६३	१	२
२६	कुम्पुर	२,५८६	१४	२०	२,६२०	२,१२२	७	१६
२७	लापा	१,३६८	०	०	१,३६८	८५३	११	६
२८	महादेवस्थान	३८०	६३७	४३८	१,४५५	१,२४३		
२९	मैदी	२,५५४	६३	४	२,६२१	२,१६७		
३०	मार्पाक	१,०४३	७	३	१,०५३	८४९	८	११
३१	मुलपानी	८९८	३	१	९०२	७४९	११	१२
३२	नलाङ्ग	२,२८३	२९	३३	२,३४५	१,८७६	६	७
३३	नौबिसे	३,२८८	१९४	२३१	३,७१३	३,१८४	९	१७
३४	फुलखर्क	१,१३२	०	१	१,१३३	९२०	१२	१५
३५	पिडा	२,३२२	१५७	१४५	२,६२४	२,२१४	५	१
३६	रीगाउं	१,७०१	०	०	१,७०१	१,११०	३६	३९
३७	सलाङ्ग	१,४००	२९	०	१,४२९	१,१४०		
३८	सल्यानकोट	१,३९९	४	०	१,४०३	१,१२३	७	६
३९	सल्यानटार	१,९४३	१५९	१९३	२,२९५	१,७९१	१०	११
४०	सत्यदेवी	९२६	०	१	९२७	८४७	१६	२६
४१	सेम्जोङ्ग	१,१५९	४	६	१,१६९	८१७	५	१०

सि. नं.	गा.वि.स.को नाम	घरको क्षति				जनगणना २०६८ अनुसार घरधुरी	मृतक	
		पूर्ण क्षति	आंशिक क्षति	सामान्य क्षति	जम्मा		पुरुष	महिला
४२	सेर्तुङ्ग	१,१७५	०	०	१,१७५	१,५३०	९	७
४३	तसर्पु	१,२५८	१३	१०	१,२८१	१,०९८		२
४४	थाक्रे	२,१६०	९८	१०६	२,३६४	२,१४१	५	७
४५	तिप्लिङ्ग	६५३	०	०	६५३	४६४		
४६	त्रिपुरेश्वर	९३६	१४	२५	९७५	८१९	६	१५
४७	निलकण्ठ	८,२८०	१७९	१,५५२	१०,०११	८,९३२	६	११
	जम्मा	८१,३१३	३,०९४	४,१३४	८८,५४१	७३,८४२	३२०	४०५

यसरी माथि उल्लिखित तालिकाको विश्लेषण गर्दा २०६८ सालको जनगणनामा ७३,८४२ घरधुरी सख्या रहेको यस जिल्लामा हाल १९.९१ प्रतिशतले बृद्धि भई ८८,५४१ पुग्न गएको छ। यसरी तथ्याङ्कमा घरधुरी सख्या बृद्धि हुनुमा निम्नानुसार कारणहरु देखिएका छन् :

- २०६८ र २०७२ बीचको फरक ५ बर्ष भएकोले घर संख्या वृद्धि हुनसक्ने देखिन्छ।
- राज्यबाट प्रदान गरिने राहत बढी लिने प्रलोभनमा एकै परिवारका सगोलमा वसेका सदस्यहरु अंशबण्डा गरि छुट्टिएको देखाएकोले घर संख्या वृद्धि बढी देखिएको हो।
- बसाईसराई गरेर अन्यत्र गई सकेको भए तापनि तथ्यांङ्क संकलनको समयमा सोही स्थानमा आई नाम टिपाएकाले घर संख्या बढ्न गएको हो।
- राहत सहयोग लिने प्रलोभनले नक्कली कागजपत्र तयार गरी क्षति भएकै स्थानमा वसोवास गरेको देखाएकाले पनि संख्या बढेको छ। धादिङ्ग जिल्लामा जम्मा ७२५ जनाको मृत्यु भएकोमा २२९ जना वयस्क पुरुष, २९८ जना वयस्क महिला, ९१ जना बालक र १०७ जना बालिका छन्।

उद्धार तथा राहत कार्यमा संलग्न निकायहरू :

- जिल्लाका निर्वाचित तथा समानुपातिक सबै सभासद्हरु
- जिल्ला दैवीप्रकोप उद्धार समन्वय समिति
- जिल्ला स्थित राजनैतिक दल तथा भातृ संगठनका प्रतिनिधिहरु
- जिल्ला प्रशासन कार्यालय
- जिल्ला विकास समिति लगायत बिषयगत कार्यालयहरु
- नेपाली सेना
- जिल्ला प्रहरी कार्यालय
- जिल्ला स्थित सशस्त्र प्रहरी वेश
- गैरसरकारी संस्थाहरु
- उद्योग बाणिज्य संघ
- नागरिक समाज
- गाउँ विकास समिति
- जिल्लादेखि वडासम्मका नागरिक मन्चहरु

चुनौतीहरू के के थिए त ?

- कुन क्षेत्रमा कति मानवीय तथा कति भौतिक क्षति भएको छ भन्ने सूचना पाउन कठिन भएको थियो।
- उद्धार कार्यको लागि उत्तरी क्षेत्रका लापा, सेर्तुङ, रिगाँउ, तिप्लिङ र सेम्जोङमा सडक संजाल नपुगेको हुनाले यी गाउँ विकास समितिमा भएका गम्भीर घाइतेहरुलाई सदरमुकामको हस्पिटलसम्म ल्याउन ज्यादै कठिनाई परेको थियो।
- माथि उल्लिखित लगायत अन्य गाउँ विकास समितिहरुमा राहत सामग्री कसरी पुऱ्याउने तथा राहत सामग्री कहाँबाट ल्याउने (विशेष गरेर त्रिपाल) भन्ने चुनौती थियो।
- राजनैतिक दलहरुले आफ्ना दलले गरेको देखाएर जनतामा प्रभाव जमाउन खोज्ने प्रवृति हावी भयो।

अवसरहरू के के थिए ?

- नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरीको सक्रिय सहभागिता रह्यो।
- जिल्ला विकास समितिको आर्थिक लगायत अन्य Logistic सहयोग रह्यो।
- जिल्लास्थित राजनैतिक दलका प्रतिनिधि लगायत भातृ संगठनको सक्रिय सहभागिता रह्यो।
- निजी क्षेत्र, गैरसरकारी संस्थाहरु तथा नागरिक समाज लगायतका संघ/संगठनहरुको सहभागिता उल्लेखनीय रह्यो।

उद्धार तथा राहतको कार्य कसरी गरियो ?

- बि.सं. २०७२।०१।१२ गते बेलुका सम्भव भएसम्मका कार्यालय प्रमुख, सुरक्षा निकाय तथा राजनैतिक दलका प्रतिनिधिको सहभागितामा जिल्ला दैवीप्रकोप उद्धार समितिको वैठक संचालन गरियो।
- बि.सं. २०७२।०१।१३ गते विहान सबै कार्यालय प्रमुख सबै राजनैतिक दलका जिल्ला स्थित प्रतिनिधि, उद्योग वाणिज्य संघ, गैरसरकारी संस्था, रेडक्रस, नागरिक समाज लगायतका संस्थाहरुको उपस्थितिमा दैवीप्रकोप उद्धार समितिको वैठक बसी उद्धार तथा राहत कार्यको

लागि कार्ययोजना तयार गरी २०७२।०१।१३ गते विहान १० वजे देखिनै उद्धारका कार्यहरु प्रारम्भ गरिएको थियो ।

- बि.सं. २०७२।०१।१३ गते विहान १० वजे देखिनै उत्तरी क्षेत्रका घाइतेहरुलाई नेपाली सेना, निजी कम्पनीका हेलिकोप्टर मार्फत् सदरमुकाम धादिङवेँसीमा ल्याउने र धादिङवेँसी हस्पिटलमा उपचार हुनसक्ने विरामीलाई यहीँ र यहाँ उपचार हुन नसक्ने विरामीलाई हेलिकोप्टर मार्फत् काठमाण्डौमा पठाउने गरियो ।
- दैवीप्रकोप उद्धार समितिको वैठक हरेक दिन बस्ने गरियो । २०७२।०१।१६ गतेदेखि नेपाल सरकार तथा विभिन्न गैरसरकारी संस्था र व्यक्तिगत रुपमा प्राप्त भएको राहत सामग्रीहरुको वितरण कार्य प्रारम्भ भयो ।
- सर्वप्रथम उत्तरी क्षेत्रमा हेलिकोप्टर मार्फत् राहत सामग्री पठाइयो । यसै क्रममा भूकम्पका कारणबाट अवरुद्ध करिव १३० किलोमिटर आन्तरिक सडक खुलाए पछि सडक संजाल पुगेको स्थानसम्म सवारी साधन मार्फत् राहत सामग्री पठाउन शुरु गरियो ।
- स्थानीय स्तरमा गाउँ विकास समिति र प्रहरीको रोहवरमा सर्वदलीय समिति मार्फत् राहत वितरणको संजाल निर्माण गरियो ।
- जीवनपुर छत्रेदेउराली सल्यानटार लगायतका धेरै भौतिक क्षति भएका स्थानहरुमा संरचनाका अवशेषहरु हटाउने प्रयोजनको लागि नेपाली सेनाको समूह पठाइयो ।
- अहिलेसम्म पनि न त भूकम्पको पराकम्पन जाने क्रम रोकिएको छ न त राहत वितरणको कार्य सकिएको छ, क्रमश चलि नै रहेको छ । अब आगामी बजेटबाट पूर्ण निर्माणको शुरुवात हुन लागेको छ । यस जिम्मवारीलाई पूर्ण रुपमा निर्वाह गर्न दलगत प्रतिवद्धता आउन आवश्यक छ ।

भूकम्पले सिकाएका पाठहरू :

बि.सं. १९९० सालको भूकम्पको वारेमा वास्तविकताको जानकारी नभै कथाको रुपमा मात्र सुन्न पाएका हामी जस्ता पुस्तालाई भूकम्पबाट बच्ने उपायको रुपमा सुन्ने गरिएका सूचनाहरु ठीक होइन रहेछ भन्ने यस भूकम्पले शिक्षा दिएको छ । जस्तैः

- ढोकाको मुनि बस्ने
- टेवुल वा खाटको मुनि बस्ने
- नभाग्ने
- ग्यास र विजुलीको स्वीच बन्द गर्न जाने

आदि जस्ता बिषयमा प्रवेश गर्ने धेरै मानिसले यस महाभूकम्पमा ज्यान गुमाएका छन् ।

निष्कर्ष

भूकम्प प्राकृतिक विपत्ति हो । यो कसैलाई जानकारी दिएर पनि आउँदैन । कसैले यो यतिबेला आउँछ भनेर अनुमान पनि गर्न सकिँदैन । वास्तविकता यति हो कि हामीले हाम्रो सुरक्षाको लागि निर्माण गरेको घरलाई भूकम्प प्रतिरोधी बनाउन कन्जुस्याइँ गरेनौं भने हामीले अकालमा मृत्युवरण भने गर्नु नपर्ने रहेछ । किन कि धादिङ जिल्लामा क्षति भएका अधिकांश संरचनाहरु पुराना ढुङ्गा र माटोले बनेका परेका छन् । नयाँ आधुनिक प्रविधिबाट बनाइएका घर तथा संरचनाहरु कमै क्षति भएका छन् । फेरि यस प्रकारको भूकम्पको पीडा नेपाली जनताले भोग्नु नपरोस् भन्ने कामना गर्दछु ।

धरहराबाट खसेर बाँचेका एकजना धादिङवासी व्यक्ति २ दिनपछि चार्ज गरिरहेको मोवाईल पड्केर मृत्यु भएको घटनाले एउटा कुरा चाहिँ पुनः सत्य सावित भएको छ कि मानिसको मृत्यु दुर्घटनाबाट हुनुपर्ने रहेछ भने त्यो भएरै छाड्ने रहेछ । ❖

प्रथम पञ्चवर्षीय योजना
भाग ४, ग्राम विकासबाट

"माध्यमिक कक्षामा 'देहात विकाश कार्यक्रम' बडाहाकिम मातहतका स्थानीय सुधार कार्यहरुका साथै गरिनेछन् । माध्यमिक कक्षामा उन्नत बीज र रासायनिक मलको वितरण, सागपात, फल खेतीको विकाश, हाँस कुखुराको वृद्धि, रोग कीराबाट अनाज र गाईवस्तुको संरक्षण इत्यादि कार्यहरु गरिनेछन् ।"

"उच्च कक्षामा 'ग्राम विकाश कार्यक्रम' रहनेछ । यस कक्षामा निम्नतम र माध्यमिक कक्षामा शुरु गरिएका सबै कामहरुका साथै माटोको जाँच, खेतीको वैज्ञानिक तरिकाको प्रसार, स्वास्थ्य र सुत्केरी सम्बन्धी सेवाको विस्तार, माध्यमिक र सामाजिक शिक्षाको प्रचार, वाणिज्य कला कौशलको विकाश, बेचबिखन, बजार पूँजी, कुटीर उद्योग, सहकारी संस्था इत्यादि अनेक कामलाई सहायता दिइनेछ ।"

पञ्चवर्षीय योजनाको संक्षिप्त मसौदा, काठमाडौं, २०१३, नेपाल सरकार पृष्ठ १७ – १८

रसुवा जिल्ला : महाभूकम्प पछिको
विपत् व्यवस्थापन

- गजेन्द्र ठाकुर*

१. बिषय प्रवेश :

नेपाल भूकम्पीय दृष्टिकोणले निकै उच्च जोखिममा रहेको छ। बि.सं. २०७२ साल बैशाख १२ गते शनिबारको दिन बिहान ११.५६ बजे ७.९ रेक्टर स्केलको गोरखा जिल्लाको बारपाक भन्ने ठाउँलाई केन्द्रबिन्दु बनाई गएको महाभूकम्प र सो पश्चात्का पराकम्पनहरुले गर्दा नेपालमा ठूलो धनजनको क्षति भएको छ। भूकम्पीय क्षतिको जोखिमलाई यहाँको भौगोलिक बनोट, उच्च कोटिका पहाड र हिम शृङ्खलाहरु, अत्यधिक भिरालोपन, विविधतायुक्त जलवायु तथा सक्रिय प्लेट टेक्टोनिक प्रकृयाले झन् बढावा दिएको छ। भूकम्पबाट रसुवा जिल्ला पनि अछुतो रहेन। भूकम्पले प्राकृतिक र सांस्कृतिक सम्पदाका धनी रसुवा जिल्लामा व्यापक मानवीय, आर्थिक, भौतिक तथा वातावरणीय क्षति पुऱ्याएको देखिन्छ।



कुल क्षेत्रफल १,५४४ बर्ग किलोमिटर रहेको यस जिल्लामा १८ वटा गा.बि.स.हरु रहेका छन्। नेपालको जनगणना २०६८ अनुसार यस जिल्लामा ९,७७८ घरधुरी, महिला २१,८२५ र पुरुष २१,४७५ गरी जम्मा ४३,३३० जनसंख्या बसोबास गर्दै आएको छ र यी सबै रसुवावासीहरु भूकम्पले प्रभावित भएको देखिन्छ।

२. भूकम्पले पुऱ्याएका क्षतिहरूः

विनाशकारी भूकम्पले रसुवाको मानवीय तथा सामाजिक क्षेत्र, उत्पादन क्षेत्र, पूर्वाधार विकास तथा प्राकृतिक वातावरणमा व्यापक हानी नोक्सानी पुऱ्याएको छ।

२.१ मानवीय तथा सामाजिक क्षेत्रः

यस अन्तर्गत मानवीय क्षति, निजी तथा सामुदायिक घरहरुको क्षति, शिक्षा क्षेत्र, स्वास्थ्य क्षेत्रको क्षति र सांस्कृतिक सम्पदाहरुको हानी नोक्सानीलाई समेटिएको छ।

(क) मानवीय क्षति

रसुवा जिल्लामा भूकम्पले गर्दा भत्किएका घरहरु, धुले पहिरो तथा हिम पहिरोहरुको विनाशकारी प्रभावले गर्दा ६६० जनाको मृत्यु, ७६९ जना घाइते भएका छन् भने सयौं घर परिवारहरु विस्थापित हुन पुगेका छन्। मृतक तथा घाइतेको तथ्याङ्क गाउँ विकास समिति (गा.वि.स.) अनुसार देहाय बमोजिम रहेको छ :

---

* स्थानीय विकास अधिकारी, रसुवा

गा.वि.स. अनुसार मृतक, घाइतेको तथ्याङ्क तालिकाः

क्र. सं.	गा.वि.स.	मृतक संख्या			घाइते संख्या
		महिला	पुरुष	जम्मा	
१	धुन्चे	८	७	१५	५५
२	स्यफ्रुबेशी	३	७	१०	६७
३	बृदिम	३	४	७	४३
४	टिमेरे	६	८	१४	३८
५	थूमन	३	१	४	३६
६	चिलिमे	०	२	२	२३
७	गोल्जुङ	३	०	३	३३
८	गत्लाङ	३	२	५	३०
९	लाङटाङ	१०३	९४	१९७	०
१०	यार्सा	१४	१५	२९	७१
११	सरमथली	२०	१८	३८	३०
१२	राम्चे	२१	१०	३१	५३
१३	लहरेपौवा	३२	१७	४९	५७
१४	धैबुङ	१२	१२	२४	७६
१५	भोर्ले	२१	१३	३४	४१
१६	डाँडागाउँ	४९	५४	१०३	६१
१७	ठूलोगाउँ	३६	१९	५५	३४
१८	हाकु	९	३१	४०	२१
	जम्मा	३४६	३१४	६६०	७६९

स्रोत - जिल्ला प्रहरी कार्यालय, रसुवा

यी मृतकहरु मध्ये २१ जना विदेशी पर्यटक र बाँकी स्वदेशी नागरिकहरु रहेका छन् । यस जिल्लामा नेपाली सेना, नेपाल प्रहरी र निजामती गरी २० जना राष्ट्र सेवक कर्मचारीहरु आफ्नो कर्तव्यपालनको क्रममा भूकम्पमा परि वीरगति प्राप्त गरेका छन् ।

बालबालिकाको दृष्टिकोणले हेर्दा १५४ जना बालबालिकाहरुको ज्यान गएको छ । हालसम्म यस जिल्लामा २२ विदेशी पर्यटक सहित १३४ जना मानिसहरु हराइरहेका छन् । मानवीय क्षतिको दृष्टिकोणले विश्लेषण गर्दा लाङटाङ, ठूलोगाउँ र डाँडागाउँ गा.वि.स. हरु बढी प्रभावित हुनुको कारण यी क्षेत्रहरुमा भूकम्पले गर्दा आएको हिमपहिरो र भीरपहिरो जानु हो ।

(ख) निजी घरहरूको क्षति

महाभूकम्पले गर्दा रसुवा जिल्लाको अधिकांश घरहरु (करिब ९८५) क्षतिग्रस्त भएका छन् । घरहरु बढी क्षतिग्रस्त हुनुमा अधिकांश घरहरु कच्ची रहेको, तल्लो तलामा मसलाको रुपमा माटोको (Mud mortar) प्रयोग तथा माथिल्लो तलामा सुख्खा ढुंगाले पर्खाल निर्माण गरेको र अत्यधिक भिरालो जग्गामा घर बनाएका कारणहरु हुन सक्छन् ।

गा.वि.स. अनुसार निजी घरको क्षति तथ्याङ्क तालिकाः

क्र.सं.	गा.वि.स.	घरधुरी संख्या	क्षति भएको घर संख्या			जम्मा घर संख्या
			पूर्ण क्षति	आंशिक क्षति	सामान्य क्षति	
१	धुन्चे	५८२	५२३	९३	५५	६७१
२	स्यफ्रुबेशी	६४५	७०८	७४	५९	८४१
३	बृदिम	१८८	२४८	५	०	२५३
४	टिमुरे	१२६	१७२	१०	९	१९१
५	थूमन	३१२	३४८	४	०	३५२
६	चिलिमे	४६९	४४५	८९	०	५३४
७	गोल्जुङ	३३६	३४२	३५	०	३७७
८	गत्लाङ	५५२	६२९	६	०	६३५
९	लाङटाङ	१५२	१८२	१०	–	१९२
१०	यार्सा	९७५	१,१९०	०	०	१,१९०
११	सरमथली	१,०५७	१,३९२	४७	३	१,४४२
१२	राम्चे	६२९	७९५	३८	१	८३४
१३	लहरेपौवा	१,४४०	१,९७०	६७	०	२,०३७
१४	धैबुङ	१,३२६	१,१३८	१८८	०	१,३२६
१५	भोर्ले	१,४४८	१,७५४	२२	११	१,७८७

क्र.सं.	गा.वि.स.	घरधुरी संख्या	क्षति भएको घर संख्या			जम्मा घर संख्या
			पूर्ण क्षति	आंशिक क्षति	सामान्य क्षति	
१६	डाँडागाउँ	६२४	७६५	३	१	७६९
१७	ठूलोगाउँ	४४१	४८८	४	०	४९२
१८	हाकु	७५१	८५४	२	०	८५६
	जम्मा	१२,०५३	१३,९४३	६९७	१३९	१४,७७९

स्रोत - जिल्ला प्रशासन कार्यालय, रसुवा

माथि उल्लिखित तथ्याङ्कलाई विश्लेषण गर्दा करिब ९४५ निजी घरहरु पूर्ण क्षतिग्रस्त भएको देखिन्छ भने ५५ घरहरुमा आंशिक क्षति पुगेको छ ।

(ग) सरकारी तथा सामुदायिक भवनको क्षति

रसुवा जिल्लाको सदरमुकाम धुन्चेमा रहेको ३३ वटा सरकारी कार्यालयहरु मध्ये २५ वटा कार्यालयहरुको भवन पूर्णक्षति भई काम नलाग्ने भएको र ४ वटा कार्यालयहरुको भवन आंशिक रुपमा क्षति भएको देखिन्छ । सामुदायिक भवनहरु मध्ये १६ वटा भवनहरु क्षतिग्रस्त भएको देखिन्छ ।

(घ) शिक्षा क्षेत्रमा क्षतिको विवरण

जिल्ला शिक्षा कार्यालय, रसुवाका अनुसार यस जिल्लामा सामुदायिक (९८ वटा) र संस्थागत ९ गरी कुल विद्यालय संख्या १०७ मा कूल १,०८८ कक्षाकोठाहरु थिए । जसमध्ये करिब ५६५ कक्षाकोठा पूर्ण क्षति तथा ११५ कक्षाकोठाहरु आंशिक क्षति भएको छ । यी विद्यालयहरुमा रहेको शौचालयहरु मध्ये ११० वटा काम नलाग्ने भएका छन् भने ६८ वटा विद्यालयहरुको खानेपानी आपूर्तिमा समेत अवरोध पुगेको छ ।

(ङ) स्वास्थ्य क्षेत्रको क्षतिको विवरण

रसुवा जिल्लामा जिल्ला अस्पताल १, प्राथमिक स्वास्थ्य केन्द्र १, स्वास्थ्य चौकी १४, उपस्वास्थ्य चौकी ३, स्वास्थ्य इकाई १, बिभिन्न स्वास्थ्य चौकीमा संचालित बर्थिङ सेन्टर १२ र जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र १, आयुर्वेद स्वास्थ्य चौकी १ गरी कूल जम्मा २२ वटा स्वास्थ्य संस्थाहरुले सेवा प्रदान गर्दै आएकोमा विनासकारी भूकम्पले गर्दा जिबजिबे प्राथमिक स्वास्थ्य केन्द्र र थाम्बुचेत स्वास्थ्य चौकी बाहेक सबै स्वास्थ्य संस्थाहरु क्षतिग्रस्त भएका छन् । यी मध्ये करिब ७०५ स्वास्थ्य संस्थाहरुको भवन (जिल्ला अस्पताल सहित) पूर्ण रुपमा क्षतिग्रस्त भई काम नलाग्ने अवस्थामा पुगेको छ ।

(च) मठ मन्दिरहरूको क्षति

यस जिल्लामा रहेको अधिकांश मठ मन्दिर, गुम्बा, चर्च (करिब ९५५) हरु क्षतिग्रस्त भई काम नलाग्ने अवस्थामा पुगेको छ ।

२.२ उत्पादन क्षेत्र

यस अन्तरगत्त कृषि तथा पर्यटनलाई समावेश गरिएको छ :

(क) कृषि क्षेत्रको क्षतिको विवरण

यस जिल्लामा कूल क्षेत्रफलको करिब ६.२५ भूमि मात्र कृषि क्षेत्रमा उपयोग हुँदै आइरहेकोमा सो मध्ये अनुमानित २४० हेक्टरमा लगाइएको खाद्यान्न बाली नष्ट हुनुको साथै भण्डारण गरिएको १,५४६ मेट्रिक टन खाद्यान्न र करिब तीन क्वीन्टल रेन्बो ट्राउट माछा नोक्सानी भएको अनुमान गरिएको छ । पशुपालन तर्फ पनि ठूलो क्षति भएको देखिन्छ जसको विवरण देहाय बमोजिम तालिकामा राखिएको छ :

गा.वि.स. अनुसार मृतक, घाइतेको तथ्यांक तालिकाः

क्र. सं.	पशु बिवरण	पशु संख्या (०७०।७१)	पशु क्षति संख्या
१	गाई	११,१४७	७४१
२	गोरु	४,७५४	६५०
३	बाछाबाछी	४,२०९	१५७
४	भैंसी	१०,८८४	५८४
५	राँगो	३५३	१०६
६	पाडापाडी	५,६७६	१६७
७	चौंरी	२,३०४	९२२
८	याक	९१	६
९	बाखा	१६,२१८	४,५५२
१०	खसिबोका	५,९२३	९५०
११	पाठापाठी	९,०२५	१,०४१
१२	भेडा	७,०२२	६०५
१३	थुमा	१,०६१	७८
१४	बलेख्रो बलेख्री	३,४३६	१०७
१५	बंगुर बीर	३२४	२
१६	बंगुर भूनी	७६४	५
१७	छतौरा छतौरी	१,८४७	३४
१८	कुखुरा स्थानीय	१८,३३४	५,२६४
१९	कुखुरा उन्नत	२६,१५१	१४,८०८
	जम्मा	१,२९,५२३	३०,७७९

स्रोत - जिल्ला पशु विकास कार्यालय, रसुवा

(ख) पर्यटन व्यवसाय

रसुवा जिल्ला पर्यटकीय दृष्टिकोणले निकै महत्त्वपूर्ण जिल्ला हो । यहाँको प्राकृतिक सौन्दर्य र तामाङ संस्कृतिमा रमाउन बर्षेनि १५ हजार भन्दा बढी विदेशी र हजारौं स्वदेशी पर्यटकहरु आउँछन् । यस जिल्लाको महत्वपूर्ण पर्यटकीय गन्तव्यहरु लाङ्टाङ् हिमाल, केन्जिङ उपत्यका, गोसाईकुण्ड, तातोपानी, तामाङ संस्कृति, गत्लाङ गाउँ, पार्वतीकुण्ड रहेकोमा महाभूकम्पले गर्दा लाङटाङ हिमालबाट आएको हिमपहिरोले लाङटाङ गाउँ पूर्ण रुपमा ध्वस्त भएको छ भने अन्य पर्यटकीय गन्तव्यका अधिकांश होटेल, होमस्टे तथा बाटोघाटो क्षतिग्रस्त भएकोले पर्यटन प्रवर्द्धनमा ठूलो धक्का पुगेको छ ।

(ग) व्यापार व्यवसाय

रसुवा जिल्लाको रसुवागढी (केरुङ नाका) छिमेकी राष्ट्र चीनसँगको व्यापार प्रवर्द्धन गर्नमा महत्वपूर्ण भूमिका खेल्दै आएकोमा भूकम्पले गर्दा उक्त नाकासम्म पुग्ने बाटो, भन्सार कार्यालय, अध्यागमन कार्यालय, नेपाल चीन जोड्ने मैत्रीपुल तथा सामान ओसारपसार गर्न राखिएको १० वटा भन्दा बढी ट्रक तथा कन्टेनरहरु पहिरोले गर्दा पूर्ण रुपमा नष्ट भएकोले व्यापार व्यवसायमा बाधा पुगेको छ ।

२.३ भौतिक पूर्वाधार निर्माण क्षेत्र

यस अन्तरगत बाटोघाटो, झोलुङ्गे पूल, बिजुली बत्ती, खानेपानी, दूरसंचारलाई समावेश गरिएको छ ।

बैशाख १२ गतेको महाभूकम्पले गर्दा पासाङलामु राजमार्गको कालिकास्थानदेखि रसुवागढी नाकासम्म करिब ५१ कि.मि., स्याफ्रुबेँसीदेखि गतलाङसम्मको सडक करिब १० कि.मि., बेत्रावतीदेखि मैलुङसम्मको करिब १३ कि.मि. सडक खण्ड

भूकम्पले सडक चिरा परेको

भुकम्प अघि र पछिको
पर्यटकीय क्षेत्र लाङटाङ

अघि

पछि

तथा स्याफ्रुबेँसी-घोडातवेला हुँदै लाङटाङसम्मको घोडेटो बाटो, धुन्चे (हाकु घोडेटो बाटो तथा अन्य केही बाटाहरुमा) ठाउँठाउँमा चिरा पर्नुको साथै पहिरोको कारणले बाटो अवरुद्ध भएको थियो ।

जिल्ला भरिकै बिजुलीका पोल तथा तारहरु चुँडिएर विद्युत आपूर्तिमा अवरोध पुगेको थियो । निर्माणाधिन रसुवागढी, त्रिशुली २१६, अपर त्रिशुली, स्याङजेन आदि करिब ५०० मेगावाट क्षमता भएको हाइड्रोपावर प्रोजेक्टहरुमा हानीनोक्सानी भएर निर्माण कार्य रोकिएको छ भने अर्कोतर्फ विद्युत उत्पादन भइरहेको चिलिमे र मैलुङ हाइड्रोपावरलाई क्षति पुऱ्याई २८ मेगावाट उत्पादन बन्द भइ करोडौंको क्षति पुगेको अनुमान गर्न सकिन्छ । यस्तै रसुवाको विभिन्न गा.वि.स. मा रहेको खानेपानी आपूर्तिमा अवरोध हुनुको साथै दूरसंचारको टावरमा समेत क्षति पुऱ्याएको थियो ।

२.४ वातावरणीय क्षति

भूकम्पले गर्दा सामाजिक वातावरणको साथसाथै प्राकृतिक वातावरणमा समेत हानीनोक्सानी पुऱ्याएको छ । रसुवा जिल्लामा बिभिन्न ठाउँमा गरि करिब १६० वटा भन्दा बढी पहिरो जानुको साथै अनुमानित ५० हेक्टर वन क्षेत्रमा क्षति पुगेको छ, जसबाट करिब २,५०० घन मिटर ग्रोइडस्टक हानीनोक्सानी भएको अनुमान गरिएको छ भने यस जिल्लामा पाइने महत्त्वपूर्ण बन्यजन्तु (Endanger species) कस्तुरी मृग, हिउँ चितुवा, ध्वाँसे चितुवाको बासस्थानको केही भाग समेत नष्ट भएको छ ।

पहिरोको कारणले बिभिन्न गाउँ बस्तीहरु अति जोखिममा रहेकोले लाङटाङ, ठूलोगाउँ, डाँडागाउँ, हाकुका अधिकांश घरपरिवारहरु विस्थापित भई अन्यत्र कष्टपूर्ण जीवन व्यतित गर्न वाध्य भएका छन् ।

१. उद्धार तथा राहत व्यवस्थापन

महाभूकम्प पश्चात् आइपरेका संकटलाई व्यवस्थापन गर्न उद्धार तथा राहतका क्रियाकलापहरुलाई तीन चरणमा विभाजन गरिएको छ :

क) पहिलो चरण (भूकम्प पश्चात्को पहिलो सप्ताह)

महाभूकम्पले पुऱ्याएको कहाली लाग्दो क्षति र त्यसबाट परेको प्रभावले रसुवावासीहरु निकै त्रसित देखिन्थे । अधिकांश घरहरु भत्किसकेको, पराकम्पनहरु आइराखेको, सुख्खा पहिरो गइरहेको अवस्था, बाटोघाटो चिराचिरा परेको तथा पहिरोले अवरुद्ध भएको, अस्पताल भत्किसकेको, संचार अवरुद्ध, विद्युत आपूर्ति बन्द भएको, धेरै ठाउँमा खानेपानी आपूर्तिमा वाधा पुगेको, विपत् पूर्व गरिनु पर्ने तयारी नभएको, विकट भौगोलिक अवस्था र गाउँ बस्तीहरु छरिएर रहेकोले उद्धार तथा राहतका कार्यक्रमहरु व्यवस्थित रुपमा संचालन गर्ने कार्य निकै चुनौतीपूर्ण थियो ।

भूकम्पले गएको धुले पहिरो

बैशाख १२ गते भूकम्प गएको तीन घण्टापछि प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला विपत् व्यवस्थापन समितिको अनौपचारिक बैठक वसी उद्धार तथा राहत कार्यक्रमलाई संचालन गर्न तत्कालै सुरक्षा निकायको तीन वटै अंगलाई परिचालन गर्ने निर्णय भयो । गा.वि.स. सचिवहरुलाई आआफ्नो कार्य क्षेत्रमा पठाउने र कर्मचारीलाई बिदामा नछाड्ने पनि निर्णय भयो । नेपाल रेडक्रस शाखा रसुवासँग समन्वय गरी तत्काल उद्धार तथा राहत कार्यक्रम संचालन गर्ने निर्णय भयो । त्यसपछि समितिका सदस्यहरु जिल्ला अस्पताल धुन्चे पुगेका थिए । सदरमुकामबाट घाइतेहरुलाई ल्याउन सुरक्षाकर्मीहरुले सहयोग गरेको थियो भने भूकम्पीय दुर्घटनामा परि घाइते हुनु भएका डाक्टरले आफ्नो दुःख पीडालाई समेत बिर्सी खुल्ला आकाश मुनि औषधि उपचार प्रारम्भ गर्नु भएको थियो । बेलुकीको मौसम प्रतिकूल बन्दै गएको थियो । नेपाल रेडक्रस रसुवासँग भएको १०० थान त्रिपाल मध्ये ५० थान त्रिपालको प्रयोग गरि अस्थायी वासको व्यवस्था गरी स्थानीयहरुलाई राखियो । राति चिउरा, चिनी र पानी खानको लागि व्यवस्था गरियो ।

भूकम्पको भोलिपल्ट सुरक्षा निकायका साथीहरु समूहगत रुपमा उद्धारकार्य गर्न गाउँ गाउँमा परिचालित भई घाइतेको उद्धार तथा मृतकहरुको लाश निकाल्नुको साथै धर्मसंस्कृति अनुसार अन्तिम संस्कार गर्ने कार्यमा समेत सहयोग गरेको थियो ।

जिल्ला विपत् व्यवस्थापन समितिको बैठक औपचारिक अनौपचारिक दैनिक रुपमा बसी दिनभरि गरेका गतिविधिहरुको मूल्यांकन र अर्को दिनमा गरिने क्रियाकलाप वारे समीक्षा गर्ने गरियो । तत्कालिन उद्धार तथा राहतको लागि नेपाल सरकारसँग हेलिकोप्टर माग गर्ने, बाटो घाटो र टेलिफोन मर्मत गरि यथाशिघ्र सुचारु गर्ने तथा उद्धार तथा राहत कार्यलाई प्रभावकारी ढंगले अगाडि बढाउने निर्णय गरियो ।

भूकम्पको तेस्रो दिनदेखि नेपाल सरकारले हेलिकोप्टर परिचालन गरि उद्धार कार्यलाई तीब्रता दिइएको थियो । शुरुमा हेलिकोप्टर विदेशी पर्यटकको उद्धारमा केन्द्रित थियो भने पछि प्र.जि.अ. कै कमाण्डमा संचालन गर्नेगरि परिचालन गरियो । घाइते, बिरामी तथा पहिरोले अति जोखिमपूर्ण ठाउँहरुलाई प्राथमिकता दिई उद्धार तथा राहत कार्यक्रम संचालन गरियो । प्राथमिक स्वास्थ्य उपचारको व्यवस्था गा.वि.स. स्तरमा मिलाइयो भने घाइतेको अवस्था हेरी उपचारको लागि धुन्चे, नुवाकोट र काठमाण्डु पुऱ्याइयो ।

जिल्ला विपत् व्यवस्थापन समितिको निर्णय अनुसार जिल्ला विकास समिति रसुवाले उद्धार तथा प्राथमिक राहतका कार्यलाई सँगसँगै लान सदरमुकाम धुन्चेमा उपलब्ध खाद्य सामग्री (चामल, चाउचाउ, बिस्कुट, नुन, चिउरा आदि) खरिद गरी हेलिकोप्टर मार्फत् गाउँगाउँमा खसाल्ने गरेको थियो भने त्रिपालको लागि बीरगंजका व्यापारीसँग समन्वय गरी १,२५० थान त्रिपाल र करिब १,००० थान ब्लाङ्केट खरिद गरी कालिकास्थान भण्डारण कक्षसम्म ल्याई त्यहाँबाट हेलिकोप्टर मार्फत् गाउँगाउँमा पुऱ्याइएको थियो ।

तत् पश्चात् विश्व खाद्य संगठन, विश्व बन्यजन्तु कोष, नेपाल रेडक्रस सोसाइटी, सुआहारा कार्यक्रम, धार्मिक संस्थाहरु, नेपाल उद्योग बाणिज्य संघ, नेपाल चलचित्रकर्मी संघ लगायतका सरकारी तथा गैरसरकारी निकायहरुबाट बिभिन्न किसिमका राहत सामग्रीहरु (त्रिपाल, टेन्ट, बिस्कुट, चाउचाउ, ब्लाङ्केट, लुगाफाटा, औषधिहरु) सहयोग स्वरुपमा देशबिदेशबाट उपलब्ध भइ राहत आपुर्ति सहज भएको थियो ।

ख) दोस्रो चरण (भूकम्प पछिको दोस्रो र तेस्रो सप्ताह)

यस चरणमा बिभिन्न संघसंस्थाहरु सहयोगी हातको रुपमा अगाडि आइसकेकोले एकातर्फ राहत कार्यलाई व्यवस्थित गरि समानुपातिक रुपमा जनसमक्ष पुऱ्याउनु पर्ने जिम्मेवारी थियो भने अर्कोतर्फ पहिरोमा परि क्षतिग्रस्त गाउँबस्ती (लाङटाङ, मैलुङबेँसी, रसुवागढी आदि) उत्खनन् गरि उद्धार कार्य अगाडि बढाउनु चुनौतीका रुपमा थिए । पहिलो चुनौतीलाई सामना गर्न

पहिरो गएपछि अवरुद्ध बाटो हटाउँदै

अवरुद्ध सडक यातायात सुचारु गर्ने, राहत वितरण कार्यलाई घरदैलोसम्म पुऱ्याउन कर्मचारीहरु, नागरिक समाज र राजनीतिक दलको संयुक्त संयन्त्र बनाउने रणनीति लिइयो भने दोस्रो चुनौतीबाट पार पाउन बिषम् परिस्थितिमा उच्च मनोबलका साथ सुरक्षाकर्मी साथीहरुलाई परिचालन गरियो । यसको लागि केन्द्रबाट तालिम प्राप्त सेनाको साथै उपकरणहरु तथा आवश्यकता अनुसार हेलिकोप्टरको सहयोग प्राप्त भएको थियो ।

सडक विभागको नेतृत्वमा पासाङलामु राजमार्गको कालिकास्थान (स्याफ्रुबँसी सडक खण्ड) मर्मत गरी संचालनमा ल्याइयो भने जि.वि.स. बाट स्थानीय उपभोक्ता मार्फत एक्साभेटरको प्रयोग गरि सहायक मार्गहरु सुचारु गरियो ।

राहत संकलन र वितरण कार्यलाई व्यवस्थित गर्न विकेन्द्रीकरणको सिद्धान्त अनुरुप रसुवा जिल्लालाई विभिन्न ५ वटा क्लस्टरहरु (Clusters) मा विभाजन गरि Cluster भित्रका राहत व्यवस्थापनका सम्पूर्ण जिम्मेवारी वहन गर्ने गरि प्रत्येक Cluster मा उपसचिवको नेतृत्वमा कर्मचारीहरुको टोली खटाइयो र क्लस्टर स्तरिय विभिन्न राजनीतिक दलका सदस्यहरु सहितको राहत व्यवस्थापन समिति गठन गरियो । गा.वि.स. स्तरीय विपत् व्यवस्थापन समितिमा स्थानीय राजनीतिक दलको प्रतिनिधि, नागरिक वडामंचलाई समेत समावेश गरियो । वडा वा गाउँमा राहत सामग्रीहरु वितरण गर्न नागरिक वडामंचलाई क्रियाशील बनाई उनीहरु मार्फत् जनताको घरदैलोसम्म पुऱ्याइयो । वडा वा गाउँसम्म राहत सामग्री पुऱ्याउन गा.वि.स.ले आर्थिक सहयोग गरेको थियो ।

यस चरणमा नेपाल सरकार, नेपाल आर्मी, केनेडियन रेडक्रस सोसाइटी, नेपाल रेडक्रस सोसाइटी लगायतका सरकारी तथा गैरसरकारी संस्थाहरुले यस जिल्लाको विभिन्न गा.वि.स.मा स्वास्थ्य शिविरहरु संचालन गरी चिकित्सकीय सेवा प्रदान गर्नुको साथै मनोपरामर्श सेवा समेत उपलब्ध गराएको थियो । यसका अतिरिक्त महिला विकास कार्यालय, यूनिसेफ, सुआहारा कार्यक्रम, लुथरन वर्ड फाउन्डेशन, करुणा फाउण्डेशन आदि संघसंस्थाहरुबाट गर्भवती महिला र बालबालिकाहरुको लागि पोषणयुक्त खानेकुरा देखि लिएर लुगा सहितको Special package वितरण गरिएको थियो ।

यस चरणमा नेपाल सरकारको सुरुको निर्णय अनुसार पूर्ण तथा आंशिक क्षति भएको प्रतिघरधुरीलाई क्रमश रु. ५,०००। र रु. ३,०००। तथा खाना खर्च वापत रु. २,०००। का दरले तथा प्रतिमृतक वापत नजिकको नातेदारले पाउने रकम रु. ४०,०००। घरदैलोमै उपलब्ध गराइयो ।

क) तेस्रो चरण (चौथो सातादेखि हालसम्म)

यस चरणमा हराइरहेको मानिसहरुको खोजी गर्नु, लाङटाङ, रसुवागढी तथा मैलुङबँसीको थप मर्मतसम्भार गर्नु, राहत कार्यक्रमलाई विविधिकरण गरी गैरखाद्यान्न बस्तु समेत समावेश गराउन पहल गर्नु थियो । साथै, विस्थापित घरधुरीहरुको लागि अस्थायी टहरा निर्माण गर्न उपयुक्त सार्वजनिक जग्गाको खोजी गर्नु, घर टहरा निर्माणको लागि जस्तापाता उपलब्ध गराउन पहल गर्नु र प्राविधिक सहयोग उपलब्ध गराउनु पर्ने भयो । गोरेटो घोडेटो बाटो मर्मत गरी जीवनलाई सामान्यीकरण गर्नु तथा आगामी बर्षात् मौसममा आउन सक्ने थप प्राकृतिक विपत्तिसँग जुध्न पूर्वतयारीको रुपमा खाद्यान्न, त्रिपाल तथा कम्बल भण्डारण गर्नु जस्ता कार्यहरु थिए । यी कार्यहरु नेपाल सरकारको केन्द्रीय निकाय (मन्त्रालय, विभाग) तथा विभिन्न राष्ट्रिय एवं अन्तरराष्ट्रिय संघसंस्थाहरुसँग समन्वय र सहकार्य गरी विविध किसिमको राहत सहयोग प्राप्त गरी वितरण गरिएको थियो ।

यस चरणको महत्त्वपूर्ण उपलब्धिमा चीन सरकारको सहयोगमा रसुवागढी नाकासम्मको मुलबाटो मर्मत तथा सम्भार, नेपाली सेनाको सहयोगमा लाङटाङसम्मको गोरेटो बाटो निर्माण, स्याफ्रुबँसी, गत्लाङ बाटो मर्मत थियो । यस्तै विभिन्न गैरसरकारी संस्थाको सहयोगमा कम्तिमा दुई बन्डल जस्तापाता प्रतिपरिवारका दरले वितरण, भएको क्षतिहरुको प्राविधिक मूल्यांकन गरी नेपाल सरकारलाई जानकारी गराइएको, परिचय पत्र वितरण पनि महत्त्वपूर्ण कार्य थिए । नेपाल सरकारले उपलब्ध गराएको प्रतिपरिवार रु. १५,०००। थप वितरण तथा मृतक परिवारलाई रु. १ लाखका दरले थप रकम वितरण र १०० मेट्रिक टन भन्दा बढी खाद्यान्न तथा करिब १५०० जति त्रिपाल र उतिकै मात्रामा ब्ल्यांकेट भन्डारण, विस्थापितहरुको लागि घर टहरा निर्माण कार्य मुख्य उपलब्धिहरु थिए ।

२०७२ जेष्ठ मसान्तसम्म एक सय भन्दा बढी सरकारी, राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैरसरकारी एवं धार्मिक संघ संस्थाहरुले जिल्ला राहत व्यवस्थापन समितिसँग समन्वय गरी (१०३ आइटमका) राहत सामग्रीहरु वितरण गरिएको थियो । ठूलो मात्रामा वितरण गरिएको राहत सामग्रीको संक्षिप्त विवरण देहाय बमोजिम रहेको छ :

राहत वितरण प्रकृया

DDMC — जिल्ला विपत् व्यवस्थापन समिति (उद्धार तथा राहत कार्यको व्यवस्थापकीय जिम्मेवारी)

Cluster — क्लष्टर स्तरीय राहत व्यवस्थापन समिति (राहत सामग्रीको अभिलेख राख्ने र गा.वि.स. मा पठाउने)

VDRC — गा.वि.स. राहत व्यवस्थापन समिति (क्लष्टरबाट राहत वडासम्म पुऱ्याउने) नागरिक वडामञ्च (वडास्तरमा वितरण गर्ने)

क्र.सं.	विवरण	इकाई	परिमाण
१	चामल	मेट्रिक टन	८२०.५
२	दाल	मेट्रिक टन	१५३.२
३	चाउचाउ	कार्टुन	५,९६५
४	बिस्कुट	कार्टुन	५,०१३
५	चिनी	मेट्रिक टन	६.५
६	नुन	मेट्रिक टन	१४.९
७	चिउरा	मेट्रिक टन	२०
८	टेन्ट	गोटा	२२०
०	त्रिपाल	गोटा	२०,१४७
१०	ब्लाङ्केट	गोटा	२३,९९९

स्रोत - जिल्ला विकास समितिको कार्यालय, रसुवा

यस बाहेक विभिन्न संघसंस्थाहरुले स्थानीय जनतासँग सोझै सहकार्य गरी विभिन्न किसिमको राहत सामग्रीहरु बाँडेको थियो ।

१. विपत् व्यवस्थापनमा देखा परेका चुनौतीहरू

विनासकारी भूकम्प पछिका संकट व्यवस्थापन गर्न रसुवा जिल्लामा देहाय बमोजिमको चुनौतीहरु देखा परेका थिए:

क) भौगोलिक विकटता - रसुवा जिल्ला हिमाली भेगमा अवस्थित भएको, कमजोर भूबनोटले गर्दा पहिरो आइरहने, छरिएर रहेका गाउँ बस्तीहरु, बाटोघाटोको असुविधाको कारण राहत तथा उद्धार कार्यमा कठिनाइ पुगेको, शव उत्खनन् तथा व्यवस्थापन गर्न साथै विस्थापित परिवारहरुको पुनर्वासमा समेत चुनौती रहेको छ ।

ख) राजनीतिक चुनौती - रसुवा जिल्लामा राजनीतिक एकता र सहकार्य राम्रो भए तापनि राजनीतिक फाइदा लिन तथा राजनीतिक दलहरु भित्र रहेको आपसी गुटबन्दीले गर्दा राहत संकलन तथा वितरण गर्नमा केही अप्ठ्यारो महशुस गरिएको थियो ।

ग) सामाजिक चुनौती - राहत सामग्रीको लागि सगोल परिवारहरु टुक्रँदै एकल परिवारमा परिणत भएको, हुने खानेले बढी राहत सामग्री लिएको (Elite capture), राहत प्राप्त गरेर पनि नदिएको भनी गुनासो गरेको, कतिपय घरपरिवारले राहत सामानलाई दुरुपयोग गरी जाँड रक्सी बनाएको, राहत सामान ल्याउँदा बाटोमै लुट्ने प्रयत्न गरेको, राहत माथिको परनिर्भरता तथा आफ्नो काम नगरी जुवातास खेलेर बस्ने गरेको जस्ता बिकृतिहरु मौलाएको देखिन्छ ।

घ) नीतिगत अन्यौलता - केन्द्रबाट प्राप्त हुने निर्देशनहरु बारम्बार परिवर्तन भइरहने, एकद्वार वितरण प्रणाली लागु गर्न निकै कठिनाई भएको, दाताहरु आफूले रोजेको ठाउँमा मात्र राहत सामानहरु लिएर गएकाले असमान राहत (औसतमा ३ देखि १३ बोरा प्रतिपरिवारको दरले) वितरण भएको देखिन्छ ।

ङ) शासकीय चुनौती - विपत् व्यवस्थापन कार्ययोजना नहुनु, विपत् पूर्वका तयारी नहुनु (खाद्यान्न, त्रिपाल, ब्लाङ्केट, टेन्ट जस्ता) आवश्यक राहत सामग्रीहरु विपत्को लागि भण्डारण नगरिनु, उद्धारको लागि चाहिने आवश्यक उपकरणहरु नहुनु, विपत् व्यवस्थापन सम्बन्धी ज्ञान शीपको कमी, सुरुको अवस्थामा कर्मचारीहरु उद्धार गर्न गाउँमा जान आनाकानी गर्नु, आयव्ययको व्यवस्थित अभिलेख राख्न नसक्नु, जनता र कर्मचारी बीच तथा विभिन्न कार्यालयहरु, मन्त्रालय र अन्य निकायहरु बीच समन्वय र सहकार्यको कमी, राहत वितरणमा खटिएका केहि कर्मचारीहरुले नातावाद र पक्षपात गरेको गुनासो जस्ता चुनौतीहरुको सामना गर्नु परेको थियो ।

२. विपत् व्यवस्थापनमा देखा परेका सवल पक्षहरू

रसुवा जिल्लामा भूकम्प पश्चात् विभिन्न किसिमका समस्याहरु देखापरे तापनि केहि सवल पक्षहरु पनि रहेका छन् । जसले विपत् व्यवस्थापन जस्ता कठिन चुनौतीलाई सामना गर्न सघाउ पुऱ्याएको थियो जुन निम्न बमोजिम रहेका छन् :

क) विपत् व्यवस्थापन गरी पुनर्निर्माणको लागि ठूला राजनीतिक दलका नेताहरुको साझा सर्वदलीय संयन्त्र निर्माण भई नेतृत्व प्रदान गरेको ।

ख) राजनीतिक दल र कर्मचारी नेतृत्व बीच नियमित सम्पर्क, समन्वय र सहकार्यले गर्दा आइपरेका समस्याहरुलाई समयमै समाधान गरेको ।

ग) केन्द्रीय टोलीबाट नियमित मार्गदर्शन र सहजीकरण प्राप्त भएकोले कर्मचारीहरुको मनोबलमा बृद्धि भएको ।

घ) यो जिल्ला पर्यटकीय क्षेत्र भएको र जलविद्युत निर्माणमा विभिन्न परियोजनाहरु कार्यान्वयनमा रहेकाले सापेक्षित रुपमा बढी दातृ निकायहरु विपत् व्यवस्थापन कार्यमा सहयोगी हातको रुपमा आएको ।

ङ) जिल्लामा कम जनसंख्या भएको

३. निष्कर्ष

रसुवा जिल्ला प्राकृतिक प्रकोपको दृष्टिकोणले अत्यन्तै जोखिमपूर्ण हिमाली जिल्ला हो । जथाभावी छरिएर रहेका गाउँबस्तीको कारणले विकास निर्माणका कार्यहरु महँगो हुनुको साथै दीगो समेत नहुने भएकोले यस जिल्लाको भूउपयोग नक्सांकन गरी प्राविधिक दृष्टिकोणले उपयुक्त स्थानमा, वातावरण सुहाउँदो भूकम्प प्रतिरोधात्मक भवनहरुको निर्माण गरी एकिकृत बस्ती बसालेमा, विपत् व्यवस्थापन कार्ययोजनालाई जिल्लाको विकास योजनासँग आबद्ध गरी कार्यान्वयन गरेमा, विपत् पूर्वका तयारीमा जोड दिइएमा भविष्यमा प्राकृतिक प्रकोपबाट हुनसक्ने क्षतिलाई व्यापक न्यूनीकरण गर्नुको साथै यहाँको सामाजिक तथा आर्थिक विकास समेतमा टेवा पुग्ने छ । यसका अतिरिक्त विपत् व्यवस्थापन हेर्ने बिशेषज्ञ सहितको केन्द्रीय निकाय स्थापना गरि कार्यक्रम संचालन गरेमा वेश हुनेछ । ❖

सुरक्षित घर
यसरी बनाउने

- किशोर थापा*

बि. सं. १९९० साल पछिको २०७२ बैशाख १२ गतेको भूकम्प र त्यस पछिका धेरै पराकम्पनहरुले हामीलाई थर्कमान बनाएको छ। सहर गाउँ जहाँसुकैका घर सुरक्षित हुनुपर्छ भनी हामी झस्किएका छौं। भुइँचालोलाई हामी रोक्न छेक्न सक्दैनौं। आफू सुरक्षित बनेर यसबाट जोगिन मात्र सक्छौं। सरकारले दस वर्ष अघि नै भवनसंहिता (बिल्डिङ्ग कोड) लागु गरेको थियो। त्यसमा अद्यावधिक गरी उपत्यकाका सबै र बाहिरका केही नगरपालिकाले पालना गरेका पनि छन्। व्यवहारमा भने सन्तोषजनक पालना भएको छैन। भवन ऐन २०५३ को आत्मा अनुसार बनेको संहितामा सहरमा बन्ने अत्याधुनिक वहुतले भवनदेखि गाउँठाउँका सामान्य घरसम्म सुरक्षित बनाउने विधि उल्लेख छ। सामान्यतया सहरी क्षेत्रका भवनमा मात्र भवनसंहिता लागु गरिन्छ भन्ने आममानिसको बुझाइ छ, जुन गलत हो। राष्ट्रिय भवनसंहिता नेपालमा बन्ने कुनै पनि भवनमा लागु गर्न सकिन्छ किनकि स्थानीय परिस्थिति र भवनको बनोट अनुसार कुन स्तरको संहिता पालना गरिने हो त्यसको निर्णय गर्न सम्बन्धित प्राविधिक वा कालीगढलाई जिम्मेवार बनाइएको छ।

गत २०७२ बैशाख १२ गतेको विनाशकारी भूकम्पबाट देशमा करीव ५ लाख घर पूर्ण रुपमा ध्यस्त भएका छन् र करीव अढाइ लाख घरमा सामान्य क्षति पुगेको छ। वर्षायाम र चाडपर्व सकिए पछि ती घरको पुनर्निर्माण शुरु गर्नुपर्ने हुन्छ। सरकार कहिले आउला र घर बनाउँला भनेर पीडित नेपाली जनताले पर्खने अवस्थामा छैनन्। आफ्नो घर पुनर्निर्माण गर्न वा ममर्त गर्न चाहने परिवारका लागि सुरक्षित भवन निर्माण विधिबारे केही जानकारी होस् भन्ने अभिप्रायले यो लेख तयार गरिएको हो।

भवनसंहिताले देशमा बन्ने भवनहरुलाई चार कोटीमा वर्गीकरण गरेको छ। पहिलो कोटीमा अन्तर्राष्ट्रिय स्तरको भवन राखिएको छ। नयाँबानेश्वरको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र वा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको टर्मिनल भवनलाई यो वर्गमा राख्न सकिन्छ। यस्ता भवन नेपालमा विरलै बन्ने गरेका छन्। दोस्रो दर्जामा सामूहिक वसोवास गराउने वा कार्यालय प्रयोजनका लागि बन्ने वहुतले भवन छन्। तेस्रोमा तीन तलाभन्दा बढी वा हजार वर्ग फिटभन्दा बढी क्षेत्रफलको तीन तलेसम्मको घर छ। चौथोमा हजार वर्ग फिटभन्दा साना ग्रामीण क्षेत्रका भवन पर्दछन्। प्रत्येक कोटीको भवनका लागि छुट्टाछुट्टै संहिता तयार भएका छन् जसले गर्दा आवश्यकता र परिस्थिति अनुसार यसको प्रयोग गर्न सकिन्छ। ग्रामीण क्षेत्रमा बन्ने निजी आवासीय घरका लागि उपयुक्त हुने भवनसंहिता सचित्र रुपमा नेपाली भाषामा नै तयार भएको छ जुन घरधनी, कालीगढ वा प्राविधिक सबैले बुझ्न सक्छन्। राष्ट्रिय भवनसंहिता पालना गर्ने प्राथमिक जिम्मेवारी इञ्जिनियर, प्राविधिक र कालीगढको हो, घरधनीको जिम्मेवारी केवल सचेत नागरिकको रुपमा मात्र हो। सरकारी भवन निर्माण गर्दा सम्वन्धित निकाय र त्यसमा संलग्न प्राविधिक जिम्मेवार हुन्छ र गलत निर्माणको उत्तरदायित्व उसैले लिन्छ तर प्राविधिकको संलग्नताबिना निर्माण गरिने भवनको जिम्मेवारीका बारेमा प्रश्न उठ्ने गर्दछ।

काठमाडौं लगायत सहर बजारमा केही आना जग्गा लिएर पछिल्ला दुई थरीका घर बनाउने गरिएको छ। हजार वर्ग फिटभन्दा बढीको तेस्रो कोटीको घर बनाउँदा इन्जिनियरको सुपरिवेक्षण अनिवार्य छ। जत्रो आकारप्रकारको घर बनाउँदा पनि नगरपालिकामा नक्सा पास गर्नुपर्छ। मुलुकका दर्जनौं नगरोन्मुख गाउँमा पनि नक्सा पास गरेर मात्र जग हाल्न पाउने नियम छ। नक्सा पास गर्नुपर्ने नियम लगभग पालना भएको छ।

काठमाडौं, ललितपुर, भक्तपुर, हेटौंडा, धरान, पोखराजस्ता नगरपालिकामा संरचनागत ढाँचा (स्ट्रक्चरल डिजाइन) नक्सासँगै पेश गर्नुपर्छ। महानगरपालिका उप-महानगरपालिकामा बसोबास गर्ने लाखौं मानिसको सुरक्षा र सुविधाका लागि सुरक्षित भवन बनाउन स्ट्रक्चरल डिजाइन अनिवार्य गरिएको हो।

अधिकांश संख्यामा बनिरहेका मझौला र साना भवनले नगरपालिकामा दर्ता गरेर औपचारिकता पुऱ्याए पनि निर्माणको क्रममा त्यसको पालना गरेको देखिँदैन। स्ट्रक्चरल डिजाइनमा जग, पिलर, बिम, ढलान, गारोदेखि झ्यालढोकासम्ममा प्रयोग गर्ने डण्डी, सिमेन्ट, बालुवा, गिट्टी, इँटाको मात्रा उल्लेख हुन्छ। घर बनाउँदा पालना गर्नुपर्ने नक्सासमेत डिजाइन गरेर नगरपालिकाबाट स्वीकृति लिएको हुन्छ।

नगरपालिकामा पेश गरेअनुसारै घर बनाउन इन्जिनियरको अनुगमन अनिवार्य छ। हामीले उत्साहसाथ ल्याएको नियमको पालना भने खुसी हुनुपर्ने खालको छैन। सहरी विकास तथा भवन निर्माण विभागले पटक-पटक गर्ने अध्ययनअनुसार नगर क्षेत्रमा बन्ने ९० प्रतिशत घरमा प्राविधिक अनुगमन

---

* President, Society of Nepalese Architects, पूर्वसचिव, सहरी विकास मन्त्रालय

हुने गरिएको छैन । करोड रुपैयाँसम्म खर्च गरिने त्यस्ता घरमा डकर्मीको सल्लाहमा घरभेटीले मनखुसी निर्णय लिने गरेको देखिन्छ । भवनसंहिता पालना गराउने कर्तव्य नगरपालिकाको पनि हो । उसले यसलाई प्राथमिकतामा राख्न सकेको छैन । इन्जिनियर राख्नुलाई घरभेटीले झन्झट र फुर्मास ठान्छन् । घर बनाउँदा प्राविधिक सल्लाह अत्यावश्यक छ भन्ने तथ्य सरकार र नगरपालिकाले घरभेटीलाई बुझाउन सकेका छैनन् । यस्ता मझौला र साना घर बनाउने व्यक्तिले वर्षौंको कमाइले एउटा घर बनाउँछन् । केही लाख व्याजमा ऋण काढेर तला उठाउनेको संख्या धेरै छ । अवकाश जीवनमा पनि उनीहरु ऋण तिरिरहेका हुन्छन् । जीवन भरिको रगत पसिना सिंचेर घर बनाउँदा किन प्राविधिक सल्लाह र सुझाव अनिवार्य छ त ?

लम्बाइ, चौडाइ, उचाइको अनुपात

घरको नक्सा बनाउँदा लम्बाइ, चौडाइ र उचाइको अनुपात मिलाउनु पर्छ । थोरै जग्गामा आकाश छुने घर बनायो भने भुइँचालोको सानो झट्काले पनि गर्ल्यामगुर्लुम हुन सक्छ । विशेष गरी उपत्यकाका भित्री सहरमा आधा/एक आना जग्गामा ७/८ तले घर बनेको देखिन्छ । त्यो सत्प्रतिशत असुरक्षित तासको घर हो । मापदण्ड अनुसार कहिँ पनि घरको चौडाइको साढे दुई गुणाभन्दा ठूलो घर बनाउन पाइन्न । यो नियमअनुसार जतिसुकै बलियो संरचना बनाए पनि १२ फिट चौडाइ जग्गा छ भने तीन तलेभन्दा ठूलो बनाउनु धरापै हुन्छ । नगरपालिकाले यो बन्देज लगाएको भए पनि कार्यान्वयन प्रभावकारी हुन सकेको छैन । जग्गाको पैसा पर्ने तर आकाशको पैसा नपर्ने भएकोले आकास तर्फ भवन तन्काउने प्रवृत्ति बढेको देखिन्छ ।

सुरक्षित निकास आवश्यक

भूइँचालो मात्र हैन, आगलागी, करेन्ट सट हुँदा वा अरु विपत्ति आइलाग्दा जोगिन घरबाट बाहिर निस्कने उचित प्रबन्ध आवश्यक छ । घरमा कम्तीमा दुईवटा मूलढोका हुनुपर्छ । त्यहाँसम्म पुग्ने बाटो फराकिलो र सुरक्षित हुन जरुरी छ । भ्याङ्ग जहिल्यै फराकिलो र सुरक्षित बनाउनु पर्छ ।

ठूला व्यापारिक भवन, अपार्टमेन्ट, स्कुल, कलेज, अस्पतालजस्ता सार्वजनिक भवनमा एउटा भ्याङ्गले पुग्दैन । भवनको बाहिरबाट सिरानपुछार एउटा भ्याङ्ग राख्न मापदण्डले अनिवार्य गरेको छ । अभर परेको बेला भाग्न मात्र हैन, उद्धार कार्यमा समेत सजिलो होस् भनेर बाहिरबाट भ्याङ्ग राखिएको हुन्छ । सिंहदरबारमा नयाँ बनेका भवनमा यस्तो भ्याङ्ग देखिन्छ । तर निजी क्षेत्रका धेरैजसो कम्प्लेक्समा केही लाखको लोभ गरेर बाहिरबाट भ्याङ्ग राखेका छैनन् ।

जग सबैभन्दा महत्त्वपूर्ण

जग बलियो हुनुपर्छ भन्ने विषयको ज्ञान सबैलाई छ तर कस्तो जग बलियो भन्ने विषय असाध्यै जटिल छ । पिलर सिस्टमको घरमा कति गहिरो जग जाने ? हात्तीपाइले (पिलरको जग) कत्रो बनाउने ? डण्डी कसरी बाँध्नेजस्ता निर्णय असाध्यै जटिल छ । हचुवा भरमा गहिराइ, लम्बाइ, चौडाइबारे भन्न सकिन्न ।

जग खन्दा भेटिने माटोको प्रकार, घरको तला, पिलरको आकार, लम्बाइ, चौडाइको आधारमा गहिराइ निर्धारण हुन्छ । घरको प्रयोजन के हो त्यसलाई पनि ध्यान दिनुपर्छ । उत्रै आकारप्रकारको आवासीय घर र विद्यालय भवनको जगको गहिराइ तथा त्यसको आकारप्रकार भिन्न हुन्छ । आवासीय प्रयोजनका लागि बनाइने दुई तले घरको जग माटोको प्रकारअनुसार ३ देखि ५ फिटसम्म भए पुग्छ ।

पिलर सिस्टमको घरको जग हात्तीपाइले हो । डण्डीको जाली बुनेर ढलाइ गरेर हात्तीपाइले बनाइन्छ । हात्तीपाइलेको लेभल जहिले पनि समतल अर्थात् १८० डिग्रीमै हुनु आवश्यक छ ।

पिलर र बिम कस्तो ?

पिलर गाउँघरको थामजस्तै हो । थाम सबैभन्दा बलियो हुन्छ । आधुनिक घरमा पनि यही नियम लाग्छ । प्राविधिक भाषामा यसलाई कलम भनिन्छ तर कालीगढ र सर्वसाधारणले पिलर भन्ने गर्दछन् । हात्तीपाइलेमा अड्याएर पिलर ठड्याइन्छ । मानिसको शरीरको मांसपेशीलाई हड्डीले थामेजस्तै घरको सबै बोझ पिलरले बोक्छ । त्यसैले पिलर सधैं घण्टी (९० डिग्री) मा ठडिनु पर्छ । घरको मजबुतीको आधार पिलर हो । पिलरको साइज पनि घरको तलामै भर पर्छ । सामान्य घरमा पनि कम्तीमा ९ इन्च चौडाइ र १४ इन्च लम्बाइको पिलर चाहिन्छ । ती पिलरमा ५ लाइन र ४ लाइनको गरेर ८ वटा डण्डी राख्नु पर्छ । घरका सबै पिलरले एक समान लोड लिँदैनन् । सामान्यतया छेउको पिलर भन्दा बीचको पिलरले बढी लोड लिनु पर्ने भएकोले त्यसमा बढी डण्डी आवश्यक पर्दछ र साइज पनि ठूलो बनाउनु पर्दछ । यसमा कहिल्यै कन्जुस्याइँ गर्नु हुन्न ।

डण्डीमा लोभ नगरे पनि बाँध्ने तरिका मिलेन भने सबै खर्च व्यर्थ हुन्छ । पिलरको डण्डी बाँधेर आकार दिन चुरी (रिङ्ग) चाहिन्छ । चुरीमा दुईदेखि अढाइ लाइनको डण्डी प्रयोग गर्ने चलन छ । चुरीले घरलाई धक्का परेको बेला पिलरलाई जोगाएर राख्छ । त्यसैले चुरी बनाउने र बाँध्ने तरिका ठ्याक्कै मिल्नु पर्छ । दुईवटा चुरीको दुरी ४ देखि ६ इन्चभन्दा बढी हुनु हुँदैन ।

पिलरको उचाइ ८ देखि १० फिट हुन्छ । यसमा एकै पटकमा ढलान गर्ने चलन छ । आवासीय भवनमा सबैले यही गल्ती गरिरहेका छन् । पिलरलाई आधा गरेर दुई पटक ढलान गर्नु आवश्यक छ । एकै पटकमा ढलान गर्दा डण्डी ९० डिग्रीमा नबसेर बीचमा थोरै बाँगिन सक्छ । अर्को १० फिट माथिबाट मसला खसाल्दा रोडामात्र पहिला हाम फाल्छ । यसले मुनिको केही फिटमा रोडाको मात्रा बालुवा-सिमेन्टभन्दा कम हुन सक्छ । पिलर कमजोर भए घर जोखिमपूर्ण हुने भएकाले एक पटकमा ५ फिट उचाइ मात्र ढलान गर्न सके मजबुतीको अचुक उपचार हुन्छ ।

बिम्ले पुराना घरमा निदालको काम गर्छ । पिलर माथि बसेर ढलान थाम्छ । बिम्को आधार पिलरभन्दा केही

कम हुँदा पनि फरक पर्दैन । यसमा पनि डण्डी बाँध्ने तरिका मिलाउनु पर्छ । दुइटा पिलरको छेउछाउमा डण्डीको टुक्रा थपेर बिमलाई बलियो पार्नैपर्छ । चुरी बाँध्ने तरिका पिलरजस्तै हो । बिमको डण्डीलाई कमसेकम डेढ फुट पिलर भित्र घुसाउनु पर्दछ जसबाट भूकम्पका वेला घर हल्लिँदा बिम र पिलर छुट्टिन पाउँदैन ।

पिलर र बिममा डण्डी गाँस्दा ध्यान पुऱ्याउनु पर्छ । डण्डीको मोटाइ र पिलर/बिमको लम्बाइअनुसार खप्टिने भाग (ओभरल्याप) निर्धारित हुन्छ । कम्तीमा साढे दुई फिट खप्टाउनु अनिवार्य छ । पिलर वा बिममा धेरै डण्डी हुन्छन् । ती डण्डी काट्ने बेला अलगअलग लम्बाइको बनाउनु जरुरी छ । त्यसो नगरे एकै ठाउँमा गाँस पर्छ । यस्तो गल्ती भयो भने घरमा कुनै बोझ वा धक्का पर्दा गाँसिएकै ठाउँबाट क्षति हुन्छ ।

ढलानमा अढाइ लाइनको डण्डी

सिमेन्टको घर बनाउँदा ढलानलाई सर्वाधिक महत्त्व दिने चलन छ । ढलान सकेर भोज खाने/खुवाउने चलन बसेको त्यसैले होला । ढलान गाउँले घरमा तला छापेजस्तै हो । थाम, निदाल मात्र बलियो हालेर हुँदैन, दलिन पनि भरपर्दो हुनु पर्छ भन्ने हाम्रा पुर्खाले उहिल्यै जानेका थिए । दलिन हाले पछि दाउरा, बाँस, माटो वा काठ जेले पनि छाप्न सकिन्छ ।

आजभोलिका घरमा दलिनको काम बिमले गर्छ । सिमेन्ट, रोडा र बालुवा मिसाएको कंक्रिटले तला छापिन्छ । ढलान बलियो बनाउन डण्डीको जाली बाँधेको मिल्नु पर्छ । डण्डीको जाली ६ इन्चमा बाँध्नु राम्रो हुन्छ । बिमको नजिक र टपमा 'डबल' जाली बुन्नु पर्छ ।

पिलर र बिममा कम डण्डी हाल्ने, अर्कातिर ढलानमा चाहिनेभन्दा बढी छाप्ने चलन छ । सामान्य घरमा अढाइ लाइनको डण्डी भए पुग्छ । यसको ज्ञान नभएर ४ लाइनसम्मको डण्डी हाल्ने गरेको देखिन्छ । यस्तो गल्तीले घर बोझिलो त हुन्छ नै, खर्च पनि दोब्बर हुन्छ ।

पिलर र बिम्मा नाडीजत्तिको मोटो डण्डी प्रयोग गरिने ठूला भवनमा समेतमा ढलानमा अढाइ र ३ लाइनको डण्डी हाले पुग्छ । आवासीय भवनमा ढलानको मोटाइ सामान्यतया ५ इन्च भए पुग्छ । ढलानको मसला हाल्ने बेला जालीभन्दा माथि हाल्नु पर्छ । जाली धेरै माथि पारेर मसला तल हाल्यो भने ढलान कच्चा हुन्छ । यस्तो गल्तीले भुइँचालो आएको बेला वा कोठामा धेरै भीड भएको बेला जालीलाई छाडेर ढलान खस्ने डर हुन्छ । ढलानको जाली फर्माभन्दा एक इन्च माथि उठाए पुग्छ । जालीले ढलानलाई बोक्ने हो, झुन्ड्याउने होइन । पानी छेक्न वा कोठा बढाउन हामी स्ल्याबलाई बिम भन्दा बाहिर लैजान्छौं जसलाई प्राविधिक भाषामा क्यान्टिलेभर भनिन्छ । स्ल्याबको त्यस्ता भागमा डण्डीको जाली माथि पार्नु पर्दछ, त्यसो नगरेमा त्यसले लोड थाम्न सक्तैन ।

कंक्रिट मसला बनाउने विधि

पिलर, बिम वा स्ल्याबमा कंक्रिटको प्रयोग गरिन्छ । पिलर, बिम र ढलानको बनोट दुरुस्त बनाएर इन्जिनियरले तोकेअनुसारकै डण्डी हाल्दैमा घर बलियो हुँदैन । कंक्रिटको प्रयोग उपयुक्त हुनु पर्छ । पिलर, बिम वा स्ल्याब ढलान गर्न आवश्यक सिमेन्ट, बालुवा, गिट्टी र पानीको सम्मिश्रण कंक्रिट हो ।

कंक्रिट बनाउने आफ्नै विधि छ । सामान्य घरमा एम-१५ कंक्रिट तयार गरे हुन्छ । त्यसमा १ बोरा सिमेन्ट बराबर २ बोरा बालुवा र ४ बोरा गिट्टी हालिन्छ । योभन्दा ठूलो निर्माणमा एम-२० र पुल, बाँध निर्माण गर्दा एम-२५ प्रयोग गरिन्छ । एम-२० मा १ सिमेन्ट बराबर २ बालुवा र ३ गिट्टी हुन्छ । धेरै बोझ थाम्नु पर्ने निर्माणमा १ सिमेन्ट बराबर डेढ बालुवा र ३ गिट्टी मिसाइन्छ ।

यति विघ्न सामग्री जुटाइसके पछि पनि घोल्ने तरिकामा गल्ती भैरहेको छ । सिमेन्ट, बालुवा र गिट्टीको आयतनका आधारमा अनुपात मिलाउने चलन सर्वथा गलत छ । त्यसलाई तुरुन्त सच्याएर घनत्व अनुसार हुनु पर्छ । चार कोठे घर बनाउनेले पनि एकएक बोरा बालुवा र गिट्टीको पनि वजन लिएर अनुपात मिलाउन सक्छन् । तर यो ज्ञान ज्यादै कमलाई छ । यी सामग्रीको मिसावट ठीक ढंगले गर्न मिक्सचरबाट घोल्नु पर्छ । हामीले यो कुरा बुझ्नु जरुरी छ कि सिमेण्ट, बालुवा, गिट्टी र पानी मिसाउँदैमा कंक्रिट बन्दैन, सामग्रीको उचित अनुपात मिल्नै पर्छ ।

कंक्रिटका लागि आवश्यक हरेक सामग्रीको गुणस्तर मापदण्डअनुसार हुनु पर्छ । बालुवामा माटो वा अभ्रख मिसिएको हुनुहुँदैन, दानेदार चाहिन्छ । गिट्टी साह्रो ढुंगाको हुनु पर्छ । नरम, बलौटे वा रातो ठीक हुँदैन । गिट्टी सानोठूलो मिसिएको चाहिन्छ, ४ देखि ६ लाइनको । सानो गिट्टीले ठूलो गिट्टीबाट बनिने ओडार जस्तो खाली ठाउँ भरिन्छ ।

पानीको गुणस्तर पनि ज्यादै महत्त्वपूर्ण हुन्छ । ढलको पानी हाल्न मिल्दैन । फलामको मात्रा बढी भएको पानी पनि कंक्रिटमा प्रयोग गर्नु हुँदैन । कंक्रिटलाई बलियो बनाउन तापक्रमको पनि उत्तिकै महत्त्व हुन्छ । अत्याधिक चिसो वा गर्मीमा ढलान गर्दा बलियो हुँदैन, खति मात्र हुन्छ । १० देखि ३० डिग्री तापक्रम असाध्यै राम्रो हुन्छ । माइनस ३ वा ४० डिग्रीभन्दा बढीमा कंक्रिटको काम गर्नु हुँदैन । धेरै गर्मीमा कंक्रिटको सबै पानी चाँडो सोसिन्छ । कम तापक्रम भयो भने चिसोले ढलान जम्न सक्दैन । विशेष गरी हिमाली र तराई क्षेत्रमा घर बनाउँदा यो कुराको ख्याल गर्नु पर्दछ ।

गारो ढलान सकेर स्ल्याब ढलान

डकर्मीले पिलर सिस्टमका घरमा गारो बलियो चाहिँदैन भन्ने विश्वास घर बनाइरहेकालाई दिलाएका छन् । सबै घर पिलरले बोकिहाल्छ, गारोले बारको काम मात्र गर्ने हो भन्ने जिकिर धेरैको छ । यो सरासर गलत धारणा हो । घरको बोझ पिलरले बोक्दैमा दुर्घटना नहुने हैन । गारो कमजोर भयो भने त्यसैले थिचेर जनधनको क्षति हुन्छ । पिलरसँगै गारो उठाएर ढलानले थिच्ने काम सरासर गलत हो । यसले पिलर सिस्टम बिथोल्छ ।

घरको स्ट्रक्चरको काम सकिएपछि मात्र गारो लगाउनु पर्छ । ढलान गरेको

दुई चार दिनमै गारो लगाउँदा बिम, पिलर कमजोर हुन्छ। कंक्रिट जम्न २२ दिन लाग्ने भएकाले त्यति कुरेर मात्र गारो लगाउनु पर्छ। ढलान भैसके पछि गारो लगाउँदा सुरक्षित हुन्छ। यसका लागि तरिका पुऱ्याउनु पर्छ। गारो कुनै हालतमा ४ इन्च लगाउनु हुँदैन। ९ इन्च आवश्यक छ। गारो लगाउँदा ठाउँठाउँमा २ लाइनको डण्डी ठाडो र तेर्सो राख्न आवश्यक छ। भ्यालको तल र माथि कम्तिमा २ इञ्च अग्लो टाइबिम ढलान गर्नुपर्छ। त्यसैलाई लम्बाएर कोठालाई पातलो खालको टाइबिमजस्तो बनाएन भने घर झन् कमजोर हुन्छ। तराईमा टाइबिमको चलन चलिसकेको छ। भ्याल मुनि पनि त्यसैगरी लिन्टल कस्नु जरुरी छ।

गारो र प्लाष्टरको मसला

गारो बलियो बनाउन मसला (सिमेन्ट र बालुवा) मुछ्ने तरिका मिल्नु पर्छ। गारोका लागि १ बोरा सिमेन्ट बराबर ५ बोरा बालुवा हाले हुन्छ। जबकि प्लाष्टरमा बालुवा घटाउनु पर्छ। सिलिङ्गमा ३ बोरा र भित्ताका लागि ४ बोरा बालुवाको मसला बनाउनु उपयुक्त हुन्छ।

यी सबै तालमेल मिलाउन घर बनाउँदा इन्जिनियरको परामर्श अपरिहार्य छ। पिलर सिस्टममा बनेको सामान्य आकारको कंक्रिटको घरको वजन पनि सयौं टन हुन्छ। यति बोझिलो घर ढंग नपुऱ्याई बनायो भने जोखिमपूर्ण हुन्छ। उपयुक्त प्रविधि प्राविधिकबिना बनाएको घरमा सानो त्रुटी भयो भने ठूलो नोक्सानी हुन्छ। त्यसैले, सही विधि अपनाउन सकिन्न भने ३ तलासम्मको घर इँटाढुंगाकै भरमा (लोड बियरिङ्ग सिस्टम) को बनाउन सकिन्छ। यसमा घरभरिको भार प्रत्येक इँटा वा ढुंगाले बोक्छन्। यो घरमा सानो त्रुटी हुँदैमा ठूलो नोक्सानी हुँदैन।

यसरी सुरक्षित निर्माणका सामान्य विधि पुऱ्याएर आफ्नो र अर्काको घर बनाउँदा भूकम्प लगायत प्राकृतिक विपत्तिबाट बच्न सकिन्छ। यस्ता सुरक्षित विधि हाम्रो राष्ट्रिय भवनसंहितामा स्पष्ट उल्लेख गरिएको छ। प्राविधिक उपलब्ध हुने ठाउँमा प्राविधिकबाट र नहुने ठाउँमा तालीम प्राप्त कालीगढबाट घर बनाउने प्रथा चलाउनु आजको आवश्यकता हो। ❖

यो लेख नागरिक दैनिक, बैशाख १९, ०७२ मा छापिएको थियो। उक्त लेखमा आंशिक परिमार्जन मात्र गरिएको छ।

– लेखक

जिल्ला विकास समितिको कार्यालय ललितपुरको घटना दर्ता सम्बन्धी सूचना:

जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता ऐन, २०३३ बमोजिम घटना दर्तालाई कानुनी मान्यता प्रदान गरेकोले जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाइँसराई जस्ता व्यक्तिगत घटनाहरु गा.वि.स. वा नगरपालिकाको स्थानीय पञ्जीकाधिकारी कहाँ गई घटना घटेको ३५ दिनभित्र दर्ता गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

जिल्ला विकास समितिको कार्यालय
ललितपुर

दोलखा:

महाभूकम्पबाट भएको क्षति र विपत् व्यवस्थापनको प्रयास

- रेशम लाल कँडेल*

१. दोलखा जिल्लाको सामान्य परिचय

दोलखा जिल्ला नेपालको मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने जनकपुर अञ्चलको एक हिमाली जिल्लाको रुपमा परिचित छ। यसले प्राचीनकालदेखि नै आफ्नो छुट्टै आर्थिक, सामाजिक, धार्मिक र राजनैतिक पहिचान कायम राख्दै आएको पाइन्छ। पहिला अभयपुरको नामबाट परिचित तत्कालीन दोलखा बजारको नामबाट नै यस जिल्लाको नामाकरण भएको हो।

यसरी राजनैतिक, धार्मिक, आर्थिक तथा सामाजिक रुपमा छुट्टै पहिचान भएको दोलखा जिल्लाको वर्तमान स्वरुप भने बि. सं. २०१८ सालमा भएको राजनैतिक विभाजनले कायम गरेको हो। त्यसभन्दा पहिले रामेछाप र दोलखाको एउटै प्रशासनिक इकाईबाट काम कार्यवाही हुने गरेको थियो। जिल्लाको कुल क्षेत्रफल २,१९१ वर्ग कि.मि. (२,१४,२८७ हेक्टर) रहेको छ। बि. सं. २०७१ को सर्भेक्षण अनुसार जिल्लाको कुल जनसंख्या २,८०,८८४ र अनुमानित कुल घरधुरी संख्या ६०,००० रहेको छ। यस जिल्लामा २ नगरपालिका, ४८ गाउँ विकास समिति (गा.वि.स.) र २ निर्वाचन क्षेत्रहरु रहेका छन्।

२. विनाशकारी भूकम्प र दोलखा

नेपाल भूकम्पीय हिसाबले जोखिमयुक्त क्षेत्रको रुपमा रहेको वैज्ञानिकहरुले बताउँदै आएको र त्यसमा पनि नेपालका खास गरी हिमाली क्षेत्र भूकम्पको बढी जोखिममा रहेको बताइरहेका बेला बि. सं. २०७२ साल बैशाख १२ गते गोरखाको बारपाक केन्द्रविन्दु बनाएर ७.६ रेक्टर स्केलको भूकम्प गयो। जसले नेपालका गोरखा, धादिङ, नुवाकोट, रसुवा, सिन्धुपाल्चोक, दोलखा लगायतका हिमाली क्षेत्रमा जोडिएका जिल्लाहरुलाई बढी नै असर पुऱ्यायो। त्यसपछि बैशाख १३ गते ६.९ रेक्टर स्केलको अर्को शक्तिशाली पराकम्पन गयो भने बैशाख २९ गते दोलखालाई नै केन्द्रविन्दु बनाएर अर्को शक्तिशाली र विनाशकारी भूकम्प गयो। फलस्वरुप, दोलखा जिल्लामा २०७२ सालको शुरुवात्सँगै भूकम्पले ठूलै मात्रामा जनधनको विनाश मात्र गराएन, बारम्बारका पराकम्पनका कारण त्रसित समेत बनायो। जिल्लाका ग्रामीण क्षेत्रमा रहेका अधिकांश घर ढलेर क्षति भए भने नढलेर अडिएका त्यस्ता घरहरु बसोबास गर्न नसकिने गरि चर्किएका अवस्थामा परिणत भए। सदरमुकाम चरिकोटमा रहेका पक्की घरहरु केही ढल्न पुगे भने केही चर्किएर जीर्ण भए। चरिकोटको चरिघ्याङ क्षेत्र भूकम्पबाट बढी प्रभावित भएको पाइयो। त्यस्तै दोलखा बजारका पनि अधिकांश कच्ची घरहरु ध्वस्त भए। दोलखाको अन्य बजार क्षेत्रमा पनि भूकम्पको प्रभाव त्यतिकै मात्रामा देखियो। यद्यपि उत्तरी क्षेत्रको महत्त्वपूर्ण बजार सिंगटीलाई भने भूकम्पले नराम्रोसँग प्रभावित बनायो। प्राय सबै घरहरु ढलेर धेरै नै धनजनको क्षति समेत यस बजारले खेप्नु पऱ्यो। भूकम्पका कारण यो सिंगटी बजारको स्वरुपमा नै परिवर्तन ल्याइदिएको अनुभूति गर्न सकिन्छ।

३. विनाशकारी भूकम्पबाट दोलखामा भएको क्षति

कुल जनसंख्या मध्ये २,५०,००० जनसंख्या प्रत्यक्ष रुपमा प्रभावित भएको छ भने प्रभावित घरधुरी सख्या ५९,५१० रहेको छ। विनाशकारी भूकम्पका कारण भएको क्षतिको विवरण निम्न तालिकाहरुमा दिइएको छ :

३.१ मानवीय क्षति					३.२ घाइतेहरुको विवरण				
मृतक संख्या		कूल मृतक संख्या	जम्मा बालबालिका संख्या	कैफियत	पुरुष	महिला	बालक	बालिका	जम्मा
महिला	पुरुष								
८८	८८	१७७	३६	एकजनाको अस्थिपञ्जर मात्र फेला परेकोले लिङ्ग पहिचान हुन नसकेको	३००	२७३	४६	४४	६६३

* स्थानीय विकास अधिकारी, दोलखा

३.३ भूकम्पबाट प्रभावित नागरिकहरूको उद्धारको संख्यात्मक विवरण

सि.न.	देश	सख्या	सि.न.	देश	संख्या
१	नेपाल	८९०	६	चीन	७५
२	अमेरिका	१३	७	हङ्गकङ्ग	१
३	भारत	२२	८	ताईवान	३
४	बेलायत	१	९	डेनमार्क	१
५	अष्ट्रेलिया	२	१०	अन्य	९
जम्मा		१०१७			

स्रोतः जिल्ला प्रशासन कार्यालय, दोलखा

३.४ व्यक्तिगत घर, भवनको क्षति

घर/भवन क्षति संख्या		पूर्ण क्षति	आंशिक क्षति	सामान्य क्षति	जम्मा क्षति घर संख्या	अनुमानित क्षतिको रमक रु.	कैफियत
कच्ची	पक्की						
५७,१०३	१,२८५	५६,८७३	१,५०६	९	५८,३८८	४१,७९,८१,१४,६१४/-	भुषाफेदा गा.वि.स. र भि.न.पा.को अनुमानित क्षति रकम उल्लेख नभएको साथै जिरी न.पा.को विवरण समावेश छैन ।

स्रोत : प्राविधिकको विवरण, जिविस दोलखा

४. क्षतिको क्षेत्रगत विवरण

४.१ शिक्षा

विद्यालय भवनहरूको क्षति विवरण :

क्षति भएको विद्यालयको संख्या				जम्मा भवन संख्या		पूर्ण क्षति भवन संख्या	
उ.मा.वि.	मा.वि.	नि.मा.वि.	प्रा.वि.	कच्ची	पक्की	कच्ची	पक्की
४०	४१	८४	२०४	११०२	१४६	७६३	५६

स्रोत : जिल्ला शिक्षा कार्यालय, दोलखा

४.२ स्वास्थ्य

दोलखा जिल्लामा रहेका विभिन्न स्वास्थ्य चौकीहरु मध्ये एउटा स्वास्थ्य चौकीमा सामान्य क्षति पुगेको पाइएको छ । त्यसै गरी चार वटा स्वास्थ्य संस्थामा आंशिक क्षति पुगेको र जिल्ला स्वास्थ्य कार्यालय भवन समेत ५४ वटा स्वास्थ्य संस्थामा पूर्ण रुपले क्षति पुगेको पाइएको छ ।

स्वास्थ्य संस्थाहरूको क्षतिको विवरण

क्षति भएका स्वास्थ्य संस्थाको संख्या	क्षतिको संख्या		
	पूर्ण क्षति	आंशिक क्षति	सामान्य क्षति
५९	५२	४	३

स्रोत : जिल्ला स्वास्थ्य कार्यालय, दोलखा

४.३ खानेपानी तथा सरसफाई

जिल्लाको ४८ गा.वि.स. र २ नगरपालिका मध्ये यस आ. व. सम्ममा ४४ वटा गा.वि.स.मा खुला दिसामुक्त क्षेत्र घोषणा भैसकेको थियो । बाँकी ४ वटा गा.वि.स.हरु र २ वटा नगरपालिकाहरु जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिबाट अनुगमन कार्य सम्पन्न गरी खुला दिसामुक्त क्षेत्र घोषणाको अन्तिम चरणमा रहेको थियो । भीमेश्वर नगरपालिकाको १३ वडाहरु मध्ये ११ वडा खुला दिसामुक्त क्षेत्र घोषणा भैसकेको र बाँकी बैशाख १५ खुला दिसामुक्त क्षेत्र घोषणा गर्ने तयारीमा रहेको थियो । जिल्लाको रणनीतिक योजना अनुसार सन् २०१६ सम्ममा यस जिल्लालाई खुला दिसामुक्त क्षेत्र घोषणा गर्ने लक्ष्य रहेकोमा सम्बन्धित सरोकारवालाहरु एकीकृत तथा समन्वयात्मक छलफलबाट जिल्लालाई

बि. सं. २०७२ जेठ १५ गते भित्रमा नै खुला दिसामुक्त क्षेत्र घोषणा गर्ने कार्यक्रम बनाएको थियो । बि. सं. २०७२ बैशाख १२, १३ र २९ गतेको विनाशकारी भूकम्पबाट दोलखा जिल्लालाई निक्कै क्षति पुगेको हुँदा सो अभियान समेत सफल हुन नसकेको अवस्था रहेको छ ।

खानेपानीका क्षेत्रमा इन्टेक, रिजर्भ ट्यांकहरुमा सामान्य क्षति पुगेको छ भने कतिपय खानेपानी योजनाका पाइपलाइनमा समेत क्षति पुगेको देखिन्छ । खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, दोलखा अनुसार खानेपानी र सरसफाईको क्षेत्रमा कुल ५९५ वटा आयोजनाहरुमा क्षति पुगेको छ भने यस वापतको क्षति रकम रु. ४९,५७,९३,७००।- भएको तथ्याङ्कले देखाएको छ । यसरी क्षति पुगेका आयोजनाहरुलाई व्यवस्थित गर्नुपर्ने समेत हाल अस्थायी वसोवास गरिरहेको स्थानमा खानेपानीको आपूर्ति नभएका कारण ती स्थानहरुको पहिचान गरी खानेपानीको व्यवस्थापन गर्नुपर्ने देखिन्छ भने क्षति पुगेका इन्टेक तथा रिजर्भ ट्यांकहरुलाई मर्मत गरी खानेपानीको व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

४.४ महिला तथा बालबालिका

विनाशकारी भूकम्पबाट मृत्यु हुनेमा अधिकांश बालबालिका, महिला र बृद्धबृद्धा रहेका छन् । ३६ जना बालबालिकाको मृत्यु भएको छ भने १५ भन्दा बढी बालबालिकाहरु अभिभावकविहिन भएका छन् । भूकम्पबाट पीडित र प्रभावित बालबालिका तथा महिलाको तत्काल उद्धार, राहत, उपचार, संरक्षण, पुनर्स्थापना लगायतका आवश्यक व्यवस्थापन सम्बन्धी कार्यहरु गर्न महिला तथा बालबालिका कार्यालय लागिपरेको छ । जिल्ला दैवीप्रकोप उद्धार समिति अन्तर्गत संरक्षण क्षेत्र गठन गरी अन्य संघसंस्था तथा निकायहरुको समन्वयमा बाल तथा महिला संरक्षण सम्बन्धी विभिन्न कार्यहरु संचालन गरिएको छ ।

बालबालिकालाई सामान्य अवस्थामा ल्याई पहिलेको जस्तै वातावरणमा जीवनयापन गर्न सहज बनाउन मनोसामाजिक परामर्श तथा अन्य जीवन उपयोगी शीपहरु प्रदान गर्न जरुरी छ । अभिभावक गुमाएका बालबालिकाको संरक्षणका लागि विशेष कार्यक्रमको आवश्यकता रहेको छ । यसका लागि महिला तथा बालबालिका कार्यालयले विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुसँग मिलेर काम गरिरहेको छ ।

विनाशकारी भूकम्पबाट पीडित तथा प्रभावित भएका बालबालिका, महिला र ज्येष्ठ नागरिकको विवरणः

(क) बालबालिका

क्र.सं.	विवरण	बालक	बालिका	जम्मा
१	मृत्यु भएका बालबालिका (१६ बर्ष मुनिका)	१९	१७	३६
२	घाईते बालबालिका	४४	४६	९०
३	बुबा आमा दुवै गुमाएका बालबालिका	२	२	४
४	बुबा आमा मध्ये एक अभिभावक गुमाएका बालबालिका	५	६	११
५	विस्थापित बालबालिका संख्या करिव			५२,०००

(ख) महिला

क्र.सं.	विवरण	जम्मा
१	घाईते महिलाको विवरण	२७२
२	मृत्यु भएका महिलाको विवरण	८८
३	भूकम्प प्रभावित गर्भवती महिला संख्या	२,२०३
४	भूकम्प प्रभावित सुत्केरी महिला संख्या	३,४६०

(ग) ज्येष्ठ नागरिक

क्र.सं.	विवरण	जम्मा
१	घाईते जेष्ठ नागरिक	५२
२	मृत्यु भएका जेष्ठ नागरिक	९२

स्रोत : महिला तथा बालबालिका कार्यालय, दोलखा (क, ख र ग समेतको)

४.५ घरेलु तथा साना उद्योग

घरेलु तथा साना उद्योग विकास समिति दोलखामा दर्ता भएका घरेलु तथा साना उद्योगमा गत बैशाख १२, १३ र २९ गतेको विनाशकारी भूकम्पका कारण पुगेको क्षति सम्बन्धी हालसम्म प्राप्त भएको विवरणः

क्र.सं.	उद्योगको प्रकार	संख्या वटा
१	कुटानी पिसानी मिल (सेलर/राइस	४६
२	फर्निचर, सः मिल	६
३	होटल / लज	१०
४	टेलर्स	४
५	गाई तथा बाख्रा फर्म	५

क्र.सं.	उद्योगको प्रकार	संख्या वटा
६	पोल्ट्री फर्म	५
७	मौरी पालन फर्म	२
८	ग्रिल, नर्सरी, अर्गेली, सुगन्धित तेल, र अन्य उद्योग	५४
	जम्मा	१३२

स्रोतः घरेलु तथा साना उद्योग विकास समिति, चरिकोट

प्राप्त विवरण अनुसार दोलखा जिल्लाका सबै घरेलु तथा साना उद्योगमा भएको क्षतिको अनुमानित रकम रु. १२,८४,०४,०००।- रहेको देखिन्छ ।

४.६ पशुपालन

पशु धन क्षतिको विवरण

क्र. सं.	विवरण	संख्या	क्षति रकम (रु. हजारमा)
१	गाई, गोरु	१२६	६३,००
२	भैंसी	११९	५९,५०
३	भेडा, बाख्रा	१,०८५	१,०८,५०
४	कुखुरा, हाँस	१७,७९०	८८,९५
५	बंगुर, सुँगुर	४४	४,४०
६	चौंरी	१७	८,५०

पूर्वाधारमा भएको क्षतिको विवरण

क्र. सं.	विवरण	संख्या	क्षति रकम (रु. हजारमा)
१	गोठ, खोर	५३,९८६	१,०७,९७,२०,०००

हिमाली आयोजना अन्तर्गत उपआयोजनाहरुका भौतिक संरचना, उत्पादन तथा औजार उपकरणमा भएको क्षति विवरणः

क्षतिको विवरण र क्षति रकम

पशु पालन रु.	भौतिक संरचना रु.	उत्पादन रु.	औजार उपकरण रु.	जम्मा रु.
१६,११,०००	१,९९,५३,०००	३,२०,०००	१,०२,०००	१,२९,८६,०००

स्रोत : जिल्ला पशु सेवा कार्यालय, दोलखा

४.७ कृषि

भूकम्पबाट भएको विभिन्न वालीनालीहरूको क्षति विवरणः

क्र.स.	बालीको नाम	क्षति भएको अन्नबाली (मे.ट.)			मूल्य दर/मे.ट.रु.	जम्मा मूल्य रु.
		खाद्य	वीउ	जम्मा		
१	धान	३,०११.७२	७५.००	३,०८६.७२	४५,०००.००	१३,८९,०२,४००.००
२	मकै	३,२०६.२५		३,२०६.२५	४०,०००.००	१२,८२,५०,०००.००
३	गहुँ	२८२.००		२८२.००	४०,०००.००	१,१२,८०,०००.००
४	कोदो	१,६७८.४०	२१.६०	१,७००.००	३५,०००.००	५,९५,००,०००.००
५	जौ	७.२०		७.२०	४०,०००.००	२,८८,०००.००
६	आलु	२७०.००		२७०.००	३५,०००.००	९४,५०,०००.००
७	तेलहन	१०१.७८	१.५५	१०३.३३	१,००,०००.००	१,०३,३३,०००.००
८	दलहन	४३६.४७	२७.८६	४६४.३३	१,५०,०००.००	६,९६,५०,०००.००
९	फापर	१३.३३		१३.३३	४०,०००.००	५,३३,०००.००
१०	अन्य (लसुन, प्याज, खुर्सानी, मौरीघार आदि)					५०,००,०००.००
	जम्मा		१२६.०१	९,१३३.१७		४३,३१,८७,०००.००

स्रोत : जिल्ला कृषि विकास कार्यालय, दोलखा

४.८ सरकारी भवन

जिल्लामा रहेका विभिन्न २२ वटा कार्यालयका ३९ वटा सरकारी भवनहरुमा विनाशकारी भूकम्पका कारण क्षति पुगेको छ :

सामान्य क्षति (बस्नयोग्य) भवन	बढी क्षति (मर्मत गर्नुपर्ने) भवन	असामान्य क्षति (बस्न नमिल्ने) भवन	जम्मा भवन	अनुमानित क्षतिको रकम (रु. हजारमा)
७	९	२३	३९	१,२९,४२,००

स्रोतः जिल्ला प्राविधिक कार्यालय, दोलखा

४.९ दोलखा जिल्लामा क्षति भएको झोलुङ्गे पुलको विवरण

क्र.सं.	योजनाको नाम	स्थान	वडा नं.	टोल	लम्बाई (मि.)	क्षतिको अनुमानित रकम (रु. हजारमा)
१	घुडेघारी झो.पु.	कालिञ्चोक	५, ६	तारेभिर	५४	२६,००
२	पिखुती झो.पु.	जुगु, लामीडाँडा		पिखुती	९८	३५,००
३	भ्याकुरे झो.पु.	जफे, घ्याङसुकाठोकर	भ्याकुरे	१०३	२८,००	
४	भ्यागुतेटार झो.पु.	खोपाचाँगु , बाबरे	२, २	भ्यागुते	७८	४०
			जम्मा			८९,४०

स्रोतः जिल्ला प्राविधिक कार्यालय, दोलखा

४.१० सडक

जिल्ला भरि सञ्चालनमा रहेका कालोपत्रे सडक ठाउँठाउँमा चर्किएर सामान्य क्षति भएको अवस्थामा देखिएको छ भने कतिपय ठाउँमा यस्ता पक्की सडकहरु केही भासिएको अवस्थामा रहेको पाइन्छ। कालोपत्रे सडकमा भीर पहराका माथिबाट ढुङ्गा खसेर अवरोध भएको बाहेक त्यति धेरै क्षति पुगेर यातायात अवरुद्ध भएको अवस्था रहेन। भीमेश्वर नगरपालिका चरिकोट बजारमा रहेको सडक धाँजा परेर क्षति भएको भए पनि सामान्य मर्मत पछि सञ्चालनमा आउन सकेको थियो। तर जिल्लामा रहेका अधिकांश ग्रामीण कच्ची सडक भने भूकम्पका कारण क्षति हुन गई यातायात सेवा समेत सुचारु हुन सकेन। जिल्लाका अधिकांश गा.वि.स.मा पुगेका ग्रामीण कच्ची सडकहरु भूकम्प पश्चात् केही समय सञ्चालनमा आउन नसके पनि सम्बद्ध सबैको प्रयासमा मर्मत सुधार गरिए पछि यातायातका साधनहरु सञ्चालनमा आउन सकेको र ती सडकहरुको प्रयोग गरी राहत सामग्रीहरु ग्रामीण भेगमा पुऱ्याउन सकिएको थियो। यता दोलखा जिल्लाको उत्तरी क्षेत्रसम्म पुग्ने चरिकोट-लामावगर सडकमा भने ठूलै क्षति पुगेका कारण मर्मत कार्य गरी यातायात सेवा सुचारु गर्न कठिनाई परेको छ। ठूलाठूला पहाडहरु खसेर सडक समेत खस्न पुगेका कारण यो सडक सुचारु गर्न धेरै नै स्रोत साधन र समयको आवश्यकता पर्ने देखिएको छ।

४.११ मठ मन्दिर र धार्मिक स्थल

भूकम्पका कारण दोलखा जिल्लामा रहेका ८३ वटा मठ मन्दिर र २७ वटा गुम्बा लगायतका धार्मिक स्थलहरुमा क्षति पुगेको देखिन्छ। यसबाट रु. ३,५२,६५,०००। बराबरको क्षति भएको छ। दोलखाको भीमेश्वर मन्दिर, कालिञ्चोक भगवतीको मन्दिर, बिगु गुम्बा, महाङ्काल भगवती मन्दिर लगायतका मन्दिरहरुमा क्षति पुग्नुका साथै जिल्लाका अन्यत्र रहेका अन्य साना ठूला सबै मठ मन्दिर र गुम्बाहरुमा कुनै न कुनै किसिमको क्षति पुगेको देख्न सकिन्छ। दोलखाको त्रिपुरासुन्दरी मन्दिर भने पुरै ढलेर अधिकांश रुपमा क्षति पुगेको छ। कालिञ्चोक भगवतीको मन्दिरमा वरिपरि रहेको सुरक्षाबार पहिरोसँगै खसेर क्षति पुगेको छ।

५. विनाशकारी भूकम्पको असर र प्रभाव

विनाशकारी भूकम्पका कारण यसबाट प्रभावित अन्य जिल्ला जस्तै दोलखामा पनि स्थानीय जनमानसमा विभिन्न प्रकारका नकारात्मक प्रभावहरु पारेको छ। भूकम्प पछि जिल्लाको जनमानसमा दैनिकी सामान्य बन्न निकै कठिनाई परेको देखिन्छ। अस्थायी वासस्थानका कारण प्रायः सबै मानिसहरु विक्षिप्त मानसिकतामा दिन बिताइरहेको पाइन्छ। खास गरी बालबालिका र बृद्धबृद्धामा यसको असर अझ बढी देखिएको छ। खाद्यान्न, पानी, समयमा औषधोपचारको अभाव लगायत अस्थायी बासस्थानमा बस्दा त्यहाँबाट हुने चिसो, विभिन्न परजीवीहरु, कीराफट्यांग्रा लगायतबाट हुने दुःख र समस्याहरु आमजनसमूहले बेहोर्दै आएका छन्। भूकम्प पछि खास गरी निम्न किसिमका प्रभावहरु स्थानीय समुदायमा परेको देखिएको छः

- परिवारका सदस्य गुमाउँदा, सरसामान, विद्यालय, मन्दिर, पूजाआजा गर्ने ठाउँहरु लगायत समुदायको जीवनशैलीको तौरतरिकामा पुगेको क्षति तथा

भएको परिवर्तनका कारण उत्पन्न पीडा र दुःखको गहिरो भाव ।

- आफूहरुले गर्दै आएको घरायसी कामहरु तथा पर्याप्त खाना, पानी, आश्रयस्थल आदिको व्यवस्थापनमा थप समय र कार्य बोझ ।
- फेरि पनि अर्को भूकम्प जान सक्ने र यसबाट पर्न सक्ने थप सम्भावित जोखिमको त्राससँगै आफ्नो भाविष्यको बारेमा चिन्ता ।
- समाज/समुदायमा खास गरी बालबालिकाहरु एवं किशोर किशोरीहरुमा विभिन्न खाले दुर्व्यवहार र शोषण हुन सक्ने जोखिम र त्रासमा बृद्धि ।
- अस्थायी आवासको जोखिमपूर्ण वसाईका कारण विभिन्न प्रकारका डर त्रासको सामना ।

६. खोज, उद्धार तथा राहत

विनाशकारी भूकम्प पश्चात् यस जिल्लामा खोज तथा उद्धारका क्षेत्रमा जिल्ला दैवीप्रकोप उद्धार समितिको नेतृत्व, व्यवस्थापन र परिचालनमा निजामती कर्मचारी, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल, विभिन्न मित्रराष्ट्रका सेना, स्वदेशी तथा विदेशी विज्ञहरु, स्थानीय सर्वसाधारणहरुको सक्रियतामा जिल्लाका विभिन्न गा.वि.स.मा स्थल तथा हवाईमार्गको प्रयोग गरी खोजी तथा उद्धारका कार्यहरु सम्पन्न गरिएको थियो । त्यसै गरी स्थानीय जनता तथा निजी क्षेत्र र नागरिक समाजको सहयोगमा खोज र उद्धार कार्य गरिएको थियो । पीडित समुदाय, पीडितका आफन्त समेतको धैर्यता एवं आत्मविश्वासका कारण पनि खोज तथा उद्धार कार्यमा सम्बद्ध निकायलाई सहज भएको थियो ।

विनाशकारी भूकम्प पछि खोज र उद्धारका कार्यहरुसँगै राहत वितरणको काम समेत प्रभावकारी रुपमा प्रत्येक गा.वि.स. र नगरपालिकाहरुमा निरन्तररुपमा भएको थियो । बैशाख १२ र १३ गतेको भूकम्प पछि पनि दोलखामा बारम्बार सानाठूला भूकम्पका धक्काहरु गइरहेका बेला जिल्ला दैवीप्रकोप उद्धार समितिको निर्णय अनुसार सम्पूर्ण कर्मचारीहरु खटिएर नेपाली सेना, नेपाल प्रहरी समेतको सक्रियतामा गाउँगाउँमा खाद्य तथा गैह्रखाद्य राहत सामग्रीहरु पुऱ्याउने कार्यलाई निरन्तरता दिइयो । विपद् पश्चात् कुनै अवान्छित घटना हुन नदिन समन्वयात्मक रुपमा सबै गा.वि.स. तथा नगरपालिकाहरुमा सबै सुरक्षा निकायहरु पहिचालन गरी भरपर्दो सुरक्षा व्यवस्था मिलाइएको थियो । राहत सामग्री लिएर आउने सवारी साधनहरुलाई आवश्यकता अनुसार स्कटिङको व्यवस्था मिलाइएको थियो । भूकम्पबाट क्षति भएका, क्षति पुऱ्याउन सक्ने नगरपालिका र गा.वि.स.बाट पहिचान भएका घर तथा संरचना नेपाल सरकारलाई थप आर्थिक दायित्य नपर्ने गरी सुरक्षा निकायको सहयोगमा भत्काउने कार्य भइरहेको छ ।

विश्व खाद्य कार्यक्रमले पनि जिल्लाका दुर्गम गा.वि.स.हरुमा खाद्यान्न लागायका राहत सामग्री पुऱ्याई प्रकोपका बेला स्थानीय समुदायमा सहानुभूतिसँगै जनजीवन सामान्य बनाउने कार्यमा महत्त्वपूर्ण सहयोग गरेको छ ।

देहाय वमोजिम प्राप्त हुने राहत सामग्रीलाई गा.वि.स.को हकमा गा.वि.स. सचिवको संयोजकत्वमा र नगरपालिकाको हकमा वडा सचिवको संयोजकत्वमा गठित सर्वपक्षीय संयन्त्र मार्फत् वितरण भएको छः

- जिल्ला दैवीप्रकोप उद्धार समितिलाई प्राप्त हुने राहत सामग्री
- विभिन्न संघसंस्थालाई गा.वि.स./नगरपालिकामा जिम्मेवारी तोकिए वमोजिम वितरण हुने राहत सामग्री
- स्वेच्छाले विभिन्न संघसस्थाले जिल्ला दैवीप्रकोप उद्धार समितिलाई जानकारी गराई वितरण हुने राहत सामग्री
- व्यक्तिगत पहलमा जिल्ला दैवीप्रकोप उद्धार समितिलाई जानकारी गराई वितरण हुने राहत सामग्री

जिल्ला दैवीप्रकोप उद्धार समितिले तत्काल निर्णय गरी भूकम्प पीडित प्रत्येक घरपरिवारलाई रु. २,०००/- का दरले जम्मा रु. ११ करोड ५५ लाख १४ हजार उपलव्ध गराई तत्कालीन राहत मार्फत् पीडितहरुलाई सान्त्वना दिने कार्य गरिएको थियो । यसबाट स्थानीय पीडित सर्वसाधारणहरुमा सरकारको उपस्थिति भएको अनुभूति भएको थियो । त्यसै गरी स्थानीय विकास मन्त्रालयबाट स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम मार्फत् खाद्यान्न तथा गैरखाद्यान्न सामग्री राहत स्वरुप व्यवस्थापन गर्न प्रति गा.वि.स. रु. ४,५०,०००/- र नगरपालिकाका प्रत्येक वडामा प्रति वडा रु. २,००,०००/- का दरले उपलब्ध गराइएको थियो । यसबाट स्थानीय समुदायमा अस्थायी रुपले आ-आफ्नो बसाइ लगायतका दैनिकी सहज बनाउन सकिएको स्थानीयहरुको अनुभव रहेको थियो ।

- त्रिपाल तथा खाद्यान्न लगायतका विभिन्न राहत सामग्री सबै गा.वि.स. तथा नगरपालिकामा वितरण भएको छ ।
- घर पूर्णरुपमा क्षतिग्रस्त भएका वा मर्मत गरी बस्न नसकिने घरका प्रति परिवारलाई रु. १५,०००।- का दरले रु. १,०७,६७,०५,०००। वितरण भएको छ ।
- मृतकका निकट आफन्तलाई किरिया खर्च वापत प्रति व्यक्ति रु. ४०,०००।- का दरले ६९ लाख ६० हजार र प्रति परिवारलाई थप राहत १,००,०००।- दरले १६ करोड वितरण गरिएको छ ।

७. संयन्त्र तथा कर्मचारी व्यवस्थापन

७.१ संयन्त्र

महाभूकम्पबाट परेको क्षति सम्बन्धमा उद्धार तथा राहत लगायत व्यवस्थापन सम्बन्धी काम गर्न कार्यविधि तयार गरी काम गर्ने गरी तपसिल बमोजिम स्थानीय विकास अधिकारीको संयोजकत्वमा समन्वय समिति तथा उपसमितिको गठन गरिएको थियो ।

- राहत सामग्री संकलन व्यवस्थापन समन्वय समिति
- खाद्य सामग्री संकलन व्यवस्थापन उपसमिति

- गैरखाद्य सामग्री संकलन तथा व्यवस्थापन उपसमिति
- सूचना समन्वय उपसमिति
- स्वास्थ्य सामग्री उपकरण व्यवस्थापन उपसमिति
- खानेपानी तथा सरसफाई व्यवस्थापन उपसमिति
- क्षति मूल्यांकन तथा पुनर्निर्माण सिफारिस उपसमिति
- आर्थिक सहयोग संकलन तथा व्यवस्थापन उपसमिति

७.१ कर्मचारी व्यवस्थापन

केन्द्रबाट खटाइएका शाखा अधिकृत, इन्जिनियर, गा.वि.स. सचिव तथा सहायक कर्मचारीहरु, बिषयगत कार्यालयका कर्मचारीहरु, सामाजिक परिचालक, नेपाल प्रहरी लगायतको जनशक्ति संयुक्त रुपमा परिचालन गरिएको थियो ।

८. जोखिमयुक्त वस्ती र वस्ती स्थानान्तरण

(क) जोखिमयुक्त वस्ती

भूकम्प पीडितहरुको अस्थायी आवास, राहत वितरण तथा सोको अनुगमन सम्बन्धी कार्यादेशको बुँदा नं. २ (घ) बमोजिमको पुनर्वास/बस्ती स्थानान्तरण समितिको निर्णय बमोजिम देहायका नगरपालिका/गा.वि.स.का वडा/वस्तीहरु उच्च जोखिमयुक्त देखिएकोले यस वर्षको वर्षाअघि नै सुरक्षित स्थानमा बस्ती स्थानान्तरण गर्न नेपाल सरकार र सम्बन्धित निकायहरुमा अनुरोध गर्ने निर्णय गरिएको थियो । हालसम्म योजनावद्ध तरिकाले कार्य सुरु भएको छैन ।

तपसिल

१) जिरी नगरपालिका : वडा नं. ३ (घुन्सा)

२) गौरीशंकर गा.वि.स. : वडा नं. ४ (रिगु), वडा नं. ५, ६, ७, ८ र ९

३) खारे गा.वि.स. : गा.वि.स. पुरै

४) मार्वु गा.वि.स. वडा नं. १, ३, ६, ७, ८ र ९

५) चंखु गा.वि.स. वडा नं. ४, ५, ६, ७, ८ र ९

६) सुरी गा.वि.स. वडा नं. १, २, ४, ५, ८ र ९

७) भ्याकु गा.वि.स. वडा नं. ३ (फलाँटे र झाक्रेली), वडा नं. १ - डिकरपु र ज्याङमारिङ)

८) जुँगु गा.वि.स. वडा नं. (लुकुवा), वडा नं. २ (कार्की टोल), वडा नं. ३ (बाँझोखेत), वडा नं. ७ (घुन्सा, सालडाँडा, सल्लेरी), वडा नं. ५ (उखुबारी), वडा नं. ६ (कसेरी, पिखुती), वडा नं. ८ (राजापुर), वडा नं. ९ (चेत्पु)

९) क्षेत्रपा गा.वि.स. वडा नं. ३, वडा नं. ६ (पोखरीबारी), वडा नं. ७ (तिप्सुल), वडा नं. ९ (तल्लो भाग), वडा नं. ४ (पुक्चु)

१०) नाम्दु गा.वि.स. वडा नं. ४ (सिरवातीचौर), वडा नं. ७ (वनगाउँ), वडा नं. ८ (माझीवस्ती), वडा नं. ५ (बालुवाचौर), वडा नं. ९

११) काब्रे गा.वि.स. वडा नं. ३ को एउटा टोल, वडा नं. ५ (फाप्लु)

१२) मिर्गे गा.वि.स. वडा नं. ६ (ठाडे), वडा नं. ३ (खानीगाउँ)

१३) गैरीमुदी गा.वि.स. वडा नं. ९ (खरीस्वाँरा)

१४) भिरकोट गा.वि.स. सबै

१५) झुले गा.वि.स. वडा नं. ४, ५, ६, ७ (पुच्छर) र ८

१६) जफे गा.वि.स. वडा नं. ४ (पुरानो गाउँ), वडा नं. ७, ८ र १

१७) मालु गा.वि.स. वडा नं. ६ (ओडारे), वडा नं. २ (गहते), वडा नं. ७ (बाहुनगाउँ), वडा नं. ९ (केउरिनी, फयातल)

१८) शहरे गा.वि.स. वडा नं. २ (कल्लेरी), वडा नं. ६ (फापरस्वाँरा र पाटीटोल), वडा नं. १ (दलितवस्ती)

१९) च्यामा गा.वि.स. वडा नं. ४ र ५ (महेन्द्र उच्च मा.वि. क्षेत्र), वडा नं. २ (गुफले), वडा नं. ८

२०) हाँवा गा.वि.स. वडा नं. २, ३, ४, ५, ७, ८ र ९

२१) डाँडाखर्क गा.वि.स. वडा नं. ३, ४, ५, ६, ७, ८ र ९

२२) मेलुङ गा.वि.स. वडा नं. १, २, ३, ४ र ५ को तल्लो भाग, वडा नं. ६ केउरिनी, वडा नं. ७ पिपलडाँडा, वडा नं. ९ (कात्तिके, ठकुरी वस्ती)

२३) भेड्पु गा.वि.स. वडा नं. १, २, ४ (मानेडाँडा), वडा नं. ८ (जुके)

२४) घ्याङसुकाठोकर गा.वि.स. वडा नं. १, २, ३ (बाँसबोटे)

२५) पवटी गा.वि.स. वडा नं. १, २, ३ र ८

२६) भीमेश्वर नगरपालिका वडा नं. ३ (डोकथली), वडा नं. ४ (सोक्ला खेलाप), वडा नं. ५ (डिही), वडा नं. ६ (कात्तिके), वडा नं. ८ (होक्सिला), वडा नं. १० (चिताम्थली), वडा नं. १३ (चर्नावतीको बायाँ किनारा), सेलीङ्ग र साखिनेको लेकखर्क ।

२७) लामावगर गा.वि.स. वडा नं. ९ (जगत), वडा नं. ६ (स्यालु), वडा नं. ५ (गोंगर, गोंगरडाँडा पञ्चेत), वडा नं. ४ (छेतछेत र ठोडठोङ)

२८) ओराङ गा.वि.स. वडा नं. ३, ४, ६, ७ र ९

२९) बुलुङ गा.वि.स. वडा नं. १ (भिरकुना), वडा नं. २ (साउनेपानी र बाहुनगाउँ), वडा नं. ८ बुलुङखानी, वडा नं. ९ चेप्टेढुङ्गा ।

३०) लादुक गा.वि.स. वडा नं. १ (लिङवा), वडा नं. ३ (थासाल्पु), वडा नं. ४ (बुझिपा), वडा नं. ८ (सिंगटी)

३१) चिलंखा गा.वि.स. वडा नं. १ (स्याखु), वडा नं. ३ (बुलुक्पा, डाँडादुक), वडा नं. ५ (डेङवा), वडा नं. ८ (च्यासर्पा), वडा नं. ९ (लाइसेक) ।

३२) आलम्पु गा.वि.स. पुरै ।

३३) विगु गा.वि.स. वडा नं. ५, ६, र ९ वडा नं. ७, ८ खोर्लाक भीरको अध्ययन गर्ने ।

३४) खोपाचाँगु गा.वि.स. वडा नं. १ (थामीचाँगु), वडा नं. २ (कोलेपा), वडा नं. ३ (खोपा)

३५) कालिञ्चोक गा.वि.स. वडा नं. ६ र ७ (तारेभिर), वडा नं. ५ (कालिञ्चोक मन्दिर), वडा नं. १ (क्याम्पोल), वडा नं. ९ र ५ को पहिरो पन्साउनु पर्ने (वालटाङ र पाखिनटार)

३६) बाबरे गा.वि.स. (पुसुचा), वडा नं. ४ (दारेपा), वडा नं. ६ (सिंकु र सोडारी गाउँ)

३७) लामिडाँडा गा.वि.स. वडा नं. १ र २ (विस्मुरे), वडा नं. ७ र ९ (वुढीलोसे), वडा नं. ३ (पैयास्वारा), वडा नं. ६ (सिंगटी र तल्लो पुटुङ), वडा नं. ५ (बञ्चरे मुनी)

३८) लापिलाङ गा.वि.स. वडा नं ५, ६ र ७को केहि भाग

३९) सुनखानी गा.वि.स. वडा नं. १ (डाँडाथोक), वडा नं. २ (पाखावारी), वडा नं. ३ (रातमाटे र मलेपु), वडा नं. ८ (चिसापानी)

४०) सुन्द्रावती गा.वि.स. वडा नं. १, ८ र ९

४१) सुस्पाक्षमावती गा.वि.स. वडा नं. १ (वसिङपा), वडा नं. ६ (फेदी)

४२) बोच गा.वि.स. वडा नं. १ (चोकटी र ढाँडटोल), वडा नं. ४ (धाराकुच्चे), वडा नं. ५ (यार्सा), वडा नं. ७ (यार्सा)

४३) लाँकुरीडाँडा गा.वि.स. वडा नं. २ (चौतारागाउँ), वडा नं. ३ (कुतकुते), वडा नं. १ (कुखाते), वडा नं. ५ (माथिल्लो सुर्के), वडा नं. ६ (चिलाउने र फाप्रेली), वडा नं. ७ (चिसापानी, झाँक्रीटोल, फोक्टे)

४४) मागापौवा गा.वि.स. वडा नं. ३, ६, ७, ८ र ९

४५) काटाकुटी गा.वि.स. वडा नं. १ (बोथ्ले), वडा नं. ३ (छहरे), वडा नं. ६ (थाली), वडा नं. ७ (महाभिर)

४६) फस्कु गा.वि.स. वडा नं. १ (चरङ्गे), वडा नं. ४ (भिरपारी र मन्जेत), वडा नं. ६ (चुल्ठे)।

४७) शैलुङ्गेश्वर गा.वि.स. वडा नं. ६ को चिलाउने, वडा नं. ७ को पोखरे।

४८) ताम्चेत दुधपोखरी गा.वि.स. वडा नं. ३ (ओङरमानी), वडा नं. ७ (ठाडे सल्लेरी), वडा नं. ६ (ठाडे), वडा नं. ५ (गहिराटोल)

४९) भुषाफेदा गा.वि.स. वडा नं. ५ (पाटागाउँ), वडा नं. ६ (पर्सा र टोरेक), वडा नं. ७ (पुरै), वडा नं. ८ (माथिल्लो घ्याङ), वडा नं. ९ (जम्मुसिन)

नगरपालिका र गा.वि.स.को कार्यालयका प्रमुख (कार्यकारी अधिकृत र सचिवहरु) एवं प्रतिनिधिहरु, पूर्वजनप्रतिनिधिहरु र स्थानीय सर्वदलीय संयन्त्रका प्रतिनिधिहरु, वडा नागरिक मञ्चका प्रमुख एवं प्रतिनिधिहरुको सुझावहरु र पीडितहरुसँगको छलफल एवं उनीहरुको सुझाव, विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुबाट प्राप्त तथ्याङ्क एवं सूचना आदिको अभिलेख र विश्लेषणको आधारमा दोलखा जिल्लाका दुवै निर्वाचनका नगरपालिका/गा.वि.स.हरुको जोखिमयुक्त वडा तथा वस्तीहरुलाई सुरक्षित वडा वा वस्ती वा स्थानमा यस वर्षको वर्षाअघि नै विपत् व्यवस्थापनको लागि अस्थायी आश्रयस्थल निर्माण एवं तयारीका लागि नेपाल सरकार, केन्द्रीय दैवीप्रकोप उद्धार समिति र सम्बन्धित सरोकारवाला निकायहरुसँग अनुरोध गर्ने पुनर्वास/बस्ती स्थानान्तरण समितिले निर्णय गरेको थियो।

(ख) जोखिमयुक्त वस्तीहरूको सुरक्षित स्थानान्तरण

जिल्ला दैवीप्रकोप उद्धार समितिको निर्णयबाट प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला वस्ती स्थानान्तरण कार्यान्वयन तथा अनुगमन समिति र जोखिमयुक्त वस्तीहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने कार्यको लागि छिटो छरितो र व्यवस्थित ढङ्गबाट अगाडि बढाउनका लागि वस्ती स्थानान्तरण कार्यान्वयन उपसिमिति गठन गरिएको थियो।

अस्थायी रुपमा वस्ती स्थानान्तरणका क्षेत्रमा गरिएका केही उदाहरणहरु छन्।

विभिन्न प्रतिवेदन एवं पत्रहरुको अध्ययन गर्दा दोलखा जिल्लामा सरकारी तथा गैरसरकारी निकायहरुको पहलमा देहाय बमोजिम वस्ती स्थानान्तरण भएको पाइयोः

१. मार्बु-७, माझखर्कको ३ घरपरिवार मार्बु-७, पेदिङमा अस्थायी रुपमा वस्ती स्थानान्तरण भएको।

२. सुस्पाक्षमावती-१, बोसिम्पाको ४३ घर परिवार, सुस्पाक्षमावती-२ पानीपोखरीमा अस्थायी रुपमा वस्ती स्थानान्तरण भएको।

३. सुन्द्रावती-१, ६, र ८, मार्से, ओर्खेनी र तल्लोगाउँको ३५ घर परिवार सुन्द्रावती-८ लेखर्कमा अस्थायी रुपमा वस्ती स्थानान्तरण भएको।

४. गैरीमुदी- ३, ४ ,६, ८ र ९, मगरटोल, दोभानगाउँ, सिद्धेडाँडा र थापागाउँको १५ घर परिवार गैरीमुदी-३ को धुम्वारखेतमा अस्थायी रुपमा वस्ती स्थानान्तरण भएको।

५. नम्दु- ४, ५, ७, ८ र ९ सुरुपाती वनगाउँको २५ घर परिवार नाम्दु-७ आम्बोटेमा अस्थायी रुपमा वस्ती स्थानान्तरण भएको।

६. क्षेत्रपा-३, ४, ६, ७ र ९ को पोखरी, तिपसुल, तल्लोभाग वस्तीको ६ घर परिवार क्षेत्रपा बुस्तीमा अस्थायी रुपमा वस्ती स्थानान्तरण भएको।

७. भीमेश्वर नगरपालिका- ८, होक्सिलाका ११ घर परिवार भीमेश्वर नगरिपालिका- ८ को होक्सिला पूर्वको खेतमा अस्थायी रुपमा वस्ती स्थानान्तरण भएको।

८. च्यामा- ५ को ८ घर परिवार च्यामा- ५, काब्रेस्वारामा अस्थायी रुपमा वस्ती स्थानान्तरण भएको।

९. विगु- ६ मैहिसंह शिविरमा ११५ जना जति अस्थायी रुपमा वस्ती स्थानान्तरण भएको।

१०. श्यामाको सिवेडाँडा र खरानेटार शिविरमा १३५ जना जति अस्थायी रुपमा वस्ती स्थानान्तरण भएको।

११. काब्रे- ३ मथिल्लो फाप्लु शिवरमा १४७ जना जति अस्थायी रुपमा वस्ती स्थानान्तरण भएको।

१२. झुले- ८ प्याकुले खोरिया शिविरमा १६४ जना जति अस्थायी रुपमा वस्ती स्थानान्तरण भएको ।

१३. हाँवाको देउराली शिविरमा २२ जना जति अस्थायी रुपमा वस्ती स्थानान्तरण भएको ।

यस्तै गरी जिल्लाको अन्य विभिन्न स्थानहरुमा पनि आफ्नो वस्ती जोखिमयुक्त अनुभव गरेका घर परिवारहरुले अस्थायी आवास तयार गरी अस्थायी रुपमा वसोवास गर्दै आएका छन् ।

(ग) अस्थायी रूपमा वस्ती स्थानान्तरण सम्बन्धमा उपसमितिले दिएका सुझाव एवं सिफारिस

वस्ती स्थानान्तरण सम्बन्धमा उपसमितिको निष्कर्षको आधारमा अस्थायी वस्ती स्थानान्तरण सम्बन्धमा देहाय बमोजिमका सुझाव एवं सिफारिसहरु रहेका छन्:-

१. विनाशकारी भूकम्प पछिको भयावह स्थिति क्रमशः सामान्य हुँदै गएको, जोखिमको महसुस न्यून हुँदै गएको, जोखिमपूर्ण स्थानमा रहेका भूकम्प पीडितहरुले नजिकको सुरक्षित स्थान (आफ्नो नगरपालिका वा गा.वि.स. वा छिमेकी नगरपालिका वा गा.वि.स.) खोजी गरी स्वयम् वा विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुको सहयोग (नगदी वा जिन्सी) मा अस्थायी वस्ती तयार/निमार्ण गरी बसोवास गरिसकेको, केही पीडितहरु शिविरहरुमा समेत सुरक्षित किसिमले बासोवास गरिसकेको र अस्थायी रुपमा वस्ती स्थानान्तरण गरेर वर्षा मौसमअघि नै उद्धार गर्नुपर्ने अवस्था रहेको सूचना तथा जानकारी प्राप्त नभएकोले हालको परिस्थितिमा तत्काल अस्थायी आवास बनाई अस्थायी रुपमा वस्ती स्थानान्तरण गर्नुपर्ने हाललाई नदेखिएको सिफारिस गरिएको छ ।

२. पीडितहरुले बसोवासको लागि बनाएको अस्थायी आवास र वस्ती क्षेत्रको सुधार एवम् वस्ती क्षेत्रमा बाटो, खानेपानी, सडक, लगायतका भौतिक पूर्वाधारहरु व्यवस्थापन गर्न सिफारिस गरिएको छ ।

३. विपद् व्यवस्थापनको पूर्वतयारी स्वरुप विपद्मा पर्दा अस्थायी आवासको रुपमा प्रयोग गर्ने प्रयोजनका लागि सम्बन्धित नगरपालिका र गा.वि.स.को स्वामित्वमा रहने गरी दोलखा जिल्लाको २ वटा नगरपालिकाहरुका प्रत्येक वडामा कम्तीमा एक/एक वटाका दरले र ४८ वटा गा.वि.स.हरुमा प्रत्येक गा.वि.स.मा एक/एक वटाका दरले (हाल ७२ वटा) स्थायी संरचनायुक्त अस्थायी सामुदायिक आवास गृह निर्माणको लागि सिफारिस गरिएको छ ।

४. दीर्घकालीन सुरक्षित स्थायी वसोवासको लागि स्थान/जग्गाको पहिचान/अध्ययन, घर लागयतका भूकम्प प्रतिरोधक भौतिक संरचना निर्माण, बाटो, खानेपानी, सडक, विजुली लगायतका भौतिक पूर्वाधार सुविधाहरु विकासको योजना बनाउन र सोको कार्यान्वयन गर्न सुझाव एवं सिफारिस गरिएको छ ।

९. क्षेत्रगत राहत कार्यक्रम

विनाशकारी भूकम्प पश्चात् जिल्लामा विभिन्न संघसंस्था लगायतका निकायहरुबाट तपसिलका क्षेत्रहरुमा कार्यक्रमहरु सञ्चालन भएका छन् :

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट भूकम्प पछि जिल्लामा भए गरेका क्रियाकलापहरू :

(क) रकम नखोलिएको :

क्र. सं.	संस्थाको नाम	सहयोग गरेको गा.वि.स.हरु	लाभान्वित घरधुरी संख्या	उपलब्ध गराएको सेवा सुविधा
१.	प्लान इन्टरनेशनल, काठमाडौं	सुक्ष्माक्षमावती, बोच, लाँकुरीडाँडा, मागापौवा, काटाकुटी, भुषाफेदा, ताम्चेत दुधपोखरी, पवटी, शैलुङ्गेश्वर, फस्कु, घ्याङ्गसुकाठोकर, भेडपु, डाँडाखर्क, सुनखानी सुन्द्रावती, लापिलाङ्ग		खाद्यान्न र स्वास्थ्य र सरसफाइ सबै गा.वि.स.मा, जस्तापाता छानिएका घरधुरीलाई, कामको लागि नगद छानिएका गा.वि.स.लाई
२.	नेपाल रेडक्रस सोसाइटी, दोलखा	सुन्द्रावती, सुनखानी, चंखु		प्रतिघर १५,०००। नगद र आवास निर्माणको लागि आवश्यक सहयोगी औजार वितरण
३.	आर आर एन, दोलखा	भिरकोट, मिर्गे, जफे, झुले, मालु, गैरीमुदी, लादुक, चिलंखा	६,५००	खाद्यान्न, गैरखाद्यान्न
४.	मर्सिकर्प्स, ललितपुर	च्यामा, हावा, मेलु, शहरे, भेडपु	४,४१३	रु. ७,५००। नगद र अन्य गैरखाद्य सामग्री
५.	ए एन एस ए वी/ रिलिफ इन्टरनेशनल, काठमाण्डौ	सुष्पाक्षमावती भी.न.पा., बोच, लाँकुरीडाँडा		प्रतिघर दुई वण्डल जस्तापाता वितरण

क्र. सं.	संस्थाको नाम	सहयोग गरेको गा.वि.स.हरु	लाभान्वित घरधुरी संख्या	उपलब्ध गराएको सेवा सुविधा
६.	सामुदायिक विकास मञ्च, दोलखा	भी.न.पा. ७, जफे शहरे	२५० ७५०	५०० बण्डल जस्तापाता र अन्य निर्माण सामग्री वितरण गरी २५० वटा अस्थायी अवास निर्माण, ७५० घरमा शौचालयको पुनः निर्माण र प्रयोगमा सहजीकरण
७.	द्वीपज्योति समाज सुधार संघ, सुन्द्रावती, दोलखा	भी.न.पा. ७ बोच, लाँकुरीडाँडा, सुन्द्रावती	२५०	५०० बण्डल जस्तापाता र अन्य निर्माण सामग्री वितरण गरी २५० वटा अस्थायी अवास निर्माण
८.	नामसालिङ सामुदायिक विकास केन्द्र, इलाम	लापिलाङ्ग	५००	७५० घरमा शौचालयको पुनः निर्माण र प्रयोगमा सहजीकरण, प्रतिघर दुई बण्डल जस्तापाता वितरण
९.	एजुकेट द चिल्ड्रेन, दोलखा	लामिडाँडा बाबरे, लापिलाङ्ग	१,७८७	प्रति घर एक वण्डल जस्तापाता उपलब्ध गराएको र बाबरे गा.वि.स.मा टनेल जस्तो अस्थायी अवास निर्माण गरेको
१०.	इन्टरनेशनल नेटवर्क नेपाल, काठमाण्डौ	ताम्चेत दुध पोखरी	२००	जस्तापाता वितरण
११.	कारितास नेपाल, काठमाण्डौ	बुलुङ, लादुक, ओराङ	४४५२	प्रतिघर दुई बण्डल जस्तापाता र आवश्यक औजार सामग्री
१२.	हेल्प नेपाल नेटवर्क, काठमाण्डौ	बुलुङ, काब्रे, लादुक ९, ताम्चेत दुध पोखरी, भुषाफेदा ५, ६, चंखुरीडाँडा, काब्रे डाँडाखर्क, मिर्गे, शैलुङ्गेश्वर, लाँ, क्षेत्रपा	२५०,३०५ ३०९ १०० १७० ३६०	अस्थायी आवास निर्माण, काब्रेका चार विद्यालय पुनर्व्यवस्था
१३.	रोल्वालिङ्ग साङ्गचोलिङ्ग गुम्बा, गौरीशंकर	लाँकुरीडाँडा ८	२००	जस्तापाता विद्यालयलाई सहयोग
१४.	सिप्रदियन सहायता संस्था	कालिञ्चोक, खोपाचागु, बाबरे	२५००	पाल, त्रिपाल र स्वास्थ्य सामग्री
१५.	कम्युनिटी सर्भिस एसोसिएसन अफ डिसेवल एण्ड ब्लाइन्ड, चरिकोट	जिरी, चरिकोट		ह्याण्डीक्याप इन्टरनेशनलको सहयोगमा अपाङ्गलाई सहायक सामग्री र शिविर सञ्चालन १०० वण्डल जस्तापाता वितरण
१६.	शेर्पा ख्रिष्टियन संघ, काठमाण्डौ	मार्वु ३, ४, ५, ६, ७	२०५	प्रति घर २ बण्डल जस्तापाता
१७.	विन्रोक इन्टरनेशनल, काठमाण्डौ	लापिलाङ्ग	१००	सौर्यबत्ती वितरण
१८.	शान्ति गृह	शहरे	७१०	जस्तापाता लगायत अस्थायी आवासका अन्य सामग्री

क्र. सं.	संस्थाको नाम	सहयोग गरेको गा.वि.स.हरु	लाभान्वित घरधुरी संख्या	उपलब्ध गराएको सेवा सुविधा
१९.	दोलखा च्याम्बर अफ कमर्स एण्ड इन्डस्ट्री, दोलखा			राहत सामग्री वितरण
२०.	द आर्ट अफ लिभिङ्ग, काठमाण्डौ	गोरीशंकर १	२००	सोलार लालटिन र खाद्यान्न सहयोग
२१.	सिटिजन्स बैंक	कालिका मा.वि. हाँवा, नि.मा.वि. भीमेश्वर, कालापानी, भीरकोट, जफे मा.वि.		३० बण्डल जस्तापाता सोझै विद्यालयलाई प्रदान गरेको
२२.	माथिल्लो तामाकोशी जलविद्युत आयोजना	लामाबगर, ओराङ्ग, गौरीशंकर, लादुक, बुलुङ्ग, खारे अन्तर्गतका उ.मा.वि./मा.वि., नि.मा.वि. र प्रा.वि.		गा.वि.स.हरुका उ.मा.वि./मा.वि., नि.मा.वि. र प्रा.वि.मा क्रमशः २०/२०, १० र ५ बण्डल जस्तापाता वितरण
२३.	वर्द बहादुर गण, दोलखा	कालिनाग उ.मा.वि., सिंगटी		७० बण्डल जस्तापाता वितरण
२४.	नेपाल खीष्टियन राहत सेवा	सुष्पाक्षमावती गा.वि.स.का ८ वटा विद्यालयहरु		१४० बण्डल जस्तापाता वितरण
२५.	माइका नेटवर्क नेपाल	जिल्लाका १६ वटा विद्यालयहरु		९६ बण्डल जस्तापाता वितरण

(ख) रकम खोलिएको :

क्र.स.	संस्था	सहयोग सामग्री	परिमाण	रकम रु.	कार्य क्षेत्र	कैफियत
१.	एजुकेट द चिल्ड्रन	जस्तापाता	१६३ बण्डल	८,६३,९००।	लापिलाङ लामिडाँडा, गा.वि.स. बाबरे र अन्तर्गतका ३० विद्यालयहरु	सोझै विद्यालयमा प्रदान गरेको
२.	सामुदायिक वातावरण शिक्षा तथा जनचेतना ग्रामीण विकास संस्था	• अस्थायी कक्षाकोठा निर्माण • शौचालय निर्माण • फर्निचर निर्माण • शिक्षक तथा अभिभावक तालिम	• १४५ वटा • ११३ वटा • १४५ वटा • विद्यालय	• १,५३,३४,१०४। • ५६,५०,०००। • २१,००,०००। • १,०५,४०,०००। • ७२,००,०००।	सुष्पाक्षमावती, लाकुरीडाँडा, बोच, भुषाफेदा, गापौवा दुध, फस्कु, काटाकुटी, शैलुङ्गेश्वर, पोखरी, पवटी, भेड, घ्याङ्गसुकाठोकर, डाँडाखर्क गा.वि.स. अन्तर्गतका विद्यालयहरु	विद्यालयमा सोझै वितण
३.	सिविन/टुरी/फोरट	• बालमैत्री वातावरण • अस्थायी कक्षाकोठाका लागि जस्तापाता • शैक्षिक सामग्री • त्रिपाल	• ८ वटा • ४८५ बण्डल • १००० जना • ४८ वटा	• ८,००,०००। • ९६,००,०००। • ५,००,०००।	लामिडाँडा, बाबरे, खोपाचाँगु, कालिञ्चोक, विगु, चिलंखा र आलम्पु गा.वि.स. अन्तर्गतका ३९ विद्यालयहरु	सोझै विद्यालयमा वितरण

क्र.स.	संस्था	सहयोग सामग्री	परिमाण	रकम रु.	कार्य क्षेत्र	कैफियत
४.	फ्रेण्डसिप युनेस्को क्लब, दोलखा	• अस्थायी कक्षाकोठा • सरसफाई • समुदाय परिचालन • शिक्षकलाई मनो-सामाजिक अभिमुखीकरण	• २७ विद्यालय • २७ विद्यालय • २७ विद्यालय	• २६,९३,९२५। • ९,३१,५००। • २,७०,०००। • ७८,०००।	च्यामा, सहरे, मालु अन्तर्गतका २७ गा.वि.स.का विद्यालय	सोझै विद्यालयमा वितरण
५.	सूर्योदय शैक्षिक प्रतिष्ठान	• अस्थायी कक्षकोठा • पानी टंकी (१००० लि.) • सरसफाई • समुदाय परिचालन • शिक्षकलाई मनो-सामाजिक अभिमुखीकरण	• ३४ विद्यालय • ३४ विद्यालय • ३४ विद्यालय • ३४ विद्यालय • ३४ विद्यालय	• ३३,९२,३५०। • ३४,०००। • ५,१०,०००। • ३,४०,०००। • १,६९,५००।	जिरी नगरपालिका र श्यामा गा.वि.स.का विद्यालयहरु	सोझै विद्यालयमा वितरण
६.	जर्मन नेपाल हेल्प एसोसिएसन	• विद्यार्थीका लागि खाजा • विद्यार्थीलाई पोशाक • त्रिपाल • जस्तापाता	• ११ विद्यालय • ११ विद्यालय • ४८ वण्डल	• ५,४९,४४०। • ६,०४,८००।	कुटिडाँडा उमावि, भिम उमावि, सेतिदेवी निमावि काउले, वालमन्दिर प्रावि, फुलपा प्रावि भिनपा, त्रिपुरासुन्दरी निमावि राम्पा, जागरण भिमेश्वर प्रावि सुन्द्रावती, नवज्योति निमावि सुरी, छहारे प्रावि जिरी	सोझै विद्यालयमा वितरण
७.	ग्रामीण शिक्षा तथा विकास नेपाल (READ)	• अस्थायी कक्षाकोठा • सरसफाई	• २० वटा • २० वटा	• २६,५४,०००। • ९,००,०००।	भिमेश्वर नगरपालिका अन्तर्गतका विद्यालयहरु	सोझै विद्यालयमा वितरण

(ग) स्वास्थ्य र पोषण क्षेत्रमा सहयोग गर्ने निकाय/संस्थाहरू

क्र.स.	संस्था	मुख्य कार्य	स्थान
१	विश्व स्वास्थ्य संगठन, काठमाडौं	खोप, अन्य निकायसँगको समन्वय, नमूना संकलन र परीक्षण, इमेर्जेन्सी हेल्थकिट वितरण, मेडिकल लजिष्टिक सपोर्ट, औषधि वितरण, पोषणयुक्त खाना	जिल्ला भरि विभिन्न स्वास्थ्य चौकी र अस्थायी क्याम्पहरु
२	एम एस एफ बेल्जियम	चिकित्सक, स्वास्थ्य सहायक, नर्स, सुपरभाइजहरुको टोलीले चरिकोट अस्पतालमा शल्यक्रिया र उपचार सेवा प्रदान गरेको	चरिकोट
३	युनिसेफ, काठमाडौं	१. मेडिकल टेन्ट, वेसिक किट्स, ब्लाङ्केट, शिशुका सामान र पोषणयुक्त खाना २. गर्भवती महिलालाई आश्रय, आमा र शिशु स्याहार, मोबाइल क्लिनिक संचालन ३. डाक्टर, नर्सको क्षमता विकास, खोप संचालन र र मनोपरामर्श	२० वटा वर्थिङ्ग केन्द्रहरु, जिल्ला अस्पताल र विभिन्न गा.वि.स.हरु
४	सेभ द चिल्ड्रेन, काठमाडौं	स्वास्थ्य कार्यकर्तालाई लजिष्टिक सपोर्ट, स्वास्थ्य किट्स, महामारी बारे सचेत गराउने, औषधि र अन्य ढुवानी	जिल्ला भरि
५	प्लान नेपाल	परिवार टेन्ट, हेल्थ किट्स, सुत्केरी महिला र शिशुलाई न्यानो कपडा, खोप र अन्य आवश्यक सामग्री	१६ गा.वि.स.हरु

क्र.स.	संस्था	मुख्य कार्य	स्थान
६	सिविन नेपाल र टुकी	टेन्ट, सर्वोत्तम पीठो, औषधि, सेनिटेरी प्याड, सुत्केरी र बच्चाका लागि पोषणयुक्त खाना	४ वटा स्वास्थ्य चौकीहरु
७	पतञ्जली योगपीठ, भक्तपुर	स्टाफ, पीडित र बिरामीलाई विहान बेलुकाको खाना खुवाउने	चरिकोट अस्पताल

साथसाथै, नेपालगञ्ज मेडिकल कलेज, अमेरिका नेपाल मेडिकल फाउण्डेसन, शीर मेमोरियल, हवार्ड डिजास्टर फेलोसिप मेडिकल टीम, किष्ट मेडिकल कलेज, आनन्दवन लेप्रोसी अस्पताल, नेप्लीज् नर्सेस एसोसिएसन्स युके, अखिल नेपाल जनस्वास्थ्य महासंघ नेपाल, क्याड्रिफ युथ कम्युनिटी युके, गौरीशंकर अस्पताल दोलखा, कम्पासनेट हेण्ड्स अफ नेपाल, अखिल नेपाल प्रगतिशील स्वास्थ्यकर्मी संगठन नेपाल, विविसी युके, एन एस आई, डच एड टीम, आइ ए आर सी जस्ता संस्थाहरुले सदरमुकाम र विभिन्न गा.वि.स.मा हेल्थ क्याम्प राखेर पीडितहरु र घाइतेहरुको उपचार गरे ।

अन्य सहयोगकर्ताहरूको विवरण यस प्रकार छ :-

साल्ट ट्रेडिङ्ग, उद्योग वाणिज्य संघ, दोलखा, आर्मी हेड क्वारटर, लाईन्स क्लब दोलखा, सुआहारा कार्यक्रम, कृषि विकास कार्यालय दोलखा, यति डैभलोपमेन्ट बैंक, ईण्डियन एयर फोर्स, उद्योग बाणिज्य संघ महोत्तरी, रामगोपालपुर उद्योग वाण्ज्यि संघ, जिल्ला स्वास्थ्य कार्यालय दोलखा, साल्ट ट्रेडिङ्ग बनेपा, खाद्य संस्थान काठमाण्डौ, नेपाल खाद्य संस्था, नेपाल मेडिकल तथा बिक्रि प्रतिनिधि संघ जनकपुर, नेपाल पन्चकन्या ग्रुप, जलोत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय, हिमालयन स्पिरिट कल्याणकारी समाज, भारतीय राजदूतावास, नेपाल सि.आर.एस. कम्पनी, रा.प्र.पा. नेपाल, लाईफ स्टार यातायात सेवा बर्दिबास, नेपाल रेडक्रस काठमाण्डौ, रामानन्द युवा क्लब जनकपुरधाम, जिल्ला प्रशासन कार्यालय रौतहट, सैनिक श्रीमती संघ, मानवीय सेवा तथा अन्तरसांस्कृतिक संस्था, नेपाल शेर्पा संघ, हिन्दु स्वयंसेवक नेपाल, आर.बी.कम्प्लेक्स, फइजुल इसलाम महोत्तरी, पर्सा देवागं गा.वि.स., समती गा.वि.स., खैरवनी गा.वि.स., सिभिल सोसाइटी मेली बजार, जिल्ला प्रसासन कार्यालय पर्सा, राधा पौडेल चितवन, इस्लामिक संघ नेपाल, शिखर युवा क्लव मैतीदेवी, नेपाल क्याम्पस कसेड फर किष्ट, टिच नेपाल, ललितपुर, गुजरात सरकार भारत, अन्तर्राष्ट्रिय श्रम संगठन, च्याइस ह्युमेनिटेरियन नेपाल, सुमाचिंग हाइ ध्यान केन्द्र, उद्योग बाणिज्य संघ सप्तरी, शेर्पा समाज नेपाल, तिलगंगा आँखा अस्पताल, डिभाइन ग्रुप, मारवाडी सेवा समिति जनकपुर, जनकपुर उद्योग बाणिज्य संघ, एन डि एम ए, चाइनिज एम्वेसी, कोरियन एम्वेसी, बंगलादेश एम्वेसी, डा. चन्द्रमोहन यादव, के. आई. नेपाल, बुढानीलकण्ठ पूर्व विद्यार्थी समाज, रसियन एम्वेसी, जाइका, थाइ एम्वेसी, भारत स्थित नेपाली दूतावास, पश्चिम बंगाल सरकार, थाइल्याण्ड स्थित नेपाली दूतावास, राउण्ड टेबल नेपाल, आशाराम बापु आश्रय भारत, हस्ती नेपाल, शेर्पा किदुक, लामा कन्सट्रक्सन कम्पनी, धनवन्तरी फुटशल प्रा.लि. धुम्बाराही, नेपाल खाद्य संस्थान, हेल्पीङ्ग ह्यान्डस, कालिञ्चोक युवा क्लब, दोलखा माइती नेपाल, चौधरी ग्रुप, ह्याबीट्याट फर ह्युम्यानीटि र सामुदायिक लघु वित्तीय संस्था, होटल एसोसिएसन काठमाण्डौ, मोक्ष आयुर्वेद एण्ड पञ्चकर्म सेन्टर, महिला आधारशीला बौद्ध, हिमाल पावर लिमिटेड, शंकर प्रसाद कोइराला (पूर्व मन्त्री), करुणा फाउण्डेशन नेपाल र सेवा समाज, चितवन लुथरन वर्ल्ड फेडरेशन, हिन्दू स्वयंसेवक संघ नेपाल, समरीटन्स पर्स वेयर हाउस, नेपाल प्रहरी श्रीमती संघ, ओम शिवशक्ति कल्याणी केन्द्र, माननीय लिलादेवी श्रेष्ठ, हिन्दुस्तान समाचार फिचर सेवा, थाहा संचार सेवा, नेपाल तरुण दल, सञ्चार सरोकार नेपाल, अन्तर्राष्ट्रिय सहयोग सन्जाल, विवेकशील नेपाली दल, नेपाली महाबाणिज्य दूतावास हङकङ, दलित एकता सन्जाल काठमाण्डौ, मिशनरिज अफ च्यारिटी नेपाल, नेपाल राष्ट्रिय मारवाडी परिषद् काठमाण्डौ, महाँकाल पूजा कमिटी दार्जिलिङ्ग, अन्नपूर्ण संरक्षण क्षेत्र, घान्द्रुक कर्मचारी परिषद्, ब्रेन्डन एन्ड मेरी प्राइस आयरल्याण्ड, माथिल्लो तामाकोशी जलविद्युत आयोजना, इन्हुरेड इन्टरनेशनल, सेयर नेपाल, अनन्त ज्योति ध्यान केन्द्र, जिल्ला प्रशासन कार्यालय, सर्लाही, ट्रयाग नेपाल, नेपाली कांग्रेस पोखरा, विश्व शान्ति विहार काठमाण्डौ, भिमेश्वर सामुदायिक विकास संस्था, दोलखा, यू ए ई ईमिरेट्स एयरलाइन, मुर्तीया गा.वि.स. सर्लाही, फ्रेन्डसिप नेपाल, मर्सी क्रप्स नेपाल, फेयरमेड काठमाण्डौ, राष्ट्रपति कार्यालय, दिलिप त्रिपाठी/रामहरी श्रेष्ठ/राजेन्द्र मानन्धर, ललिता थापाको समूह, हेल्थ फाउण्डेशन नेपाल, कुरी वीदआउट उरी (स.प्र.म.नि. शैलेन्द्र कुमार श्रेष्ठ), कविर सन्त सत्संग मन्दिर ललितपुर, महेन्द्रनारायण निधि स्मृति प्रतिष्ठान, अरनिको यातायात समिति दोलखा, वि.पि. सामाजिक सेवा केन्द्र, पुजा चन्द ठकुरी, हेल्थ नेपाल नेटवर्क, गुन्ज सरीता बिहार न्यू दिल्ली, नेपाल रेडक्रस सोसाइटी र डब्लू एफ पी, रुद्र गौरी, श्री अम्बिका ओली प्रतिष्ठान भद्रपुर, ढुकुरिया सार्वजनिक क्लब, अनन्त ज्योति ध्यान केन्द्र, असहाय जेहेन्दार तथा जनजातिका लागि शिक्षा नुवाकोट, विभि नेपाल, सिद्धार्थ बनस्थली २०४२ ब्याच, इमानुयल वचत तथा ऋण सहकारी संस्था कोटेश्वर, युनिभर्सल पावर कम्पनी, सिपिसिएस, ट्रान्सफर्मेसन नेपाल, पल्लवी भट्ट, न्यायिक संसार, गोठाले नेपाल, आङतेम्वा शेर्पा, डनवस्को समाज नेपाल, जिल्ला प्रशासन कार्यालय बारा, नेपाल म्युजिक फेस्टिवल, हिमालयन फाउनडेसन, आनन्द संघ, जिल्ला प्रशासन कार्यालय वाँके, पशु स्वास्थ्य निर्देशनालय लगायत विभिन्न संघसंस्थाहरुले महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् ।

नेपाल सरकारका तर्फबाट भूकम्प पीडितलाई उद्धार, राहत र पुनर्स्थापनाका लागि सहयोग पुऱ्याउने जिल्लास्थित कार्यालयहरु, विभागहरु, मन्त्रालयहरुले अर्थपूर्ण थप सहयोग पुऱ्याएका छन्, जसको सबै विवरण यहाँ छैन ।

१०. भूकम्प पीडित परिचयपत्र तथा अस्थायी आवास अनुदान व्यवस्थापन

- भूकम्प पीडित परिचयपत्र तथा अस्थायी आवास निर्माण अनुदान कार्यविधि २०७२ बमोजिम पीडित घर परिवारका लागि परिचयपत्र र राहत रकम रु. १५,०००/- का दरले वितरण गर्ने कार्य भैरहेको छ ।
- सम्बन्धित नगरपालिकाको वडा सचिव र गा.वि.स.मा गा.वि.स. सचिवको संयोजकत्वमा स्थानीय सर्वदलीय संयन्त्र निर्माण गरी सोही संयन्त्रको सिफारिसमा परिचयपत्र वितरण भएको छ ।
- परिचयपत्र वितरण कार्यमा सहयोग पुऱ्याउन प्रत्येक गा.वि.स.मा ५/५ जना शिक्षकहरु खटाउने कार्य भएको थियो ।
- भूकम्प पीडित भएको स्वघोषणा र छिमेकीको रोहवरमा निर्धारित फारम भरी सो का आधारमा परिचयपत्र वितरण गरिएको छ ।

हालसम्म निम्नानुसार भूकम्प पीडित परिचयपत्र र राहत रकम वितरण गरिएको छ ।

परिचय पत्र पाउने घरपरिवार संख्या	हालसम्म वितरित रकम (रु.)
७१,७८०	१,०७,६७,०५,०००

११. विपद् व्यवस्थापनका सन्दर्भमा देखिएका समस्याहरू

- भौगोलिक कठिनाई : जिल्लाको दुर्गम भौगोलिक अवस्थितिका कारण समयमा खोज तथा उद्धार लगायत राहत वितरणमा समेत कठिनाई परेको थियो । खास गरि जिल्लाको उत्तरी विकट गा.वि.स.मा यातायातको अभावका कारण भूकम्पका बेला यस्तो कठिनाई देखिएको हो ।
- सुख्खा पहिरोः भूकम्पका कारण ठाउँठाउँमा सुख्खा पहिरो गएका कारण प्रकोपको व्यवस्थापन लगायत राहत सामग्री पुऱ्याउन समेत कठिनाइ परेको थियो ।
- सडक अवरुद्धः शक्तिशाली भूकम्प र त्यस पछिका बारम्बरका पराकम्पनका कारण मुख्य सडक, स्थानीय स्तरमा सञ्चालित ग्रामीण सडकहरु अवरुद्ध हुँदा पनि प्रकोप व्यवस्थापनमा समस्या परेको हो ।
- इन्धन तथा सवारी साधनको अभावः प्रकोपका बेला सबै ठाउँमा खोज, उद्धार तथा राहत एकैचोटि व्यवस्थापन गर्नुपर्ने भएका कारण जिल्लामा रहेका सवारी साधन सबै परिचालन भैरहेकोले सवारी साधनको सहज उपलव्धता हुन नसक्ने र सो सँगै इन्धनको समेत अभाव हुँदा प्रकोपका बेला आवश्यक व्यवस्थापनमा कठिनाई भएको थियो ।
- यस बाहेक समयमा राहत उपलब्ध हुन नसक्नु, राहत वितरणमा दोहोरोपना देखिनु, राहत प्राप्त गर्ने सबैलाई समान रुपमा पुऱ्याउन नसक्नुका साथै राहत सामग्रीमा विविधता हुनु र राहत वितरणका लागि आवश्यक पर्ने विवरण यकिन गर्न नसक्नु, जनशक्तिको कमी जस्ता समस्याहरु पनि यस क्रममा देखा परेका थिए ।

चुनौतीहरू

१. वर्षायामको समाप्तिसँगै सुरक्षित स्थायी आवास निर्माण,

२. सरकारी कार्यालयहरुबाट सार्वजनिक सेवा प्रवाह पुनर्स्थापित गर्ने कार्य,

३. स्वीकृत लक्ष्य अनुसार विकास निर्माणका कामहरु सम्पन्न गर्ने कार्य,

४. भूकम्पको कारण उच्च जोखिममा रहेका गाउँ वस्तीहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने कार्य,

५. विद्यालयहरुको पठनपाठन सुचारु गर्ने कार्य,

६. सिंगटी उत्तर तर्फका विगु, आलम्पु, चिलंखा, खोपाचाँगु, लामावगर, गौरीशंकर लगायतका गा.वि.स.हरुमा अवरुद्ध वाटोघाटो मर्मत गरी यातायात सुचारु गर्ने तथा उपभोग्य बस्तु आपूर्ति गर्ने कार्य,

७. बस्तुगत तथ्याङ्कको अभाव, घरपरिवार संख्या यकिन गर्न कठिनाइ, घरपरिवार संख्या अनपेक्षित रुपमा बृद्धि मुख्य चुनौती छन् ।

१२. सुझाव

- वाटोघाटो अवरुद्ध हुन नदिन एक्साभेटर, लोडर, डोजर तथा क्रेन आदि मेसिनहरु जिल्लामा चालु हालतमा भइरहनु पर्नेछ ।
- भूगर्भविद्बाट उच्च जोखिममा रहेका गाउँ वस्तीहरुको निरीक्षण र अवलोकन गराई अन्यत्र स्थानान्तरण गर्नुपर्ने गाउँ वस्तीहरुलाई सुरक्षित स्थानमा सार्ने योजना तत्काल लागु गर्नु पर्नेछ ।
- खाद्यान्न अभाव हुने क्षेत्रहरुमा जिल्लाले पहिचान गरेका स्थानहरुमा खाद्यान्न भण्डारण केन्द्रको निर्माण र आवश्यक खाद्यान्न उपलव्ध गराउने व्यवस्था गरिनु पर्छ ।
- समग्र जिल्लाको भू-उपयोग योजना बनाई सामूहिक वस्ती विकास गर्न आवश्यक नीति, योजना, ऐन कानून, कार्यक्रम तथा वजेटको व्यवस्था गरी कार्य आरम्भ गरे दीर्घकालिन निदान हुन सक्छ ।
- कर्जा लिई भवन निर्माण गरेका तथा व्यवसाय गरिरहेका र हाल भूकम्पबाट पूर्ण रुपमा प्रभावित-हरुलाई कर्जा तथा व्याजमा छुट सुविधा वा मिनाहा गरी सहुलियत दरमा कर्जा व्यवस्था गर्नु उपयुक्त हुन्छ ।
- खोज, उद्धार र राहत वितरण पश्चात् गरिने पुनर्लाभ, पुनर्स्थापना तथा पुनर्निर्माण गर्न गराउन तथा

अनुगमन गर्न जिल्लामा एक छुट्टै अधिकार सम्पन्न निकायको व्यवस्था गर्ने तर्फ सोच बनाउन सकिन्छ ।

- सरकारी निकायहरुलाई प्रभावकारी सेवा प्रदायक बनाउनका लागि क्षतिग्रस्त सरकारी कार्यालयहरुको तत्काल पुनर्निर्माण तथा मर्मतको व्यवस्था गर्नु पर्छ ।
- सरकारी कार्यालयहरुको लागि सवारी साधनको व्यवस्था हुन जरुरी छ ।
- जिल्लाको लागि विनियोजित विकास वजेट खर्च भैसके पछि थप आवश्यक परे तत्काल निकासा हुने व्यवस्था गर्नु पर्छ ।
- तत्काल विद्यालयहरु संचालन गर्न आवश्यक वजेट तथा विशेष कार्यक्रमको व्यवस्था हुनु पर्छ ।
- क्षतिग्रस्त मठ मन्दिर तथा गुम्वामा रहेका वहुमूल्य धार्मिक, पुरातात्विक, सांस्कृतिक महत्त्वका सम्पत्तिको सुरक्षा तथा पुनर्निर्माणका लागि एक छुट्टै व्यवस्था हुनु पर्छ ।
- यस जिल्लामा पुनर्लाभ, पुनर्स्थापना तथा पुनर्निर्माणको लागि आउने गैरसरकारी संस्थाहरुलाई अनिवार्य रुपमा जिल्ला दैवीप्रकोप उद्धार समितिको समन्वयमा मात्र काम गर्ने नीतिगत व्यवस्था गरिनु पर्छ ।
- सुरक्षित आवास निर्माणका लागि अभिमुखीकरण, जनचेतनामूलक सन्देश, तालिम तथा जनशक्ति विकास र आवास निर्माण मापदण्डको निरन्तर कार्यान्वयन गर्ने व्यवस्था हुनुपर्छ । ❖



काठमाडौं :
भूकम्पको क्षति र राहत उद्धारका प्रयासहरू

- तिर्थराज भट्टराई*

नेपालको राजधानी शहर समेत समेटेको काठमाडौं जिल्ला भौगोलिक फैलावटको हिसावले सानो जिल्ला नै मानिन्छ । जम्मा ३९५ वर्ग कि.मी. क्षेत्रफल ओगटेको यस जिल्लाको जनघनत्व भने निक्कै बढी रहेको छ । नेपाल सरकारको केन्द्रीय सचिवालयदेखि सबै किसिमका शैक्षिक संस्था, मेडिकल कलेज, बाटोघाटोको विकास, उद्योग व्यापारको विकास, उर्वर कृषि भूमि लगायतले गर्दा यो ठाउँ वसोवासको हिसावले निक्कै सहज भई बसाई सरेर आउनेहरु समेतबाट जनसंख्या बृद्धि दर निक्कै उच्च रहेको देखिन्छ ।

गोरखा जिल्लाको वारपाक केन्द्रविन्दु बनाएर गत २०७२ वैशाख १२ गतेको विनाशकारी भूकम्पले समग्र देश र यस काठमाडौं जिल्लामा समेत ठूलो जनधनको क्षति गरेकोमा त्यसको भोलिपल्ट १३ गते र सोही महिनाको २९ गते गएको भूकम्पका कारण देशमा झण्डै ९ हजार व्यक्तिको ज्यान गयो भने सयौं अर्बको सरकारी तथा निजी सम्पत्तिको नोक्सानी भयो । यस अवस्थामा समग्र देशनै शोकमय बन्यो ।

यस भूकम्पमा परी काठमाडौं जिल्लामा १,२२३ जना व्यक्तिको ज्यान गयो भने पूर्ण र आंशिक गरी झण्डै १ लाख घरहरु क्षतिग्रस्त भए । यस अवस्थामा सबै काठमाडौंवासी ज्यान जोगाउन खुल्ला चौर तथा खाली जग्गामा त्रिपाल, प्लाष्टिक जे भेटिन्छ, सोही प्रयोग गर्दै रातहरु बिताए । सबै काठमाडौंबासी शोकाकुल बनेको थियो ।

त्यस जटिल परिस्थितिमा जिल्ला दैवीप्रकोप उद्धार समितिको सहयोग र समन्वयमा विपद् व्यवस्थापन सम्वन्धमा सूचना विवरण संकलन, राहत संकलन तथा वितरण र अनुगमन समेत तत्काल गर्नु अत्यावश्यक रहेको थियो । सोही कार्यको लागि आवश्यक निर्णयहरु गर्ने, विभिन्न किसिमका फारामहरु बनाउने, तथ्याङ्कहरु अद्यावधिक गर्ने, दैनिक रिपोर्टिङ्ग गर्ने, आवश्यकता अनुसार स्थलगत अनुगमन गर्ने लगायत विभिन्न कार्यहरु गरिएको थियो ।

वैशाख १२ गते १ बजेदेखि र १३ गते विहान ६ बजेसम्म प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा ४ वटै सुरक्षा निकाय र स्थानीय विकास अधिकारी सहितको जिल्ला दैवीप्रकोप उद्धार समिति सकृयाताका साथ कार्य गऱ्यो । २०७१ बैशाख १७ गते क्षतिको विवरण संकलन, राहत वितरणको अनुगमन गर्न एवं नगरपालिकासँग समन्वयका लागि उपसचिवस्तरको नेतृत्वमा ४० समूहले विवरण संकलन कार्य गरेको थियो । घरहरुको क्षतिको Rapid Evaluation Assessment फाराम (रातो, हरियो, पंहेलो र सेतो) तत्काल छपाई गरी सम्बन्धित नगरपालिकामा पठाई तोकिएको प्राविधिकहरु मार्फत् कार्य गरिएको थियो । प्रमुख जिल्ला अधिकारी, स्थानीय विकास अधिकारी तथा सुरक्षा प्रमुख

भूकम्पले पुऱ्याएको क्षति

* स्थानीय विकास अधिकारी एवं सदस्य सचिव, जिल्ला दैवीप्रकोप उद्धार समिति, काठमाडौं

भूकम्प पश्चात् सुरक्षाकर्मीहरु उद्धार गर्दै

समेतको टोलीबाट जिल्लाका विभिन्न क्षतिग्रस्त भूभागको निरीक्षण एवं अनुगमन गरिएको थियो । उपप्रधान एवं सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रिको उपस्थितिमा गोकर्णेश्वर नगरपालिकामा पूर्णक्षति भएका घर परिवारलाई जस्तापाता वितरण गर्ने कार्य सम्पन्न गरिएको थियो । विनाशकारी भूकम्प गएको १ हप्ता राहत वितरण कार्यलाई जारी राखी पुनर्वास तथा पुनर्स्थापनाको कार्य समेत प्रारम्भ गरिएको थियो । जिल्ला प्रशासन कार्यालयबाट निरन्तर सहजीकरण तथा अनुगमन भैरहेको थियो । साथै भूकम्पले जीर्ण भै भत्कन लागेका घरहरुको स्थलगत निरीक्षण समेत गरिएको थियो । यसै बीचमा जिल्ला विकास समिति काठमाडौंका स्थानीय विकास अधिकारीको संयोजकत्वमा जिल्लाबाट प्रतिनिधित्व गर्नुहुने सभासद्हरु, जिल्लामा क्रियाशील राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि समेतको उपस्थितिमा बैठक बसी जिल्ला विकास समितिमा बाँकी रहेको बजेटलाई भूकम्प प्रभावित जनता र क्षेत्रमा लगाउन सिफारिस समेत भै आएको थियो । यस प्रकार सरोकारवाला सबैको सल्लाह, सुझाव वमोजिम प्राप्त स्रोत, साधन र सामग्रीहरुको अधिकतम उपयोग हुने गरी परिचालन गरिएको थियो ।

तत्कालिन व्यवस्थापनका प्रयासहरु

- प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा ४ वटै सुरक्षा निकायका पदाधिकारी एवं स्थानीय विकास अधिकारी लगायतको जिल्ला प्रशासन कार्यालयमा कमाण्ड पोष्ट खडा गरी भूकम्प गएकै दिनदेखि नै निरन्तर रुपमा प्रकोप पीडितहरुका खोज उद्धार तथा राहत वितरण एवं समन्वयका कार्यहरु निरन्तर रुपमा कार्य गरेको थियो ।
- प्रारम्भिक चरणमा नारायणचौर-सिनामंगल-टुडिखेल, रंगशाला-सानोगौचरण-शंखपार्क-नयाँ बसपार्क-हायात होटल नजिक-कपन -बाल्मीकि क्याम्पस, कालिमाटी, कीर्तिपुर, विशालनगर, फर्पिङ, बलम्बु, स्वयम्भू (भगवानपाउ), लगायतका स्थानमा रहेको अस्थायी शिविरमा राहत सामग्रीको वितरणको कार्य पहिलो चरणमा सुरु गरियो । तत्पश्चात् अन्य ठाउँमा विस्तार पनि गरियो ।
- भूकम्प र पराकम्पनको डरले वाहिर बसेका र बस्न योग्य घर भएका विस्थापितहरुलाई घर फर्कन अनुरोध गरिएको र क्रमिक रुपमा घर फर्कने कार्य गराएको थियो ।
- तत्काल उद्धार, राहत लगायतका कार्यमा करिव १५ हजार भन्दा बढी सुरक्षाकर्मी परिचालन गरिएको थियो ।
- जिल्ला दैवीप्रकोप उद्धार समितिको निर्णयानुसार राहत वितरण प्रक्रियालाई सकेसम्म एकद्वार प्रणाली मार्फत् सम्बन्धित नगरपालिकाद्वारा वडा कार्यालयहरुले सर्वपक्षीय संयन्त्र मार्फत् नै वितरणको व्यवस्था मिलाइएको थियो ।
- राहत तथा उद्धारमा आवश्यक पर्ने त्रिपाल तथा अन्य राहत सामग्रीहरु स्थानीय निकायले जुनसुकै शिर्षकबाट खर्च गरी व्यवस्थापन गर्न लगाइएको थियो ।
- मृतकले पाउने प्रतिमृतक रु. ४० हजारका दरले ४ करोड ५१ लाख ६० हजार किरिया खर्च उपलब्ध गराइएको थियो । मृतक परिवारले पाउने प्रतिपरिवार रु. १ लाखका दरले रु. ५ करोड ५७ लाख वितरण गर्न नगरपालिकाहरुमा रकम पठाइयो ।
- भूकम्पको धक्काले भत्कने अवस्थामा रहेका भौतिक संरचनाहरु व्यवस्थापन गर्ने सम्बन्धमा द्रुत लेखाजोखा गर्न मिति २०७२।१।१९ मा निर्णय गरी खतरापूर्ण अवस्थामा रहेका घर र संरचनाहरु भत्काउन नेपाली सेनाको सेनानीको नेतृत्वमा काठमाडौं जिल्लामा ११ वटा समूह गठन गरी परिचालन गरिएको थियो ।
- कालोबजारी नियन्त्रण गर्न बजार अनुगमनलाई सक्रिय गराइयो ।

- विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना २०६९ बमोजिम ९ वटा Cluster लाई सक्रिय पारी परिचालन गरिएको थियो ।
- भूकम्पबाट क्षतिग्रस्त भएको महानगरीय प्रहरी परिसर हनुमानढोका काठमाण्डौलाई टेकु स्थित नेशनल ट्रेडिङ्ग परिसरमा सारी कार्यसञ्चालन गर्ने व्यवस्था मिलाएको थियो ।
- जिल्लाबाट प्रतिनिधित्व गर्नुहुने संविधानसभाका सभासद्हरु सहित जिल्ला दैवीप्रकोप उद्धार समितिको बिभिन्न मितिमा पटकपटक बैठक बसी राहत वितरण, क्षतिग्रस्त संरचनाहरुको व्यवस्थापन लगायतका विषयमा जानकारी गराई आवश्यक निर्णय गरिएको थियो । संकटको अवस्था हेरी जिम्मेवार निकायका प्रमुखहरु वसी तत्काल निर्णय गर्ने गरिएको थियो ।
- क्षतिग्रस्त स्थानहरुको अवलोकन तथा राहत वितरणको निरन्तर अनुगमन गरियो ।
- जिल्ला विकास समितिमा समेत भूकम्प सहयोग कक्ष स्थापना गरी विवरण संकलन लगायत अन्य कार्यहरु गरिएको थियो ।
- प्राविधिक कर्मचारीलाई भूकम्प पछिको क्षति मूल्यांकन सहज होस् भनी जिल्ला विकास समितिको अगुवाईमा विज्ञद्वारा १ दिने तालिम दिएको थियो ।
- जिल्ला बालकल्याण समिति मार्फत् बालबालिका तथा सुत्केरी महिला लक्षित गरी पोषण खाद्यान्न उपलब्ध गराईएको थियो ।
- नवगठित नगरपालिकाहरुलाई उद्धार, राहत एवं वितरण प्रक्रियामा जिल्ला विकास समितिले समन्वय गरेको थियो ।
- विभिन्न विषयगत कार्यालयहरुलाई भूकम्पबाट क्षति भएका स्थानमा कार्यक्रम बनाई तत्काल पेश गर्न लगातार रकमको व्यवस्था गरियो । जस अन्तर्गत जिल्ला कृषि विकास कार्यालय र पशु सेवा कार्यालयबाट राहतका प्याकेज समेत वितरण गरिएको थियो ।
- पुरातात्विक सामग्रीको सुरक्षा र व्यवस्थापन छाउनीमा गरिएको थियो ।
- भूकम्प पीडित पहिचान परिचयपत्र नगरपालिका मार्फत् वितरण गर्ने प्रकृया मिलाइएको थियो ।

काठमाण्डौको क्षतिको विवरणः

काठमाण्डौ जिल्लामा भएका मृतक तथा घाईतेको विवरण

क्र.सं.	विवरण	संख्या	कैफियत
१	मृतक	१,२२३	महिला ६००, पुरुष ६२३ र तेस्रो लिङ्गी १ मध्ये १,२०१ को नामावली प्रकाशन भएको
२	घाईते	७,८७०	
३	उपचार पछि घर फर्केको	७,७०७	

काठमाण्डौ जिल्लामा भएका विदेशी मृतक विवरण

क्र.सं.	विवरण	संख्या
१	मृतक	महिला १९, पुरुष २४

बढी प्रभावित क्षेत्रहरू

नगरपालिका	प्रभावित क्षेत्रहरु
कागेश्वरी मनहरा	गागलफेदी, भद्रवास, आलापोट, डाँछी
दक्षिणकाली	बोसन क्षेत्र, चालनाखेल, दक्षिणकालीको तल्लो भाग, छैमले
तारकेश्वर	गोलढुङ्गा, धर्मस्थली, जीतपुरफेदी, साङ्गला, काभ्रेस्थली
कीर्तिपुर	पाँगा, टौखेल
गोकर्णेश्वर	तारेभीर, बालुवा, सुन्दरीजल, नयाँपाटी
शंखरापुर	साँखु बजार, नाङ्गलेभारे, लप्सीफेदी, इन्द्रायणी
नागार्जुन	भिमढुङ्गा, रामकोट, सीतापाईला, स्यूचाटारको माथिल्लो भाग
चन्द्रागिरी	सतुंगल, मातातीर्थ, सानोमसिने, ठूलोमसिने, थानकोट, बलम्बु
बुढानिलकण्ठ	चुनिखेल, कपन
टोखा	झोर महाँकाल, दुवै टोखा, गोंगबु
का.म.पा.	हनुमानढोका, नयाँबसपार्क क्षेत्र, स्वयम्भू क्षेत्र, असन, कलंकी सुनारगाउँ

वितरण गरिएको राहतको विवरण

क्रसं.	विवरण	वितरण संख्या	क्रसं.	विवरण	वितरण संख्या
१	पानी (कार्टुन)	३०,८३३	१२	दाल (क्वीन्टल)	१०,२९५
२	चिउरा (क्वीन्टल)	६८०	१३	दरी (वटा)	७९२
३	दालमाट (क्वीन्टल)	३५	१४	त्रिपाल (वटा)	४६,३९२
४	भुजिया (क्वीन्टल)	४०	१५	पाल (वटा)	३,७८२
५	विस्कुट (कार्टुन)	७,८००	१६	तन्ना (मिटर)	८१०
६	चाउचाउ (क्वीन्टल)	९,८१७	१७	लुगा (सेट)	४,३०८
७	लन्च (प्याकेट)	१३,९२०	१८	मेट्रेस (मिटर)	३,९६७
८	चामल (क्वीन्टल)	४,२६६	१९	कम्वल (वटा)	३४,६५७
९	चिनी (क्वीन्टल)	८८	२०	कार्पेट (वटा)	७७१
१०	नुन (प्याकेट)	१०,६८०	२१	पौष्टिक आहार (सेट)	३,२२७
११	तेल (लिटर)	२,५२८	२२	औषधी वितरण (कार्टुन)	१,००६

नगरपालिकामा भएको भवनको क्षति विवरण

नगरपालिका	निजी व्यक्तिगत घरतर्फ			सरकारी तथा सामुदायिक भवन तर्फ		
	पूर्णक्षति भएका घर	आंशिक क्षति भएका घर	जम्मा	पूर्णक्षति	आंशिक क्षति	जम्मा
कागेश्वरी मनहरा	४,१५७	१,५५६	५,७१३	१		१
दक्षिणकाली	१,९१६	२,२३२	४,१४८	१०	१२	२२
तारकेश्वर	५,३८७	४,५५५	९,९४२	१०	१३	२३
कीर्तिपुर	३,०००	५,०००	८,०००		१०	१०
गोकर्णेश्वर	२,६४३	१,७६१	४,४०४	९	१४	२३
शंखरापुर	६,२३३	७५६	६,९८९	१५	६८	८३
नागार्जुन	३,८६५	२,८८६	६,७५१			
चन्द्रागिरी	३,३००	८,१००	११,४००	९	३०	३९
बुढानिलकण्ठ	२,९००	६,२०७	९,१०७	३	२१	२४
टोखा	१,५७२	१०,०००	११,५७२	३	६	९
का.म.पा.	५,०६१	१८,५३७	१४,०६४	६		६
जम्मा	४०,०३४	६१,५९०	१,०१,६२४	७५	१८८	२६३

जिल्ला दैवीप्रकोप उद्धार कोषबाट वितरित राहत रकमको विवरणः

म.न.पा./न.पा.	किरिया खर्च वापतको (रु. १,००,०००। का दरले	पारिवारिक राहत (रु. १,००,०००। का दरले)	जस्तापाता वापतको (रु. १५,०००। का दरले)	जम्मा
काठमाण्डौं म.न.पा.	२,४०,००,०००।	२,९०,००,०००।	९,५०,००,०००।	१४,८०,००,०००।
कीर्तिपुर न. पा.	१५,६०,०००।	३१,००,०००।	५,३०,००,०००।	५,७६,६०,०००।
शंखरापुर न. पा.	३९,६०,०००।	८५,००,०००।	८,००,००,०००।	९,२४,६०,०००।
कागेश्वरी मनहरा न. पा.	६,८०,०००।	१३,००,०००।	५,३०,००,०००।	५,४९,८०,०००।
गोकर्णेश्वर न. पा.	७,६०,०००।	९,००,०००।	४,५०,००,०००।	४,६६,६०,०००।
टोखा न. पा.	३६,८०,०००।	३०,००,०००।	३,३०,००,०००।	३,९६,८०,०००।
वुढानिलकण्ठ न. पा.	११,६०,०००।	१८,००,०००।	४,३०,००,०००।	४,५९,६०,०००।
तारकेश्वर न. पा.	३७,६०,०००।	१,००,००,०००।	८,३०,००,०००।	९,६७,६०,०००।
नागार्जन न. पा.	३२,००,०००।	६८,००,०००।	७,३०,००,०००।	८,३०,००,०००।
चन्द्रागिरी न. पा.	१९,६०,०००।	५४००००।	८,३०,००,०००।	९,०३,६०,०००।
दक्षिणकाली न. पा.	८०,०००।	२,००,०००।	५,८०,००,०००।	५,८२,८०,०००।
जम्मा	४,४८,००,०००।	७,००,००,०००।	६९,९०,००,०००।	८१,३८,००,०००।

जिल्ला विकास समितिको कार्यालय काठमाण्डौ मार्फत् भएको खर्च विवरण

क्र.स.	विवरण	परिमाण	जम्मा रकम	कैफियत
१	त्रिपाल	३,०५५	७५,४७,७७७.६	
२	पानी ट्याङ्की	१	११,०००.०	
३	नगरपालिका अनुदान		७०,००,०००.०	शंखरापुर, दक्षिणकाली र तारकेश्वर
४	जिल्ला वाल कल्याण समिति अनुदान		१,५०,०००.०	सुत्केरी महिला तथा बालबालिकाको लागि
५	विषयगत कार्यालयहरुलाई अनुदान		१०,००,०००.०	जिल्ला पशु सेवा कार्यालय र जिल्ला कृषि विकास कार्यालयको लागि

अन्त्यमा, गत बैशाख १२, १३ र २९ गते गएको विनाशकारी भूकम्प तथा अन्य पराकम्पनहरुबाट व्यापक रुपमा धनजनको क्षति हुन गई काठमाडौं जिल्ला पनि अति प्रभावित जिल्लामा समावेश भएको छ। जसबाट जिल्लामा प्राप्त हुने राहत, अब हुने पुनःनिर्माण तथा पुनःस्थापनामा प्राथमिकता पाउने पक्का छ। तर यसको लागि केन्द्रीय सरकार, जिल्लाबाट प्रतिनिधित्व गर्नु हुने सबै माननीय सभासद्हरु, सबै राजनीतिक दल, नागरिक समाज, विकासमा क्रियाशील संघसंस्थाको सहयोग अपरिहार्य रहेको छ। हामी सबै मिलेर अगाडि बढेमा जिल्लामा प्राप्त हुने श्रोत र साधनको समयमै समुचित व्यवस्थापन भई राहत, पुनःर्स्थापना तथा पुनःनिर्माण मार्फत् आमनागरिकले घाउमा मलमपट्टी लागेको महशुस गर्न सक्दछन्। ❖

पुनर्निर्माणका लागि आवश्यक स्टीलका सामग्री चाहिएमा :

२०७२ बैशाख १२ को महाभूकम्पले राष्ट्रमा पुऱ्याएको अतुलनीय क्षतिप्रति दुःख व्यक्त गर्दछौं । यस्तो बिषम परिस्थितिहरुमा यस कम्पनीले संस्थागत तथा व्यक्तिगत संरचनामा विभिन्न किसिमका फलामका फ्रेमहरु लगायतका पुनर्निर्माण सम्बन्धी स्टीलका सामग्रीहरु तयार गरी पीडितवर्ग समक्ष सेवा पुऱ्याउँदै आइरहेका छौं । साथै, भविष्यमा समेत यस प्रकारको सेवालाई निरन्तरता दिने विश्वास दिलाउँछौं ।

हाम्रा सेवाहरु :-

१. **भूकम्प प्रतिरोधात्मक प्रविधिको प्रयोग गरी स्टिल ट्रसबाट विद्यालय तथा स्वास्थ्य चौकीजस्ता सार्वजनिक तथा निजी भवनहरुको निर्माण**
२. **झोलुङ्गे पुल तथा मोटरेवल स्टिल ट्रस पुलको निर्माण**
३. **स्टिलका विद्युल पोल निर्माण**
४. **दूरसंचार तथा विद्युतका लागि आवश्यक टावरहरुको निर्माण**
५. **लघु जलविद्युतका टर्वाइनहरुको निर्माण**

सेफ स्टील्स् प्रा. लि.

चैनपुर, चितवन, फोन नं. ०५६-६९५२४८

विनाशकारी भूकम्प पछिको
भक्तपुर

- पशुपति बाबु पुरी*

१) जिल्ला परिचय

मध्यमाञ्चल विकास क्षेत्रको बागमती अञ्चलमा रहेको क्षेत्रफलको हिसाबले नेपालको सबैभन्दा सानो जिल्ला हो भक्तपुर । जसको क्षेत्रफल ११९ वर्ग कि. मी. र पूर्व पश्चिम लम्बाई १६ किलो मिटर रहेको छ । यो जिल्ला २७°३६' देखि २७°४४' उत्तरी अक्षांश र ८५°२१' देखि ८५°३२' पूर्वी देशान्तर बीच अवस्थित छ । यस जिल्लाको चार सिमानाका जिल्लाहरुमा पूर्वमा काभ्रेपलान्चोक, पश्चिममा काठमाण्डौ र ललितपुर, उत्तरमा काठमाण्डौ र काभ्रेपलान्चोक तथा दक्षिणमा ललितपुर पर्दछन् । यस जिल्लामा ६ वटा नगरपालिका छन् भने यो जिल्ला गाउँ विकास समिति (गा.वि.स.) विहिन जिल्ला पनि हो । भक्तपुर नगरपालिका, मध्यपुर थिमी नगरपालिका, चाँगुनारायण नगरपालिका, महामञ्जुश्री-नगरकोट नगरपालिका, सूर्यविनायक नगरपालिका र अनन्तलिङ्गेश्वर नगरपालिका यस जिल्लाका नगरपालिका हुन भने भक्तपुर नगरपालिका यस जिल्लाको जिल्ला सदरमुकाम पनि हो । दुई निर्वाचन क्षेत्र एवं ११ इलाकामा विभाजित यस जिल्लाको कूल जनसंख्या ३,०४,६५१ रहेको छ । जसमध्ये १,५४,८८४ पुरुष तथा १,४९,७६७ महिला छन् । नेपालको १.१३% जनसंख्या रहेको यस जिल्लामा जनघनत्व २,५९५ प्रति वर्ग किलो मिटर रहेको छ । नेवारको जनसंख्या १,३८,८७३ छ भने हिन्दु धर्मको बाहुल्यता रहेको यस जिल्लामा ८७.८५% हिन्दु धर्म मान्ने वासिन्दा रहेको पाइन्छ । साथै भाषाका हिसाबले यस जिल्लामा नेपाली तथा नेवारी भाषा प्रमुख बोलीचालीमा आउने भाषा हुन् । यस जिल्लामा कुल जनसंख्याको ९७% जनसंख्या साक्षर रहेको जानकारी पूर्ण साक्षर जिल्ला घोषणाका बखत गराइएको छ । स्वास्थ्यको क्षेत्रमा यस जिल्लामा १० वटा अस्पताल, ३ वटा शहरी स्वास्थ्य केन्द्र, ११ वटा स्वास्थ्य चौकी, ८ वटा उप-स्वास्थ्य चौकी, २ वटा प्राथमिक स्वास्थ्य केन्द्र छन् भने बाल मृत्यु दर ११८ प्रतिहजार, मातृ मृत्युदर ५३९ प्रतिलाख रहेको छ । यस जिल्लामा कृषि योग्य जमिन ११,१०६ हेक्टर छ भने ८,०७७ मा मात्र खेती गरिएको छ । जसमध्ये ५,५९१ हेक्टरमा मात्र सिँचाइ पुगेको छ । यस जिल्लाको सडक मध्ये ९६.०६ कि.मी. कालोपत्रे, २१८.०६ कि.मी. ग्राभेल तथा ९३.६६ कि.मी. माटे सडक छ । जिल्लाको कुल क्षेत्रफल मध्ये २,१२४.९२ हेक्टर जमिन बनले ढाकेको छ भने आवादी जमिन २,१०० हेक्टर छ । भक्तपुर जिल्ला खुला दिसामुक्त जिल्ला हो । यस जिल्लाका सडक तथा नगरपालिकाहरुमा सञ्चार एवं विद्युतको सुविधा पुगेको छ । यस जिल्लामा मनाइने जात्राहरुमा विस्केट जात्रा, गाईजात्रा, जिब्रो छेड्ने जात्रा प्रमुख जात्रा हुन् भने नगरकोट, सूर्यविनायक, चाँगु, त्रिशुल डाँडा, तेलकोट डाँडा, साँगा प्रमुख पर्वतका रुपमा चिनिन्छन् । चाँगुनारायण मन्दिर, भक्तपुर दरवार क्षेत्र, ५५ झ्याले दरबार, न्यातपोल मन्दिर, सूर्यविनायक मन्दिर, डोलेश्वर महादेव, नगरकोट आदि प्रमुख पर्यटकीय स्थल हुन् ।

२) भक्तपुरमा भूकम्प

बि.सं. १९९० माघ २ गते दिनको २ बजेर २४ मिनेट २२ सेकेण्डमा गएको भूकम्पले भक्तपुर नगर भित्र २,३५९ घरहरु पूर्ण रुपमा ढलेका थिए भने २,२६३ चर्के-भत्केर बस्न अयोग्य तथा १,४२५ आंशिक क्षतिमा परेका थिए । भक्तपुरका गाउँहरु १,४४४ ध्वस्त, १,९८६ पूर्ण क्षति र २,३८८ आंशिक क्षति भएको कुरा ब्रह्मशमशेर राणाले आफ्नो किताबमा लेखेका छन् ।

यसै गरी २०४५ सालको भूकम्पले भक्तपुरमा ७ जनाको ज्यान लियो भने ३० जना भन्दा बढी घाइते भए । दर्जनौं घरहरु भत्किए । उद्धार र राहतको सिलसिलामा भक्तपुरका एकजना राजनीतिज्ञ तथा पूर्व रापंस श्री कर्ण ह्योजूले आक्रोशित जनताको कुटाइबाट ज्यान गुमाए । भूकम्पको धक्का सानै भए पनि यो राजनीतिक घटनाको धक्का ठूलो भएको हुनाले भक्तपुरवासीले यो भूकम्पलाई पनि पुस्तौंसम्म बिर्सन सक्ने छैनन् । भूकम्पीय कम्पन र क्षति दुवै दृष्टिले २०४५ को भूकम्प धेरै सानो हो तर भक्तपुरमा यसले ठूलै कम्पन ल्याइ दियो । त्यसैले यसलाई पनि यहाँ उल्लेख गर्न सान्दर्भिक ठानिएको हो ।

२०७२ साल बैशाख १२ गते ११ बजेर ५६ मिनेटमा गएको ७.६ रेक्टर स्केल (म्यानिच्यूट) को विनाशकारी भूकम्पले मुलुकको १४ जिल्लाहरुसँगसँगै भक्तपुरलाई फेरि एकपल्ट क्षतविक्षत बनाएको छ । लगत्तै बैशाख १३ र २९ गते आएका शक्तिशाली पराकम्पनहरुले क्षतिको मात्रालाई दोब्बर बनाइदिएका छन् । भक्तपुर जिल्लामा यो विनाशकारी भूकम्पले ३३३ जना मानिसको ज्यान लिएको छ । २,०५८ जना घाइते भएका छन् भने २७,५८६ वटा घरहरु पूर्ण रुपमा क्षति भएका छन् । जिल्लामा ७,८१० घरहरुमा आंशिक र ७,२२१ घरहरुमा सामान्य क्षति पुगेको छ । विश्व सम्पदा सूचीमा सूचीकृत नेपालकै

* स्थानीय विकास अधिकारी, भक्तपुर

सबैभन्दा पुरानो चाँगुनारायण मन्दिर र भक्तपुर नगरपालिकास्थित दरबार स्क्वायर क्षेत्र समेत पूर्ण रुपमा क्षतिग्रस्त बनायो । दर्जनौंको संख्यामा मठ मन्दिर, देवालय, शिवालय तथा अन्य धार्मिक पर्यटकीय महत्त्व बोकेका स्थानहरु ५६ सेकेण्डमै भग्नावशेषमा परिणत भए । जिल्ला स्थित सरकारी कार्यालयहरु मध्ये ५ वटा पूर्ण क्षति, ४३ वटा आंशिक क्षति र २४ वटामा सामान्य क्षति पुगी तिनीहरुले प्रदान गर्ने सेवा प्रवाहमा समेत असर परेको छ । यसै गरी सामुदायिक विद्यालय तर्फ ११ वटा पूर्ण क्षति, ९० वटा आंशिक क्षति र ३६ वटामा आंशिक क्षति पुगेको छ । जसले गर्दा दसौं हजार विद्यार्थीहरुको भविष्य सुनिश्चित हुन सकेको छैन । सडक, बिजुली, खानेपानी जस्ता अत्यावश्यक सेवाहरु नियमित हुन सकेनन् । भक्तपुर जिल्लामा भएको क्षतिको विवरण निम्न बमोजिम रहेको छ:

भूकम्पले भत्काएको घर

तालिका नं. १

भूकम्पबाट मृत्यु हुनेहरूको विवरण

सि.नं.	नगरपालिकाको नाम	पुरुष	महिला	बालबालिका	जम्मा
१.	भक्तपुर न.पा.	८१	१७१	४२ (१९ पु.२३ म.)	२५२
२.	अनन्तलिङ्गेश्वर न.पा.	९	२१	६ (१ पु. ५ म.)	३०
३.	सूर्यविनायक न.पा.	३	४	२ (म.)	७
४.	चागुनारायण न.पा.	२	६	१ (पु.)	८
५.	महामञ्जुश्री नगरकोट न.पा	४	८	५ (२ पु. ३ म.)	१२
६.	मध्यपुर ठिमी न.पा.	८	३	१ (पु.)	११
	जम्मा	१०७	२१३	५७	३२०
यस जिल्लामा बसोवास गर्ने बाहिर जिल्लाका मृतक संख्या १३ समेत जम्मा मृतक संख्या ३३३ छ जसमध्ये ४ जनाको पहिचान नभई सनाखत हुन नसकेको अवस्था छ ।					

श्रोत : जिल्ला प्रशासन कार्यालय, भक्तपुर

तालिका नं. २

भूकम्पबाट क्षति पुगेका घरहरूको विवरण

सि.नं.	नगरपालिकाको नाम	पूर्ण क्षति	आंशिक क्षति	सामान्य क्षति	जम्मा
१.	भक्तपुर न.पा.	६,११५	२,३९१	१,५९०	१०,०९६
२.	अनन्तलिङ्गेश्वर न.पा.	३,९५०	५७१	८७८	५,३९९
३.	सूर्यविनायक न.पा.	४,७६६	१,६६०	१,८१२	८,२३८
४.	चागुनारायण न.पा.	५,२८२	७७०	६३१	६,६८३
५.	महामञ्जुश्री नगरकोट न.पा.	५,२४२	६०५	६६८	६,५१५
६.	मध्यपुर ठिमी न.पा.	२,२३१	१,८१३	१,६४२	५,६८६
	जम्मा	२७,५८६	७,८१०	७,२२१	४२,६१७

श्रोत : जिल्ला प्रशासन कार्यालय, भक्तपुर

तालिका नं. ३

भूकम्पबाट क्षति पुगेका मठमन्दिर तथा पाटी पौवा एवं सत्तलहरूको विवरण :

सि.नं.	नगरपालिकाको नाम	पूर्ण क्षति	आंशिक क्षति	जम्मा
१.	भक्तपुर न.पा.	६७	४९	११६
२.	चाँगुनारायण न.पा.	१०	१०	२०
३.	मध्यपुर ठिमी न.पा.	१९	५८	७७

श्रोत : जिल्ला प्रशासन कार्यालय, भक्तपुर

जिल्ला कृषि कार्यालयबाट प्राप्त जानकारी अनुसार भूकम्पबाट भक्तपुर जिल्लामा १४६ गाई, १४ भैंसी, २६८ बाखा, १६ भेडा, २५ बंगुर र झण्डै डेढ लाख जति कुखुरा र चल्ला मरेका छन् । कृषि उत्पादनमा संचिति गरिएको १,१२५ मे. टन धान, ४२० मे. टन गहुँ, १,०६२ मे. टन आलु क्षति भयो भने तरकारी ३,२४१ मे. टन नोक्सान भयो । टनेल बनाएर खेती गरिएको तरकारी र च्याउ झण्डै अढाई करोड मूल्यको नोक्सान भयो ।

३) उद्धार तथा राहत

भूकम्प गए लगत्तै थालिएको खोज, उद्धार, राहत तथा पुनर्निर्माण जस्ता कार्यहरु आजसम्म पनि जारी नै छ । जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समिति, सम्बद्ध सुरक्षा निकाय, राजनीतिक दलका स्वयंसेवक, एनजिओ, आइएनजिओ, स्वयंसेवकहरु, आमजनता र मित्रराष्ट्रहरुबाट तत्परताका साथ खोज, उद्धार तथा राहतको कार्यक्रमहरु सुरु भयो । तत्कालै बसेको जिल्ला दैवीप्रकोप उद्धार समितिले उद्धार र राहतको कार्य थालनी गऱ्यो । बैशाख १३ गते गृह सचिव र तीन वटै सुरक्षा निकायमा प्रमुखहरुको स्थलगत भ्रमण भई खोज, उद्धार, राहत तथा पुनर्स्थापना सम्बन्धमा प्राप्त थप निर्देशन अनुसार कार्य अगाडि बढाइयो । खास गरी विपत्को यस्तो अवस्थामा आपसी सहयोग सद्भाव र राष्ट्रिय एकताको अभूद्पूर्व भावना प्रकट भयो । हजारौँ-लाखौँ सवयंसेवी मनहरु खोज, उद्धार, राहत, भग्नावशेषको व्यवस्थापन र अस्थायी आवास निर्माणका काममा स्वतस्फूर्त रुपमा क्रियाशील भए । यस्तो संकटको अवस्थामा धार्मिक, भाषिक, जातीय तथा भौगोलिक मतभेदका निर्दयी पर्खालहरु पनि भूकम्पको धक्कासँगै गर्ल्यामगुर्लुम ढले । काठमाडौं उपत्यका, पहाडी र हिमाली क्षेत्रमा आइपरेको यो विपद्मा तराई मधेश, कर्णाली र अन्य दुर्गम स्थानमा बस्ने समुदायले स्वतस्फूर्त रुपमा गरेको सहयोग र स्वयंसेवाले नेपालको राष्ट्रिय एकता र अखण्डतालाई जरैदेखि मजबुत र समृद्ध बनाएको छ । यो संकटको सामना गर्न संसार भरिकै नेपालीहरु पवित्र मनले एकसाथ जुटिरहेको देखिन्छ ।

४) खोज, उद्धार, राहत तथा पुनर्निर्माणमा जिल्ला विकास समिति

यस्तो विषम परिस्थितिमा एक जिम्मेवार कार्यालयको हैसियतले उद्धार, राहत र पुनर्वासको लागि पहल कदमी लिनु जिल्ला विकास समितिको महत्वपूर्ण दायित्व रहन्छ । खोज तथा उद्धार कार्यमा मानवीय, भौतिक तथा आर्थिक सहयोग, राहत सामग्रीको संकलन तथा वितरण कार्यमा सहयोग तथा समन्वय, क्षतिको विवरण संकलन सम्बन्धी कार्यमा सहयोग, केन्द्रबाट खटिई आउने उच्चस्तरका कर्मचारी तथा पदाधिकारीहरुलाई सहयोग, राहत रकम वितरणमा सहयोग जस्ता कार्यहरु जिल्ला विकास समितिको कार्यालयबाट भएका मुख्य कार्यहरु थिए । यसै गरी विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुबाट प्राप्त राहत सामग्रीको सन्तुलित वितरणका लागि जिल्ला विकास समितिको भूमिका महत्त्वपूर्ण रह्यो । विशेष गरी पाल (टेण्ट) को माग बढी भएकाले कुन संस्थाले कुन कुन नगरपालिकामा यी सामग्री उपलब्ध गराउने भन्ने कार्यको संयोजक स्थानीय विकास अधिकारीबाट भयो । जिल्ला महिला समन्वय समितिको समन्वयमा जिल्लाका एकल तथा सुत्केरी महिलाहरुलाई खाद्यान्न तथा लत्ताकपडाहरु समेत वितरण गरियो ।

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट तत्काल राहत स्वरुप प्राप्त प्रत्येक वडा बराबर रु. २ लाख रुपैयाँ बराबरको राहत सामग्रीको वितरण तथा व्यवस्थापनमा सामाजिक परिचालकहरुको सहृानीय भूमिका रह्यो । उक्त राहत सामग्री वितरण तथा अनुगमन समितिमा सामाजिक परिचालकहरु सदस्य रहने व्यवस्थाले पनि उनीहरुलाई बढी जिम्मेवारी बनायो । प्राप्त अख्तियारीको चाँडो निकासा ल्याउने र वडा स्तरमा रकम पठाउने कार्यमा जिल्ला शासन विज्ञको पनि समन्वयकारी भूमिका रह्यो ।

खोज तथा उद्धारका क्रममा २,०५८ जनाको उद्धार भएको छ, जसमध्ये केही उपचाररत रहेका छन् । भक्तपुर जिल्लाका ६ वटा नगरपालिकाहरुका कुल ९२ वटै वडाहरुमा ९२ वटा प्राविधिक सहितको टोली बनाई २३० जना कर्मचारी खटाई क्षतिको विवरण संकलन गरिएको थियो । हालसम्म ३२९ जना मृतकका परिवारलाई रु. ४०,०००।- का दरले किरिया खर्च र २८७ जना मृतकका परिवारहरुलाई रु. १ लाखका दरले पारिवारिक क्षतिपूर्ति रकम वितरण भै

उद्धार कार्य

खोज कार्य

सकेको छ । जिल्ला प्रशासन कार्यालयको विवरण बमोजिम कूल २,९६० क्षतिग्रस्त घर भत्काउन निवेदन परेकामा करीब ५०० वटा भन्दा बढी घर भत्काउने कार्य सम्पन्न भएको छ ।

५) राहत वितरणमा नेपाल सरकार तथा अन्य संघ/संस्थाहरू

जिल्ला दैवीप्रकोप व्यवस्थापन समिति (डिडिआरसी) को संयोजनमा नेपाली सेना, प्रहरी, सशस्त्र प्रहरी बल तथा केही मित्रराष्ट्रहरुबाट आएका तालिम प्राप्त सुरक्षा फौज समेतबाट भूकम्पमा पर्नु भएको मानवको जीवित तथा उद्धार तथा केही शवको खोजी तथा केही जोखिमपूर्ण संरचनाको व्यवस्थापन प्रशंसनीय भयो । त्यस्तै डिडिआरसीले नगरपालिकाहरु मार्फत् सरकारबाट प्रदान गरिएको परिचय पत्रको आधारमा भूकम्प प्रभावितहरुलाई प्रतिपरिवार रु. १५,०००। का दरले नगद वितरण भयो । खाद्यान्न, औषधि, त्रिपाल लगायतका सामग्रीहरु पनि वितरण गरिनुका साथै स्वास्थ्य शिविरहरु पनि आयोजना गरिए ।

यस क्रममा तत्काल कार्यरत मुख्यमुख्य संघसंस्थाहरू

१) जिल्ला दैवीप्रकोप उद्धार समिति भक्तपुर र यसका सदस्यहरु

२) जिल्ला प्रशासन कार्यालय

३) जिल्ला विकास समिति

४) सुरक्षा निकाय (नेपाली सेना, प्रहरी र सशस्त्र प्रहरी)

५) जिल्लास्थित ६ वटै नगरपालिकाहरु

६) राजनैतिक दल तथा तिनका भातृ संगठनहरु

७) नेपाल रेडक्रस जिल्ला शाखा, भक्तपुर

६) वर्तमान अवस्थाको विश्लेषण

बि. सं. २०७२ सम्म आइपुग्दा भक्तपुर जिल्ला दर्जनौं विनाशकारी भूकम्पहरुको चपेटामा परेको देखिन्छ । प्रत्येक भूकम्पले तुलनात्मक रुपमा जिल्लालाई बढी नै क्षति पुऱ्याएको पाइन्छ । भक्तपुरको खास गरी शहरी क्षेत्र ध्वस्त हुँदै र पुनर्निर्माण हुँदै आइरहेको छ । बि. सं. १९९० सालको भूकम्प पछि १९९२ सालमा ब्रम्हशमशेर राणाले लेख्नुभएको पुस्तकमा भूकम्पबाट सुरक्षित रहन संरचनाहरु कस्ता र कसरी बनाउनु पर्छ भन्ने उल्लेख छ वा हाम्रा पुर्खाहरुले अपनाएका अनेकौं प्रविधि पनि हामी सुरक्षित पाउछौँ । तर हामीले कहिल्यै पाठ सिकेनौं । फेरि उही गल्ती दोहोऱ्याउँछौं र आश्रयस्थल भनिएको घर ज्यानमारामा रुपान्तरण हुन्छ । इतिहास हेर्दा पटकपटक भक्तपुरले यस्तै गल्ती दोहोऱ्याइरहेको देखिन्छ । व्यवहारमा आइसकेको प्रविधिलाई समेत अपनाउन ध्यान दिदैनौं ।

अहिले भक्तपुर क्षेत्रका लगभग सबै पुराना घरहरु पूर्ण तथा आंशिक रुपमा क्षति भएका छन् । भत्केका संरचनाहरुको भग्नावशेष हटाउन सकिएको छैन । कारण स-साना गल्लीमा मेशिनरी औजार तथा ढुवानीका साधनहरु लैजान नसकिएकाले यो समस्या आएको छ । ऐतिहासिक तथा सांस्कृतिक नगरी भक्तपुरलाई व्यवस्थित शहर बनाउन नसक्दा समयमै यस्तो विपत्ति आइलागे के कसरी उद्धार गर्ने भन्ने विषयमा समस्या देखिएको छ । अर्थात् भूकम्प प्रतिरोधी भवन तथा व्यवस्थित सडक निर्माणमा सम्वन्धित निकायहरुले पर्याप्त ध्यान दिन सकेको देखिएन ।

भूकम्प पीडितहरुलाई पालमा बसालेका

७) भूकम्प पछिका समस्या र चुनौतीहरू

भूकम्प पछिका समस्या र चुनौतीहरु निम्न बमोजिम रहेका छन् :

- विपद् व्यवस्थापन सम्बन्धी एकीकृत योजना (Integrated Disaster Plan) को अभाव ।
- विपद् व्यवस्थापनका लागि दक्ष जनशक्तिको अभाव ।
- विपद् व्यवस्थापनका लागि अन्तरनिकाय बीच आवश्यक समन्वयको अभाव ।
- अभिलेखको अभाव ।
- विपद्को समयमा आवश्यक पर्ने सामग्रीहरुको पहिचान र प्राथमिकीकरण हुन नसक्नु ।
- भूकम्पबाट भत्किएका निजी तथा सार्वजनिक संरचनाहरुको पुनर्निर्माणका लागि स्रोत र साधनको अभाव ।
- जग्गाको द्वैध स्वामित्व (मोहियानी, गुठी, संयुक्त) ।
- सडक तथा भवन मापदण्डको कार्यान्वयनमा कठिनाई ।
- शहरी क्षेत्र (भक्तपुर र मध्यपुर थिमी न.पा.) मा खुल्ला क्षेत्रको अभाव ।

८) उज्ज्वल भविष्य

यी माथि उल्लेख गरिएका समस्या/चुनौतीहरुका बाबजुद् पनि भक्तपुरवासीको भविष्य उज्ज्वल छ । भक्तपुरका ५५ भ्याले दरबार, दत्तात्रय मन्दिर, न्यातपोल देवल, नगरकोटको प्राकृतिक सौन्दर्यता, नीलबाराही, रानीकोटजस्ता दर्जनौं पर्यटकीय स्थलहरु अझै सुरक्षित अवस्थामा रहेका छन्, जसले विश्वसामु भक्तपुरलाई चिनाउन महत्त्वपूर्ण भूमिका खेलेका छन् । यो संकटले जनता-जनता बीचको आपसी एकता, सद्भाव र सहयोगी भावनामा वृद्धि गराएको छ । यो भावनामा अडिएर

हाम्रा सार्वजनिक र निजी सम्पत्तिको संरक्षण गर्दै अग्रगामी भौतिक तथा सामाजिक विकासको प्रस्थान विन्दु मानेर यसलाई अवसरको रुपमा लिन सकिन्छ। भनिन्छ प्रत्येक ध्वंसको पछाडि निर्माणको सुन्दर सम्भावना रहेको हुन्छ। यही सम्भावनामा उभिएर अतीतबाट शिक्षा लिंदै पुनर्निर्माण तथा नवनिर्माणको हाम्रो अभियानलाई जारी राखौँ र भनौँ हामी सुरक्षित छौँ र हाम्रो भविष्य सुरक्षित/सुन्दर बनाउँछौँ।

आगामी दिनमा सम्बन्धित निकायहरुले नेपाल सरकारले स्वीकृत गरेको न्यूनतम मापदण्डहरु पुरा गरे गराएर मात्र भौतिक संरचनाको निर्माण गर्नुपर्ने देखिन्छ। यस सम्बन्धमा जारी भएका ऐन कानून तथा मापदण्डहरुको पालना गऱ्यौं भने थोरै मात्रामा भए पनि यस्ता प्राकृतिक विपत्तिबाट बच्न सकिने कुरा विदेशमा गएका विनाशकारी प्राकृतिक प्रकोप (भूकम्प, बाढी, पहिरो आदि) बाट न्यून क्षति भएको घटनालाई लिन सकिन्छ। यसका लागि नियमनकारी निकाय, स्थानीय निकाय लगायत अन्य सम्पूर्ण सरोकारवाला नागरिकहरुले पनि आफूहरु सजक भई ऐन नियमको पालनामा कडाई गर्नुपर्ने देखिन्छ। तर यस कार्यमा सबैको सामूहिक प्रयासको खाँचो छ। हामी सबै सरोकारवाला नागरिक, सरकारी तथा गैरसरकारी संघसंस्था सक्रियताका साथ लागेको खण्डमा समृद्ध, आधुनिक भक्तपुर निर्माण गर्न सकिन्छ।

९) हालसम्म वितरण भएका जिन्सी राहतको विवरण :

सि. नं.	सामानको विवरण	चाँगुनारायण नगरपालिका	महामञ्जुश्री नगरपालिका	सूर्यविनायक नगरपालिका	अनन्त-लिङ्गेश्वर नगरपालिका	भक्तपुर नगरपालिका	मध्यपुर थिमी नगरपालिका	जम्मा
१	पाल	३,४००	३,१८९	३,३८०	३,२७०	३,९५०	२,१४४	१९,३३३
२	चिउरा (बोरा)	१६१	१८७	२७८	३५४	९४६	१९५	२,१२१
३	चिनी (बोरा)	३	३	५	५	८	४	२८
४	चाउचाउ (कार्टुन)	१,८५५	२,५७१	१,९८७	१,६२९	३,६८६	१,८०१	१३,५२९
५	नुन (बोरा)	१०	१६	२२	१३	११	९	८१
६	बिस्कुट (कार्टुन)	९६३	१,००५	३२०	८०२	१,०७४	३७७	४,५४१
७	चामल (के.जि.)	२३,०८०	२३,२५०	३९,८७०	२०,३३०	३५,५८०	१५,२९०	१,५७,४००
८	पानी (कार्टुन)	५०	२०	३७	६९०	१०	८०७	१,६१४
९	पिठो र मैदा, आंटा (बोरा)	१०		७१	२७	२६	३	१३७
१०	मण्डी (पिस)	६०	२००	२४७	३०३	४७४		१,२८४
११	भाँडो	८	१०	१०	३१			८९
१२	साबुन (कार्टुन)	२४	१५	२२	१५	१५		९१
१३	(UNITED MIX) ITEM (कार्टुन)	४९४	२५७	३२१	३५२	५७५	१२०	२,११९
१४	तन्ना (कार्टुन)	५	५	७	५	५		२७
१५	ब्ल्याङ्केट (बन्डल)	२०	२६	२५	२३	६१	११	१६६

जिल्ला प्रशासन कार्यालय, भक्तपुरबाट प्राप्त उपर्युक्त विवरणमा अन्य थप कुराहरु पनि छन्। जस्तै भक्तपुर नगरपालिकालाई जेनेरेटर १० थान, ७ बण्डल कर्कटपाता, म्याट्रेस १ रोल प्राप्त भएको थियो। त्यस्तै ससाना प्याकेट फुड आइटमहरु सबै नगरपालिकालाई वितरण गरिएको थियो भने सूर्यविनायक नगरपालिकामा दुई हजार लिटर तेल वितरण गरेको थियो।

१०) जिल्ला प्रशासन कार्यालय भक्तपुरबाट भूकम्प पीडितका लागि राहत वितरण गर्न अनुमति लिएका संघसंस्थाहरू :

१. पूर्व कर्मचारी संघ (तदर्थ समिति) भक्तपुर
२. मध्यपुर युथ एशोसिएसन
३. अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी), भक्तपुर
४. नगरहोप नेपाल
५. राउण्ड टेबल
६. कृष्णलक्ष्मी : लक्ष्मी श्रेष्ठ स्मृति प्रतिष्ठान
७. राष्ट्रिय सहकारी संघ, नेपाल
८. The Leprosy Mission Nepal आनन्द वन अस्पतालमा निःशुल्क उपचार गर्न गरी

९. Caritas Nepal
१०. Visionary youth Initative Foundation, Nepal, (सामाजिक सेवा संघ, दधिकोट)
११. राष्ट्रिय विद्यालय तेक्वाण्डो महासंघ
१२. काम फर सस्टेनेवल डेभलपमेण्ट नेपाल
१३. परिवर्तनका लागि सहकार्य (झौखेल)
१४. विश्व समाचार समाज परमेश्वर मण्डली, काठमाडौं
१५. समानताका लागि आवाज, भक्तपुर
१६. सिप्रदी
१७. जिल्ला बालक्लब सञ्जाल, भक्तपुर (युनिसेफ युवालयको समन्वयमा)
१८. तालिम केन्द्र नेपाल, सितापाइला, काठमाडौं
१९. राष्ट्रिय कृषक समूह महासंघ नेपाल, जिल्ला कार्य समिति, भक्तपुर
२०. मध्यपुर क्रिएटिभ ग्रुप
२१. गृह बचत तथा ऋण सहकारी
२२. Hand & Hands Volunteer Society, Sinamangal, Kathmandu
२३. सामाजिक सचेतनाको लागि युवा अभियान (मध्यपुर न.पा. ६)
२४. विलियर्स चर्च समुदाय
२५. मानव अधिकारका लागि महिला एकल महिला समूह, भक्तपुर
२६. PSI Nepal, Lalitpur, Dhobighat
२७. Transformation Nepal
२८. Women Reting for Transformative
२९. निकोसेरा यूथ क्लब
३०. नेपाल क्यान्सर फाउण्डेशन
३१. फ्रेण्ड्स सर्भिस काउन्सिल नेपाल

भक्तपुरमा सबै नगरपालिका भइसकेको परिप्रेक्ष्यमा अबको पुनर्निर्माण प्रविधिप्रधान बनाएर योजनाबद्ध विकासको रुपमा अगाडि बढाउनुपर्ने भएको छ। यी सबै कार्य गर्न स्थानीय निकायको निर्वाचन अपरिहार्य छ। अबको विकास जनप्रतिनिधिहरुको अठोट, आँट र प्रतिबद्धताबाट मात्र सम्भव छ। ❖

२०७२ सालको विजयादशमी,
दीपावली एवं छठ पर्वको
अवसरमा सम्पूर्ण देशवासीहरूमा
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

साथै,
बाटो, पुल, भवनजस्ता सम्पूर्ण संरचना बलियो र भरपर्दो
निर्माण कार्यका लागि सधैं हामीलाई सम्झनुहोस् :

"यसपाली बनाए अर्को साल भत्किए नभनौं 'हे राम !'
बलियो, भरपर्दो र मजबूत निर्माण गर्ने हाम्रो काम"

ड्रामा कन्स्ट्रक्सन
महालक्ष्मीथान, ललितपुर, नेपाल
फोन नं. ०१-५५५०३६८

भूकम्पपछिको व्यवस्थापनमा सामाजिक परिचालक र वडा नागरिक मञ्च

-पंकज अधिकारी*

सामाजिक एवं आर्थिक रुपमा अति विपन्न एवं बञ्चितीमा परेका व्यक्तिको क्षमता विकास एवं सशक्तिकरण गर्नु अपरिहार्य छ । त्यस्ता वर्गको सवल पक्षलाई माध्यम बनाएर उपलब्ध श्रोत, साधन, सेवा सुविधामा उनीहरुको पहुँच, निर्णय प्रक्रियामा सहभागिता, नियन्त्रण एवं स्वामित्व सृजना गरी सेवा प्रदायकलाई यस्ता विपन्न समुदायको हितमा निर्णय गर्ने पद्धति बसाल्नु आजको आवश्यकता हो । जनउत्तरदायी निर्णयबाट प्रभावकारी रुपमा सेवा प्रवाह गरी यी लक्षित वर्गको जीविकोपार्जन र जीवन स्तरमा सुधार ल्याई गरीबी निवारणको लक्ष्यमा सहयोग पुऱ्याउन स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) सुरु भएको हो । यी लक्ष्यहरु प्राप्त गर्न भक्तपुर जिल्लाका साविकका सबै गाउँ विकास समिति (गा.वि.स.)हरुमा (हाल सबै नगरपालिका भइसके) सामाजिक परिचालन कार्यक्रम शुरु भई सामाजिक परिचालकहरु कार्यरत रहेका छन् भने सबै वडाहरुमा वडा नागरिक मञ्च गठन भई क्रियाशील रहेका छन् ।

सामाजिक परिचालकहरुले उनीहरुको कार्यादेशमा तोकिएको जिम्मेवारीका अतिरिक्त स्थानीय निकायहरुले तोकेका/अह्राएका अन्य कार्यहरु पनि गर्दै आइरहेका छन् । गत ०७१ मंसिर १६ गते भक्तपुर जिल्लाका साविक १६ गा.वि.स.हरु मध्ये ४/४ वटा गा.वि.स.हरु गाभेर ४ वटा नयाँ नगरपालिकाहरु (चाँगुनारायण, महामञ्जुश्री-नगरकोट, सूर्यविनायक र अनन्तलिङ्गेश्वर) घोषणा भए पश्चात् साविक गा.वि.स.हरुमा कार्यरत सामाजिक परिचालकहरु यथास्थानमा रही कार्यरत छन् । मंसिर १६ गते घोषणा भएका यी नयाँ नगरपालिकाहरुका सबै वडाहरुमा ०७१ पौष तेस्रो हप्ताभित्र वडा नागरिक मञ्च गठन गरी उनीहरुले आफ्नो उत्कृष्ट कार्यक्षमता प्रदर्शन गरिसकेका छन् भने नवगठित वडा नागरिक मञ्चका सदस्यहरुले पनि नगरपालिकाहरुको योजना तर्जुमा प्रक्रियामा सक्रिय रुपमा आफ्नो सहभागिता जनाई सकेका छन् ।

गत ०७२ बैशाख १२ गतेको महाभूकम्प, १३ गतेको ठूलो पराकम्पन र २९ गतेको पुनः शक्तिशाली पराकम्पनले भक्तपुर जिल्लालाई पनि नराम्ररी क्षति पुऱ्याएको थियो । यी भूकम्पहरुबाट जम्मा ३३३ जनाले ज्यान गुमाए भने २,०५८ जना घाइते भएका थिए । यसै गरी २७,५८६ घर पूर्ण रुपमा भत्किए भने ७,८१० घर आंशिक रुपमा क्षति भए । भूकम्प गए लगत्तै सामाजिक परिचालक र वडा नागरिक मञ्चका सदस्यहरु तत्काल खोज, उद्धार र राहत वितरणमा सक्रिय रुपमा सहभागी भएका थिए ।

आ-आफ्ना छरछिमेकका भत्केका घरहरुबाट घाइतेहरुको उद्धार, उनीहरुलाई तत्कालै प्राथमिक उपचार, स्वास्थ्य चौकी तथा अस्पताल लैजाने कार्यको अगुवाई सामाजिक परिचालकहरुले गरेका थिए । वडाका प्रायशः सबै स्थानहरुमा वडा नागरिक मञ्चका सदस्यहरुको उपस्थिति भएकाले उनीहरुले पनि तत्काल उद्धार तथा खोज कार्य गरेका थिए । तत्पश्चात् उनीहरुले भूकम्पबाट घरबारविहिन भएकाहरुलाई राख्न अस्थायी शिविरहरु राख्ने ठाउँको पहिचान, शिविरको स्थापना गर्ने, पीडितहरुलाई शिविरमा लग्ने, खानपानको व्यवस्था गर्ने जस्ता कार्यको समन्वय गरेका थिए । सामाजिक परिचालकहरु नगरपालिकाबाट संचालित भएकाले उनीहरुको यस्तो समन्वयात्मक भूमिकालाई सबैले स्वीकार गरी खोज तथा उद्धारको कार्यले गति लिएको थियो । त्यसो त भक्तपुरका नवगठित ४ वटा नगरपालिकाहरुमा कार्यरत १५ जना सामाजिक परिचालकहरु मध्ये ८ जना सामाजिक परिचालकहरु र वडा नागरिक मञ्चका अधिकांश सदस्यहरु स्वयंको घर भत्केको थियो । उनीहरु आफ्नो पीडालाई एकातिर राखी राज्यले दिएको जिम्मेवारी पुरा गर्दै थिए । यी मध्ये केही सामाजिक परिचालकहरु आजसम्म अस्थायी शिविरमै बसी राखेका छन् ।

सरकारबाट उपलब्ध गराइएको मृतकका परिवारलाई तत्काल किरिया खर्च लगायत स्थानीय निकायहरुबाट वितरण गरिएका अन्य राहत रकम वितरणमा उनीहरु दिन रात नभनी खटिएका थिए । मिति २०७२ बैशाख १६ गते सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट "भूकम्प प्रभावित क्षेत्रमा तत्काल राहत सहयोग संचालन कार्यविधि, २०७१" जारी भई प्रत्येक वडालाई रु. २ लाखका दरले राहत रकम उपलब्ध गराउने निर्णय भए पश्चात् सामाजिक परिचालक र वडा नागरिक मञ्चका सदस्यहरुको सक्रियता झन् बढ्यो । त्यस कार्यविधिमा राहत रकमको विनियोजन, परिचालन तथा अनुगमन गर्न वडा नागरिक मञ्चका संयोजक र सामाजिक परिचालक पनि

* जिल्ला शासन विज्ञ, जिविस, भक्तपुर

सदस्य तोकिएकाले उनीहरु माथि गहन जिम्मवारी आइलाग्यो । सीमित रकमबाट असंख्य पीडितहरुलाई समानुपातिक हिसाबले राहत वितरण गर्नु चानचुने कुरो थिएन । तर केही अपवाद बाहेक भक्तपुर जिल्लाका नवगठित चार वटै नगरपालिका (अनन्तलिङ्गेश्वर, सूर्यविनायक, महामञ्जुश्री-नगरकोट र चाँगुनारायण) का ५८ वटै वडाहरुमा विवादरहित ढंगबाट उपरोक्त रकम बराबरको राहत वितरण कार्य भएको छ । यो राहत रकमको अख्तियारी आए पश्चात् कोष तथा लेखा नियन्त्रक कार्यालय र नगरपालिकाहरुसँग समन्वय गरी चाँडो भन्दा चाँडो रकम निकासा गरी वडा स्तरमा पठाउन, सामाजिक परिचालकहरुलाई आवश्यक सल्लाह/निर्देशन दिने तथा खर्च भए पश्चात् सार्वजनिक परीक्षण गराउने जस्ता कार्यमा मेरो पनि सहभागिता थियो ।

यसदेखि बाहेक केन्द्रबाट पठाइएका क्षतिको विवरण संकलन गर्ने टोली तथा जिल्लास्तरबाट सोही कार्यका लागि खटिएका कर्मचारीहरुको टोलीसँग दिनरात नभनी सामाजिक परिचालकहरु खटिएका थिए । स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमबाट माग भएको वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रका सदस्यहरुको क्षतिको विवरण संकलन गर्न पनि उनीहरु खटिए । यसैगरी घर पूर्णक्षति भएका व्यक्तिहरुलाई दिइने भनिएको रु. १५ हजार रकम वितरण प्रयोजनका लागि स्थलगत लगत संकलन र रकम वितरण गर्ने कार्यमा पनि सामाजिक परिचालकहरु अहोरात्र खटिएका थिए । यसैगरी विभिन्न गैरसरकारी संस्थाहरुबाट वितरण गरिने राहत सामग्री वितरण गर्ने कार्यको समन्वय गर्ने काम पनि सामाजिक परिचालक र वडा नागरिक मञ्चका सदस्यहरुबाट भयो ।

राहत वितरणमा वडा नागरिक मञ्चको भूमिका पनि अविस्मरणीय रह्यो । उदाहरणका लागि चाँगुनारायण नगरपालिका वडा नं. १ मा गठित वडा नागरिक मञ्चले रातो कार्ड पाएका तर तत्काल राहत नपाउने वडा नं. १ देखि ४ सम्मका पीडितहरुलाई वल्ड भिजन नेपाल नामक गैरसरकारी संस्थाको सहयोगमा १,५४५ थान जस्तापाता वितरण गऱ्यो । वडा नागरिक मञ्चका सदस्यहरुले "वडा नागरिक मञ्च" लेखिएको टि-सर्ट लगाई आफ्नो उपस्थितिलाई सशक्त बनाउँदै खोज, उद्धार तथा राहतको कार्य गरेका थिए । यस वडाका वडा संयोजक श्री जयन्द्र खड्काको अग्रसरतामा यी कार्यहरु भएका थिए । हालको जननिर्वाचित प्रतिनिधिहरु नभएको अवस्थामा वडा नागरिक मञ्चको यस्तो सक्रियतालाई सबै वडावासीले प्रशंसा गरेको जानकारी सोही वडाकी सामाजिक परिचालक श्री रुपा थापाले बताइन् ।

यसैगरी सूर्यविनायक नगरपालिका वडा नं. ९ मा गठित वडा नागरिक मञ्चले भुकम्प पश्चात फैलने सम्भावित महामारीका सम्बन्धमा जिल्ला जनस्वास्थ्य कार्यालयसँगको समन्वयमा वडास्तरमा जनचेतना कार्यक्रम आयोजना गरी वडाका सम्पूर्ण घर तथा वाटोको सरसफाई गऱ्यो । सरसफाई पश्चात फिनेल लगायतका अन्य औषधी समेत छर्की तत्काललाई कुनै महामारी फैलन नदिने सक्दो प्रयास भयो । यस कार्यमा त्यस वडाको समेत जिम्मेवारी पाएकी सामाजिक परिचालक श्री सविना थापाको महत्वपूर्ण भूमिका रहेको थियो ।

सामाजिक परिचालकहरुको यी क्रियाकलापबाट आमनगरवासीहरु खुशी नहुने कुरै छैन । मासिक रु. १२,०००।- मात्र निर्वाह भत्ता लिएर साँझ विहान नभनी आफ्नो कार्य क्षेत्रमा खटिने सामाजिक परिचालकहरुप्रति नगरवासीहरुको सहानुभूति अझ बढेको महसुस भएको छ । कार्यादेशमा तोकिए भन्दा बढी अर्थात् नवगठित नगरपालिकाहरुको संयुक्त वडा कार्यालयहरुको १०-५ को जिम्मेवारी लगायत समुदाय स्तरमा हुने बैठकहरुमा सहभागिता जस्ता क्रियाकलापले उनीहरुको कार्यबोझ बढाएको देखिन्छ । यसै गरी विषयगत कार्यालयहरुले आयोजना गर्ने विभिन्न कार्यक्रमहरुमा सामाजिक परिचालहरुको समन्वयकारी भूमिका रहने गरेको छ । अर्कोतर्फ मौद्रिक लाभ नपाउने गरी वडास्तरमा महिला, आदिवासी, जनजाति, पिछडिएको वर्ग लगायत तोकिए बमोजिमका अन्य सदस्यहरु समेटी समावेशी तरिकाले गठन गरिने वडा नागरिक मञ्चको सक्रियता पनि प्रशंसनीय रह्यो । वडा नागरिक मञ्चमा समावेशी तरिकाले व्यवस्थित रुपमा संगठित गर्ने काम मात्र सामाजिक परिचालन कार्यक्रमले गरेको हो । उनीहरुको काम त समाजको एक जिम्मेवार नागरिकले निभाउनु पर्ने भूमिका नै हो जुन वडा नागरिक मञ्चका सदस्यहरुले निभाएका छन् ।

भूकम्प पश्चात् महामारी रोक्न गरिएको सर-सफाई

यसरी भूकम्प पश्चात्को खोज, उद्धार तथा राहत वितरणमा सामाजिक परिचालक र वडा नागरिक मञ्चको प्रशंसनीय भूमिका पश्चात् स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमले साँच्चिकै अप्ठ्यारोमा परेका तथा पछाडि पारेका तथा पारिएका वर्गहरुका लागि केही गर्ने रहेछ भनी विश्वास बढाएको छ । विपत् व्यवस्थापनमा स्थानीय कार्यकर्ता जति उपयोगी अरु कोही हुँदोरहेनछ भन्ने कुरा प्रमाणित भएको छ । ❖

भूकम्प पछि नुवाकोट जिल्लामा
राहत उद्धार

-रामकृष्ण राजभण्डारी*

बि. सं. २०७२ साल बैशाख १२ मा गएको महाभूकम्प र त्यस पछिको पराकम्पनको कारणबाट देशले नै ठूलो मानवीय, आर्थिक तथा भौतिक क्षति व्यहोर्नु परेको यथार्थता हामी सामु छर्लङ्ग रहेको छ । यो विनाशकारी महाभूकम्पबाट अति प्रभावित जिल्लाहरु मध्ये नुवाकोट जिल्ला पनि एक हो । राजधानी काठमाण्डौसँग जोडिएर रहेको यस जिल्लाले पूर्वमा सिन्धुपाल्चोक र काठमाण्डौ, पश्चिममा धादिङ, उत्तरमा रसुवा र दक्षिणमा धादिङ, काठमाण्डौ जिल्लाको बीचमा १,१२४ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ । यो जिल्ला राजनीतिक र प्रशासनिक हिसाबले ३ निर्वाचन क्षेत्र, ६१ गाउँ विकास समिति (गा.वि.स.), १ नगरपालिका, १३ इलाकामा विभाजन गरिएको छ । जिल्ला सदरमुकाम रहेको विदुर यहाँको एकमात्र नगरपालिका हो । बि. सं. २०६८ को तथ्याङ्क अनुसार यस जिल्लाको घरधुरी संख्या ५९,१९४ र जनसंख्या २,७७,४७१ छ । त्यसमध्ये पुरुष १,३२,७८७ र महिला १,४४,६८४ रहेको छ ।

महाभूकम्प र त्यस पछिका पराकम्पनका कारणबाट यस जिल्लाका धेरै क्षेत्रमा पूर्ण रुपमा असर गरेको देखिन्छ । व्यक्तिगत घरधुरी, संघसंस्थाको कार्यालय भवन, पशुपक्षीका गोठ टहरा, खानेपानी, सडक, सिँचाइ, ऐतिहासिक सांस्कृतिक धरोहरका पूर्वाधारहरु अति प्रभावित भएका छन् । धेरै भवनहरु पूर्ण क्षति भएको र थोरै घरधुरीहरु मात्र आंशिक क्षति र धेरै थोरै घरधुरी मात्र सामान्य क्षति भएका छन् । महाभूकम्प पछि उत्पन्न भएको विषम परिस्थितिलाई व्यवस्थित ढङ्गले सामान्यीकरण गर्न जिल्ला दैवीप्रकोप उद्धार समितिको नेतृत्वमा विभिन्न नीति नियम बनाई



विभिन्न कार्यहरु कार्यान्वयन गरियो ।

विनाशकारी महाभूकम्पमा यस जिल्लाको मानव मृत्यु १,१०९ रहेको तथ्याङ्कले देखाएको छ । त्यस मध्ये बालिका २२९, बालक २१२, महिला ४१२ र पुरुष २५६ रहेको छ । यस महाभूकम्पमा परि चौपायाहरुको पनि धेरै क्षति भएको तथ्याङ्कले देखाएको छ । जसअनुसार ३,२२७ भैंसी, २,९०३ गाईगोरु, १२,६६१ भेडाबाखा, ७०६ सुंगुर र २,५५,५५१ पक्षी रहेको छ ।

जिल्ला दैवीप्रकोप उद्धार समितिको बैठकमा सहभागीहरु

घर तथा गोठ तर्फ ९६,९२१ पूर्ण रुपमा क्षति, २,९६७ आंशिक रुपमा र १,९८९ सामान्य क्षतिको रुपमा रहेको तथ्याङ्क पाइएको छ । जिल्लामा यस किसिमको विषम परिस्थिति एक्कासी

* जिल्ला शासन विज्ञ, जिविस, नुवाकोट

उद्धार कार्यमा सक्रिय सहभागी नेपाली सेनाका जवानहरु

भूकम्पबाट प्रभावित नुवाकोटको बस्ती

आउँदा पनि विभिन्न सरकारी, गैरसरकारी, नागरिक समाजका सदस्यहरु समन्वयात्मक हिसाबले राहत, उद्धार र पुनर्स्थापनामा सक्रिय भएर लागेका थिए । जनताको नजिकमा रहेर काम गर्ने स्थानीय निकाय यसमा पनि गा.वि.स. सचिवहरु, सहायकहरु र सामाजिक परिचालकहरु अहोरात्र यसमा लागि परेको यसमा म स्मरण गर्न चाहन्छु । स्थानीय निकाय मार्फत् गठित वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र र विभिन्न औपचारिक र अनौपचारिक रुपमा गठित समूहहरु मार्फत् नागरिकहरु यस विषम परिस्थितिलाई सहजीकरण गर्न लागेकोमा सबै पक्षहरु धन्यवादका पात्र हुनुहुन्छ । तत्कालको परिस्थितिमा नेपाली सेना, प्रहरी, कार्यालयका प्रमुख एवं अन्य कर्मचारीहरु र गैरसरकारी निकायका नागरिक प्रतिनिधिहरुले जिम्मेवार ढंगले यो परिस्थिति सामान्यीकरण गर्न पहलकदमी गर्नु भएको र सोको कारणबाट नै स्थिति सहज बन्दै गएको म स्मरण गर्न चाहन्छु । यसलाई सहजीकरण गर्न विभिन्न अन्तर्राष्ट्रिय गैरसरकारी निकायहरु पनि उत्तिकै सक्रिय रहेको र हालसम्म पनि क्रियाशील रहेको जानकारी गराउन चाहान्छु । यस महाभूकम्पले सबै क्षेत्रलाई अत्यन्तै असर गरेको हामीले पाएका छौं । शैक्षिक क्षेत्र, स्वास्थ्य, सरकारी कार्यालय यसरी सबै क्षेत्रहरु अत्यन्तै प्रभावित भएकोले यसको व्यवस्थापन एक चुनौतीको रुपमा रहेको छ ।

भूकम्प पछिको विपत् व्यवस्थापनमा धेरै सरकारी तथा गैरसरकारी संस्थाहरु आफ्नो स्रोतसाधन सहित जुटेका थिए । जनस्वास्थ्य तथा पोषणका क्षेत्रमा सहयोग पुऱ्याउनेहरुमा हेण्डिक्याप इन्टरनेशनल, एसिएफ इन्टरनेशनल, युनिसेफ, सेभ द चिल्ड्रेन, डेकोन, केसिडिसि सौराहा, टिपिओ नेपाल, जिआइजेड आदि थिए । अस्थायी बसोवासो व्यवस्थित गर्नेहरुमा मर्सिकोर, अन्धअपाङ्ग महासंघ, कतार रेडक्रेसन्ट, नेपाल रेडक्रस सोसाइटी, अक्सफाम, समरितान पर्स, करुना फाउण्डेसन, वतास फाउण्डेसन, सेयर एण्ड केयर, जिआइजेड, मेडेप, एलडब्लुएफ जस्ता संस्थाहरु क्रियाशील रहे । युएनडिपिले भग्नावशेष पन्साउन मद्दत पुऱ्यायो । त्यसोत बालबच्चाको संरक्षण र महिलाहरुको उद्धारका लागि नुवाकोटको महिला तथा बालबालिका कार्यालयको समन्वयमा जिल्लास्थित संस्थाहरुले मद्दत गरे भने नेपाल जेसुट सोसल संस्थाले शिक्षा क्षेत्रमा सहयोग गरेको थियो ।

विभिन्न सरकारी/गैरसरकारी निकायबाट भएका राहत, उद्धारका कार्यहरुलाई तलको टेबुलमा प्रस्तुत गरिएको छ :-

राहत सामग्री ग्रामीण भेगमा लाने क्रममा सहयोग संस्थाको प्रतिनिधि

भग्नावशेष भवन

जिल्ला दैवीप्रकोप उद्धार कोषबाट राहत सामग्री वितरणको विवरण मिति २०७२ भदौ ३ गतेसम्म

क्र.सं.	गा.वि.स.को नाम तथा संस्था	त्रिपाल (थान)	टेन्ट (थान)	चामल (बोरा)	भुजिया, चिउरा (बोरा)	पिठो (मैदा, आटा) (बोरा)	चाउचाउ (कार्टुन)	विस्कुट (कार्टुन)	दाल (बोरा)	चिनी (बोरा)	कम्बल/मण्डी/ ब्लाङ्केट (थान)	नुन (बोरा)
१	गाउँखर्क	८८०	१५	८८	२४	१०	८००	५७	२	१	९००	
२	मदानपुर	१३७५	८१	१५९	१०	८	६०१	६०		४	१५८	
३	बुधसिङ्ग	८३५	१९	१८१	६२	३३	४२५	३५	४	३	४००	
४	जिलिङ्ग	१०१२	१८	२५२	३७	१५	६४०	५०	१	३	७७७	६
५	खड्गभञ्ज्याङ्ग	४६०	११	२५८	२४	२५	३९०	६५		१	३०७	
६	गोर्स्याङ्ग	१६४३	५१	२१३	७४	२३	५२०	६१	७	३	८७०	५
७	मनकामना	१३१९	४०	६०४	३१	२२	९२५	१०२	१	३	९९८	३
८	छाप	२८०	१	१५३	४५	५०	१०	१०		२	९००	
९	शिखरबेसी	४०५	४	१००	२४	१	८०	२५	२	२	४५०	२
१०	लच्याङ्ग	५७०	२१	३८७	३८	२७	२३०	३६	५	२	११६७	५
११	उर्लेनी	४२५	९	३१५	१५			२०			३३०	२
१२	दाडसिङ	७५६	३५	२९६	४७	१४	४८०	२५		१	८००	२
१३	बेल्कोट	१२५	१०	६५	३५	५	१५०	७५		३	५५	
१४	देउराली	४९०	२	४४३	३५	१७	४४०	५७	१	२	५०५	१
१५	घ्याङफेदी	३५६	१	४७४	२४	७	१८५	२०			८३५	
१६	सामरी	४४०	३६	२११	४	४	२२५	४०			३३६	
१७	साल्मे	३२५	१	२८५	२९	१३	६४०	६०			३५५	
१८	बालकुमारी	४८३	१	४७६	३३	३१	५४५	७०	२		४९५	३
१९	कुमरी	५०७	२	४४१	३८	१५	५५०	२०	१	३	७००	७
२०	लिखु	४७५	१	३६८	१२	१०	३०	३०	२	२	१०००	
२१	हल्देकालिका	३६५	१	३८८	२६	५	६५	१०	१		५३०	
२२	नर्जामण्डप	५०४	३१	७१६	३५	१५	५४०	७६	२	२	२९५	
२३	समुन्द्रटार	३९७	१	३८५	२०	८	३३०	५		१	५४५	
२४	सुर्यमती	५२३		३१९	५८	२८	६५५	५३	६	१	३५६	६
२५	चौघडा	५११	१	३२१	६३	२३	३६५	४६		२	८७२	२
२६	गेर्खु	४४१	१	४०	४५		१२५०	८५		२	५५५	१
२७	काउले	७५१	२	१३१	३५	१५	३१८	३२	९	१	७६५	२
२८	खानीगाउँ	१८७	१	१२७		२	१००	५	५	२	४५	
२९	बागेश्वरी	६५९	४	३१४	१८	५	४६५	२०	१	१	३२९	२
३०	महाकाली	३८५	३	२७९	९	५०	३१०	३०	२		६६५	
३१	कल्याणपुर	२३०	१	१००	२३	१३	३८५	४६	४		२९०	३
३२	भद्रटार	३५०		२००	२७	१५	४३०	८		२	७००	२

क्र.सं.	गा.वि.स.को नाम तथा संस्था	त्रिपाल (थान)	टेन्ट (थान)	चामल (बोरा)	भुजिया, चिउरा (बोरा)	पिठो (मैदा आटा) (बोरा)	चाउचाउ (कार्टुन)	विस्कुट (कार्टुन)	दाल (बोरा)	चिनी (बोरा)	कम्बल/मण्डी/ ब्लाङ्केट (थान)	नुन (बोरा)
३३	थानापति	७४०	२	३१८	२८	११	२४०	४०	४	२	७१५	३
३४	ककनी	३७०	१	४०७	४३	१४	९५०	५०	३	४	७६४	
३५	गणेशस्थान	६५५	१	११५	५६	२८	६५०	५५	७	४	७८९	४
३६	थप्रेक	२४१		४०	२१	१९	८५०	७०		५	२९०	३
३७	बेतीनी	६१९	१	३०	४६	१	१८०	१०	३	३	९५०	२
३८	कविलास	३३७	१	६८	२४	९०	४८०	२०	६	१	२५५	२
३९	भाल्चे	६२५	१	४०	३०	१८	२५०	३०	६	१	४००	१
४०	सिक्रे	३००	२	२५	१		४०				३००	
४१	तलाखु	३५०	१	३०२	३०	५	८०	४०	१		९४५	
४२	तारुका	४२७	१	१८२	२८	१४	३७०	३५		३	३००	
४३	राउतवँसी	८९२	८	३२०	२५		३८१	५४		२	५९६	
४४	दुईपिपल	२८३	१	१९०	२५		५०	१५	२		५००	
४५	बुङ्गताङ्ग	२९७	१	२०७	२९	१०	९४४	१८	२	१	४५०	१
४६	किम्ताङ्ग	६६५	१	१७२			३०	१०	१	२	१००	
४७	रालुकादेवी	१४०		२२			२०	१०				
४८	बर्सुन्चेत	१५०	१	१६२	१५		२००		१		४५०	
४९	तुप्चे	६८८	२	२३६	७३	१४	२२०	४५	४	९	४९५	७
५०	रातमाटे	१२६	१	७६	३	३	६७			१	२७	१
५१	थान्सिङ्ग	२१८	२	३८५	४	२	१५०		१	१	३१०	२
५२	ओखरपौवा	७५३	२	२६२	२९	५	२१०	१७	५	२	७००	२
५३	सुनखानी	२२५	१	२३०	१२	१०	५००	२५		४	२००	
५४	चतुराले	५३०	१	२५५	७	१३	२५०	५५			२७५	
५५	चाउथे	२०१	१	२००	३१	६०	५००	३७			३४०	२
५६	पञ्चकन्या	१६१		३०	८	५	२००	२०			२०	
५७	सुन्दरादेवी	४५५	१	२४१	३०	१०	३१०	३०			४२०	३
५८	फिकुरी	९०		३०	८	२	७०	२०	१			१
५९	चारघरे	३८४	४	३३६	२९	३	३४०	५९	७	२	५३६	२
६०	समुन्दादेवी	५२०	२	३३१	७०	१८	९१०	११०	४	१	११९०	५
६१	खरानीटार	६०५	६	४०५	१९	१०	४१०	१०		२	३५०	२
६२	बिदुर नगरपालिका	७०८०	१	१९८१	१५६	२०	१८१	१२	५	१४	१७६३	९
	जम्मा *	३७,५९१	४५२	१६,६८७	१,८८०	८९४	२२,७१२	२,२३१	१२१	११२	३२,७१५	१०६

* सार्वजनिक संस्था/कार्यालयहरु समेतलाई वितरण गरेको जोडिएको छ ।

प्रत्येक गा.वि.स. र नगरपालिका क्षेत्रमा सरदर २ बोराका दरले दालमोठ, २ देखि १० बोरासम्म आलु, ३ देखि ५ बक्सासम्म अण्डा, १०० देखि ३०० लिटरसम्म खानेतेल, सरदर ३/४ कार्टुन सख्खर, बच्चाको खाना प्रत्येक ठाउँमा वितरण गरेको थियो । साथै, प्लाष्टिकका डोरी, प्लाष्टिकका बाल्टी, जग, सोलारबत्ती, थाल, गिलास र खाना बनाउने वर्तनहरु उपलब्ध गराइयो । धेरै ठाउँमा तन्ना, साबुन, सुकुल र अन्य दैनिकीका सामग्रीहरु वितरण गरियो ।

अस्थायी वसोवासका लागि धेरै परिवारलाई कर्कटपाता वितरण गरिएको थियो ।

व्यक्तिगत घरपरिवार बाहेक राहत र उद्धारका सामग्री सरकारी, गैरसरकारी र स्थानीय निकायका कार्यालयहरु, जसमा पूर्ण क्षति भयो, उनीहरुलाई पनि ६,८७२ थान त्रिपाल, ४९५ थान पाल, ११२ बोरा चामल, ४९ कार्टुन चाउचाउ, ५ कार्टुन विस्कुट र ३२ थान ब्लाङ्केट वितरण गरिएको थियो । ❖

नगर विकास कोष (TDF) को सूचना

नेपालमा नगरहरुको निर्माण, विकास र विस्तार एवं नगरहरुमा आधारभूत सामाजिक सेवा र आयमूलक आयोजना संचालन गर्न गराउन तथा त्यस्ता सेवा र आयोजना संचालन गर्ने नगर विकाससँग सम्बन्धित निकायलाई आवश्यक आर्थिक तथा प्राविधिक सहयोग पुऱ्याई व्यवस्थित ढंगले नगरको विकास गर्न गराउन नगर विकास कोष ऐन, २०५३ बमोजिम "नगर विकास कोष" को स्थापना भएको छ ।

कोषको उद्देश्य :

- नगर विकाससँग सम्बन्धित निकायलाई आवश्यक आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्ने ।
- नगरलाई स्वच्छ तथा सफा राख्न आवश्यक काम गर्ने, गराउने ।
- विभिन्न किसिमका आधारभूत सामाजिक सेवा तथा आयमूलक आयोजना संचालन गर्ने, गराउने ।
- नगर विकास र यसको लागि गरिनुपर्ने सम्भाव्य सुधारका सम्बन्धमा देखा परेका समस्याहरुको निराकरणका उपायहरु पत्ता लगाउन आवश्यकतानुसार कार्यमूलक अनुसन्धान गर्ने, गराउने ।

कोषद्वारा संचालित कार्यक्रमहरू :

१. नगर विकास कार्यक्रम – जर्मन दातृ संस्था के.एफ.डब्ल्यू. को अनुदान सहयोग : कोषको दातृ निकाय जर्मन विकास बैंक के.एफ.डब्ल्यू.को अनुदान सहयोगमा संचालित नगर विकास कार्यक्रम अन्तर्गत नेपालका नगरपालिकाहरुको सामाजिक तथा आर्थिक पूर्वाधारका आयोजनाहरुमा कूल रु. २ अर्व ३५ करोड ऋण तथा अनुदान प्रवाह गर्ने लक्ष्य रहेको छ ।

२. जिल्ला स्वास्थ्य आयोजना – के.एफ.डब्ल्यू. को अनुदान सहयोग : यस कार्यक्रम अन्तर्गत जिल्ला स्वास्थ्य कार्यक्रम अन्तर्गत भेरी अञ्चल अस्पताल, बर्दिया तथा धादिङ्ग जिल्ला अस्पताल र सौरहवा र राजापुर तथा गजुरी प्राथमिक स्वास्थ्य चौकी भवन निर्माण कार्यको सफल कार्यान्वयन पश्चात् दोस्रो चरण अन्तर्गत दैलेख र जाजरकोट जिल्ला अस्पताल भवन निर्माण गर्ने लक्ष्य छ ।

३. साना सहरी खानेपानी तथा सरसफाई आयोजना – ए.डि.बि.को ऋण सहयोग : खानेपानी तथा ढल निकास विभागसँगको सहकार्यमा प्रथम चरणको सफल कार्यान्वयन पश्चात् दोस्रो साना सहरी खानेपानी तथा सरसफाई कार्यक्रम अन्तर्गत देशका २१ वटा साना सहरहरुमा खानेपानी आयोजना निर्माणका लागि करिब कूल १ अर्व ७० करोड ऋण प्रवाह गर्ने लक्ष्य रहेको छ ।

४. सहरी वातावरणीय सुधार आयोजना – ए.डि.बि.को ऋण सहयोग : यस कार्यक्रम अन्तर्गत सहरी विकास तथा भवन निर्माण विभागसँगको सहकार्यमा विराटनगर, वीरगंज र बुटवल नगरपालिकाहरुमा वातावरणीय सुधार सम्बन्धी पूर्वाधार आयोजनाहरु तथा बनेपा, धेलिखेल र पनौती नगरपालिकाहरुमा एकीकृत खानेपानी आयोजनामा करिब कूल १ अर्व २० करोड ऋण प्रवाह गर्ने लक्ष्य रहेको छ ।

५. सहरी सुशासन तथा विकास कार्यक्रम विश्व बैंक सहयोग : यस कार्यक्रम अन्तर्गत सहरी विकास तथा भवन निर्माण विभागको सहकार्यमा मेचीनगर, ईटहरी, धनकुटा, बाग्लुङ्ग, लेखनाथ र तानसेन नगरपालिकामा गरी ६ वटा नगरपालिकाहरुमा सामाजिक आर्थिक पूर्वाधारका आयोजनाहरुमा वातावरणीय सुधार तथा खानेपानी व्यवस्था सम्बन्धी आयोजनाहरुमा सामाजिक आर्थिक पूर्वाधारका आयोजनाहरुमा करिब कूल १ अर्ब २१ करोड ऋण प्रवाह गर्ने लक्ष्य रहेको छ ।

६. एकीकृत सहरी विकास आयोजना ए.डि.बि. सहयोग : सहरी विकास तथा भवन निर्माण विभागको सहकार्यमा नेपालगञ्ज, सिद्धार्थनगर, जनकपुर एवं धरान नगरपालिकाहरुमा वातावरणीय सुधार तथा खानेपानी व्यवस्था सम्बन्धी आयोजनाहरुमा करिब कूल रु. १ अर्व २६ करोड ऋण प्रवाह गर्ने लक्ष्य रहेको छ ।

७. प्रतिफलमा आधारित फोहरमैला व्यवस्थापन कार्यक्रम, विश्व बैंक सहयोग : फोहरमैला व्यवस्थापन तथा प्राविधिक सहयोग केन्द्रसँगको सहकार्यमा धनकुटा, तानसेन, लेखनाथ, ललितपुर र घोराही नगरपालिकाहरुमा फोहरमैला व्यवस्थापन कार्यमा गरेको उपलब्धिका आधारमा आयोजना अवधिभरमा करिब कूल रु. १२ करोड ११ लाख अनुदान प्रवाह गर्ने लक्ष्य रहेको छ ।

"दिगो लगानी र सहरी पूर्वाधार, देश विकासको मूल आधार" को प्रतिवद्धताका साथ
वडादशैं २०७२ को मंगलमय उपलक्ष्यमा सम्पूर्णमा हार्दिक मंगलमय शुभकामना

नगर विकास कोष **TOWN DEVELOPMENT FUND**

नगर विकास कोष, नयाँबानेश्वर, काठमाडौं
फोन नं. ०१ ४४९३८६६, ०१ ४४६५६५१ फ्याक्स ०१ ४४७१२२७ पो.ब.नं. ५१४४
E-mail: tdf@tdf.org.np, Website: www.tdf.org.np

२०७२ बैशाखको महाभूकम्प र स्थानीय नागरिक संस्थाहरूको कार्यसम्पादन

- पुरूषोत्तम नेपाल*

समुद्री सतहबाट ७० मीटरदेखि ८,८४८ मीटर अग्लो विश्वको सर्वोच्च शिखर सगरमाथासम्मको भूभाग पर्ने नेपालमा भौगोलिक अवस्थिति र प्राकृतिक विविधताले यहाँको रहनसहन, जनजीविका र वसोवासलाई निर्देशित गरेको छ। यहाँका वासिन्दाले यही प्राकृतिक परिस्थितिमा आफूलाई अनूकुल ढंगले व्यवस्थित गर्न नसकेमा प्राकृतिक समस्या भोग्नु पर्ने निश्चित छ। हिमपात, शीतलहर, बाढी, पैह्रो, डुवान, आगलागी, जमिन भासिने र बेलाबेला आउने भूकम्प जस्ता प्राकृतिक प्रकोपबाट नेपालका हरेक क्षेत्रका हिमाल, पहाड, तराई, भित्री मधेश, लेक, बँसी सबै तिरका जनताहरुलाई केही न केही मात्रामा प्रत्येक बर्ष प्रभावित गर्ने गरेको छ। भौगोलिक अवस्थिति अनुसार हुने प्रकोपको असरलाई फरक ढंगले हेर्न सकिएला तर यसको असर सबै तिर परेको नै देखिन्छ। यसैले भनिन्छ नेपाली जनतालाई विभिन्न किसिमका प्राकृतिक प्रकोपहरु सहने र व्यहोर्ने बानी परिसकेको छ।

नेपाल भूकम्पको अत्यधिक सम्वेदनशील क्षेत्रमा रहेकोले यहाँ ठूलो र विनाशकारी भूकम्प आउने सम्भावना रहेकोले त्यसलाई व्यवस्थापन गर्न सबै नेपालीले सिक्नु पर्छ भन्ने बिषयमा विगतमा निकै चर्चा परिचर्चा हुने गरेको विदितै छ। यस बिषयमा विशेष गरेर सरकारी तथा गैरसरकारी क्षेत्रमा विभिन्न कार्यक्रमहरु भए तापनि ठूलो र विनाशकारी भूकम्पको प्रकोप विगत केही दशकदेखि नआएकोले आमनेपालीले यस तर्फ ध्यान केन्द्रित गर्न सकेका थिएनन्। सरकारी स्तरमा समेत यस बिषयमा खासै तयारी गर्ने र निर्माण हुने भौतिक संरचनालाई भूकम्प प्रतिरोधक बनाउने तर्फ सोच पुगेको थिएन। साँच्चै भन्ने हो भने विगत ३ दशकदेखि ठूलो हानी हुने गरी ६ रेक्टर भन्दा माथिका भूकम्पको सामना गर्नु नपरेकाले विगतका समस्यालाई सबै तिरका नेपालीले प्रायः बिर्सी सकेका थिए।

नेपालमा भूकम्पजन्य प्राकृतिक विपद् बढनुमा नेपालको भूभाग पहाड बन्ने क्रममा रहनु, दक्षिणबाट भारतीय प्लेट र उत्तरबाट तिव्वती प्लेटको घर्षण निरन्तर रहनु त्यसैको प्रभाव स्वरुप भौगोलिक उथलपुथल हुनु यहाँको यथार्थ रहेको कुरा भूगर्भविद्हरु बताउँछन्। यसै बीचमा २०७२ साल बैशाख १२ गते दिउँसो करिब ११:५६ बजे गोरखाको बारपाक क्षेत्र केन्द्रबिन्दु रहेको ७.६ रेक्टरको ठूलो भूकम्पको कम्पन नेपालको मध्यपहाडी क्षेत्र खास गरेर लमजुङ्गदेखि सोलुखुम्बुसम्मको पहाडी भूभागमा सबैले महसुस गरे। त्यस पछि पनि यो क्षेत्रमा ४ रेक्टर माथिका करिब ३०० जति पराकम्पनहरु महशुस गरिएकोले यसको प्रभावबाट मुलुकको ठूलो समुदाय आक्रान्त हुन पुग्यो। यसबाट निकै धनजनको क्षति भई जनजीवन कष्टकर हुनुको साथै मुलुकको आर्थिक सामाजिक गतिविधिमा नकारात्मक असर पर्न गयो। प्राप्त तथ्याङ्क अनुसार यो भूकम्पबाट करिब ९ हजार मान्छे मारिएका छन् भने करिब २५ हजार घाइते भएका छन्। अत्यधिक पशुपक्षी लगायत जीवजन्तुको क्षति भएको छ। पाँच लाख भन्दा बढी घरहरु भत्केका छन्, धेरै सार्वजनिक विद्यालय, स्वास्थ्य चौकी र सामुदायिक भवनहरु क्षतिग्रस्त भए भने ऐतिहासिक, धार्मिक, पुरातात्विक र साँस्कृतिक महत्वका सम्पदाहरुमा पनि अत्यधिक क्षति पुगेको छ। भूकम्प पश्चात् गरिएको आँकलन (Post Disaster Need Assessment-PDNA) अनुसार कूल ६.५ खर्ब बराबरको क्षति भई यसलाई पुनर्निर्माण गर्नुपर्ने भएको छ।

बैशाख १२ को भूकम्प र त्यस पछिका पराकम्पनहरुको असरले गर्दा समस्यामा परेका नेपाली दाजुभाइ-दिदीबहिनीहरु तत्काल राहत आवश्यक परेकोले विभिन्न सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबाट समेत सहयोगको हात तत्काल बढाइएको थियो। यसक्रममा भूकम्प गएको दिन शनिबार परेको र लगातार ठूला स्केलका पराकम्पनहरु जाने क्रम निरन्तर रहेकोले केही गर्न सकिएन। भोलिपल्ट १३ गते पनि सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय हेर्नु हुने उपप्रधानमन्त्री, सचिव लगायत मन्त्रालयका वरिष्ठ कर्मचारीहरुले छलफल गरी काठमाण्डौ उपत्यकाका काठमाण्डौ महानगरपालिका, ललितपुर उपमहानगरपालिका, भक्तपुर नगरपालिका, थिमी र कीर्तिपुर नगरपालिकाका विभिन्न वडाहरुमा सञ्चालित शिविरहरुमा मन्त्रालयका उपसचिवहरुको नेतृत्वमा टिम खटाएर शिविरमा आश्रय लिएर बसेका भूकम्प पीडितहरुलाई पानी, सरसफाई, त्रिपाल लगायतका सामग्रीहरुको व्यवस्थापनमा सहयोग गर्ने सल्लाह भए अनुसार हामी कर्मचारीहरु विभिन्न स्थानमा खटेका थियौं। मलाई भने केन्द्रीय समन्वयमा राखी जिल्ला-जिल्लाबाट सूचना प्राप्त गरी रिपोर्टिङ्ग गर्ने टोलीमा खटाइएको थियो।

---

* उप सचिव, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

भूकम्पको क्षति पश्चात् व्यवस्थापन बारे छलफल

जिल्ला-जिल्लाबाट साथीहरुसँग सम्पर्क गर्दा जताततै भयावह स्थिति रहेको र तत्काल राहतको लागि पहल गर्नुपर्ने कुराहरु आइरहेको थियो । यस बीचमा ठोस केही गर्नु पर्छ भन्ने लागेर छट्पट भयो तर सबैलाई हुने गरी यो दिन खासै केही गर्न सकिएन । १४ गते सचिव सोमलाल सुवेदी, महाशाखा प्रमुख सहसचिवहरु पूर्णचन्द्र भट्टराई, रेश्मीराज पाण्डे, गोपीकृष्ण खनाल र धनबहादुर श्रेष्ठ, युएनडिपीका कन्ट्री डाइरेक्टर रिनो मेयर, डेपुटी कन्ट्री डाइरेक्टर सोफी खण्डान्डेज, डिजाष्टर हेर्ने रामनाथन र असिस्टेन्ट कन्ट्री डाइरेक्टर यामनाथ शर्मा, डिपि सेल प्रमुख अनिल चन्द्रिका र म भएर अब तत्काल केही गर्नुपर्छ भन्ने सल्लाह गरियो । युएनडिपीले आफ्नो तर्फबाट पनि केही गर्ने इच्छा व्यक्त गरेको थियो । हामीले स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (एलजिसिडिपि) को पनि के गर्दा उपयुक्त हुन्छ भन्ने सोच गर्दागर्दै सो दिन पनि बित्यो ।

त्यस पछि १५ गतेका दिन एलजिसिडिपिका दाताहरुले माने भने सबै प्रभावित गाउँ विकास समिति (गा.वि.स.) र नगरपालिकाहरुमा केही रकम निकासा गर्न सके राम्रो हुने थियो भन्ने हामीलाई लाग्यो । त्यस पछि यस बिषयमा सर्वप्रथम सहसचिव रेश्मीराज पाण्डे र मसँगै बसेर सल्लाह गरियो र उहाँले दातासँग सहमति गर्न निर्देशन दिनु भयो । तत्पश्चात् मैले युएनडिपीका यामनाथ शर्मा, डिएफआइडिका बिष्णु अधिकारी, नर्वेका भोला दाहाल, एसडिसीका प्रकाश रेग्मी र डानिडाका सरोज नेपाल तथा डिपी सेलका अनिल चन्द्रिकासँग अनौपचारिक छलफल गरेँ र उहाँहरु सबै तत्काल केही गर्नुपर्छ भन्ने बिषयमा सकारात्मक देखिनु भयो र जे गर्नुपर्छ तत्काल गरौं भन्नु भयो । यस पछि म र मेरा टिमका साथीहरु मिली एउटा योजना खाका बनाई मन्त्रालयमा सचिव र वरिष्ठ टिमलाई आफ्नो योजना प्रस्तुत गऱ्यौं । उपप्रधानमन्त्रीबाट योजना खाकालाई सहमति दिई एलजिसिडिपिको राष्ट्रिय सल्लाहकार उपसमिति (सबन्याक) को बैठक १६ गते बोलाउने निर्देशन दिनु भएकोले मैले सोही दिन सबैजना सदस्यहरुलाई खबर गरी बैठक बस्ने जानकारी गराएँ ।

सबन्याकको बैठकले नेपाल सरकारले अति प्रभावित र सङ्कटग्रस्त भनी तोकेका १४ जिल्लाहरु मध्ये अति प्रभाव देखिएका गोर्खा, धादिङ्ग, नुवाकोट, रसुवा र सिन्धुपाल्चोकमा प्रतिगा.वि.स. रु. ९ लाखका दरले र अपेक्षाकृत अलि कम प्रभाव देखिएका काठमाण्डौ, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, मकवानपुर, रामेछाप, सिन्धुली, दोलखा र ओखलढुङ्गा जिल्लाका प्रत्येक गा.वि.स.लाई प्रतिगा.वि.स. रु. ४ लाख ५० हजारका दरले र यी सबै जिल्लाका सबै नगरपालिकाका प्रत्येक वडालाई प्रतिवडा रु. २ लाखका दरले गरी जम्मा रु. ५० करोड ४८ लाख रकम तत्काल राहत स्वरुप निकासा पठाउने र रकम खर्च गर्दा अपनाउनु पर्ने विधि बारे दाताका तर्फबाट भोला दाहाल र यामनाथ र सरकारका तर्फबाट म र सुवास शिवाकोटीले टुङ्गो लगाउने तय भयो । हामी बसेर करिब २ घण्टामा १ पेजको मस्यौदा तयार गरी प्रस्ताव गरेकोमा सबै बसेर केही थपघट सहित कार्यविधि समेत पारित भयो । कार्यविधिमा खास गरेर ४ वटा क्षेत्रहरु (१) खानेपानी, जीवनजल र प्राथमिक उपचार, (२) प्रभावित नागरिकलाई अस्थायी आवास, (३) पीडितहरुको लागि बढीमा ७ दिनसम्मको लागि खाद्यान्न व्यवस्था, र (४) अस्थायी चर्पी तथा सरसफाई व्यवस्थापनका कार्यमा स्थानीय नागरिक संस्थाहरु वडा नागरिक मञ्चहरु र गा.वि.स. सचिव समेत भई प्राप्त रकम सामूहिक रुपमा निर्णय गरेर भूकम्पबाट पीडित नागरिकहरुलाई तत्काल राहत पुऱ्याउने कार्यमा खर्च गर्न सकिने व्यवस्था गरिएको थियो । २०७२ जेष्ठ २५ भित्र खर्च सम्पन्न गरिसक्नु पर्ने गरी १४ जिल्लाका ५८० गा.वि.स. र सो क्षेत्रमा रहेका ४१ नगरपालिकाका ६५० वडामा लागू हुने गरी उपलब्ध गराइएको यो रकम र खर्च गर्ने प्रकृयाले भूकम्प प्रभावित स्थानीय तहमा सरकारको उपस्थिति र नागरिक संस्थाहरु प्रति विश्वास आर्जन गर्ने अवस्था सिर्जना गर्न सकेको थियो ।

नेपालमा यस्ता समस्याहरु आइपर्दा सरकारले राहतको लागि विनियोजन गरेको रकम समयमा पुग्न नसकेर अपेक्षित ढंगमा कार्य गर्न नसकिएको गुनासो सधैं रहने गरेकोले मन्त्रालयले रकम व्यवस्थापनको लागि सम्बन्धित जिल्ला विकास समिति र आफ्नो कोषमा मौज्दात रहेको जुनसुकै रकमबाट भए पनि सम्बन्धित गा.वि.स. र नगरपालिकाको खातामा रकम उपलब्ध गराउने र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले यसमा सघाउने परिपत्र गरी सो परिपत्र तथा कार्यविधिलाई सबै स्थानीय एफ्.एम्. मार्फत् सार्वजनिक गरेकोले सबै नागरिकले सो बिषय स्पष्ट रुपमा जानकारी प्राप्त गरी रकमको सदुपयोग र उपलब्धतामा निकै सकारात्मक अवस्था सिर्जना हुन पुग्यो । तोकिएको अवधि पछि समीक्षा गर्दा पारदर्शी प्रकृया र रकम व्यवस्थापन तथा तल्लो तहमा निर्णयाधिकार दिन सकिएकोले रकमको

पूर्ण सदुपयोग तथा जनहितका कार्यमा कूल निकासाको करिब ९५ प्रतिशत खर्च गर्न सकिएको निष्कर्ष निस्किएको थियो ।

तोकिएको अवधिको अन्त्यमा निकासा भएको कूल रु. ५० करोड ४८ लाख मध्ये रु. ४८ करोड १ लाख खर्च भएको र सो खर्च रकमको ३० प्रतिशत खाद्य सामग्रीमा, ८ प्रतिशत सरसफाईमा, १७ प्रतिशत सरसामान ढुवानीमा, १३ प्रतिशत औषधि एवं खानेपानीमा र ३२ प्रतिशत अस्थायी आवासमा खर्च भएको प्रतिवेदन प्राप्त भएको थियो ।

दाताको कोषबाट स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम सञ्चालनार्थ उपलब्ध रकमबाट भूकम्पबाट प्रभावित जनतालाई तत्काल राहत पुगोस् भन्नाका खातिर नेपाल सरकार र दाताका प्रतिनिधिहरु मिलेर गरिएको निर्णयका आधारमा उपलब्ध गराइएको रकम भएकोले यसको खर्चको सार्वजनिक परीक्षण अनिवार्य गरिएको र अन्त्यमा स्वतन्त्र परामर्शदाताबाट खर्चको उपयोगिताको बारेमा अध्ययन समेत गराइएको थियो । स्वतन्त्र परामर्शदाताको प्रतिवेदनमा यो रकम खर्च गर्दा स्थानीय नागरिक संस्थाहरु लगायत स्थानीय जनताको उच्च तहको सहभागिता र अपनत्व हासिल गर्न सकेको, रकम व्यवस्थापन र खर्चमा





थोरै समयमा सोचे बमोजिम उच्च प्रगति हासिल भएको, नागरिक समाजले सम्बन्धित गा.वि.स. र नगरपालिकालाई निरन्तर सहयोग र दवाव सिर्जना गरी तोकेको काम सम्पन्न हुने वातावरण सिर्जना भएको, पारदर्शी प्रकृयाको कारणले रकम दुरुपयोग र हिनामिना हुने अवस्था नरहेको, कार्य जिम्मेवारी पाएकोले स्थानीय वडा नागरिक मञ्च र सामाजिक परिचालकको क्षमता अभिबृद्धि भएको तथा नागरिक तहमा विश्वास आर्जन गर्न सफल भएको, भोलिका दिनमा यी संस्थाहरुलाई स्थानीय विकास निर्माण, विवाद समाधान, अनुगमन तथा निगरानी र सेवा प्रवाहको कार्यमा विशेष जिम्मेवारी दिन सकिने देखिएको जस्ता निष्कर्ष सहित सुझाव प्राप्त भएको थियो ।

यो अभ्यासबाट हामीले राम्रो व्यवस्थापन र निगरानी तथा प्रचारप्रसार समेत गर्ने हो भने हाम्रा गा.वि.स., नगरपालिका तथा स्थानीय नागरिक संस्थाहरु अत्यावश्यक परेको खण्डमा भरपर्दो गरी जिम्मेवारी निर्वाह गर्न सक्छन्, हामीसँग स्थानीय तहमा पनि गुणस्तरीय काम गर्ने तथा राम्रोसँग खर्च व्यवस्थापन गर्न सक्ने क्षमता छ भन्ने कुरा प्रमाणित भएको छ । यो अभ्यासलाई सामान्य अवस्थामा समेत आवश्यक परिमार्जन गरी उपयोग गर्न सकेको खण्डमा विकास व्यवस्थापनमा पनि लाभ लिन सकिनेमा विश्वास बढेको देखिन्छ । ❖

२०७२ सालको बडादशैं, तिहार, छठ आदि चाडपर्वहरुको उपलक्ष्यमा सम्पूर्ण देशवासीहरुमा हार्दिक मंगलमय शुभकामना

वैकल्पिक तथा नवीकरणीय उर्जा अन्तर्गत लघु जलविद्युत निर्माण, सुधारिएको पानीघट्ट, जैविक उर्जा (गोवरग्याँस), सुधारिएको चुलो, रकेट चुलो, ग्यासीफायर, सौर्य उर्जा (सौर्य खानेपानी, सोलार बत्ति, सोलार कुकर, सोलार ड्रायर) आदिको निर्माण गर्न

साथै सफ्टवेयरमा आधारित वस्तुगत विवरण सहितको आवधिक योजना तयारी गर्न र नवीकरण उर्जा सम्बन्धी कार्य गर्नु परेमा हामीसँग सम्पर्क गर्नुहोस्:

नामसालिङ सामुदायिक विकास केन्द्र (NCDC), इलाम

सम्पर्क नं. ०२७ ५२०४११, ५२०७९२

Email: ncdcilam@ntc.net.np, Website: www.ncdcilam.org.np

'नेपालको महाभूकम्प १९९० साल' पुस्तकबाट

'माघ २ गतेकै दिन सोमबारे औंसी परेकाले धेरैजस्ता आइमाईहरु न्वाहीधोई पूजापाठ गरी ब्रत बसिरहेका थिए । चाडबाड मनाइसकेका दुनियाँहरु खेतमा काम गरिरहेका थिए । बिहानपख हुस्सु लागेको थियो तापनि अरु दिनको भन्दा घाम निकै कडै लागेको थियो । त्यसबखत घामको तेज करीब ६० डिग्री चढाउ भएको थियो तैपनि आँगन, कौसी र सडक-सडकमा समेत घाम तापिरहने धेरै थिए । सहर गाउँका भट्टीहरुमा मतवाली नेवार-भोटेहरुको भीड थियो । माघ महिना भएकोले गाउँलेहरु आफ्ना खेतको उब्जाउ बेच्न सहरका बजारमा आएकाले बजारतिर पनि भीड थियो । सरकारी अड्डामा काम भइरहेको थियो । पल्टन कवाज खेलिरहेका थिए । ठीक २ बजी २४ मिनेट २२ सेकेण्ड जाँदा अकस्मात् जमिनभित्रबाट गुडगुडे आवाज आयो र साथसाथै भूकम्प सुरु भयो । १९९० साल माघ २ गतेको महाभैंचालोको उत्पत्ति भयो ।'

'पोखरीको वा भाँडामा राखिएको पानी बाहिर फ्याँकियो । समुद्र बढेमा झैं शान्त पोखरीहरुको पानी ठूला-ठूला छालभैंकं उछिट्टिन लाग्यो । तोपको बढाइँमा झैं घर भत्केको भयङ्कर आवाज आउन थाल्यो । धुलोले गर्दा अन्धकार भयो । ८/१० हात अगाडि पनि देखिन नसक्ने भयो । सहरको धुलोले गर्दा टुँडीखेलजस्तो खुला जग्गामा पनि कुइरीमण्डल हुन गयो । सबै मानिसहरु खुला जग्गातिर भाग्न थाले । कोही अड्न नसकी केही चीजको भर लिई खडा रहे, कोही चार हात-खुट्टा टेकी चौपायाझैं भाग्न थाले । कोही छिँडीमा लुके । कोही चोकमा दौडे । कोही बारीतिर कुदे । कहीँ-कहीँ आमाहरु आफू खुलामा आइसकेपछि पनि आफ्ना छोराछोरीको मायाले घरभित्र पस्न जाँदा मृत्युको मुखमा परे । धुलोले अन्धो पारे तापनि अतासले गर्दा सबै मानिस दौडन थाले । साथसाथ सबले अतासमा ईश्वरको नाम लिई कराउन थाले र चारैतर्फबाट कोलाहल शब्द निस्कन थाल्यो । सो शब्द घर भत्केको आवाजसँग मिल्दा कस्तो भयङ्कर आवाज आयो होला, विचार गर्नुहोस् । खास गरी स्त्रीहरुमा धेरैजस्ताले धर्म हुन्छ भन्ने विचारले भाग्ने कोशिस नगरी पानी भर्ने वा औंलाले जमिन छुने यस्ता रकम-रकमका काम गरे । तर भाग्ने मानिसहरुले पनि सुख पाएनन् । सहरका साना-साना सडक र गल्लीहरु धराप बन्न गए । हजारौं घरले थिचिई अकाल मृत्युको गाँसमा परे । हजारौं घाइते भए । टुँडीखेलमा कवाज खेलिरहेका सिपाहीहरु उभिन नसकी धेरैजस्ता जमिनमा घोप्टो परे । खेत र सडकहरुमा चिराचिरा भई फाटिन गए । यी चिरा परेका ठाउँहरुबाट पानी निस्कन थाल्यो । सबै खोलानालामा बाडी आयो । बागमती, विष्णुमतीलगायत अरु सबै खोलाहरु छिनभरमै कालो र मैलो पानीले ढाकिए । कुनै ठाउँमा ८/१० हात माथिसम्म पानी फोहोराझैं जमिनबाट फुटी आयो । धेरैजस्ता खेत पानीले जलथल भए ।'

'छोराको सबै शरीर किचिरहेछ, मुख पक्क-पक्क बाएको इँटाका अन्तरबाट अलि-अलि देखिन्छ, आ-मा-भनेको मलिन आवाज अलिअलि सुनिन्छ, इँट काठ पन्छाएर छोरो झिक्न मद्दत पुग्दैन । यस्तो अवस्थामा त्यस अभागिनी आमाको तस्बिर खिच्नुहोस् । जहानमा ११ जना थिए, सबै किचिएर मरे, एउटा पाँच वर्षको बालक बाँच्यो, यो टुहुराको सम्झना गर्नुहोस् । विवाह गरेको वर्षदिन पनि भएको छैन, १५ वर्षकी बाहुनी विधवा भई, यसले छाती पिटी-पिटी रोएका करुणाक्रन्दनको विचार गर्नुहोस् । जहानमा कसैको टाउको फुटेको छ, कसैको हात भाँचिएको छ, कुनै वेपत्ता छन्, कसैलाई खोस्रेर झिक्दै छन्, कसैलाई पोल्न लगिसके । घ्याम्पो फुट्यो, अन्नको गेडो छैन, घरमा मुर्दा लडिरहेको छ, कात्रो किन्न जाने पसल छैन, दाउरा किन्ने पैसा छैन । घर भत्केका काठपातले मुर्दा पोलिए । बाबु मऱ्यो, छोराले किरिया गर्नलाई कपाल खौरन छुरा पाएन । पुरेत बाजेसँग किरिया गराउने पुस्तक छैन, घरले किचिएको छ, अथवा कहाँ छ पत्तो छैन । किरियापुत्रीले नयाँ धोती नपाएर पुरानो पटुका फेरेर किरिया बस्नुपऱ्यो । सारा सहर भत्क्यो, पसल भत्के, केही किन्न पाइँदैन । रात पऱ्यो, माघे झरी पर्ने डर छ, ओत छैन ।'

'धेरैका घर चिराचिरा भएका र सद्दे घर भएकाहरु पनि धेरैजस्ता डराएकाले बासको कठिनता पर्न आयो । राजधानी खाल्टाभित्रमा मात्रै जम्मा ५५,३७९ घरमा नोक्सान पर्न गयो अर्थात् १०० मा ७० घर नोक्सान भए । त्रि-चन्द्र कलेज र गेष्टहाउसमा परदेशी र कोहीकोही नेपालीहरुलाई राखे । आफ्ना आधारमा परेका परदेशीहरुको सुविस्ताको ख्याल गर्नु सम्झी तिनीहरुलाई सकेसम्म सरकारले सुविस्ता दिए । एक/दुई जङ्गल बाहेक डाँडाभाटा काट्नको निमित्त सरकारी वनहरु दुनियाँको लागि खोलिए । गाउँगाउँमा पराल भएकोले छाप्रा चाँडै बनाए । तर सहरमा केही कठिन पर्न गयो ।'

गाउँगाउँतिर कूत तिर्ने बखत भएकाले धेरैका घरमा धान-मकै जम्मा गरेका थिए । घरले पुरिई धेरै अन्नको नोक्सान हुन गयो । कूत बुझाइ नसकेका रैतीहरुलाई दोहोरो आपत पर्न गयो । तसर्थ राजधानीभित्रका गाउँगाउँमा र पहाडमा समेत रैतीलाई अन्न विषे विशेष कष्ट पर्न गयो । भएको अन्न

माटो लागिहाल्यो । किनूँ भने पनि पैसा छैन, कस्तो आपत पऱ्यो होला । पैसा भएका सहर-वासिन्दाहरुलाई त ३/४ दिनसम्म कठिन पऱ्यो भने उनीहरुको कस्तो हालत भयो हो ? सो विचार गर्न सकिन्छ । अनिकालको डरले सबैले थोरै-थोरै खान थाले । धेरैजस्ता गाउँलेहरुले मकैभटमास खाई पेट पाल्न थाले । पछिपछि पुरिएका चामल माटोबाट केलाई पेट पाले । अन्नको कम्ती भएको बखतमा झन् उल्टो बालकदेखि बूढासम्म सबैको भोक जाग्यो । कोहीकोही साहुमहाजनले अन्न लुकाएर अन्नको भाउ बढेकाले साहुमहाजनले यस्तो बखतमा ज्यादा नाफा लिन हुँदैन, साविककै दरमा अन्न बेच्नुपर्छ, अन्न लुकाउन पाउँदैनन्, नत्र सजाय हुन्छ भन्ने इस्तिहार जारी भयो ।'

'भूकम्पको दिनैदेखि ठाउँठाउँमा पालो थप र सहरमा पुलिसको कडा चेवा र कडा रमन हुन लागेको थियो तापनि माघ ५ गतेदेखिन् सहरमा मुख्य-मुख्य ड्यौढी, बस्ती, धनमाल धेरै भएका ठाउँमा सिपाहीहरुलाई बन्दुक, गोलीगठ्ठा दिई अखडा राखिए । साथसाथ लोक-रक्षाके खातिर 'जङ्गी कानून' पनि जारी भयो :

१. खास चोर वा शंकाका चोरजस्ता भए तापनि साविकको इन्साफ पाउने छैनन् ।
२. त्यसदिन (माघ ५) देखि बेलुका ८ बजेभन्दा अघि र विहान तोप चलेपछि मात्र घर बाहिर निस्कन पाउने । सो टायमभन्दा ढिलो वा अगाडि बाहिर भेट्टाएमा कडा सजाय हुनेछ ।
३. चोरलाई मारिदिए केही बात लाग्दैन ।
४. पिकेट (अखडा) का सिपाहीहरुलाई 'शंका परेको मानिसलाई तीन पटक सोध्नू, केही जवाफ दिएन वा भाग्न लाग्यो भने पक्रने कोसिस गर्नू, सो नसके गोली पिलाई दिनू' भन्ने उर्दी भयो । जर्नेल, भारादार, अफिसर जसजसको बन्दुक थियो उनीहरुका घरमा पनि चोरलाई मारेमा बात लाग्दैन भन्ने उर्दी जारी भयो ।'

'श्री ३ बाट माघ ९ गते काली-तटको ढकनाबाधमा मण्डप खडा गरी विधिपूर्वकको १००० गाई दान भयो, जुन पुण्य भैंचालोमा मरेकाको उद्धारलाई बक्सेको हो ।'

'यो इलम यही जातले गर्नुपर्दछ भन्ने नियम केही छैन, सबै किसिमका इलम जसलाई पनि बखतमा काम लाग्दछ । 'बाह्र हजार तेली, बाह्र हजार धोबी, बाह्र हजार नाउ' भन्ने गोरखाली उखानै छ । के यो जातिलाई लिएर भनेको होइन र ? सबैले सबै काम जानेको र गर्ने गरिआएको छ भनेरै यो भनेको हो । यस्तै 'घर-घर डकर्मी' भन्ने अर्को उखान खडा गराउन पाए के देशलाई यस बखतमा असल होओइन ?'

'हाम्रो यहाँ राजधानीमा रहेको फौजका मानिसहरुले र पुलिस, चप्रासीहरुले पनि त्यो संकटको समयमा आफ्नो घरबार, डेराबण्डा, जहानबच्चाहरुको समेत ध्यान नराखी भोक, प्यास, निद सही पुरिएकालाई जिउँदै झिक्ने, मरिसकेकाको लाश उठाई सद्गद् गराउने, पीडितहरुलाई सहायता गर्ने, कडा पालोपहरा गरी धनमाल बचाइदिने इत्यादि आडर-बमोजिमका काम तनमन दिई बखतको कर्तव्य सम्झी रुजु रही गरेको देख्न सुन्न पाउनाले भित्रैदेखि खुसी लागेको छ । त्यस्तो अवस्थामा रुजु रही ज-जसले यो काम गरेका छन् तिनी जमादारदेखि सिपाहीसम्म र पुलिस, चप्रासीहरुलाई बाँडिदिनलाई एक लाख रुपैयाँ हामीबाट बक्सेको छ । त्यसबाट भाग-शान्ति तिनीहरुलाई बाँडिनेछ ।'

'भूकम्पको खबर थाहा हुनासाथ विदेशबाट नेपाल सरकारमा सहानुभूतिको वर्षा हुन थाल्यो । बेलायतलगायत अरु विदेशहरुबाट समेत आयो । हिन्दूस्तानका बडापुरुषहरुमध्ये कवि रविन्द्रनाथ ठाकुर, प. मदनमोहन मालवीयहरुबाट सहानुभूतिको तार आयो । 'इण्डियन मेडिकल सोसाइटी र मारवाडी रिलिफ सोसाइटीहरु' ले 'सहायता दरकार परे समर्पण गर्दछौं' भनी तार पठाए । तर सबैलाई धन्यवाद र कृतज्ञता जनाइ जवाफ गयो । मारवाडी रिलिफ सोसाइटीलाई तल लेखिएको उत्तर गयो ।

तारको निमित्त धन्यवाद ! अहिले सहायताको दरकार छैन ।'

(साभारः 'नेपालको महाभूकम्प १९९० साल' लेखक- ब्रह्मशमशेर राणा, प्रकाशक-प्राइम बुक्स, प्रा.लि., बागबजार, तेस्रो संस्करण, २०७२ आषाढ) ❖

स्थानीय निकायहरू :

जिल्ला विकास समिति	- ७५
महानगरपालिका	- १ (काठमाडौं महानगरपालिका)
उपमहानगरपालिका	- १२ (धनगढी, नेपालगञ्ज, बुटवल, पोखरा, भरतपुर, वीरगंज, हेटौडा, जनकपुर, धरान, इटहरी, विराटनगर र ललितपुर)
नगरपालिका	- २०४
गाउँ विकास समिति	- ३१५७
नगरपालिका विहिन जिल्ला	- ७ (मुगु, डोल्पा, कालिकोट, हुम्ला, रसुवा, मनाङ र मुस्ताङ

'भदौ ५ को भूकम्प २०४५' पुस्तकबाट

'नियमित जनजीवनलाई खलबल्याउने खालको घटना लिएर २०४५ भदौ ५ गतेको विहान नेपालीहरुका घरसंघारमा (भूकम्प) भित्रियो । विशेष गरेर पूर्वाञ्चल र मध्यमाञ्चल क्षेत्रका निवासीहरुका लागि यो भूकम्प विषाद र आशंकाको खाडल बन्न पुग्यो । विहान ४ बजेर ५४ मिनेट ३५ सेकेण्डमा गएको भूकम्पले गर्दा कैयौंले ज्यान गुमाउनु पऱ्यो र कैयौंको गाँस, बास, कपास तथा अन्य सुविधा भताभुङ्ग भयो । चालिस सेकेण्डसम्म गएको यो भूकम्प नेपालमा विगत ५५ वर्षमा सबभन्दा ठूलो थियो । यसको केन्द्रविन्दु सगरमाथा अञ्चल उदयपुर जिल्लाको मुर्कुच्चे सिमलेलाई मानिएको छ । (भूकम्पको) उद्‌गम विन्दु जमिनको गहिराइमा हुन्छ र त्यसको ठिक माथिको सतहलाई केन्द्रविन्दु मानिन्छ । भदौ ५ गते गएको भूकम्पको उद्‌गम विन्दुको गहिराइ ५५ किलोमिटर भएको अनुमान छ । यसको क्षमता वा उर्जामान चाहिँ ६.६ रेक्टर स्केलको ठानिएको छ । सबभन्दा बढी असर पूर्वाञ्चलका सुनसरी, पाँचथर, धनकुटा, उदयपुर, इलाम, तेह्रथुम, मोरङ्ग र खोटाङ्गमा परेको देखिन्छ । मध्यमाञ्चलको सिन्धुली जिल्लामा पनि निकै क्षति भएको छ । त्यसपछि केही बढी प्रभावित जिल्लाहरुमा पूर्वाञ्चलका भोजपुर, संखुवासभा, सप्तरी, ओखलढुंगा, सिराहा र मध्यमाञ्चलका भक्तपुर र काभ्रेपलाञ्चोक पर्दछन् । विशेषतः यस भूकम्पले क्षति पुऱ्याएका क्षेत्रहरुमा तराईको उत्तरी भाग तथा पहाडको कछाड र त्यसभन्दा माथिल्ला केही पहाडी क्षेत्र देखा पर्दछन् ।'

'श्री ५ को सरकारले भूकम्पबाट मरेका तथा पीडित भएका व्यक्तिहरुप्रति समवेदना तथा सहानुभूति व्यक्त गर्न असोज ५ गते राष्ट्रिय शोक मनाउने निर्णय गऱ्यो । उक्त दिन भूकम्पबाट परलोक भएका व्यक्तिहरुको सम्झनामा राष्ट्रिय झण्डा आधा झुकाइयो । सरकारी एवं गैरसरकारी कार्यालयहरु तथा विद्यालयहरु बन्द गरिए । उत्सव तथा मनोरञ्जनका सबै कार्यकलापहरु स्थगित भए । देशका विभिन्न भागका स्थानीय देवदेवीका मन्दिरमा दिवंगतहरुको चिरशान्तिका लागि पूजा तथा शान्ति स्वस्ति गरिनुका साथै शोकसभाहरुको पनि आयोजना गरियो ।'

क्षतिको विवरण तालिका - समग्रमा

क्र.सं.	विवरण	पुर्वाञ्चल	मध्यमाञ्चल	जम्मा
१	मानिस मृत्यु संख्या	६६८	५३	७२१
द्द	सख्त घाइते संख्या	१,५७५	८२	१,६५७
३	साधारण घाइते संख्या	४,५०६	३९०	४,८९६
४	व्यक्तिगत घर भत्केको संख्या	१६,६४३	५,३३३	२१,९७६
५	व्यक्तिगत घर चर्कि बस्न नहुने संख्या	३४,९१७	७,२८१	४२,१९८
६	सार्वजनिक भवन भत्केको संख्या	१००	५०	१५०
७	सार्वजनिक भवन चर्कि बस्न नहुने संख्या	१४६	१७२	३१८
८	सरकारी भवन भत्केको संख्या	२०३	२०	२२३
९	सरकारी भवन चर्कि बस्न नहुने संख्या	४३१	१३६	५६७
१०	क्षति भएका पञ्चायत भवन	१०३	५५	१५८
११	विद्यालय पूर्ण क्षति (अनुदान पाउने)	२०४	१४२	३४६
१२	विद्यालय आंशिक क्षति	२७४	३३०	६०४
१३	पशुधन क्षति	१,३४१	२२५	१,५६६
१४	क्षतिग्रस्त विकास आयोजना	१,९८१	२७	२,००८

(साभारः भदौ ५ को भूकम्प, २०४५, लेखक : निरञ्जन थापा, प्रकाशक : केन्द्रीय दैवीप्रकोप उद्धार समिति, द्वितिय संस्करण, २०४६ असार)

गरीबी निवारण कोष
सामान्य जानकारी तथा कार्यान्वयन स्थिति

कार्यक्षेत्र (Working Area)

बि. सं. २०६० सालमा स्थापना भएको कोष हाल ५५ जिल्लामा कार्यरत छ। यसका अतिरिक्त कोषले थप ३ जिल्लाहरुमा नवीनतम् सोच भएका सिर्जनशील कार्यक्रमहरु सञ्चालन गरेको छ।

निर्देशक सिद्धान्तहरु (Guiding Principles)

कोषले ६ वटा आधारभूत निर्देशक सिद्धान्त अन्तर्गत कार्य गर्दै आएको छ। ती हुन्: क) गरीब लक्षित (अन्त्योदय), ख) सामाजिक समावेशीकरण (समावेशी), ग) पारदर्शीता, घ) माँगमा आधारित, ङ) प्रत्यक्ष लगानी (प्रत्यक्ष भुक्तानी), च) समुदायको संस्थागत विकास।

कार्यक्रमका प्रमुख आधार स्तम्भहरू (Programme Components)

सामाजिक परिचालन र सशक्तिकरण, आयआर्जन र स्वरोजगारी, सामुदायिक पूर्वाधार विकास र क्षमता अभिवृद्धि कोषका प्रमुख कार्यक्रम आधार स्तम्भहरु हुन्।

गरीब जनतासम्मको पहुँच (Reaching out to the poor)

कोषले २०७२ असारसम्म ५५ कार्यक्रम जिल्लामा झण्डै २७ हजार सामुदायिक संस्थाहरु मार्फत् विभिन्न आयआर्जनसँग सामुदायिक भौतिक पूर्वाधार उप-परियोजनाहरुलाई प्रत्यक्ष सहयोग पुऱ्याएको छ।

झण्डै ४ सय सहयोगी संस्थाले कोषका कार्यक्रमलाई सहजीकरण गरेका छन् भने कोषका कार्यक्रमका लाभान्वित सामुदायिक संस्था सदस्यका रुपमा ७ लाख २९ हजार ५ सय २८ गरीब घरधुरी रहेका छन् जसमा महिला सदस्यहरु ७५ प्रतिशत छ।

कुल लाभान्वित सामुदायिक संस्था सदस्य घरधुरी मध्ये ३ महिना खान नपुग्ने गरीब श्रेणीका ६५ प्रतिशत छन् भने ६ महिनासम्म खान नपुग्ने श्रेणीमा २६ प्रतिशत छन्। जातजातिका हिसाबले कुल लाभान्वित घरधुरी संख्यामा २७ प्रतिशत दलित, ३० प्रतिशत जनजाति र अन्य ४३ प्रतिशत रहेका छन्।

सकारात्मक विभेदका रणनीति अनुसार सामुदायिक संस्थाका समुदायका प्रमुख पदहरुमध्ये ३२ प्रतिशत दलित, ३० प्रतिशत जनजाति र ६४ प्रतिशत महिलाहरुले ओगटेका छन्।

समुदायको संस्थागत विकास (Community Institutional Development)

कोषका शुरुका कार्यक्रम जिल्लाहरुका समुदायको सक्रियतामा समुदायले नै बहुउद्देश्यीय, एकल बहुउद्देश्यीय सहकारी संस्था तथा सामुदायिक संस्थाको महासंघ तथा गा.वि.स. स्तरीय सञ्जाल निर्माणजस्ता प्रयासहरु शुरु भएका छन्।

हालसम्म कोष अन्तर्गत १०६ सहकारी स्थापना भएका छन् जसमा २००० वटा सामुदायिक संस्थाका संघ (Federation) स्थापना भैसकेको छ भने कतिपय गठन प्रकृयामा छन्। कोषले समुदायका स्तरोन्नति (Community Graduation) का लागि निर्देशिका तयार गरिसकेको छ।

- यसैगरी गा.वि.स. स्तरमा समुदायहरुका अनौपचारिक सञ्जालहरु गठन भएका छन्।
- पूर्वाधारसँग सम्बन्धित कार्यक्रमका लागि समुदायले सञ्चालन तथा मर्मत कोषको स्थापना गरी सामुदायिक पूर्वाधार आयोजनाको मर्मत सम्भारका लागि आफैंले जिम्मेवारी लिएका छन्।

गरीबी निवारण कोषले स्थानीय निकायहरूसँग गरेका साझेदारीका प्रयासहरूः

गरीबी निवारण कोष अन्तर्गत ५५ जिल्लामा सञ्चालित कार्यक्रम हेर्ने कार्य प्रबन्धकलाई जिल्ला विकास समितिको निकट समन्वयमा रही जिल्ला विकास समितिले कार्यकक्ष उपलब्ध गराउन नेपाल सरकार (सचिव स्तर) बाट निर्णय भई सम्बन्धित जिल्ला विकास समितिलाई पत्राचार गरिएको छ।

(क) बोर्डको निर्णयहरू

- कोषमा कार्यरत कार्य-प्रबन्धकहरुलाई सम्बन्धित जिल्लामै कार्यालय खोली पदस्थापन गर्ने व्यवस्था आ. व. २०७२/७३ को शुरुदेखि नै कार्यान्वयन गर्ने निर्णय भएको छ।
- हाल कार्यरत कार्य-प्रबन्धकलाई उक्त बमोजिम जिल्लामा खटाउने र बाँकी जिल्लामा नपुग कार्य-प्रबन्धकको थप दरबन्दी सिर्जना नभएसम्म वार्षिक करारको आधारमा योग्य व्यक्तिबाट करारमा कार्य प्रबन्धकको परामर्श सेवा लिने निर्णय भएको छ।

(ख) सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय तथा गरीबी निवारण कोषका बीच समझदारी

- गरीबी निवारण कोषलाई जिल्लामा कार्यालय संचालनका लागि सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय तथा गरीबी निवारण कोष बीच कोषको कार्यक्रम संचालित जिल्लाको जिल्ला विकास समितिमा एक कार्यकक्ष उपलब्ध गराउने समझदारी भएको छ ।
- सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले जिल्ला विकास समिति मार्फत् गरीबी निवारण कोषको कार्यक्रमको आवश्यकता अनुसार अनुगमन तथा निरिक्षण गर्ने छ र कार्य-प्रबन्धकलाई कार्यसम्पादनका निम्ति आवश्यक सहयोग उपलब्ध गराउने समझदारी भएको छ ।
- गरीबी निवारण कोषले सम्बन्धित जिल्ला विकास समितिको बैंक खातामा अनुगमन, मूल्याङ्कन लगायत कार्यालय सञ्चालनको लागि सहजीकरण गर्न वार्षिक रुपमा एकमुष्ठ अनुदान रकम सिधै जिल्ला विकास समितिमा विनियोजन गर्ने समझदारी भएको छ । ❖

भूकम्पमा घरभित्र सुरक्षत रहने तरिका

स्रोत : आइतबार, १७ जेठ २०७२, नेपाल

भवन निर्माण संहिता भूकम्प थेग्ने घर बनाउने तरिका हो ।

गारोवाला घरलाई भूकम्प थेग्ने बनाउने पाँच प्रमुख उपायहरू:



थप जानकारीका लागि:

भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल

कार्यविनायक नगरपालिका, वडा नं. ४, भैंसेपाटी आवास क्षेत्र, ललितपुर

पो.ब.नं. १३७७५, काठमाडौं, फोन नं.: ५५९१०००, फ्याक्स नं.: (९७७-१) ५५९२६९२,

इ-मेल: nset@nset.org.np, वेब साइट: www.nset.org.np

भवन निर्माण संहिता भूकम्प थेग्ने घर बनाउने तरिका हो ।

पिलरवाला घरलाई भूकम्प थेग्ने बनाउने पाँच प्रमुख उपायहरू:



थप जानकारीका लागि:
भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल
कार्यविनायक नगरपालिका, वडा नं. ४, भैंसेपाटी आवास क्षेत्र, ललितपुर
पो.ब.नं. १३७७५, काठमाडौं, फोन नं.: ५५९१०००, फ्याक्स नं.: (९७७-१) ५५९२६९२,
इ-मेल: nset@nset.org.np, वेब साइट: www.nset.org.np

नवीकरणीय ऊर्जा अनुदान नीति, २०६९ः संक्षिप्त जानकारी

विभिन्न ऊर्जा प्रविधिहरुमा नेपाल सरकार तथा विभिन्न दातृ निकायहरुबाट प्राप्त हुने आर्थिक सहयोगको लागि नेपाल सरकारले स्वीकृत गरेको नवीकरणीय ऊर्जा अनुदान नीति, २०६९ अनुसार देहाय वमोजिमको अनुदान रकम उपलब्ध गराइने नीति रहेको छ ।

प्रविधि	प्रकार	अनुदान			
लघु तथा साना जलविद्युत	१० किलोवाट भन्दा कम	घरधुरी सहित प्रति उत्पादित किलोवाटमा अधिकतम रु. १,६५,०००। सम्म			
	१०–१०० किलोवाट	घरधुरी सहित प्रति उत्पादित किलोवाटमा अधिकतम रु. २,५५,०००। सम्म			
	१००–१००० किलोवाट	घरधुरी सहित प्रति उत्पादित किलोवाटमा अधिकतम रु. २,२०,०००। सम्म			
सुधारिएको पानी घट्ट	पिसानी र कुटानी तथा पिसानीको लागि प्रति घट्ट अधिकतम रु. २०,०००। र ४०,०००।				
	पानीघट्टबाट विद्युतीकरण गर्न प्रति किलोवाट अधिकतम रु. ९०,०००। (ढुवानी सहित)				
सौर्य विद्युत प्रणाली (प्रति प्रणाली अधिकतम)	१० वाट पिक	२० देखि ५० वाट पिक	५० वाट पिक भन्दा बढी		
	प्रति घरधुरी रु. ५,०००।	प्रति घरधुरी रु. ७,०००।	प्रति घरधुरी रु. १०,०००।		
	सार्वजनिक संस्थाहरुको लागि अधिकतम रु. १० लाख (कूल लागतको ७५% सम्म), सामुदायिक सौर्य विद्युत पम्पमा अधिकतम रु. १५ लाख (कूल लागतको ७५% सम्म), सौर्य चूलोमा अधिकतम रु. १०,०००। (कूल मूल्यको ५०% सम्म) र ड्रायरमा अधिकतम रु. १ लाख ५० हजार (कूल लागतको ५०% सम्म)				
घरायसी बायोग्याँस		२ घन मिटर	४ घन मिटर	६ घन मिटर	८ घन मिटर
	हिमाली क्षेत्रका जिल्लाहरु	रु. २५,०००।	रु. ३०,०००।	रु. ३५,०००।	रु. ४०,०००।
	पहाडी क्षेत्रका जिल्लाहरु	रु. २०,०००।	रु. २५,०००।	रु. ३०,०००।	रु. ३५,०००।
	तराई क्षेत्रका जिल्लाहरु	रु. १६,०००।	रु. २०,०००।	रु. २४,०००।	रु. २५,०००।
सुधारिएको चूलो	दुई मुखे वा कममा प्रति घरधुरी रु. ३,०००।, तीन मुखेमा प्रति घरधुरी रु. ४,०००।, संस्थागत फलामे चूलोमा प्रति संस्था अधिकतम रु. २०,०००।, दुई मुखे वा कमका फलामे रकेट चूलोमा प्रति घरधुरी अधिकतम रु. २,०००। र जैविक ऊर्जाबाट विद्युत उत्पादन गर्न अधिकतम रु. २,००,०००।				
वायु ऊर्जा	१० कि.वा. भन्दा कममा प्रति घरधुरी अधिकतम रु. २०,०००। (प्रति कि.वा. अधिकतम रु. १,५०,०००।) र १० देखि १०० कि.वा.मा प्रति घरधुरी अधिकतम रु. २०,०००। (प्रति कि.वा.अधिकतम रु. १,७५,०००।)				
साथै उत्पादनमूलक उर्जामा आधारित व्यवसायहरुलाई पनि अनुदानको व्यवस्था छ ।					

यस्ता नवीकरणीय ऊर्जाका प्रविधिहरुमा अनुदानको मात्रा भौगोलिक क्षेत्र अनुसार फरक रहेको छ । साथै एकल महिला, पिछडिएका वर्ग, विपत्ति पीडित, गरिब, द्वन्द्वबाट प्रभावित तथा सरकारले पहिचान गरेका लोपोन्मुख जनजाति आदिको लागि थप अनुदानको व्यवस्था गरिएको छ ।

नेपाल सरकार

विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

खुमलटार, ललितपुर

फोन नं ०१–५५३९३९०, ५५३९३९१, ५५३९२३७, **फयाक्सः** ०१ ५५४२३९७

वेवसाईटः www.aepc.gov.np, **ईमेलः** info@aepc.gov.np

We are Experts in Designing and Fabrication of

Hydro Mechanical Parts



Truss & Steel Structures

Bailey & Steel Bridges

RUN BY AN EXPERIENCED GROUP OF HYDROPOWER DEVELOPERS

अपि हाइड्रो मेकानिकल प्रा. लि. Api Hydro Mechanical Pvt. Ltd. AHM 2014

Api Hydro Mechanical Pvt. Ltd.

Trade Tower Nepal, Thapathali, Kathmandu, Nepal

Phone: +977 1 5111037, Fax: +977 1 5111035

Email: info@apihydromech.com

CATEGORIES OF EARTHQUAKE-AFFECTED DISTRICTS



Source: GoN/MoHA as of 21 May 2015





स्रोत : आइतबार, १७ जेठ २०७२, नेपाल

काभ्रे जिल्लाको गैरीविसौना गा.वि.स.का भूकम्प पीडितहरूलाई स्वशासन अध्ययन प्रतिष्ठानले गरेको सहयोग

बि. सं. २०७२ वैशाख १२ गतेको ७.८ रेक्टर स्केलको विनाशकारी भूकम्प र त्यसपछि बैशाख १३ गतेको ६.९ रेक्टर स्केल र बैशाख २९ गतेको ७.४ रेक्टर स्केल लगायत अन्य थुप्रै पराकम्पन र यसले पुऱ्याएको क्षति नेपालीहरुले सजिलै बिर्सन सक्ने छैनन् । यस विपत्को घढीमा थुप्रै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकाय, संघ-संस्था र व्यक्तिहरुले समेत भूकम्प पीडितहरुको लागि सहयोग पुऱ्याएका थिए । यस विपत्को सामना गर्न स्वशासन अध्ययन प्रतिष्ठानले आफ्नै क्षमतामा 'ईन्लोगोस प्रकोप उद्धार कोष' स्थापना गरी कार्य गरिरहेको छ । यस कोषमा प्रतिष्ठानको आन्तरिक स्रोत, आफ्ना सदस्य, महिलाका हात र केही वाह्य निकाय र व्यक्तिहरुबाट सहयोग प्राप्त भएको छ । प्राप्त भएको रकम प्रतिष्ठानले तयार गरेको नमुना गाउँ विकास समिति (गा.वि.स.) अवधारणा अनुसारका कार्यहरुमा खर्च गरिएको छ ।

जिल्ला विकास समतिसँगको समन्वयमा काभ्रे जिल्लाको गैरीविसौना देउपुर गा.वि.स.मा प्रतिष्ठानले काम गर्दै आएको छ । गैरीविसौना देउपुर काभ्रे जिल्लाको भूकम्पबाट अति प्रभावित गा.वि.स. हो । प्रतिष्ठानले गा.वि.स.का सचिव, स्थानीय राजनैतिक दल, शिक्षक, वुद्धिजीवी र भूकम्प प्रभावित मानिसहरुसँग छलफल गरी वडा नं. १, २ र ९ का पीडित परिवारलाई राहत सामग्री वितरण गरेको छ । प्रतिष्ठानले दुई चरणमा गरी वितरण गरेको जस्तापाताबाट ६७ घर परिवारका ४१० जना लाभान्वित भएका छन् । यस गा.वि.स.मा प्रतिष्ठानले देहाय वमोजिमका सामग्री वितरण गरेको छः

- १२ फुटे २६ गेज आर.एम्.सी. जस्तापाता ९२ वण्डल र ६ फुटे जस्तापाता ३० वण्डल गरी जम्मा १२२ वण्डल
- छाना बन्धनका लागि जि.आई.तार १८३ के.जी., पेच किला १२२ के.जी. र पिचवासर १२२ प्याकेट
- सादा जस्तापाता (३० एम्.एम्. ४x८ को ६१ सीट

गा.वि.स.का पदाधिकारी, स्थानीय राजनैतिक दल, शिक्षक र भूकम्प प्रभावित नागरिकहरुको उपस्थितिमा प्रतिष्ठानका उपाध्यक्ष, कोषाध्यक्ष र निर्देशकबाट उक्त सामग्री सम्बन्धित व्यक्तिहरुलाई हस्तान्तरण गरिएको थियो । उपलव्ध गराइएको सामग्रीहरुको सही सदुपयोग भई पीडित पक्षले राहत अनुभव गरेको अनुगमनबाट देखिएको छ ।

स्वशासन अध्ययन प्रतिष्ठान, महिलाको हात, काठमाडौं र नामसालिङ सामुदायिक विकास केन्द्र (NCDC), इलामको साझेदारीमा यस गा.वि.स.ले आवश्यक सूचना तथा तथ्याङ्क सङ्कलन गरी यस गा.वि.स.को आवधिक गाउँ विकास योजना तर्जुमा गर्ने कार्य प्रारम्भ गरेको छ ।